“शिक्षित, स्वस्थ, व्यावसायिक शहर : उत्थानशील र समृद्ध मन्थली नगर”

# प्रथम आवधिक योजना

## (२०७८/७९-२०८२/८३)



## मन्थली नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

२०७८

# शव्द सङ्क्षेप

अ.न.मि. : अक्जुलरी नर्स मिडवाइफ

आ.व. : आर्थिक वर्ष

किमी : किलोमिटर

गाविस : गाउँ विकास समिति

जेटिए : जुनियर टेक्निकल असिस्टेन्ट

वकिमी : वर्ग किलोमिटर

नपा : नगरपालिका

नं. : नम्बर

रु. : रुपियाँ

सा.व. : सामुदादायिक वन

से. : सेल्सियस

हे. : हेक्टर

ETDS : Electronic tax deduction at source

CGAS : Computerized Government Accounting System

PAMS : Public Assets Management System

MIMS : Municipal Infrastructure Management System

SuTRA : Subnational Treasury Regulatory Application

# विषय सूची

*परिच्छेद १ : परिचय* ८

१.१ पृष्ठभूमि ८

१.२ औचित्य ८

१.३ कानुनी–नीतिगत व्यवस्था ९

१.४ योजना तर्जुमाको उद्देश्य ९

१.५ आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया ९

१.५.१ सन्दर्भ सामग्री अध्ययन ९

१.५.२ योजना तर्जुमा कार्याशाला गोष्ठी १०

१.५.३ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण १०

१.५.४ योजना दस्तावेज तयारी १०

१.५.५ योजना दस्तावेजको संरचना १०

*परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवम् उपलब्धि समीक्षा* १२

२.१ आधारभूत वस्तुस्थिति १२

२.१.१ प्रशासनिक–राजनीतिक विभाजन १२

२.१.२ नगरपालिकाको नामकरण १४

२.१.३ नगरपालिकाको अवस्थिति १४

२.१.४ जनसांख्यिक विवरण १४

२.१.५ भू–उपयोग १६

२.१.६ महत्वपूर्ण सांस्कृतिक, ऐतिहासिक सम्पदा १७

२.१.७ आर्थिक अवस्था १८

२.१.८ सामाजिक अवस्था २१

२.१.९ पूर्वाधार अवस्था २२

२.१.१० वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन २४

२.१.११ संस्थागत विकास, सुशासन, सेवा प्रवाह क्षेत्र २५

२.२ नगर विकासको उपलब्धिको समीक्षा २६

२.२.१ नगरपालिका गठन भएपश्चात्का प्रमुख उपलब्धिहरु २६

*परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा* ३०

३.१. नगर विकासका संभावना तथा अवसर ३०

३.२. नगर विकासका समस्या तथा चुनौती ३१

३.३ दीर्घकालीन सोच ३१

३.३. समष्टिगत लक्ष्य तथा उद्देश्य ३२

३.३.१ समष्टिगत लक्ष्य ३२

३.३.२ समष्टिगत उद्देश्य ३२

३.४. समष्टिगत रणनीति ३३

३.५. निर्देशक सिद्धान्त ३३

३.६ प्राथमिकताप्राप्त क्षेत्र ३३

३.७ स्रोत अनुमान तथा प्रक्षेपण ३३

३.८ रूपान्तरणकारी परियोजना ३५

*परिच्छेद ४ : आर्थिक विकास* ३७

४.१ पृष्ठभूमि ३७

४.२ वर्तमान अवस्था ३७

४.३ कृषि विकास ३८

४.३.१ संभावना, अवसर र विद्यमान अवस्था ३८

४.३.२ समस्या तथा चुनौती ३८

४.४ सिंचाई विकास ३८
४.४.१ संभावना, अवसर र विद्यमान अवस्था ३८
४.४.२ समस्या तथा चुनौती ३९

४.५ पशुपन्छी विकास ३९
४.५.१ संभावना, अवसर र विद्यमान अवस्था ३९
४.५.२ समस्या, चुनौती ३९

४.६ उद्योग र व्यापार ४०
४.६.१ संभावना, अवसर र विद्यमान अवस्था ४०
४.६.२ समस्या तथा चुनौती ४०

४.७ बैंक, सहकारी र वित्तीय सेवा ४०
४.७.१ संभावना, अवसर र विद्यमान अवस्था ४०
४.७.२ समस्या तथा चुनौती ४०

४.८ संस्कृति तथा पर्यटन ४०
४.८.१ संभावना, अवसर र विद्यमान अवस्था ४०
४.८.२ समस्या तथा चुनौती ४१

४.९ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ४१
४.९.१ सोच ४१
४.९.२ लक्ष्य ४१
४.९.३ उद्देश्य ४१
४.९.४ रणनीति तथा कार्यनीति ४१

४.१० अपेक्षित उपलब्धि तथा नतिजा तालिका ४४

४.११ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ४८

*परिच्छेद ५ : सामाजिक विकास* ५६

५.१ पृष्ठभूमि ५६

५.२ शिक्षा ५६
५.२.१ सम्भावना तथा अवसर ५६
५.२.३ समस्या तथा चुनौती ५७

५.३ स्वास्थ्य तथा पोषण ५७
५.३.१ सम्भावना तथा अवसर ५७
५.३.२ समस्या तथा चुनौती ५७

५.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ५८
५.४.१ सम्भावना तथा अवसर ५८
५.४.२ समस्या तथा चुनौती ५८

५.५ युवा तथा खेलकूद ५९
५.५.१ सम्भावना तथा अवसर ५९
५.५.२ समस्या तथा चुनौती ५९

५.६ कला, भाषा तथा संस्कृति ५९
५.६.१ विद्यमान अवस्था, सम्भावना र अवसर ५९
५.६.२ समस्या तथा चुनौती ६०

५.७ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ६०
५.७.१ सोच ६०
५.७.२ लक्ष्य ६०
५.७.३ उद्देश्य ६०
५.७.४ रणनीति तथा कार्यनीति ६०

५.८ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ६७

५.९ प्रमुख कार्यक्रम तथा आयोजना ६९
५.९.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ६९

५.९.२ आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण ७४

*परिच्छेद ६ : पूर्वाधार विकास* *८१*

६.१ पृष्ठभूमि ८१

६.२ विद्यमान अवस्था, सम्भावना तथा समस्या ८१
६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास ८१
६.२.२ सडक, पुल तथा यातायात ८२
६.२.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ८३
६.२.४ सूचना, संचार र प्रविधि ८४
६.२.५ संभावना तथा अवसर ८४

६.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ८४
६.३.१ सोच ८४
६.३.२ लक्ष्य ८५
६.३.३ उद्देश्य ८५
६.३.४ रणनीति तथा कार्यनीति ८५

६.४ अपेक्षित उपलब्धि र प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ९०
६.४.२ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ९०
६.४.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ९२

*परिच्छेद ७ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन* *९९*

७.१ पृष्ठभूमि ९९

७.२ अवस्था विश्लेषण ९९
७.२.१ वन, हरियाली तथा जैविक विविधता ९९
७.२.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १००
७.२.३ वातावरण संरक्षण, स्वच्छता र जलवायु परिवर्तन अनुकूलन १०१
७.२.४ विपद् जोखिम व्यवस्थापन १०१

७.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति १०२
७.३.१ सोच १०२
७.३.२ लक्ष्य १०२
७.३.२ उद्देश्य १०२
७.३.३ रणनीति तथा कार्यनीति १०२

७.४ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा १०७

७.५ विषय क्षेत्रगत प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ११०

*परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन* *११६*

८.१ पृष्ठभूमि ११६

८.२ अवस्था विश्लेषण ११६
८.२.१ स्थानीय नीति तथा कानून ११६
८.२.२ संस्थागत तथा मानव संशाधन विकास ११७
८.२.३ स्थानीय वित्त तथा स्रोत परिचालन ११८
८.२.४ योजना व्यवस्थापन ११८

८.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ११९
८.३.१ सोच ११९
८.३.२ लक्ष्य ११९
८.३.३ उद्देश्य ११९
८.३.४ विषयगत रणनीति तथा कार्यनीति १२०

८.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि १२४
८.४.१ प्रमुख कार्यक्रम तथा आयोजना १२४

८.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२६

*परिच्छेद ९ : कार्यान्वयन एवम् अनुगमन* *१३२*

९.१ आवश्यक स्रोत १३२

तालिका- ३२ : योजना कार्यान्वयनका लागि विषयक्षेत्र अनुसारको आवश्यक कुल बजेट १३२

९.२ आवधिक योजना कार्यान्वयन १३२

९.३ अनुगमन, मूल्याङ्कन १३२

९.३.१ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी १३३

९.३.२ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया १३३

*अनुसूची* *१३४*

अनुसूची–१ : वस्तुस्थिति विश्लेषण तालिका १३५

१.१ आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण १३५

१.२. सामाजिक विकास क्षेत्रको स्थिति विश्लेषण १३८

१.३. पूर्वाधार विकास क्षेत्रको स्थिति विश्लेषण १४४

१.४. वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको स्थिति विश्लेषण १५०

अनुसूची १.५ : संस्थागत विकास तथा सुशासन क्षेत्रको स्थिति विश्लेषण १५४

अनुसूची–२ : विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १५७

२.१ आर्थिक विकास क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १५७

२.२ सामाजिक विकास क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १५८

२.५ संस्थागत विकास तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १६०

अनुसूची ३ : योजना तर्जुमा कार्यशाला गोष्ठीको उपस्थिति १६२

# तालिका सूची


तालिका- १ : नगरपालिकाको वडा विभाजन १२
तालिका- २ : नगरपालिकाको वडागत जनसंख्या तथा क्षेत्रफल १४
तालिका- ३ : प्रमुख उमेर समूह अनुसारको जनसंख्या १५
तालिका- ४ : जातजातिगत जनसंख्या १५
तालिका–५ : भू–उपयोग १६
तालिका- ६ : सांस्कृतिक, ऐतिहासिक सम्पदा १७
तालिका- ७ : कृषि पकेट क्षेत्र १८
तालिका- ८ : वडागत रूपमा खेती गरिएको जमिन र सिंचाइको अवस्था १९
तालिका- ९ : बैंक तथा वित्तीय संस्था १९
तालिका- १० : शिक्षा क्षेत्रमा उपलब्ध जनशक्ति २१
तालिका- ११ : स्वास्थ्य संस्थाहरुमा उपलब्ध जनशक्ति २२
तालिका- १२ : रणनीतिक सडक सञ्जाल २२
तालिका- १३ : जिल्ला सडक सञ्जाल २२
तालिका- १४ : नगर सडक सडक सञ्जाल २३
तालिका- १५ : नगरपालिकामा कार्यरत जनशक्ति २५
तालिका- १६ : योजना अवधिको प्रक्षेपित वार्षिक बजेट ३४
तालिका- १७ : आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति ४१
तालिका- १८ : आर्थिक विकास क्षेत्रका नतिजा खाका ४४
तालिका- १९ : आर्थिक विकास क्षेत्रका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य ४८
तालिका- २० : सामाजिक विकास क्षेत्रका प्रमुख रणनीति तथा कार्यनीति ६०
तालिका- २१ : सामाजिक विकास विषय क्षेत्र नतिजा खाका ६७
तालिका- २२ : सामाजिक विकास क्षेत्रका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य ६९
तालिका- २३ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति ८५
तालिका- २४ : पूर्वाधार विकास क्षेत्रको नतिजा खाका ९०
तालिका- २५ : पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य ९३
तालिका- २६ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति १०२
तालिका- २७ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको नतिजा खाका १०७
तालिका- २८ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य १११
तालिका- २९ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति १२०
तालिका- ३० : सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका १२४
तालिका- ३१ : सुशासन तथा संस्थागत विषय क्षेत्रको नतिजा खाका १२७
तालिका- ३२ : योजना कार्यान्वयनका लागि विषयक्षेत्र अनुसारको आवश्यक कुल बजेट १३२

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना बनाइ लागू गर्नु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त लक्ष्य, उद्देश्य, रणनीति, सिद्धान्त, तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्ने हुनाले आवधिक योजनाले स्थानीय तहहरूलाई एकैसाथ कानुनी दायित्व निर्वाह गर्ने र जनआकांक्षा सम्बोधन गर्ने व्यवस्थित खाका उपलब्ध गराउँदछ। मुलुकभरका स्थानीय तहहरूले तर्जुमा गर्ने आवधिक योजनाको खाका तयारी र कार्यान्वयनमा एकरुपता तथा सहजता ल्याउनका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) जारी गरेको छ।

योजना तर्जुमाका क्रममा नेपालले लिएको दिगो विकास लक्ष्य, पन्धौं राष्ट्रिय योजना तथा बागमती प्रदेशको प्रथम आवधिक योजनासमेतलाई ध्यान दिइएको छ। यस क्रममा नगरपालिकाको वर्तमान अवस्थालाई वस्तुस्थिति विवरणको समीक्षा तथा नगर विकासका सरोकारवालामाझ छलफल गरी संभावना, अवसर, समस्या र चुनौती विश्लेषण गरिएको छ। सो विश्लेषणबाट आवधिक विकास योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक स्रोत प्रक्षेपण सहितका प्रक्रियाबाट यस योजना तर्जुमा गरिएको छ। नगर कार्यपालिकाको नेतृत्व तथा नगर कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्थानीय जानकार व्यक्ति, नगर विकासका सरोकारवाला लगायत विषय विज्ञहरूको रायसमेतका आधारमा यो योजना तयार गरिएको छ। यसरी तयार भएको आवधिक विकास योजना नगरपालिकाको मध्यकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि प्रमुख आधारका रुपमा रहनेछ।

यस योजनामा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिइएको छ। साथै, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारणमा टेवा पुऱ्याउने, जीवनस्तर सुधारमा योगदान गर्ने, रोजगारी वृद्धिमा सघाउने, जनसहभागिता प्रवर्द्धन गर्ने, समावेशी, दीगो विकासमा टेवा पुऱ्याउने र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिइएको छ। समग्रमा, नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवम् अन्य प्रचलित कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्बन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको छ।सिंगो विश्वसहित नेपाल कोरोना महामारीको उच्चतम अवस्थामा तर्जुमा भएको हुँदा यो योजना तर्जुमामा केही विलम्ब हुन गएको छ।

## १.२ औचित्य

नगरवासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच वृद्धि गर्न; नगरपालिकाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई प्रोत्साहित गर्न; नगरपालिकाको वातावरण संरक्षण र सम्बर्द्धन गर्न; नगरपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा वस्तीविकास र विकास प्रक्रियामा सन्तुलन ल्याउने सन्दर्भमा उचित किसिमको निर्णयमा पुग्न आवधिक नगर विकास योजनाले मार्गदर्शन गर्दछ। साथै, आवधिक योजनाले स्पष्ट लक्ष्य, उद्देश्य एवम् सोही अनुसारका कार्यक्रम बजेट मार्फत् अपेक्षित परिवर्तन हासिल गर्न सहज बनाउने भएकाले यसले स्थानीय सरकारलाई जनआकांक्षा प्रतिविम्व गरी सोही अनुरुप विकासको गतिलाई डोहोऱ्याउन मद्दत गर्दछ। यसका अतिरिक्त आवधिक योजना तर्जुमा गर्नु स्थानीय सरकारको कानुनी दायित्व समेत भएकाले यो आवधिक विकास योजना मन्थली नगरपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्ने मुख्य योजनाका रुपमा रहेको छ। यसर्थ, नगरपालिकाको विकास, समृद्धि तथा सुशासनका प्रवर्द्धनका लागि नीतिगत तथा व्यवहारिक रुपमा आवधिक विकास योजना तर्जुमा गर्नु स्थानीय तहहरूका लागि एक प्रमुख आवश्यकताका रुपमा रहेको छ।

## १.३ कानुनी/नीतिगत व्यवस्था

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ। स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगर/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ।

## १.४ योजना तर्जुमाको उद्देश्य

मन्थली नगरपालिकाको विकास तथा समृद्धिका लागि नगरपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक नगर विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। यो योजना आ.व.२०७८/०७९ – २०८३/०८४ सम्म पाँच वर्षका लागि तर्जुमा गरिएको छ। यो योजना योजना तर्जुमाका थप विशिष्ठ उद्देश्यहरू देहायअनुसार छन् :

- दीर्घकालीन सोच उन्मुख समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक बृहद् दस्तावेज तयार गर्ने,
- नगरपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने।
- नगरबासीको चाहनाअनुरुपको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा प्रमुख कार्यक्रम र बजेट सहितको मध्यकालीन योजना तयार गर्ने।
- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि आधार दस्तावेज तयार गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवद्धएनका लागि मार्ग प्रशस्त गर्ने।
- नगर विकासको स्पष्ट मार्गचित्र तयार गर्ने।

## १.५ आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया

नगरपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणवद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नअनुसार रहेका छन् :

### १.५.१ सन्दर्भ सामग्री अध्ययन

आवधिक योजना तर्जुमा गर्ने प्रक्रियासँगै आवधिक योजना तर्जुमा सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरू अध्ययन गरिएको थियो। यसक्रममा खासगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, बमोजिम आवधिक योजना तर्जुमा निर्देशिका बमोजिम आवधिक योजना तर्जुमाका लागि आवश्यक खाकाको तयारी गरिएको थियो। यसबाहेक संघीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना, बागमती प्रदेशको पहिलो आवधिक

योजना, मन्थली नगरपालिकाका वार्षिक योजना तथा नीति कार्यक्रमहरूलगायत अन्य थुप्रै दस्तावेजहरूको अध्ययन गरिएको थियो । यसबाहेक, नगरपालिकाका प्रगति प्रतिवेदन तथा अन्य दस्तावेजहरूको अध्ययन गरी नगरपालिकाको विद्यमान वस्तुस्थिति तथा आधाररेखा सूचना संकलन गरिएको थियो । अध्ययन गरिएका दस्तावेजहरूको नामावली अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

### १.५.२ योजना तर्जुमा कार्याशाला गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने नगरपालिकाको निर्णय बमोजिम नगरपालिकाको आयोजनामा २०७८ साल भदौ १४ देखि १६ गतेसम्म दीर्घकालीन सोच तथा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरू गरी कुल ४२ जनाको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीको पहिलो दिन आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, भौतिक पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रमा सन्दर्भ सामग्री अध्ययनबाट प्राप्त हुन नसकेका आधाररेखा सूचना संकलन गरी विषय क्षेत्रगत रुपमा विषयक्षेत्रगत वस्तुस्थिति विश्लेषण गरिएको थियो । यसपश्चात् दोस्रो दिन नगरपालिकाको दीर्घकालीन सोच तर्जुमा कार्यशाला गोष्ठी गरी विषय क्षेत्रगत योजना तर्जुमाका लागि विषयगत समिति र सम्बन्धित सरोकारवालाहरू पाँचवटा समूहमा विभाजन भई विषयक्षेत्रगत नतिजा खाका तथा प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू पहिचान गरिएको थियो । कार्यशाला गोष्ठीको तेस्रो अर्थात् अन्तिम दिन सम्बन्धित समितिहरूले नतिजा खाका तथा पहिचान भएका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू प्रस्तुत गरी कार्यशाला गोष्ठी समापन गरिएको थियो ।

### १.५.३ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमाका लागि आवश्यक आधार रेखा सूचना नगरपालिकाका शाखागत अभिलेखहरू, प्रगति प्रतिवेदनहरू, नगरपालिकामा कार्यरत अन्य कार्यालयका प्रगति प्रतिवेदनहरू, प्रदेश तथा संघीय सरकारअन्तर्गतका विभिन्न निकायका प्रकाशनहरूबाट संकलन गरिएको थियो । यसका अलावा अपुग सूचना विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीका क्रममा संकलन गरी विषय क्षेत्रअनुसार संभावना, अवसर, समस्या, चुनौती पहिचान गरी आवश्यक कदम/क्रियाकलाप पहिचान गरिएको थियो ।

### १.५.४ योजना दस्तावेज तयारी

आवधिक योजनाको यो दस्तावेज मूलतः आवधिक योजना तर्जुमा सम्बन्धी निर्देशिकामा आधारित रही आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारहरूसँग गरिएको सहभागितामूलक छलफलबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको छ । तयार भएको प्रारम्भिक मस्यौदा सुरुमा नगरपालिकालाई उपलब्ध गराई कर्मचारी तथा पदाधिकारीहरूबाट आवश्यक पृष्ठपोषण प्राप्त गरिनेछ र पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा दस्तावेजलाई सरोकारवालाबीच कार्यगोष्ठीमा छलफल गराई आवधिक योजनाको मस्यौदालाई थप सुधारका लागि सल्लाह सुझावहरू प्राप्त गरिनेछ । प्राप्त सल्लाह सुझावका आधारमा पुनः उक्त दस्तावेजलाई सुधार गरी नगरपालिका समक्ष पेश गरिनेछ ।

### १.५.५ योजना दस्तावेजको संरचना

मन्थली नगरपालिकाको यो दस्तावेजमा कुल नौ परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा आवधिक योजना तर्जुमाको नीतिगत तथा कानुनी आधारहरू, यसका उद्देश्यहरू एवम् योजना तर्जुमा विधिका बारेमा प्रकाश पारिएको छ । दोस्रो परिच्छेदमा नगरपालिकाको संक्षिप्त वस्तुस्थिति वस्तुस्थिति एवम् नगरपालिका गठनपश्चात् भएका प्रमुख कार्यहरूका बारेमा प्रकाश पारिएको छ । तेस्रो परिच्छेदमा दीर्घकालीन सोच तथा अवधारणा, निर्देशक सिद्धान्तहरू, प्राथमिकताका क्षेत्र, योजना अवधिमा प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण तथा रुपान्तरणकारी परियोजनाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेददेखि आठौं परिच्छेदसम्म क्रमशः आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण तथा विपद् जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रहरूको विषय क्षेत्रगत योजना प्रस्तुत गरिएको छ । यी सबै योजनाहरूमा पृष्ठपोपण, उपक्षेत्रगत वस्तुस्थिति विश्लेषण, विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा नतिजा तालिका, आयोजना तथा कार्यक्रमको

स्थानगत तथा अन्य विवरण समावेश गरिएको छ । नवौं परिच्छेदमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकन योजना प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय क्षेत्र अनुसार अनुमानित कुल बजेट तथा आवधिक योजना कार्यान्वयनबारे संक्षिप्तमा प्रकाश पारिएको छ । परिच्छेद ९ मा यस आवधिक योजनाको कार्यान्वयन तथा अनुगमनका व्यवस्थाहरूका सम्बन्धमा प्रकाश पारिएको छ भने यसपश्चात् अनुसूचीहरू रहेका छन् ।

## १.६ सीमा तथा परिसीमन

यस आवधिक योजनालाई गुणस्तरीय, व्यवहारिक एवम् यथार्थपरक दस्तावेज बनाउने अधिकतम प्रयास गरिएको छ । यद्यपि, आवधिक योजना तर्जुमाको प्रक्रिया तथा विद्यमान अवस्थाले यसलाई सीमाङ्कन गरेको छ । यस सीमा/परिसिमन देहायअनुसार रहेका छन् :

**तथ्यांकीय उपलब्धता :** यो योजना द्वितीय स्रोतका तथ्यांक/सूचना तथा नगरपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलका आधारमा आवश्यक तथ्यांक संकलन गरी तर्जुमा गरिएको छ । कुनै वस्तुस्थिति विवरण तयारी नभएको अवस्थामा तर्जुमा गरिएको हुँदा यसमा आवधिक योजनाका लागि आवश्यक आधाररेखा सूचनाहरू मात्र रहेका छन् ।

**ढाँचा, विधि तथा प्रकृयाः** नगर कार्यपालिका कार्यालयसँगको सहमती, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, विगतका सफल अभ्यास तथा विज्ञका सुझावका आधारमा योजना तर्जुमा कार्यशालले स्थानीय वस्तुस्थिति बमोजिम तय गरेको ढाँचा विधि तथा प्रकृयाको उपयोग गरिएको थियो । यस क्रममा उपलब्ध साधन, स्रोत, समयावधी तथा कोभिड-१९ को जोखिमलाई दृष्टिगत गरी आवधिक विकास योजना तयारीको सहज कार्ययोजना तय गरिएको थियो ।

**लागत तथा लगानी पूर्वानुमान :** विगतका अभ्यास, नगर कार्यपालिका कार्यालयका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझावका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ । नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन । यस योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक वृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ ।

**कार्यान्वयन र अपेक्षित उपलब्धि :** यस आवधिक योजनाको अपेक्षित उपलब्धि हासिल हुने कुरा यसको पालनासँग प्रत्यक्ष सम्बन्धित हुनेछ । यो योजना आफैंमा कार्यान्वयन गरिने दस्तावेजभन्दा वार्षिक योजनालाई दिशानिर्देश गर्ने दस्तावेज भएको हुँदा वार्षिक कार्यान्वयन योजनालाई यस योजनासँग आबद्ध गरेर यसका लक्ष्य, उद्देश्य अनुरुप वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै गएमा मात्र यस योजनाले लक्ष्यित गरेअनुरुपका अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिनेछ ।

**श्रोत, साधन तथा जनशक्तिः** नगरपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको श्रोत, सूचना तथा तथ्याङ्क र नगर कार्यपालिका कार्यालयमा रहेको योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभाबकारी हुने गरी परिचालन गरिएको छ । यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि स्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ ।

# परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवम् उपलब्धि समीक्षा

## २.१ आधारभूत वस्तुस्थिति

### २.१.१ प्रशासनिक/राजनीतिक विभाजन

नेपालमा संघीय प्रणाली सुरु भएपछि रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित मन्थली नगरपालिका साविकका ७ वटा गाविसहरू (मन्थली, कठजोर, सालु, सुनारपानी, भलुवाजोर, भटौली र चिसापानी) लाई समायोजन गरेर पहिलो पटक २०७१ मंसिर १६ गते घोषणा गरिएको थियो । यसपश्चात् राज्यको पुनर्संरचना हुने क्रममा नेपाल सरकारले पुन: तत्कालिन गाविसहरू पुरानागाँउ, चनखु, गेलु र फुलासीसमेत समायोजन गरी २०७३ साल फाल्गुण २७ गते यसको भौगोलिक क्षेत्र पुनर्गठन गरिएको थियो, जसअनुसार यस नगरपालिकाको प्रशासनिक/वडा विभाजन निम्न अनुसार कायम भएको छ :[1]

**तालिका- १ : नगरपालिकाको वडा विभाजन**

| वडा नं. | साविकका न पा/गा वि स हरू | | विशेष संरक्षित वा स्वायत्त क्षेत्र | क्षेत्रफल (व.कि.मी.) | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|---|---|
| | साविकका न पा र गा वि स | वडा न | | | |
| १ | मन्थली न पा | १,२ | माझी संरक्षित क्षेत्र | १०.९४ | मन्थली वजार |
| २ | मन्थली न पा | ३,४ | | १२.१५ | टेकनपुर, थापागाँउ |
| ३ | मन्थली न पा | ५,६ | | १४.४८ | कठजोर, ठाँटी |
| ४ | मन्थली न पा | ७,८ | | १९.८६ | सालु वजार |
| ५ | मन्थली न पा | ९,१० | | १२.९४ | सुनारपानी |
| ६ | मन्थली न पा | ११,१२ | माझी संरक्षित क्षेत्र | ३१.५९ | कुनाउरी |
| ७ | मन्थली न पा | १३,१४ | माझी र वादी संरक्षित क्षेत्र | २५.४८ | भटौली |
| ८ | मन्थली न पा | १५,१६ | | १०.०२ | चिसापानी सानाचौर |
| ९ | पुरानागाउँ गा वि स | १-९ | | ११.७२ | सिम्ले |
| १० | चनखु गा वि स | १-९ | | १३.१६ | चनखु पाखे सिम्ले |
| ११ | गेलु गा वि स | ५-९ | | १८.३३ | वुडावुडी ढुङ्गा नाटिला |
| १२ | गेलु गा वि स | १-४ | | ७.८५ | सिक्राल |
| १३ | फुलासी गा वि स | १-५ | | ११.७३ | चिण्डे |
| १४ | फुलासी गा वि स | ६-९ | | ११.५२ | कर्जाङ्ग |
| | जम्मा | | | २११.७७ | |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

रामेछाप जिल्लाको ८ वटा स्थानीय तहमध्ये मन्थली नगरपालिका जिल्लाको सदरमुकाम रहेको यस नगरपालिकामा राजनीतिक तथा प्रशासनिक विभाजनका हिसाबले १४ वटा वडाहरु रहेका छन् । वडा नं. ३, ४ र ५ प्रदेश सभा “क” निर्वाचन क्षेत्र अर्न्तगत र बाँकी अन्य वडाहरू प्रदेश सभा “ख” निर्वाचन क्षेत्र अर्न्तगत पर्दछन् । नगरपालिकाको सर्वोच्च एकाइ एवम् व्यवस्थापिकाका रुपमा ७५ सदस्यीय नगर सभा रहेको छ जसमा नगर प्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडावाट निर्वाचित ४ जना सदस्य, दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका ३ जना सदस्य रहेका छन् । त्यसैगरी, कार्यपालिकाको रुपमा नगर प्रमुख, नगर उपप्रमुख, प्रत्येक वडाका वडाध्यक्षहरू, नगर सभाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीजना सदस्य सहित २४ सदस्यीय कार्यपालिका गठन भएको छ । यस्तैगरी, न्याय निरुपणका लागि उपप्रमुखको संयोजकत्वमा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहेको न्यायिक समिति गठन भएको छ । नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई कुनै सदस्यको

[1] गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको प्रतिवेदन, २०७३

संयोजकत्वमा लेखा समिति, विधायन समिति र सुशासन समितिका साथै नगर कार्यपालिकावाट सम्पादन हुने कार्य व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने कानुनी व्यवस्थाअनुरुप कार्यपालिकाले कार्यपालिका सदस्यहरूको संयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र विधेयक समिति गठन गरी उक्त समितिहरू क्रियाशील रहेका छन् ।



### २.१.२ नगरपालिकाको नामकरण

मन्थलीका आदिवासीहरू माझी जाति भएको हुँदा यसै जातिसँग जोडिएर मन्थलीको नामकरणका सम्बन्धमा पनि विभिन्न किंवदन्तीहरू पाइन्छन् । पहिलो किंवदन्तीअनुसार यस जातिको छुट्टै राजा हुने चलन अनुसार एक जना मन नामक राजा रहेको र उक्त राजा बस्ने थलो भएकाले मनथलो भनिएको र पछि सो शव्द अप्रभ्रंश भई मन्थली भएको मान्यता छ । यस्तै, दोस्रो किंवदन्ती अनुसार आदिकालदेखि नै यस स्थानमा माझी जातिको वस्ती रहँदै आएको, जाँड उनीहरूको मुख्य पेय भएको र माझी भाषामा मुन भनेको जाँड र थलो भनेको खान बस्ने ठाउँ भन्ने बुझाउने भएकाले यसलाई जाँड खाने र बस्ने स्थानको रुपमा पनि मन्थलो भन्न थालिएको र यसै शव्दको अपभ्रंशबाट मन्थली हुन गएको हो ।

### २.१.३ नगरपालिकाको अवस्थिति

बागमती प्रदेशका ११९ स्थानीय तहहरूमध्येको एउटा स्थानीय तहको रुपमा रहेको मन्थली नगरपालिका महाभारत पर्वत श्रृंखलाको उत्तरतर्फ तामाकोशी नदीको दायाँबायाँ फैलिएको छ । यस नगरपालिकाको सिमाना पूर्वमा रामेछाप नगरपालिका, पश्चिममा खाँडादेवी र दोरम्बा गाँउपालिका, उत्तरमा लिखु तामाकोशी गाउँपालिका र दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका र दक्षिणमा सिन्धुली जिल्लाको गोलोन्जोर गाउँपालिका पर्दछन् । तामाकोशी नदीको पूर्वी भागमा वडा नं. १ देखि ६ सम्म छन् भने पश्चिमतर्फ वडा नं. ७ देखि १४ सम्म रहेका छन् । सिंगो नगरपालिका तामाकोशी नदीको जलाधार क्षेत्रभित्र रहेको छ भने पूर्वतर्फ रणजोर तथा सुकाजोर खोलाको उपजलाधार क्षेत्र, दक्षिणमा भटौली खोलाको उपजलाधार क्षेत्र र उत्तरतर्फ फुलासी खोलाको सानो उपजलाधार क्षेत्र रहेको छ । भौगोलिक हिसाबले यो नगरपालिका ८५°५८'५९" पूर्वी देशान्तरदेखि ८६°५५'९" पूर्वी देशान्तरसम्म र २७°१८'५०" उत्तरी अक्षांसदेखि २७°३०'८" उत्तरी अक्षांससम्म फैलिएको छ ।

### २.१.४ जनसांख्यिक विवरण

वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसख्या ४५,४१६ (२४,६६६ महिला र २०,७५० पुरुष) रहेको थियो र यसअनुसार यहाँको औसत जनघनत्व २१४ जना प्रति वर्ग कि.मि. रहेको छ । वडागत जनघनत्व हेर्दा सबैभन्दा बढी जनघनत्व वडा नं. १ मा ५७३ जना प्रति वर्ग कि.मी. रहेको देखिन्छ भने वडा नं. ८ मा ३१७ जना प्रति वर्ग कि.मी. रहेको देखिन्छ । अन्य बाँकी १२ वटा वडामा जनघनत्व प्रति वर्ग कि.मी. ३०० भन्दा कम रहेको देखिन्छ । थप विवरण देहायअनुसार रहेको छ :

**तालिका- २ : नगरपालिकाको वडागत जनसंख्या तथा क्षेत्रफल**

| वडा नं. | परिवार संख्या | जनसंख्या | | | क्षेत्रफल | जनघनत्व/ व..कि.मी |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | १,७२० | ६,२६५ | ३,२७५ | २,९९० | १०.९४ | ५७३ |
| २ | ६७८ | ३,३२५ | १,५१७ | १,८०८ | १२.१५ | २७४ |
| ३ | ५५४ | २,६९५ | १,१७६ | १,५१९ | १४.४८ | १८६ |
| ४ | ७६४ | ३,६१२ | १,६११ | २,००१ | १९.८६ | १८२ |
| ५ | ५०० | २,१४१ | ९७० | १,१७१ | १२.९४ | १६५ |
| ६ | ७१५ | ३,४९६ | १,६०३ | १,८९३ | ३१.५९ | १११ |
| ७ | ८२० | ३,९३६ | १,८३२ | २,१०४ | २५.४८ | १५४ |
| ८ | ६८६ | ३,१८७ | १,४१२ | १,७७५ | १०.०२ | ३१८ |
| ९ | ६३५ | ३,००८ | १,२९६ | १,७१२ | ११.७२ | २५७ |
| १० | ४७६ | २,३६६ | १,०३६ | १,३३० | १३.१६ | १८० |
| ११ | ७०५ | ३,००९ | १,२६७ | १,७४२ | १८.३३ | १६४ |
| १२ | ५६२ | २,६४३ | १,१६१ | १,४८२ | ७.८५ | ३३७ |
| १३ | ६४४ | २,९७४ | १,३७५ | १,५९९ | ११.७३ | २५४ |

| वडा नं. | परिवार संख्या | जनसंख्या | | | क्षेत्रफल | जनघनत्व/ व..कि.मी |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १४ | ६४० | २,७५९ | १,२१९ | १,५४० | ११.५२ | २३९ |
| कुल | १०,०९९ | ४५,४१६ | २०,७५० | २४,६६६ | २११.८ | २१४ |

*स्रोत : रामेछाप जिल्लाका स्थानीय तह, वस्तुगत विवरण, २०७५, तथ्यांक कार्यालय, सिन्धुली*

वि.सं. २०७७ को प्रक्षेपित जनसंख्या ५१,२४२ (महिला २७८३०) र पुरुष २३४१२ छ। यस पछिल्लो तथ्यांकअनुसार यस करिब १० वर्षको अवधिमा यहाँको जनघनत्व प्रति व.कि.मी.मा २९ जनाले वृद्धि भई कुल २४३ जना प्रति वर्ग कि.मी. पुगेको छ।

उमेर समूह अनुसारको जनसंख्या अध्ययन गर्दा मन्थली नगरपालिका सम्पन्न रहेको देखिन्छ। यहाँ १५-४९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४४ प्रतिशत रहेको देखिन्छ भने ५०-५९ वर्ष उमेर समूहसमेतको जनसंख्या गणना गर्दा यहाँ सक्रिय उमेर समूहको कुल जनसंख्या ५२.८ प्रतिशत रहेको छ। यसरी कुल जनसंख्याको ठूलो हिस्सा सक्रिय उमेर समूहको जनसंख्या रहेकोले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक वृद्धिलाई तीव्रता दिनेलगायतका जनसांख्यिक लाभांश लिन सक्ने अवसर रहेको छ। नगरपालिकाको उमेर समूह अनुसारको जनसंख्याको थप विवरण देहाय अनुसार रहेको छ :

**तालिका- ३ : प्रमुख उमेर समूह अनुसारको जनसंख्या**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ | १२५८ | १२१४ | २४७२ | ८.६ |
| ०५-१४ | ३६९७ | ३८२१ | ७५१८ | २६.३ |
| १५-४९ | ५०४३ | ७५३७ | १२५८० | ४४.० |
| ५०-५९ | ११९२ | १२०५ | २३९७ | ८.४ |
| ६०+ | १६८९ | १९५६ | ३६४५ | १२.७ |
| कुल | १२८७९ | १५७३३ | २८६१२ | १००.० |

*स्रोत: रामेछाप जिल्लाका स्थानीय तह, वस्तुगत विवरण, २०७५, तथ्यांक कार्यालय, सिन्धुलीको तथ्यांकमा आधारित विश्लेषण*

नगरपालिकाको जातिगत जनसांख्यिक संरचना अध्ययन गर्दा जनजाति जनसंख्या ४१.८ प्रतिशत रहेको देखिन्छ भने एक तिहाइभन्दा केही बढी हिस्सा क्षेत्री जनसंख्या रहेको छ। दलित जनसंख्या पनि उल्लेख्य रहेको देखिन्छ (१२.८ प्रतिशत) भने पहाडी ब्राह्मणको हिस्सा करिब ६ प्रतिशत रहेको देखिन्छ। यस सम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

**तालिका- ४ : जातजातिगत जनसंख्या**

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| जनजाति | ८६१८ | १०३५७ | १८९७५ | ४१.८ |
| क्षेत्री | ६८५० | ८५३४ | १५३८४ | ३३.९ |
| दलित | २६१४ | २८६८ | ५४८२ | १२.१ |
| पहाडी ब्राह्मण | १३०५ | १३४० | २६४५ | ५.८ |
| मधेशी | ७१ | ४८ | ११९ | ०.३ |
| तराई दलित | ४६ | १७ | ६३ | ०.१ |
| अल्पसंख्यक | १३ | १८ | ३१ | ०.१ |
| तराई ब्राह्मण | १२ | ११ | २३ | ०.१ |
| मुसलमान | ११ | ६ | १७ | ०.० |
| अन्य | ११९६ | १४६२ | २६५८ | ५.९ |
| नखुलेको | १४ | ५ | १९ | ०.० |

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| कुल | २०७५० | २४६६६ | ४५४१६ | १०० |

### २.१.५ भू–उपयोग

मन्थली नगरपालिकाको कुल क्षेत्रफल २१२ वर्ग कि.मी.मध्ये १०८.९ व.कि.मी. अर्थात् ५१ प्रतिशत भूभागमा खेति गर्ने गरिएको छ। वन, झाडी, घाँसे भूमिले कुल भूभागको ४५.३६ प्रतिशत भूभाग ओगटेको छ भने बलौटे जमिन तथा पानीको भागले करिब ३ प्रतिशत भूमि ओगटेको छ। यस सम्बन्धी वडागत रुपमा थप विवरण देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका–५ : भू–उपयोग**

| वडा नं. | खेति गरिएको जमिन | वन क्षेत्र | झाडी | घाँसे भूमि | बाँझो जमिन | बलौटे जमिन | पानीको भाग | विमानस्थल | कुल क्षेत्रफल | क्षेत्रफल % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३.४ | ०.९ | २.९ | ०.० | ०.० | ०.६ | ०.१ | | ७.९ | ३.७४ |
| २ | ३.० | ०.५ | १.० | १.५ | ०.१ | ०.४ | ०.२ | ०.०४ | ६.७ | ३.१४ |
| ३ | १२.० | १.१ | ९.८ | ०.० | | ०.२ | ०.१ | | २३.१ | १०.९१ |
| ४ | ११.३ | १.६ | ६.४ | ०.१ | | ०.५ | | | १९.९ | ९.३९ |
| ५ | ६.५ | २.६ | ३.१ | ०.० | | ०.८ | | | १२.९ | ६.०९ |
| ६ | ९.९ | ५.२ | १४.६ | ०.१ | ०.० | १.१ | ०.६ | | ३१.६ | १४.८९ |
| ७ | ९.३ | ०.५ | १३.० | १.६ | ०.० | ०.९ | ०.२ | | २५.५ | १२.०० |
| ८ | ६.३ | ०.९ | २.६ | | | ०.२ | ०.१ | | १०.१ | ४.७४ |
| ९ | ८.४ | १.८ | १.२ | ०.४ | | ०.० | | | ११.७ | ५.५२ |
| १० | ८.६ | ०.० | ४.३ | ०.२ | | ०.१ | | | १३.२ | ६.२३ |
| ११ | ९.९ | ०.४ | ७.७ | ०.१ | | ०.२ | ०.१ | | १८.४ | ८.६८ |
| १२ | ५.१ | १.५ | १.१ | ०.२ | | ०.१ | ०.० | | ७.९ | ३.७१ |
| १३ | ६.९ | ४.३ | ०.४ | ०.० | | ०.१ | ०.० | | ११.८ | ५.५४ |
| १४ | ८.५ | १.५ | ०.७ | ०.७ | | ०.१ | | | ११.५ | ५.४३ |
| कुल क्षेत्रफल | १०८.९ | २२.७ | ६८.७ | ४.९ | ०.२ | ५.४ | १.५ | ०.०४ | २१२.३ | १००.०० |
| क्षेत्रफल % | ५१.३१ | १०.७१ | ३२.३५ | २.३० | ०.०८ | २.५२ | ०.०० | ०.०२ | ०.७१ | |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*




## २.१.६ महत्वपूर्ण सांस्कृतिक, ऐतिहासिक सम्पदा

नगरपालिकाका विभिन्न वडाहरूमा धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरू रहेका छन् । नगरपालिकाका यी सम्पदाहरूमा बाहुन चुराको वैरा महादेव (थानपति मन्दिर), चिसापानीको भिमसेन थान र चिसापानी गढी, कठजोरको निलकण्ठेश्वर र ऐरम्वास मन्दिर, सुनारपानीको थानापती मन्दिर, भलुवाजोरको तिल्केस्थानगढी, भटौलीको ढिकुरे मन्दिर नगरपालिकाको प्रमुख निधिका रुपमा रहेका छन् । धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका अन्य सम्पदाहरू देहायअनुसार रहेका छन् :-

**तालिका- ६ : सांस्कृतिक, ऐतिहासिक सम्पदा**

| क्र.सं. | विवरण | पर्यटकीय क्षेत्र | अवस्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | | नागथान मन्दिर | मन्थली न.पा.१, हाटेचौर | |

| क्र.सं. | विवरण | पर्यटकीय क्षेत्र | अवस्थिति | कैफियत |
|---|---|---|---|---|
| | धार्मिक तथा सास्कृतिक सम्पदा | मङ्गलादेवी मन्दिर | मन्थली न पा २ | |
| | | निलकण्ठेश्वर महादेव मन्दिर | मन्थली न.पा.२, कठजोर | |
| | | ऐराम्बासको देवी मन्दिर | मन्थली न.पा.३, ऐराम्बास | |
| | | थानापती मन्दिर | मन्थली न.पा.५, मचावारी | |
| | | ढिकुरे मन्दिर | मन्थली न.पा.७, भटौली | |
| | | भिमसेन मन्दिर | मन्थली न.पा.८, चिसापानी | |
| | | बाहुनचुरा बैह्रा महादेवर थानापति मन्दिर | मन्थली न.पा.९, बाहुनचुरा | |
| | | पशुपति महादेव मन्दिर | मन्थली न.पा.१२, गेलु | |
| | | जालपा मन्दिर | मन्थली न.पा.१२, गेलु | |
| ३ | ऐतिहासिक सम्पदा | चिसापानी गढी | मन्थली न.पा.८, चिसापानी | |
| | | तिल्केस्थान गढी | मन्थली न.पा.६, भलुवाजोर | |
| | प्राकृतिक सम्पदा | रणजोर खोलाको शिरमा रहेको घ्याप्चेको पहिरो | मन्थली न.पा.४, गैह्राथोक | |
| | | फुलासी पोखरी | मन्थली न.पा.१४, फुलासी | |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

### २.१.७ आर्थिक अवस्था

मन्थलीको मुख्य बजार क्षेत्रमा व्यापार व्यवसाय मुख्य पेशाका रुपमा रहेको भए पनि बाँकी अन्य क्षेत्रहरूमा कृषि नै मुख्य पेशा र आम्दानीको स्रोतको रुपमा रहेको छ, यद्यपि कृषिका लागि उपयुक्त समथर, उर्वर फाँटहरू भने न्यून मात्रामा रहेका छन् ।

अन्नबाली अन्तर्गत यहाँ मुख्य रुपमा धान, मकै, गहुँ, कोदो, तेलबाली, आलु र दालबालीको खेती गर्ने गरिन्छ । धान मुख्यगरी मन्थली, भटौली, चिसापानी क्षेत्रमा खेती गरिन्छ भने मकै नगरपालिकाका अधिकांश भागमा खेती गरिन्छ । गहुँबाली मन्थली, भटौली, चिसापानी क्षेत्रमा खेती गर्ने गरिएको पाइन्छ ।

नगदेबाली अन्तर्गत तेलबाली सुकाजोर, सुनारपानी, सालु, भलुजोरमा र मास कठजोर, सालु क्षेत्रमा खेती गर्ने गरिएको पाइन्छ । तरकारी बालीअन्तर्गत वर्षे तरकारी बाली मन्थली, सुकाजोर, सुनारपानी, सालु, कठजोर क्षेत्रमा र हिउँदे तरकारी बाली मन्थली, सालु, सुकाजोर क्षेत्रमा खेती गर्ने गरिएको पाइन्छ । यहाँ उत्पादन गरिने तरकारीहरूमा फर्सी, घिरौंला, बोडी, भन्टा, काँक्रो, करेला, प्याज, बन्दागोभी, टमाटर, मुला, रायो मुख्य छन् ।

साविक जिल्ला कृषि विकास कार्यालयले जिल्लामा पहिचान गरेको पकेट क्षेत्रअनुसार हालको मन्थली नगरपालिकामा निम्न बालीहरू निम्नअनुसारका क्षेत्रका लागि वर्गीकृत गरिएको छ :

**तालिका- ७ : कृषि पकेट क्षेत्र**

| क्र.सं. | बाली | क्षेत्रहरू |
|---|---|---|
| १. | मकै | फुलासी, पुरानागाउँ, गेलु, फर्पु, सुनारपानी, सालुपाटी |
| २. | धान | भटौली, मन्थली, चिसापानी, सुकाजोर |
| ३. | तरकारी | फुलासी, भटौली, चिसापानी, पुरानागाउँ, मन्थली, सालुपाटी, गेलु |
| ४. | जुनार | फुलासी, सालुपाटी, सुकाजोर |

कृषिका साथसाथै पशुपालन मन्थलीको बजार क्षेत्रबाहेकका अन्य भागका बासिन्दाको आम्दानीको एउटा मुख्य स्रोत हो । भैंसी तथा गाईपालन मन्थली, कठजोर, भलुवाजोर, भटौली क्षेत्रमा बढी पाइन्छ भने बाखा चिसापानी, पुरानागाउँ क्षेत्रमा र बंगुरपालन सुकाजोर, भलुवाजोर, मन्थली क्षेत्रमा बढी मात्रामा पाल्ने गरिएको पाइन्छ। कुखुरा पालन मन्थली, चिसापानी, भटौली क्षेत्रमा बढी केन्द्रित भएको पाइन्छ । मासु, दूध वा अण्डा पशुपालनको मुख्य उद्देश्यका रुपमा रहेको पाइन्छ ।

मन्थली नगरपालिकाको कुल क्षेत्रफल २११.७७ वर्ग किलोमिटर (२११७७ हेक्टर) मध्ये कृषि भू-उपयोगका दृष्टिले ७३३६ हेक्टर जमिन (३४.६ प्रतिशत) मा खेती गर्ने गरिएको छ जसमध्ये सिञ्चित जमिन १३५६ हेक्टर र असिञ्चित जमिन ४५१३ हेक्टर रहेको छ । यसरी हेर्दा कुल खेती गर्ने गरिएको जमिनमध्ये १८ प्रतिशत जमिनमा सिंचाइ सुविधा उपलब्ध भएको र बाँकी ८२ प्रतिशत जमिनमा सिंचाइ सुविधा उपलब्ध नभएको देखिन्छ । वडागत रुपमा खेती गरिएको जमिनको क्षेत्रफल र सिंचाइको उपलब्धताको अवस्था देहायअनुसार रहेको छ :

**तालिका- ८ : वडागत रूपमा खेती गरिएको जमिन र सिंचाइको अवस्था**

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मि.) | हेक्टर | खेतीयोग्य जमिन (हे.) | सिंचित क्षेत्र (हे.) | असिंचित क्षेत्र (हे.) | खेती गरिएको जमिन (हे.) |
|---|---|---|---|---|---|---|
| १ | १०.९४ | १०९४ | ४९६ | ९२ | ३०५ | ३९७ |
| २ | १२.१५ | १२१५ | ४३४ | ८१ | २६६ | ३४७ |
| ३ | १४.१८ | १४४८ | ३१२ | ५७ | १९३ | २५० |
| ४ | १९.८६ | १९८६ | ५९८ | ११० | ३६८ | ४७८ |
| ५ | १२.९४ | १२९४ | ६६५ | १२३ | ४०९ | ५३२ |
| ६ | ३१.५९ | ३१५९ | ९०५ | १६७ | ५५७ | ७२४ |
| ७ | २५.४८ | २५४८ | ७६८ | १४२ | ४७२ | ६१४ |
| ८ | १०.०२ | १००२ | ४४४ | ८२ | २७३ | ३५५ |
| ९ | ११.७२ | ११७२ | ६०१ | १११ | ३७० | ४८१ |
| १० | १३.१६ | १३१६ | ३७१ | ६९ | २२८ | २९७ |
| ११ | १८.३३ | १८३३ | ६०३ | १११ | ३७१ | ४८२ |
| १२ | ७.८५ | ७८५ | २५९ | ४८ | १५९ | २०७ |
| १३ | ११.७३ | ११७३ | ४४५ | ८२ | २७४ | ३५६ |
| १४ | ११.५२ | ११५२ | ४३५ | ८१ | २६७ | ३४८ |
| जम्मा | २११.७७ | २११७७ | ७३३६ | १३५६ | ४५१३ | ५८६९ |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

नगरपालिकाले प्रचलित प्रावधान बमोजिम आ. व ०७६/०७७ देखि ५ लाखसम्म पुँजी भएका उद्योगहरू दर्ता गर्दै आएको छ र यस क्रममा हालसम्म २३ वटा उद्योग व्यवसायहरू दर्ता भएका छन् । त्यसैगरी १८१ वटाले व्यवसाय इजाजत र ७०८ वटा व्यवसाय इजाजतले नवीकरण भई नगर क्षेत्रभित्र व्यवसाय सञ्चालनमा रहेका छन् ।

व्यापार व्यवसाय फस्टाएसँगै मन्थलीमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या पनि उल्लेख्य रुपमा बढेको छ । हाल यस नगरपालिकामा कुल ३६ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन्, जसको संक्षिप्त विवरण देहायअनुसार रहेको छ :

**तालिका- ९ : बैंक तथा वित्तीय संस्था**

| क.सं. | बैंक वित्तीय संस्थाको नाम | शाखाको नाम | अवस्थिति | सम्पर्क ठेगाना |
|---|---|---|---|---|
| | | वाणिज्य बैंक | | |
| १. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | मन्थली शाखा | मन्थली-१ | ०४८-५४००५५ |

| क्र.सं. | बैंक वित्तीय संस्थाको नाम | शाखाको नाम | अवस्थिति | सम्पर्क ठेगाना |
|---|---|---|---|---|
| २. | कृषि विकास बैंक | शाखा कार्यालय, मन्थली | मन्थली-१, देवकोटा चोक | ०४८-५४००३० |
| ३. | नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड | मन्थली शाखा | मन्थली बजार | ०४८-५४०४३८ |
| ४. | लक्ष्मी बैंक लिमिटेड | मन्थली शाखा | देवकोटा चोक, मन्थली-१ | ०४८५४०६०४ |
| ५. | एनसीसी बैंक लिमिटेड | मन्थली शाखा | कटरबोट, मन्थली-१ | ०४८-५४०५११ |
| ६. | मेगा बैंक नेपाल लिमिटेड | मन्थली शाखा | मन्थली-१, मन्थली बजार | ०४८-५४०३०२ |
| ७. | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | मन्थली शाखा | देवकोटा चोक, मन्थली-१ | ०४८-५४०४७४ |
| ८. | एनएमबी बैंक लिमिटेड | मन्थली शाखा | देवकोटा चोक, मन्थली बजार | ०४८-५४०४८४ |
| ९. | ग्लोबल आइएमइ बैंक लिमिटेड | | | |
| १०. | एनआइसी एसिया बैंक लिमिटेड | मन्थली शाखा | मन्थली-१, रामेछाप | |
| ११. | प्रभु बैंक लिमिटेड | मन्थली शाखा | देवकोटा चोक, मन्थली | ०४८-५४०२३५ |
| १२. | सनराइज बैंक लिमिटेड | मन्थली शाखा | मन्थली | |
| | | विकास बैंक | | |
| १३. | सांग्रिला विकास बैंक लिमिटेड | मन्थली शाखा | मन्थली-१, रामेछाप | ०४८-५४०६२२ |
| १४. | छिमेक लघुवित्त विकास बैंक लिमिटेड | रामेछाप शाखा | भैसेश्वर, मन्थली | ०४८-५४०५४७ |
| | | लाइफ इन्सोरेन्स कम्पनी | | |
| १५. | ज्योति लाइफ इन्सोरेन्स कम्पनी लि. | मन्थली उपशाखा | मन्थली | ९८५४०४०३५० |
| १६. | रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | मन्थली शाखा | मन्थली-१ | ०४८-५४०५९७ |
| १७. | युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | मन्थली, रामेछाप शाखा | | |
| १८. | लाइफ इन्स्युरेन्स कर्पोरेसन नेपाल | मन्थली शाखा | मन्थली-१, रामेछाप | |
| १९. | सिखर इन्स्यूरेन्स कम्पनी लिमिटेड | मन्थली शाखा | मन्थली बजार | ०४८-५४०६१२ |
| २०. | रिलायन्स लाइफ इन्स्युरेन्स लिमिटेड | मन्थली शाखा | मन्थली बजार | |
| २१. | महालक्ष्मी लाइफ इन्स्युरेन्स लिमिटेड | मन्थली शाखा | देवकोटा चोक, मन्थली | ०४८-५४०४२५ |
| २२. | सगरमाथा इन्स्युरेन्स कम्पनी लिमिटेड | मन्थली शाखा | मन्थली, रामेछाप | ०४८-५४०७०२ |
| २३. | आइएमई जेनेरल इन्स्युरेन्स कम्पनी लिमिटेड | मन्थली शाखा | मन्थली | ०४८५४०६३५ |
| २४. | नेपाल लाइफ इन्स्युरेन्स लिमिटेड | मन्थली उपशाखा | मन्थली-४ | ०४८-५४०४३२ |
| २५. | एनएलजी इन्स्युरेन्स कम्पनी लिमिटेड | मन्थली उपशाखा | मन्थली | |
| २६. | नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली | ०४८-५४०५०२ |
| २७. | सिटिजन लाइफ इन्स्युरेन्स कम्पनी लिमिटेड | रामेछाप शाखा | देवकोटा चोक, मन्थली | ०४८-५४०५८८ |
| २८. | सूर्य लाइफ इन्स्यूरेन्स कम्पनी लिमिटेड | रामेछाप शाखा | रामेछाप | ०४८-५४०५१४ |
| २९. | प्रेमियर लाइफ इन्स्यूरेन्स कम्पनी लिमिटेड | रामेछाप शाख | मन्थली-१ | ०४८-५४०५१४ |
| ३०. | नेसनल लाइफ इन्स्युरेन्स कम्पनी लि. | रामेछाप शाखा | मन्थली-२ | ०४८-५४०४५५ |
| | | लघु वित्त | | |
| ३१. | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली-१ | |

| क.सं. | बैंक वित्तीय संस्थाको नाम | शाखाको नाम | अवस्थिति | सम्पर्क ठेगाना |
|---|---|---|---|---|
| ३२. | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली-२ | ०४८-५४०३३९ |
| ३३. | स्वावलम्बन लघु वित्तीय संस्था | मन्थली शाखा | रामेछाप | ०४८-५४०२३५ |
| ३४. | आरम्भ चौतारी लुघवित्त वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली-२ | |
| ३५. | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली, रामेछाप | ०४८-५४०२२३ |
| ३६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | मन्थली शाखा | मन्थली-४, रामेछाप | ९८०१९०७८५६ |

*स्रोतः https://www.financialnotices.com/bank-location/local-305.bank*

यस नगरपालिकामा हाल सक्रिय १०९ सहकारी संस्थाहरूमध्ये बचत तथा ऋण सहकारीहरू सबैभन्दा धेरै अर्थात् ८५ वटा रहेका छन् भने २० वटा कृषि सहकारी तथा अन्य बहुउद्देश्यीय सहकारीहरू रहेका छन् । नगरपालिकाभरिका यी १०९ सहकारीहरूमा आ.व. २०७५/७६ मा कुल रु. छ करोड ९३ लाख २९ हजार ११५ शेयर पुँजी रहेको र रु. ६५ करोड २० लाख ३४ हजार ५९१ बराबरको कारोबार भएको तथ्यांक उपलब्ध छ । कृषि सहकारीका सदस्यहरूलाई कृषि आधुनिकीकरणका लागि आवश्यक यन्त्र उपकरण, मल बिउ विषादी किटनाशक औषधि जस्ता कुराहरू उपलब्ध गराउँदै आएको यी सहकारीहरूमा कुल ४९ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

### २.१.८ सामाजिक अवस्था

यस नगरपालिकामा सामुदायिक विद्यालय ६६ र संस्थागत विद्यालय ६ वटा गरी कुल ७२ वटा विद्यालय रहेका छन् । यसका अतिरिक्त, बाल विकास केन्द्र ८० वटा, सामुदायिक सिकाइ केन्द्र ९, प्राविधिक शिक्षालय १, सामुदायिक क्याम्पस १ वटा र विशेष शिक्षा स्रोत कक्षा १ वटा रहेको छ । यिनीहरूमध्ये कक्षा १-३ सम्म पठन-पाठन हुने विद्यालय १५ वटा (२१ प्रतिशत), १-५ सम्म पठन-पाठन हुने विद्यालय २४ वटा (३३ प्रतिशत), कक्षा १-८ सम्म पठन-पाठन हुने विद्यालय ११ वटा (१५ प्रतिशत), १-१० कक्षा पठन-पाठन हुने विद्यालय (२१ प्रतिशत) र कक्षा १-१२ सम्म पठन-पाठन हुने विद्यालय करिब ७ वटा (९.७ प्रतिशत) रहेका छन् । यी ७२ शैक्षिक संस्थाका लागि उपलब्ध जनशक्ति देहाय अनुसार रहेका छन् :

**तालिका- १० : शिक्षा क्षेत्रमा उपलब्ध जनशक्ति**

| क स | तह | दरवन्दी | | राहत अनुदान | | जम्मा | | जम्मा | महिला सहभागिता (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुप | महिला | पुरुष | महिला | पुरुप | | |
| १ | प्राथमिक तह | ६५ | १४४ | ४१ | १८ | १०६ | १६२ | २६८ | ३९.५ |
| २ | निम्न माध्यमिक तह | ७ | २५ | ११ | ३४ | १८ | ५९ | ७७ | २३.३७ |
| ३ | माध्यमिक तह | २ | २५ | १ | १९ | ३ | ४४ | ४७ | ६.३ |
| ४ | उच्च माध्यमिक तह | | ४ | ३ | ११ | ३ | १५ | १८ | १६.६ |
| | जम्मा | ७४ | १९८ | ५६ | ८२ | १३० | २८० | ४१० | ३१.७ |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

वि.सं. २०६८ को जनगणनाको आधारमा यस नगरपालिकामा लेखपढ गर्न सक्ने साक्षर जनसंख्या २७००८ रहेका थिए भने १४१० जना पढ्न मात्र सक्ने लेख्न नसक्ने जनसंख्या रहेको थियो ।[2]

स्वास्थ्य संस्था अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र २ वटा, स्वास्थ्य केन्द्र ९ वटा, आधारभूत स्वास्थ्य चौकी ३ वटा, शहरी स्वास्थ्य केन्द्र ८ वटा, आयुर्वेद स्वास्थ्य केन्द्र १ वटा, सहकारी अस्पताल १ वटा, निजी अस्पताल २ वटा र पोलिक्लिनिक ३ वटा रहेका छन् । यी २९ स्वास्थ्य संस्थामा कुल ८९ स्वास्थ्यकर्मी कार्यरत रहेका छन् । साथै, पाले सरसफाइ कार्यकर्ता र सहयोगी गरी ३२ जनाको पूर्ति गरिएको छ । कर्मचारीको पद र नियुक्तिको प्रकार अनुसारको विवरण देहायअनुसार रहेको छ :

---
2 Manthali Municipality Profile | Facts & Statistics – Nepal Archives

**तालिका- ११ : स्वास्थ्य संस्थाहरुमा उपलब्ध जनशक्ति**

| क्र स | पद | दरवन्दीमा स्थायी | | दरवन्दीमा करार | | नगरपालिका स्रोत | | प्रदेश सरकार | | जम्मा | | कुल जम्मा | महिला सहभागिता प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | मेडिकल अधिकृत | | २ | | १ | | | | | | ३ | ३ | |
| २ | जनस्वास्थ्य निरीक्षक | | १ | | | | | | | | १ | १ | |
| ३ | हेल्थ असिष्टेण्ट/ सि.अ.हे.व. | १ | ७ | | | | | | | १ | ७ | ८ | |
| ४ | स्टाफ नर्स | १ | | २ | | | | ५ | | ८ | | ८ | १०० |
| ५ | ल्याव टेक्निसियन | | | | | | | १ | | १ | | १ | |
| ६ | सि.अ.हे.वर अ.हे.व | ८ | १२ | | २ | २ | २ | | १ | १० | १७ | २७ | |
| ७ | सि.अ.न.मी/ अ.न.मी | २६ | | ३ | | ६ | | १ | | ३६ | | ३६ | १०० |
| ८ | ल्याव असिष्टेन्ट | | ३ | | | १ | | | | १ | ३ | ४ | २५ |
| ९ | वैद्य | | | | १ | | | | | | १ | १ | |
| | जम्मा | ३६ | २५ | ५ | ४ | ९ | २ | ७ | १ | ५७ | ३२ | ८९ | |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

### २.१.९ पूर्वाधार अवस्था

पूर्वाधारको अवस्था अन्तर्गत मूलतः सडक सञ्जालको बारेमा अध्ययन गरिएको छ। यहाँ प्रस्तुत सडकका विवरणहरू नगरपालिका पूर्वाधार विकास शाखाबाट लिइएको हो।

**रणनीतिक सडक सञ्जाल**

नगरपालिकाभित्र कुल तीन वटा सडकहरू रणनीतिक सडक सञ्जाल अन्तर्गतका सडकहरू रहेका छन्। यी सडकहरूको कुल लम्बाइ ४२.५ किमी रहेको छ, जसमध्ये कालोपत्रे/कंक्रिट २६.५ किमी, ग्राभेल १ किमी र धुले १५ किमी रहेको छ। यी सडकहरूको नामावली र थप विवरण देहायअनुसार रहेको छ :

**तालिका- १२ : रणनीतिक सडक सञ्जाल**

| क्र.सं. | सडकको नाम | लम्बाइ (कि.मी.) | कालोपत्रे/ कंक्रिट | ग्राभेल/ सोलिङ | धुले | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल मार्ग | ११.५ | ११.५ | | ० | देवीटार/कठजोरखोला मन्थली/मन्थली सुकाजोर खोला |
| २ | मन्थली खुर्कोट | १५ | १५ | | ० | |
| ३ | सेलेघाट रामेछाप साँघुटार | १६ | ० | १ | १५ | भलुवाजोर/सालु |
| | **कुल लम्बाइ** | **४२.५** | **२६.५** | **१** | **१५** | |

*स्रोत : पूर्वाधार विकास शाखा, मन्थली नगरपालिका*

**जिल्ला सडक सञ्जाल**

नगरपालिकाले कुल १२ सडकलाई जिल्ला सडक सञ्जालका रुपमा पहिचान गरेको छ। उक्त सडकहरूको कुल लम्बाइ १४१.२५ किमी रहेको छ भने कालोपत्रे/कंक्रिट सडक ३३.५२ किमी, ग्राभेल/सोलिङ २०.९८ र धुले सडक करिब ८७ किमी रहेको छ। उक्त सडकहरूको नामावली र थप विवरण देहायअनुसार रहेको छ :

**तालिका- १३ : जिल्ला सडक सञ्जाल**

| क्र.सं. | सडकको नाम | लम्बाइ (किमी) | कालोपत्रे/कंक्रिट | ग्राभेल/सोलिङ | धुले | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मन्थली-सुनारपानी सडक | ९.१५ | ८.८५ | ०.३ | ० | |
| २ | मन्थली-कठजोर सडक | १८ | २.३४८ | १ | १४.६५२ | |

| क्र.सं. | सडकको नाम | लम्बाइ (किमी) | कालोपत्रे/कंक्रिट | ग्राभेल/सोलिङ | धुले | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | मन्थली-भटौली सडक | ७ | ५.५ | ०.५ | १ | |
| ४ | मन्थली-पोखरीडाँडा सडक | १८ | ४.३२ | १३.६८ | ० | |
| ५ | मन्थली-चिसापानी पुरानागाउँ स्वास्थ्यकेन्द्र थानापती सडक | १८ | १ | २ | १५ | |
| ६ | साठीमुरे-कल्लेरी सडक | ५ | | | ५ | |
| ७ | मन्थली-भलुवाजोर सडक | १२ | ०.५ | १ | १०.५ | |
| ८ | मन्थली-रालटार-सामलथान-सालु सडक | १२ | ७ | ० | ५ | |
| ९ | मन्थली-चनखु-पोखरीडाँडा सडक | १४ | | १ | १३ | |
| १० | सालु-कुकुरकाटे भञ्ज्याङ सडक | ५ | | ०.५ | ४.५ | |
| ११ | मन्थली-गेलु-सिक्राल सडक | १८ | ४ | १ | १३ | |
| १२ | भटौली साठीमुरे सडक | ५ | | | ५ | |
| | कुल लम्बाइ | **१४१.१५** | **३३.५१८** | **२०.९८** | **८६.६५२** | |
| | प्रतिशत | **१००** | **२३.७५** | **१४.८६** | **६१.३९** | |

*स्रोत : पूर्वाधार विकास शाखा, मन्थली नगरपालिका*

**नगर सडक सञ्जाल**

नगरपालिकाले कुल १४ वटा सडकलाई नगर सडक सञ्जालका रुपमा पहिचान गरेको छ। कुल ३६० लम्बाइ रहेका उक्त सबैजसो सडकहरू (९४.७ प्रतिशत) धुले छन् । कालोपत्रे सडक १.३८ प्रतिशत (४.९ कि.मी.) र ग्राभेल/कंक्रिट सडक ३.८ प्रतिशत (१३.९ किमी) रहेको छ। वडाअनुसार उक्त सडकहरूको लम्बाइ देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका- १४ : नगर सडक सडक सञ्जाल**

| क्र.सं. | वडा नं. | लम्बाइ (किमी) | कालोपत्रे/ कंक्रिट | ग्राभेल/ सोलिङ | धुले |
|---|---|---|---|---|---|
| १ | १ | १४.५ | ४.७६ | ०.८ | ८.९४ |
| २ | २ | २५ | | १.५ | २३.५ |
| ३ | ३ | २४.५ | | १ | २३.५ |
| ४ | ४ | २९.५ | | ०.५ | २९ |
| ५ | ५ | २१.५ | | ०.१५ | २१.३५ |
| ६ | ६ | २८ | ०.०५ | ०.३ | २७.६५ |
| ७ | ७ | ३७.३ | | ०.२ | ३७.१ |
| ८ | ८ | २२.२ | | ०.९३५ | २१.२६५ |
| ९ | ९ | १७ | | ०.८०५ | १६.१९५ |
| १० | १० | १२.८ | ०.०५ | ०.६ | १२.१५ |
| ११ | ११ | ३२.२ | ०.१ | १.७७२ | ३०.३२८ |
| १२ | १२ | ३५.६ | | २.११४ | ३३.४८६ |
| १३ | १३ | ३१.६५ | | २.०२२ | २९.६२८ |
| १४ | १४ | २८.३ | | १.२६५ | २७.०३५ |
| कुल लम्बाइ | | **३६०.०५** | **४.९६** | **१३.९६३** | **३४१.१२७** |
| प्रतिशत | | **१००** | **१.३७८** | **३.८७८** | **९४.७४** |

*स्रोत : पूर्वाधार विकास शाखा, मन्थली नगरपालिका*

**सडक पुल तथा झोलुङ्गे पुल**

नगरपालिकामा मोटर चल्ने (motorable) पुल कुल ९ वटा रहेको छ भने झोलुङ्गेपुलको संख्या २० वटा रहेको छ। नगरपालिका पूर्वाधार विकास शाखाको तथ्यांकअनुसार मोटरेवल पुल वडा नं. २ मा ३ वटा, वडा नं. १ र १३ वा २/२ वटा तथा वडा नं. ६ र ७ मा १/१ वटा रहेका छन् भने अन्य वडामा मोटरेवल पुल रहेका छैनन्। यस्तैगरी, झोलुङ्गेपुल वडा नं. ६ मा ४ वटा, वडा नं. १, २, ७, ८, ११, १३, १४ मा २/२ वटा रहेका छन्।




## २.१.१० वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन

नगरपालिकाको कुल क्षेत्रफल २११ व.कि.मी.मध्ये ७६.६७ वकिमी क्षेत्रफल वन क्षेत्रले ढाकिएको छ।[3] यस तथ्यांकअनुसार यस नगरपालिकाको ३६.४ प्रतिशत भूमि वन क्षेत्रले ढाकेको छ। मूलतः तामाकोशी नदीको जलाधार क्षेत्रमा पर्ने यो नगरपालिका महाभारत पर्वत श्रृङ्खलाको वृष्टिछायाँमा पर्ने हुनाले प्रायः सुख्खा हुने गर्दछ। यस नगरपालिकामा मूलतः निम्नअनुसार दुई प्रकारका हावापानी पाइन्छ :

**उष्ण मौसमी हावापानी :** मूलतः सुनकोशी नदी, तामाकोशी नदी, भटौली र रणजोर खोला आसपासका क्षेत्रमा समुद्र सतहको १२०० मिटरसम्मको उचाइमा यस प्रकारको पाइन्छ। समुन्द्र सतहदेखिको उचाइ उल्लेख्य नहुनु तथा महाभारत पर्वत श्रृङ्खलाको वृष्टि छायाँका कारण मनसुनी वर्षा कम हुन गई यहाँका अधिकांश भूभाग सुख्खा रहने हुँदा यहाँको तापक्रम यहाँको तापक्रम गृष्मऋतुमा औसत ३०° से.भन्दा पनि बढी हुने गर्दछ भने हिउँद ऋतुमा सरदर १५°-२०° से. सम्म रहने गर्दछ।

[3] Forest Cover Maps of Local Levels of Nepal, Department of Forest and Research Survey, Ministry of Forest and Soil Conservation, Government of Nepal, June 2018

- **न्यानो समशीतोष्ण हावापानी :** फुलासी, गेलु, सालुपाटी, चनखु, पुरानागाउँलगायतका नगरपालिकाका उच्च भू-भागहरूमा १२००-२१०० मिटरसम्म उचाइका क्षेत्रहरूमा यस प्रकारको हावापानी पाइन्छ। यस क्षेत्रमा हिउँदमा औसत सरदर तापक्रम २°-१०° सम्म रहन्छ।

वन्यजन्तुअन्तर्गत यहाँ मृग, स्याल, चितुवा, खरायो, दुम्सी, मयुर, कालिज, कोईली, सुगा, मैना आदि पाइन्छन् भने जडिबुटी अन्तर्गत हर्रो, बेल, अमला, पाखनवेद पाइन्छन्। भौगोलिक स्वरुप निकै भिरालो रहेको, जटील जलप्रवाह प्रणालीयुक्त रहेको र धेरै समय सुख्खा रहने भएकाले यहाँको धेरै भूभाग भूक्षय प्रति बढी संवेदनशील रहेको छ। नगरपालिकाको दक्षिणी सिमानामा रहेको घ्याप्चेका पहिरो निकै ठूलो र अनौठो रुपमा रहेको छ। करिब पाँच किलोमिटर परिधिमा फैलिएको यो पहिरोको क्षेत्रफल ०.६१ वर्ग किलोमिटर रहेको छ तथा वर्षायाममा रोकिने र सुख्खा याममा निरन्तर गइरहने हुँदा अनौठो पनि छ। यस पहिरोले वडा न ३ र ४ का अधिकांश वस्ती विस्थापित गर्नुका साथै सदरमुकामलाई समेत जोखिमयुक्त बनाएको छ। मन्थली, मुगीटार, सित्खाटार, दोभानटारलगायतका टारहरूमा नदीहरूले थुपारेर बनेको पाँगो माटोयुक्त जमिन भएकाले कृषि बालीको राम्रो संभावना रहेको छ। टारबाहेकका भिराला जमिनमा बलौटे र ग्रेग्र्यानपूर्ण माटो पाइन्छ। यो माटो बालुवा, कंकड, र ढुङ्गा मिश्रित यो माटो उब्जाउको दृष्टिकोणले निम्नकोटीको रहेको भए पनि कृषियोग्य जमिनको न्यूनताका कारण खेती भने गर्ने गरिएको पाइन्छ। यस क्षेत्रमा मूलतः न्यून रुपमा दलहन र मकै बालीको खेती गर्ने गरिएको छ।

### २.१.११ संस्थागत विकास, सुशासन, सेवा प्रवाह क्षेत्र

नेपालको संवैधानिक व्यवस्था बमोजिम नगर प्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडावाट निर्वाचित ४ जना सदस्य, दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका ३ जना सदस्य गरी नगरपालिकामा ७५ सदस्यीय नगर सभा रहेको छ भने नगर प्रमुख, नगर उपप्रमुख, प्रत्येक वडाका वडाध्यक्षहरू, नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका ३ जना सदस्य सहित २४ सदस्यीय कार्यपालिका गठन भएको छ। न्याय निरुपणका लागि उपप्रमुखको संयोजकत्वमा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहेको न्यायिक समिति गठन भई क्रियाशील रहेको छ तथा यस समितिको कार्य सम्पादनका लागि न्यायिक समितिको कार्यविधि ऐन २०७४ जारी गरिसकेको छ। नगर कार्यपालिकाबाट सम्पादन हुने कार्य व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयोजनार्थ कार्यपालिकाले प्रचलित कानुनी व्यवस्थाबमोजिम कार्यपालिका सदस्यहरूको ंयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र विधेयक समिति गठन भएको छ। नगरपालिकाको कार्यसञ्चालनका लागि हाल कार्यरत जनशक्तिको अवस्था सेवा क्षेत्र र नियुक्तिको प्रकार अनुसार देहायको तालिकामा दिइएको छ।

**तालिका- १५ : नगरपालिकामा कार्यरत जनशक्ति**

| क्र स | सेवा | | स्थायी कर्मचारी | | | सेवा करारमा कार्यरत कर्मचारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा |
| १ | प्रशासन | १ | २ | १४ | १७ | - | - | ६ | ६ |
| २ | शिक्षा प्रशासन | १ | १ | - | २ | - | - | | |
| ३ | इन्जिनियरिङ्ग | - | १ | १२ | १३ | - | - | ५ | ५ |
| ४ | आर्थिक प्रशासन | - | २(११) | १ | ३ | - | - | - | - |
| ५ | स्वास्थ्य सेवा | - | ३ | | ३ | - | - | - | - |
| ६ | कृषि सेवा | - | - | १ | १ | - | - | - | - |
| ७ | भेटनरी | - | - | २ | २ | - | - | १ | १ |
| ८ | कानुन | - | - | | | - | १ | - | १ |
| ९ | आन्तरिक लेखा परीक्षण | - | - | १ | १ | - | - | - | - |
| १० | विविध | - | - | २ | २ | - | - | १ | १ |

| क्र स | सेवा | स्थायी कर्मचारी | | | | सेवा करारमा कार्यरत कर्मचारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा |
| | जम्मा | २ | ८ | ३४ | ४४ | - | १ | १२ | १३ |

*स्रोत : मन्थली नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७*

उपरोक्त बाहेक सवारी चालक ६ जना, कार्यालय सहयोगी २० जना, नगर प्रहरी ६ जना, पाले २ जना लगायतका पदहरूमा ज्यालादारी एवं सेवा करारमा पदपूर्ति गरिएको छ। परियोजनाहरूका हकमा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ २ जना (रोजगार संयोजक र सबइन्जिनियर), सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत पाँचजना (कार्यक्रम संयोजक, परामर्शकर्ता, मनोपरामर्शकर्ता, वित्तीय सहजकर्ता, रिटर्नी), सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत दुई जना (सूचना व्यवस्थापन प्रणाली सञ्चालक र फिल्ड सहायक), VCDP कृषितर्फ एक जना (कृषि प्राविधिक चौथो) कार्यरत रहेको छ।

नगरपालिकाको आन्तरिक स्रोतको अध्ययन गर्दा गत आ.व. २०७६/७७ मा एक अर्ब २२ करोड ५६ लाख ८३ हजार ४४४ को वार्षिक बजेटको लक्ष्य राखेकोमा चालुतर्फ ५५.२ प्रतिशत र पूँजीगततर्फ ४४.८ प्रतिशत विनियोजन गरिएको देखिन्छ, जसमध्ये पूँजीगत बजेट विनियोजित कुल बजेटको ३५ प्रतिशत र चालु बजेट विनियोजित कुल बजेटको ६५ प्रतिशत खर्च गरेको देखिन्छ। यसबाट पूँजीगत खर्च बढाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ। सो आ.व.मा नगरपालिकाको कुल आन्तरिक आय कुल रु. दुई करोड ७१ लाख ४२ हजार ८१४ भएको देखिन्छ। यस तथ्यांकअनुसार नगरपालिकाको कुल बजेटमा आन्तरिक आयको हिस्सा २.१६ प्रतिशत मात्र रहेको देखिन्छ। नगरपालिकाको आम्दानीको अन्य स्रोतमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र विभिन्न कार्यक्रम कार्यक्रम तथा परियोजनाहरू अन्तर्गत प्राप्त हुने रकम रहेको छ।

सबै वडाबाट गरिने पूर्वाधार विकासका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कनको कार्यलाई उपभोक्ता समिति, वडा समिति र उपप्रमुखको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिको व्यवस्था गरी ३६० डिग्रीको अनुगमनको व्यवस्था गरिएको छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यमा आम जनताको सहभागितामा कुरा सुन्ने र जवाफ दिने अनिवार्य व्यवस्था गरिएको छ। आर्थिक अनुशासनको दृष्टिकोणबाट हेर्दा लेखा परीक्षण तथा यसका प्रतिवेदनमा औंल्याइएका विषयहरू महत्वपूर्ण रुपमा अगाडि आउँदछन्। आ.व. २०७५/०७६ सम्म १ करोड ५ लाख ३६ हजार असुल गर्नुपर्ने, ९ करोड ५४ लाख ५३ हजार प्रमाण कागजात पुऱ्याउनुपर्ने, १२ लाख ८० हजार नियमित गर्नुपर्ने र १ करोड ३२ लाख १६ हजार पेश्की बेरुजु रहेको देखिन्छ। नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदनले प्रत्येक वर्ष बेरुजू बढिरहेको भए पनि प्रतिवेदनले सुधारका लागि औंल्याइएका सुझावको कार्यान्वयनको अवस्था कमजोर जस्तो देखिए पनि सुधारोन्मुख रहेको उल्लेख गरेको छ। आन्तरिक नियन्त्रण प्रणालीको एक भागका रुपमा यस नगरपालिकाले आ.व. २०७६/०७७ देखि आन्तरिक लेखा परीक्षण गर्नका लागि आन्तरिक लेखा परीक्षण एकाईको व्यवस्था गरिएको छ र यस एकाइ अन्तर्गत वार्षिक रुपमा लेखा परीक्षण गरी प्रतिवेदन तयार गर्न सुरु गरिएको छ।

## २.२ नगर विकासको उपलब्धिको समीक्षा

यो आवधिक योजना तर्जुमा गर्दाको यस समयमा मन्थली नगरपालिका गठन भएको कुल सात वर्ष पुरा भएको छ भने हालको नेतृत्वले नगरपालिकाको नेतृत्व गरेको चार वर्ष पूरा भएको छ। यस अवधिमा भवन निर्माण, सडक निर्माण, खानेपानी आयोजनाहरू निर्माण, सिंचाइ आयोजनाहरू निर्माण तथा संस्थागत एवम् प्रणालीगत सुधारका दृष्टिले उल्लेख्य कामहरू भएको देखिन्छ। यद्यपि पहिलो जननिर्वाचित स्थानीय सरकार भएको नाताले यस सरकारप्रतिको जनअपेक्षा निकै उच्च रहेको हुँदा उक्त अपेक्षाअनुरुपको उपलब्ध हासिल गर्न भने अझ धेरै काम गर्नुपर्ने आवश्यकता रहेको छ। यहाँ नगरपालिका गठन भएपश्चात्का प्रमुख उपलब्धिहरू विषयगत क्षेत्रअनुसार प्रस्तुत गरिएको छ र समस्या, चुनौती तथा अवसर र संभावनाहरू यसपश्चात्को परिच्छेदमा प्रस्तुत गरिएको छ।

### २.२.१ नगरपालिका गठन भएपश्चात्का प्रमुख उपलब्धिहरु

**आर्थिक विकास क्षेत्र**

- कृषि ज्ञान केन्द्र, सम्बन्धित वडा कार्यालयहरूसँग समन्वय गरी नगरका विभिन्न क्षेत्रमा विभिन्न समयमा देखिने रोग किरा नियन्त्रणका लागि कृषकहरूलाई व्यवस्थापनका उपायहरूको बारेमा सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक विधिहरू समेत प्रदान गरिएको छ।

- रु.पाँचलाखसम्म पूँजी भएका उद्योगहरू नगरपालिकाबाटै दर्ता गर्ने, नगरपालिका क्षेत्रभित्र काम गर्ने सहकारी संस्थाहरूलाई सूचीकृत गराई अभिलेख व्यवस्थित गर्ने र स्थान, उद्देश्य र कारोबार समान भएका सहकारी संस्थाहरूको एकीकरण गर्ने कार्यको सुरुवात गरी तीन खम्बे अर्थ नीति अनुरुप निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिएको छ । युवा व्यवसाहीको व्यवसायलाई प्रवर्द्धन गर्न युवा उद्यम कार्यक्रम सञ्चालनमा ल्याइएको छ, जसले आर्थिक विकासको क्षेत्रमा सकारात्मक प्रभावहरू देखिएका छन् ।
- यस नगरपालिकामा दर्ता र सूचीकृत भएका सहकारी, कृषक समूह, कृषि फर्महरुलाई बीउ विजन, कृषि औजार, विषादी वितरण गर्नुका साथै च्याउ उत्पादन, तरकारी उत्पादनका लागि संरचना निर्माणमा किसानहरूलाई अनुदानका कार्यक्रमहरु संचालन गरिएको छ ।
- दूध उत्पादन गर्ने गाई भैंसीपालन गर्ने किसानहरूलाई प्रोत्साहित गर्न पशु बीमा अनुदान, भैंसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता र सम्भव भएसम्म प्राविधिक सेवा गोठ खोरमा उपलव्ध गराइएको छ ।

## सामाजिक विकास क्षेत्र

- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउने उद्देश्यका साथ शैक्षिक कार्यक्रमहरू सञ्चालन भएका छन् । हाल कक्षा १-५ मा ५-९ उमेर समूहका बालबालिकाहरूमध्ये ९८.३५ बालबालिकाहरू विद्यालय भर्ना भएका छन् ।
- नगर शिक्षा समितिको नियमित बैठक बसी शिक्षा सुधारका लागि शैक्षिक सरोकारवालाहरूसँग ४० बुँदे प्रतिवद्धता, विद्यालयका प्रधानाध्यापक र नगर प्रमुखबीच भएको कार्य सम्पादन सम्झौता, विद्यार्थी सख्याका आधारमा शिक्षक दरबन्दी मिलान, विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन, कक्षा ८ को परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन जस्ता कार्यहरु सम्पन्न भएका छन्, जसवाट शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुगेको नतिजाहरु देखिन थालेको छ ।
- यस नगरभित्र अवस्थित मन्थली माध्यमिक विद्यालय मन्थलीलाई सामुदायिक विद्यालयहरूमध्ये नमूना माध्यमिक विद्यालयको रुपमा विकास गरिएको छ । उक्त विद्यालयको शैक्षिक गतिविधिहरू अध्ययन अवलोकनका लागि अन्य जिल्लाका शैक्षिक सरोकारवालाहरु आउने गरेका छन्, जुन शैक्षिक क्षेत्रमा नगरको गौरवको रुपमा रहेको छ ।
- स्वास्थ्य सेवालाई सबै नगरवासीको पहुँचमा पुऱ्याउन दुर्गम वस्ती तथा टोलहरूमा तीनवटा आधारभूत स्वास्थ्य केन्द्र र ८ वटा शहरी स्वास्थ्य केन्द्रहरूको स्थापना गरी नगरवासीहरूले गुणस्तरीय स्वास्थ्य सेवा घरदैलोमा पाउने वातावरणको सुनिश्चित गरिएको छ ।
- स्वास्थ्य संस्थाहरूमा अत्याधुनिक औजारहरूको व्यवस्थापन गर्नुका साथै स्वास्थ्यकर्मीहरुलाई समयानुकूल क्षमता अभिवृद्धिमा जोड दिइ गुणस्तरीय स्वास्थ्य सेवामा अभिवृद्धि हुदै गएको छ ।
- स्वास्थ्य संस्थाहरूमा २४ घण्टे प्रसूति सेवाको प्रबन्ध र सुत्केरीसँग उपमेयर कार्यक्रम सञ्चालनबाट स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने सख्यामा वृद्धि भई मातृ मृत्यु दर र शिशु मृत्यु दरमा उल्लेखनीय कमी आएको छ । आकस्मिक जटिलतायुक्त प्रसूति शल्याक्रिया सेवा प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा सञ्चालन गरी जिल्ला वाहिर पुऱ्याउनु पर्ने वाध्यात्मक अवस्थाको अन्त्य भएको छ ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको सन्दर्भमा ५ ठाँउमा हेल्पडेस्क सञ्चालन गरी १५,४६७ जनाको स्वास्थ्य परीक्षण, ८५८ जनाको PCR परीक्षण र ३०४ जनाको RDT परीक्षण गरी १०४ जना संक्रमित व्यक्तिहरूलाई आवश्यक व्यवस्थापन गरिनुका साथै क्वारेन्टाइन, होल्डिङ्ग सेन्टर र आइसोलेसनको स्थापना गरिएको थियो ।
- बाल विवाह, लैगिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी नगरलाई वाल विवाह मुक्त नगरको रुपमा स्थापित गर्ने वातावरण निर्माण गरिएको छ । हिंसा पीडितको तत्काल राहत, उद्धार र व्यवस्थापनका लागि अल्पकालीन सेवा केन्द्रको स्थापना गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरू तथा जेष्ठ नागरिकहरुलाई सम्वन्धित वडामै शिविर सञ्चालन गरी २५१२ जना जेष्ठ नागरिक र १७३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको र सम्भाव्य व्यक्तिहरूलाई तत्काल सामाजिक सुरक्षा भत्तामा आवद्ध गरिएको छ ।

## पूर्वाधार विकास क्षेत्र

- नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा, सुविधालाई सरल, सहज र प्रभावकारी रुपमा सञ्चालन गर्न उचित सुविधासहितको कार्यालय भवन अपरिहार्य हुन जान्छ। यस दिशामा नगरपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। निजी घरमा ८ वटा कोठा भाडामा लिइ सार्वजनिक सेवा प्रवाह गरी रहेको नगरपालिकालाई पहिलो कार्यपालिकाले आफ्नै भवन निर्माण गरी सेवा प्रवाह गर्न सक्ने अवस्थामा पुऱ्याएको छ।
- ट्राफिक चोकमा व्यापारिक भवन निर्माण गरी भाडामा लगाइएको छ। एउटा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भइरहेको र ३ वटा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य भैरहेको छ। त्यसैगरी भूकम्प पश्चात् निजी आवास पुनः निर्माण लाभग्राही सूचीमा नाम समावेश भइ अनुदान सम्झौता गरेका ८५ प्रतिशत लाभग्राहीहरुको भवन निर्माण कार्य सम्पन्न भएको छ।
- विद्युत सेवा नपुगेका नगरपालिकाका वडा न २, ३, ६ र ७ का केही वस्तीहरुमा विधुतीकरण गरिएको छ। यस कार्य पश्चात् नगरपालिकाका सबै टोल वासीहरुले विद्युत् सेवा उपयोग गर्ने वातावरण बनेको छ।
- "गाउँ-गाउँमा सिंहदरबार" भन्ने नारालाई व्यवहारमा रुपान्तरण गर्ने प्रयासमा सदरमुकाममा केन्द्रित रहेको सेवा प्रवाहलाई सम्बन्धित वडाबाटै प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। साथै ३ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न गरी संस्थागत विकास र सेवा प्रवाह प्रणालीलाई थप सबल बनाइएको छ।
- खेलकुद गतिविधिलाई प्रभावकारी रुपमा अगाडि वढाउन प्रदेश सरकारको सहयोगमा अत्याधुनिक कभर्डहल निर्माण भइरहेको छ। त्यसैगरी कृषि उपजको संकलन र भण्डारण गरी विक्री वितरणमा सहजता ल्याउने अभिप्रायले प्रदेश सरकारसँगको साझेदारीमा शित भण्डारण केन्द्रको निर्माण कार्य भइरहेको छ।
- वाह्रै महिना सञ्चालनमा आउन नसकेका वडा कार्यालय जोड्ने सडक निर्माण र स्तरउन्नोतिमा उल्लेखनीय फड्को मारिएको छ। संघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा मन्थली वजार क्षेत्रभित्रका सडकहरू कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। हालसम्म नगरभित्र संघ, प्रदेश र यस नगरपालिका समेतको लगानीमा ३८.५ किलो मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने ३१ किलो मिटर सडक ग्राभेल तथा सोलिङ्ग गरिएको छ। नगरभित्रका मुख्य सडकहरूमध्ये मन्थली-सुनारपानी-सालु, भुत्याखोला-टेकनपुर-कठजोर-ठाँटी सडक, चिसापानी-गेलु-सिक्राल सडक, चिसापानी-पुरानागाउँ सडक, चिसापानी-चनखु सडक, देवीटार-फुलासी सडक, आकासेपुल-भटौली सडक, मन्थली-भलुवाजोर सडक र मन्थली-सानी मदौ-रालटार-सालु सडक कालोपत्रे गर्ने कार्य सुरु भई क्रमागत योजनाको रुपमा स्थापित भएको छ।
- नगरभित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरुलाई संरक्षण तथा सम्वर्द्ध गरी पर्यटक प्रवर्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यहरु भइरहेको छ। वैरा महादेव (थानापति) मन्दिरलाई लक्ष्यित गरी सिँढी निर्माण, रेलिङ, प्रतिक्षालय, खानेपानी निर्माणका कार्य सम्पन्न गरिएको छ। भिमसेनथान र चिसापानी गढीलाई लक्ष्यित गरी पैदलमार्ग निर्माण र भलुवाजोरको तिल्केस्थानगढीलाई लक्ष्यित गरी प्रदेश सरकारसँगको साझेदारीमा क्रमागत रुपमा योजनाहरू सञ्चालन भइरहेका छन्। नगरको महत्वपूर्ण गौरवको आयोजनाको रुपमा वाल उद्यान सहितको तीनलाल पार्क संघीय सरकारको साझेदारीमा निर्माण भइरहेको छ।
- नगरवासीहरूलाई खानेपानीको व्यवस्थापन गर्न संघ र प्रदेशसँग समन्वय गरी लिफ्टिङ्ग एंव डिपबोरिङ्ग र खेतीयोग्य जमिनमा सिंचाई प्रवर्द्धनका लागि लिफ्टिङ्ग डिप एंव वोरिङ्ग प्रविधि मार्फत् खानेपानी र सिचाईको बन्दोवस्त गरिएको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थान क्षेत्र

- नगरपालिकाभित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्दार, राहत वितरण तथा पुनर्लाभका कार्यमा जोड दिइएको छ। नगरभित्र रहेका दमकल, एम्बुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखिएको छ।
- नगरलाई उज्यालो शहरको रुपमा विकास गर्न वजार क्षेत्रमा मठ मन्दिरहरुमा सौर्य वत्तिको व्यवस्थापन गरी उज्यालो प्रवर्द्धनमा जोड दिएको छ।
- वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री नगर निर्माणमा जोड दिएको छ।

## संस्थागत विकास तथा सुशासन क्षेत्र

- परम्परागत रुपमा म्यानुअल लेखाङ्कन तथा अभिलेखन व्यवस्थापन भइरहेको सन्दर्भमा वास्तविक आय, व्यय र मौज्दातको एकिन गर्न कठिन भई वित्तीय प्रतिवेदन गर्न समेत कठिन भएको अवस्थामा आ.व.०७६/७७ देखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अनलाईन सफ्टवेयर सञ्चालनमा ल्याई एकीकृत आय-व्यय तथा अन्य वित्तीय प्रतिवेदन गर्न सहज भएको छ। यसबाट वित्तीय जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, नियमितता तथा कार्यदक्षता वृद्धिमा समेत योगदान पुगेको छ।
- घटनादर्ता, राजस्व संकलन तथा सामाजिक सुरक्षा भत्ताको अभिलेखलाई अनलाइन प्रणालीमा रुपान्तरण गरी यी तीन क्षेत्रमा अभिलेख प्रणाली सुदृढीकरण गरिएको छ।
- नगरपालिकाको  संगठन संरचना स्वीकृत गरी सो मुताविक कर्मचारीहरूको जिम्मेवारी बाडँफाँट गरिएको छ, जसबाट सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी भई नगरवासीहरूले सरल र सहजरुपमा सेवा प्राप्त गर्ने वातावरण निर्माण भएको छ।
- नगरपालिकाले आफ्ना अधिकार क्षेत्रभित्रका राजस्वका शीर्षकहरूमा सम्पत्ति करका अलावा अन्य आन्तरिक आयका मुख्य स्रोतहरू दहत्तर-बहत्तर कर, घर नक्सा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आयस्रोत प्रमाणित जस्ता क्षेत्रहरू थप गरी सोको दायरामा समेत वृद्धि गरी आन्तरिक राजस्व संकलनमा उल्लखनीय वृद्धि गरिएको छ।
- नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा ११ वटा ऐन, ३ वटा नियममवली र १८ वटा कार्यविधिहरू जारी गरिएको छ।
- न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजुरीहरुको समयमै सुनुवाई गरिएको छ।
- नगरपालिकाका सम्पूर्ण महत्वपूर्ण सूचना तथा जानकारी यस नगरपालिकाको वेबसाइट www. manthalimun.gov.np मा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने, नागरिक वडापत्र, गुनासो पेटिका, कार्यालयभित्र सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी नगरपालिकाको जवाफदेहिता र पारदर्शिता उच्च राख्ने व्यवस्था कायम गरिएको छ।

# परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई नगरपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मुख गर्न नगरको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी नगर विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो ।

आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ । यसले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुऱ्याउँदछ । यसमा नगरपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकायसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श कायम गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगर/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानुनी दायित्व समेत हो। यस परिवेशमा तयार गरिएको यस आवधिक योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरिएको हुँदा आवधिक नगर विकास योजना सम्बन्धित नगरपालिकाको सर्वोच्च योजना हो ।

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित गरिएको हुन्छ। नगरपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक नगर विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले नगर क्षेत्रको विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धि, प्रतिफल) निर्धारण गरी उपरोक्त उद्देश्यहरू निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ तथा कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आमसहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्दछ। नगर विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू नगरको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् ।

दीर्घकालीन सोच नगर विकासका लागि मार्गदर्शक सोच भएको हुँदा यो तर्जुमा गर्ने चरणमा नगरपालिकाको मौजुदा समस्या र सवालहरू एवम् उपलब्ध अवसर र सम्भावनाहरूले नगर विकासको दिशा र गति निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । यस नगरपालिकाको विकासका लागि प्रमुख अवसर तथा संभावनाहरू देहायअनुसार रहेका छन् :

## ३.१. नगर विकासका संभावना तथा अवसर

- संघीय राजधानी काठमाडौंसँगको निकटतम अवस्थिति,
- संघीय राजधानी काठमाडौं, पूर्व-पश्चिम (मध्यपहाडी लोकमार्गमार्फत्) र उत्तर-दक्षिण (पुष्पलाल राजमार्ग) जोड्ने राजमार्गको अवस्थिति तथा विमानस्थल भएकाले देशव्यापी सहज अन्तरआवद्धता
- राष्ट्रिय स्तरका तीनवटा राजमार्ग र सडकसँग जोडिनु,
- मध्य पहाडी राजमार्गको प्रभाव क्षेत्र भएको ।

- राष्ट्रिय, प्रदेश र स्थानीय यातायात र सञ्चारको पहुँच सहज हुनु,
- प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू उपलब्ध हुनु,
- औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको लागि संभाव्य क्षेत्र,
- पूर्ण साक्षर, पूर्ण खोप तथा खुला दिसामुक्त क्षेत्र,
- उच्च शिक्षाको सहज अवसर तथा विशिष्ट स्वास्थ्य सेवामा सहज पहुँच,
- उर्वर भूमिको उपलब्धता हुनु,
- पर्यटन, उद्योग तथा कृषिमा व्यावसायीकरण गर्न सकिने संभावना रहनु,
- शान्त, स्वच्छ तथा मनोरम वातावरण हुनु
- व्यवस्थित वन तथा जलाधारको क्षेत्र हुनु
- लघुजलवायु क्षेत्रहरूको उपस्थिति हुनु

## ३.२. नगर विकासका समस्या तथा चुनौती

नगरपालिकाको दीर्घकालीन र दीगो विकासका लागि विभिन्न समस्याहरू रहेका छन् । उक्त समस्याहरूमध्येका प्रमुख समस्या तथा चुनौतीहरू देहायअनुसार रहेका छन् :

- आम कृषक समुदायमा हावापानी र भूगोल सुहाउँदो दीगो व्यावासायिक कृषिका लागि उचित ज्ञान, सीप, सोच, पूँजी तथा सिंचाइको कमी हुनु
- भूउयोग योजना तथा संभाव्य स्थानहरूमा एकीकृत जग्गा विकास आयोजनाहरू सञ्चालन हुन नसक्दा बसोवास र शहरीकरण थप अव्यवस्थित र जटिल बन्दै जानु
- लामो अवधिका सुख्खा खडेरीहरू निरन्तर दोहोरिइरहनु र यसको सामना गर्ने दीर्घकालीन समाधान पहिचान गर्न नसक्नु ।
- वन क्षेत्रको गुणस्तर कम हुनु,
- घ्याप्चेको पहिरोको दीगो व्यवस्थापन हुन नसक्दा ठूलो क्षेत्रफलमा कृषि जमिन, वस्ती कटानमा पर्नु र मन्थली बजार क्षेत्रमा जोखिम बढ्नु ।
- स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको परिचालन गरी उद्यम विकास गर्न आवश्यक ज्ञान, सिप, स्रोत, साधन, सोच, पूँजी र प्रेरणाको कमी हुनु
- अव्यवस्थित र कमजोर पूर्वाधार एवम् संरचनाको विकास र निर्माण,
- प्रदूषणमा वृद्धि तथा दीगो र वातावरणमैत्री फोहोरमैला व्यवस्थापनका लागि शून्य विसर्जनतर्फ उन्मुख हुन नसक्नु
- बढ्दो दरमा नसर्ने रोगमा वृद्धि हुनु
- वाह्य रोजगारीमा आकर्षण तथा प्रतिभा पलायन,
- युवा वेरोजगारी र स्थानीय आर्थिक क्रियाकलापमा न्यून सहभागिता,
- प्राकृतिक सम्पदाको अधिक दोहन,
- दक्ष मानव संशाधन र नयाँ प्रविधिको न्यून उपलब्धता, प्रयोग तथा उत्पादन,
- मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासमा कमी
- पिछडापन, लैंगिक र सामाजिक विभेद निरन्तरता र
- स्रोत, तथ्याङ्क र जनशक्तिको न्यूनता ।

## ३.३ दीर्घकालीन सोच

सामान्यता नगरपालिकाको संभावना, अवसर, समस्या र चुनौतीलगायत विगतको विकासको प्रवृत्तिसमेतलाई ध्यानमा राखी आगामी करिब २५-३० वर्षको अवधिमा नगरपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा मस्तिष्क मन्थन

गरी सहभागितामूलक ढंगले दीर्घकालीन सोच निर्धारण गरिन्छ। यस प्रक्रियामा निर्धारण गरिएको दीर्घकालीन सोच निम्नअनुसार रहेको छ :

**शिक्षित, स्वस्थ, व्यावसायिक शहर : उत्थानशील र समृद्ध मन्थली नगर**

यो दीर्घकालीन सोच वि.सं. २१०० अर्थात् आगामी २२ वर्षपछि मन्थली नगरपालिकालाई विकासको दृष्टिकोणले कस्तो बनाउने भन्ने नगरपालिका, स्थानीय सरोकारवालाहरू र मन्थली नगरपालिकाका नागरिकहरूको परिकल्पनामा आधारित भई दीर्घकालीन सोच कार्यशाला गोष्ठीमा सहभागितामूलक ढंगले सर्वसम्मतिबाट तय गरिएको हो। यस दीर्घकालीन सोचको भावार्थ देहायअनुसार रहेको छ :

**स्वस्थ्य :** गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिका सक्षम भएको हुनेछ र उच्चस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच वृद्धि भएको हुनेछ। कुनै पनि नागरिकले स्वास्थ्योपचारको अभावमा ज्यान गुमाउनुपर्ने छैन।

**शिक्षित :** मन्थली नगरपालिकाका सबै नागरिक शिक्षित हुनेछन्। गुणस्तरीय प्राविधिक, व्यवसायिक शिक्षाको विस्तार तथा उच्च शिक्षाको पहुँचमा वृद्धि र सुसंस्कृत, समयानुकूलका प्रतिस्पर्धी जनशक्ति तयार भएका हुनेछन्।

**व्यावसायिक :** व्यापार, व्यवसाय र उद्यम नागरिकको एक प्रमुख पेशा, नगरपालिकाको एक प्रमुख आर्थिक स्रोत र नगरपालिकाको आर्थिक वृद्धिको महत्वपूर्ण कडिका रुपमा स्थापित भएको हुनेछ।

**उत्थानशील :** नगरपालिकामा बहुविपद् सामना गर्न सक्ने क्षमता विकास भएको हुनेछ। विपद् जोखिम न्यूनीकरण भएको र सामाजिक तथा संस्थागत जीवन विपद् उत्थानशील भएको हुनेछ।

**समृद्धि :** नगरपालिकाको आर्थिक वृद्धि उच्च र दीगो भएको हुनेछ तथा नागरिकको जीवनस्तर उच्च भएको हुनेछ।

## ३.३.समष्टिगत लक्ष्य तथा उद्देश्य

नगर विकासको उपयुक्त सोचतर्फ उन्मुख हुनका लागि निम्नअनुसारको लक्ष्य तय गरिएको छ :

### ३.३.१ समष्टिगत लक्ष्य

- **मन्थली नगरवासीको जीवनस्तर, वातावरण तथा स्थानीय अर्थतन्त्रमा दीगो र गुणात्मक परिवर्तन गर्ने**

यस आवधिक योजना अवधि (२०७८/७९-२०८३/८४) को अन्तसम्ममा,

- योजना अवधिको अन्त्यसम्ममा उद्योग व्यवसाय तथा कृषि र पशुपालनको व्यवसायीकरणमा उल्लेख्य हिसाबले संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुनेछ। उद्यम-व्यवसाय क्षेत्रमा १०००० जना, कृषि तजा पशुपालन क्षेत्रमा ५००० जना गरी १५००० जना रोजगार भएका हुनेछन्।
- शैक्षिक क्षेत्रको गुणस्तर उल्लेख्य मात्रामा वृद्धि भएको हुनेछ। कक्षा १० को निरन्तरता दर ९५ प्रतिशत तथा उपलब्धि दर (औसत जीपीए) ३.५ पुगेको हुनेछ।
- वन क्षेत्रको गुणस्तरीयतामा उल्लेख्य वृद्धि भएको हुनेछ। कुल भूमिमा वन/हरियाली क्षेत्र हालको ३६ प्रतिशतबाट ४० प्रतिशतमा पुगेको हुनेछ। वन व्यवस्थापनमा सुधार भई वन क्षेत्रमा हरियालीमा पनि वृद्धि भएको हुनेछ।

### ३.३.२ समष्टिगत उद्देश्य

- सबल, समुन्नत अर्थतन्त्रयुक्त शहर निर्माण गर्नु
- शिक्षित, स्वस्थ र सभ्य नगरबासी तयार गर्नु
- योजनावद्ध, व्यवस्थित, व्यावसायिक र विकसित सहर निर्माण गर्नु
- हरित, सुरक्षित, स्वच्छ अनि सन्तुलित नगरपालिका निर्माण गर्नु
- सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना गर्नु

## ३.४. समष्टिगत रणनीति

नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र रणनीतिहरू देहायअनुसार रहेका छन् :

- तुलनात्मक लाभका कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने,
- उद्योग र व्यापार, दृष्यावलोकन र ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने,
- जीवनपयोगी शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षामा पहुँच र उपभोग सुनिश्चित गर्ने
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

## ३.५. निर्देशक सिद्धान्त

नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र क्रियाकलापहरू निश्चित सिद्धान्तहरूबाट निर्देशित हुनु जरुरी हुन्छ। उपयुक्त दीर्घकालीन सोचका सन्दर्भमा निम्नअनुसार सिद्धान्तहरूमा आधारित गरी नगरपालिकाले समग्र विकास निर्माण र विकास व्यवस्थापनको नेतृत्व गर्नेछ :

- दिगो, योजनाबद्ध विकास तथा व्यवस्थित शहरीकरण
- उत्पादनमुखी, अन्तरनिर्भर र उन्नत स्थानीय अर्थतन्त्र
- मानव विकास तथा गुणस्तरीय जीवन
- सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास
- जलवायु परिवर्तन अनुकुलता तथा विपद् उत्थानशिलता
- सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रवाह
- समन्वय, साझेदारी र सहकार्य
- सुशासन तथा सदाचार प्रवर्द्धन
- नतिजामा आधारित विकास व्यवस्थापन

## ३.६ प्राथमिकताप्राप्त क्षेत्र

मन्थली नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा उपलब्ध संभावना र अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस आवधिक योजनाले नगरपालिकाको समग्र दिगो विकास र समृद्धिका लागि देहायअनुसार प्रमुख प्राथमिकताप्राप्त क्षेत्रहरू पहिचान गरेको छ :

१. कृषि, व्यापार एवम् सेवा क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण
२. गुणस्तरीय, व्यावसायिक र उच्च शिक्षा
३. हरियाली प्रवर्द्धन, दिगो वन व्यवस्थापन
४. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास
५. स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी
६. दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास
७. योजनावद्ध, दिगो, नतिजामुखी विकास
८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण
९. स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन

## ३.७ स्रोत अनुमान तथा प्रक्षेपण

यो आवधिक योजना मन्थली नगरपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमा सञ्चालन हुनेछ। यस योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषणअनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ। यो योजना कार्यान्वयनको अवधिमा

नगरपालिकाको विकासका लागि आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. १० अर्ब १५ करोड १० लाख ७ हजार स्रोत उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ । स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका- १६ : योजना अवधिको प्रक्षेपित वार्षिक बजेट

*(रकम रु.'००० मा)*

| क्र.सं. | विवरण | आ.व. २०७७/७८ को यथार्थ | चालु आ.व.को अनुमान | बजेट अनुमान र प्रक्षेपण (रु. हजार) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपण | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | पाँच वर्षको कुल |
| १. | **आन्तरिक आय** | २९५०१ | ३२४५१ | ३५६९६ | ३९२६६ | ४३१९२ | ४७५१२ | ५२२६३ | २१७९२८ |
| २. | **राजस्व बाँडफाँटबाट प्राप्त रकम** | १५२८८१ | १६८१६९ | १८४९८६ | २०३४८५ | २२३८३३ | २४६२१७ | २७०८३८ | ११२९३५९ |
| | क. नेपाल सरकार | ९२००३ | १०१२०३ | १११३२४ | १२२४५६ | १३४७०२ | १४८१७२ | १६२९८९ | ६७९६४२ |
| | ख. प्रदेश सरकार | ६०८७८ | ६६९६६ | ७३६६२ | ८१०२९ | ८९१३२ | ९८०४५ | १०७८४९ | ४४९७१७ |
| ३. | **रोयल्टी बाँडफाँट** | २२६७५ | २४९४२ | २७४३६ | ३०१८० | ३३१९८ | ३६५१८ | ४०१६९ | १६७५०१ |
| ४. | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ६२८१११ | ६९०९२२ | ७६००१४ | ८३६०१५ | ९१९६१७ | १०११५७९ | १११२७३६ | ४६३९९६१ |
| | क. वित्तीय समानीकरण अनुदान | १९९२०० | २१९१२० | २४१०३२ | २६५१३५ | २९१६४९ | ३२०८१४ | ३५२८९५ | १४७१५२४ |
| | ख. सशर्त अनुदान | ४१०७११ | ४५१७८२ | ४९६९६१ | ५४६६५७ | ६०१३२२ | ६६१४५४ | ७२७६०० | ३०३३९९४ |
| | ग. समपूरक अनुदान | १३२०० | १४५१९ | १५९७१ | १७५६९ | १९३२५ | २१२५८ | २३३८४ | ९७५०७ |
| | घ. विशेष अनुदान | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ | ८८५८ | ३६९३६ |
| ५. | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ७७९५६ | ८५७५२ | ९९३२७ | १०९७५९ | १२११३५ | १३३५४९ | १४७१०४ | ६१०८७४ |
| | क. वित्तीय समानीकरण अनुदान | १०६६७ | ११७३४ | १२९०७ | १४१९८ | १५६१८ | १७१७९ | १८८९७ | ७८७९९ |
| | ख. सशर्त अनुदान | ३७३२१ | ४१०५३ | ४५१५८ | ४९६७४ | ५४६४२ | ६०१०६ | ६६११६ | २७५६९७ |
| | ग. समपूरक अनुदान | २९९६८ | ३२९६५ | ३६२६१ | ३९८८७ | ४३८७६ | ४८२६४ | ५३०९० | २२१३७९ |
| | घ. विशेष अनुदान (बजेट) | ० | ० | ५००० | ६००० | ७००० | ८००० | ९००० | ३५००० |
| ६. | **अन्य अनुदान** | १७३४०० | १९०७४० | २०९८१४ | २३०७९६ | २५३८७५ | २७९२६३ | ३०७१८९ | १२८०९३७ |
| | *- सामाजिक सुरक्षा अनुदान रकम* | १५०७७१ | १६५८४८ | १८२४३३ | २००६७७ | २२०७४४ | २४२८१९ | २६७१०० | १११३७७३ |
| | *- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम* | १०८८० | ११९६८ | १३१६५ | १४४८१ | १५९३० | १७५२३ | १९२७५ | ८०३७३ |
| | *- प्रदेश पूर्वाधार विकास कार्यक्रम* | ११२२९ | १२३५२ | १३५८७ | १४९४६ | १६४४० | १८०८४ | १९८९३ | ८२९४९ |

| क्र.सं. | विवरण | आ.व. २०७७/७८ को यथार्थ | चालु आ.व.को अनुमान | बजेट अनुमान र प्रक्षेपण (रु. हजार) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपण | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | पाँच वर्षको कुल |
| | *- गरीबसँग विश्वेश्वर कार्यक्रम* | ५२० | ५७२ | ६२९ | ६९२ | ७६१ | ८३७ | ९२१ | ३८४१ |
| ८ | अन्य विविध | २४३९९ | २६८३९ | २९५२३ | ३२४७५ | ३५७२३ | ३९२९५ | ४३२२५ | १८०२४१ |
| ९ | जनसहभागिता | ० | ० | ३९४५८ | ४३४०४ | ४७७४४ | ५२५१९ | ५७७७० | २४०८९५ |
| १० | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ५००० | ७५०० | १०००० | १२५०० | १५००० | ५०००० |
| ११ | मौज्दात रकम ( विभिन्न कोषहरु) | ८३८० | ९२१८ | १०१४० | ११११५४ | १२२६९ | १३४९६ | १४८४५ | ६१९०४ |
| १२ | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/ कार्यक्रममा लगानी रकम | ० | ० | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० | ३५०००० |
| १३ | नेपाल सरकारबाट सञ्चालित कार्यक्रममा लगानी रकम | ० | ० | २००००० | २२०००० | २४२००० | २६६२०० | २९२८२० | १२२१०२० |
| १४ | प्रदेश सरकारबाट सञ्चालित कार्यक्रममा लगानी रकम | ० | ० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | ० |
| १५ | निजी क्षेत्रको लगानी रकम | ० | ५० | १००० | १५०० | २००० | २५०० | ३००० | ३८७ |
| | कुल | १११७३०३ | १२२९०८३ | १७५२३९४ | १९३५५३३ | २१३५५८७ | २३५४२४६ | २५९३३७० | १०१५१००७ |

## ३.८ रूपान्तरणकारी परियोजना

मन्थली नगरपालिकाको विकास प्रक्रियालाई बहुआयामिक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमलाई गाउँपालिकाको रुपान्तरणकारी आयोजनाको रुपमा प्रस्ताव गरिएको छ । गाउँपालिकाका रुपान्तरणकारी आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ । उक्त आयोजना तथा कार्यक्रमहरूको संक्षिप्त विवरण देहायअनुसार रहेको छ :

**तालिका- १७ : रूपान्तरणकारी रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | भौतिक लक्ष्य | अनुमानित लागत *(रु.हजार)* | कार्यक्रमको उद्देश्य/विवरण* |
|---|---|---|---|---|---|
| 1. | एकीकृत वस्ती विकास आयोजना | संख्या | ३ | १२०००० | नगरपालिकाका गैह्राथोक, फुलासी, बाहुनचुरा खुडबेसी, गेलु जलकिनीसहित विभिन्न सात ठाउँका जोखिमपूर्ण स्थानमा रहेका वस्तीहरूलाई सम्पूर्ण आधारभूत सुविधा सहितको एकीकृत व्यवस्थित वस्ती विकास गरी वस्ती विकासको नमुना प्रस्तुत गर्ने |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | एकाइ | भौतिक लक्ष्य | अनुमानित लागत *(रु.हजार)* | कार्यक्रमको उद्देश्य/विवरण* |
|---|---|---|---|---|---|
| २. | जग्गा एकीकरण तथा विकास आयोजना | स्थान | १ | १०००००० | नगरपालिकाले चाहेर पनि हाटेचौर, एयरपोर्ट, ट्राफिक चोक, आकासे आसपासक्षेत्रमा अव्यवस्थित वस्ती विकास नियन्त्रणमा नआइरहेको सन्दर्भमा समयमै हरियाली/ कृषि क्षेत्र छुट्याई बाँकी क्षेत्रमा जग्गा एकीकरण गरी स्तरीकृत मापदण्ड सहितका पूर्वाधारयुक्त आधुनिक वस्ती विकास गर्ने |
| ३. | कृषि क्षेत्र व्यावसायीकरण प्रवर्द्धन कार्यक्रम | पकेट संख्या | ७ | ८७५०० | नगरपालिकाका अधिकांश घरपरिवारको मुख्य पेशा कृषि नै रहेको हुँदा यस क्षेत्रको व्यावसायीकरणले अधिकांश घरपरिवारको आम्दानी वृद्धि गर्न महत्वपूर्ण टेवा पुर्‍याउन सक्ने भएकाले कृषि समूहहरु/कृषक समुदायलाई कृषि क्षेत्र व्यावसायीकरण गर्न सहयोग गर्ने |
| ४. | विद्यालय पूर्वाधार सुदृढीकरण कार्यक्रम | पटक | ५ | १५०००० | विद्यालयको शैक्षिक पूर्वाधार सुदृढीकरण गरी उच्चस्तरीय पठन पाठनको वातावरण प्रदान गर्ने |
| ५. | पक्की सडक निर्माण | कि.मि | ५० | १५००००० | सबै वडामा सबै मौसममा सहज पहुँच कायम गरी आवागमन प्रणालीको सुदृढीकरण गर्ने |
| ६. | हरियो वन कार्यक्रम | सा.व. संख्या | १५ | ७५०१५ | नगरपालिकाका धेरै वन क्षेत्रमा वनको गुणस्तर निकै न्यून रहेको छ भने मिचाहा वनस्पतिको अतिक्रमण उच्च रहेको छ । मिचाहा प्रजाति नियन्त्रण, रैथाने/गुणस्तरीय उचित प्रजातिका बिरुवाको वृक्षारोपण र संरक्षण, पुनर्भरण पोखरीलगायतका उपायहरूबाट वन क्षेत्रमा चिस्यान वृद्धि गरी वन क्षेत्रको गुणस्तर तथा हरियाली वृद्धि गर्ने |

*कार्यक्रमको विस्तृत विवरण सम्बन्धित कार्यक्रम/बजेट खण्डमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ४ : आर्थिक विकास

## ४.१ पृष्ठभूमि

स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । नेपालको संविधान २०७२ ले समेत सो सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरी आर्थिक विकासको माध्यमबाट नै नगरबासीको जीवनस्तर सुधार गर्नका लागि स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने आवश्यकतालाई औंल्याएको छ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गतिशील बनाउनु आवश्यक छ । मन्थली नगरपालिकाको विद्यमान भौगोलिक अवस्था र प्रकृति मनन् गर्दा मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका क्रियाकलापहरूलाई विशेष ढंगले संचालन गर्न अपरिहार्य देखिन्छ । नगरपालिका क्षेत्रभित्र आर्थिक क्रियाकलापहरूको परिमाण वृद्धि गरी सोको माध्यमबाट गरिबी निवारणमा समेत योगदान पुऱ्याउन एवं विपन्न वर्गको आर्थिक स्तरमा सुधार गर्नुपर्ने देखिन्छ । यसका साथै मानव संशाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । यसका लागि नगरपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

यस नगरपालिकामा अर्थतन्त्रका प्रमुख अवयवहरूमा मुख्यतया कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदि देखिन्छन् । आधुनिक तथा व्यवसायिक उद्योगहरूको विकास भइनसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् । यसलाई केन्द्रविन्दुमा राखी नगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयबृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नुपर्ने कदम सहित संक्षिप्त विश्लेषण गरिएको छ ।

## ४.२ वर्तमान अवस्था

यस नगरपालिकामा कृषि तथा पशुपालन अधिकांश नागरिकको परम्परागत र प्रमुख जीवन निर्वाहको प्रमुख माध्यमका रुपमा रहिआएको भए पनि कुल जमिनमा कृषियोग्य जमिनको हिस्सा न्यून रहेको छ । कृषि तथा पशुपालन व्यवसाय जीवन निर्वाहमुखी नै रहेको छ । मन्थलीबेसी, भटौलीलगायतका कृषियोग्य उर्वर फाँटहरू नयाँ वस्तीको विकासले गर्दा मासिने खतरातर्फ उन्मुख भइसकेको छ ।

व्यापार-व्यवसाय यहाँको आर्थिक विकासका लागि एक महत्वपूर्ण संभाव्य माध्यमका रुपमा देखिएको छ । मन्थली बजार आफैंमा यसका १४ वटा वडाहरूको व्यावसायिक तथा प्रशासनिक केन्द्र विन्दु हुनुका साथै उत्तर-दक्षिण जोड्ने पुष्पलाल राजमार्ग, पूर्व-पश्चिम जोड्ने मध्यपहाडी राजमार्ग र बीपी राजमार्गकोसमेत नजिक रहेकोले पूर्वीपहाडको द्वारको रुपमा रहेको हुँदा मन्थलीको प्रभाव क्षेत्र ठूलो रहेको छ । यही प्रभावको जगमा मन्थली बजारमा तीव्र रुपमा आर्थिक गतिविधि, आर्थिक वृद्धि र बजार विस्तार भइरहेको छ । कृषि र पशुपालनमा व्यवसायीकरण अनि उद्योग, व्यवसाय तथा पर्यटनको विकास गरी मन्थलीलाई पूर्वी पहाडको आर्थिक वृद्धिको केन्द्रका रुपमा विकास गर्न सकेमा राजधानी काठमाडौंसँगको नजिकको अवस्थितिबाट पनि यसले थप लाभ प्राप्त गर्न सक्दछ ।

नगरपालिकामा कुल खेतीयोग्य जमिन ७३३६ हेक्टरमध्ये ८० प्रतिशत (५८६९ हे.) मा खेती गर्ने गरिएको छ भने सिंचित क्षेत्र कुल खेती गरिएको जमिनको २३ प्रतिशत (१३५६ हेक्टर) र असिंचित क्षेत्र ७७ प्रतिशत (४५१३ हेक्टर) रहेको छ । कृषिजन्य उत्पादनतर्फ हेर्दा खाद्यान्नको औषत वार्षिक उत्पादन २.९२ टन प्रति हेक्टर रहेको पाइएको छ । यसैगरी तरकारीको उत्पादन हेर्दा वार्षिक औसत रु १ करोड २० लाख ७५ हजार मूल्य बराबरको उत्पादन हुने गरेको देखिन्छ ।

यस क्षेत्रमा रहेका प्रमुख बजारहरू खासगरी राजमार्ग आसपास रहेका छन् । बालुवा तथा गिटी नै मुख्य औद्योगिक कच्चा पदार्थहरू हुन । केन्द्रिय तथ्यांक विभागको सन् २०१८ को राष्ट्रिय आर्थिक जनगणनाअनुसार यस नगरपालिकामा कुल १३५३ वटा उद्यम-व्यवसाय रहेका छन् जसमा महिला १८३३ र पुरुष २६०३ गरी कुल ४४३६ जना रोजगार रहेका छन् । आर्थिक विकास क्षेत्रअन्तर्गतका प्रमुख उपक्षेत्रहरूको संभावना, अवसर, समस्या तथा चुनौतीहरू देहायअनुसार रहेका छन् :-

## ४.३ कृषि विकास

### ४.३.१ संभावना, अवसर र विद्यमान अवस्था

नगरपालिकामा रोजगारी र जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि क्षेत्र रहेको छ । करिब ७० प्रतिशत घरपरिवार कृषि तथा पशुपालन पेशामै निर्भर रहेका छन् । कृषि क्षेत्र अन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपन्छीपालनदेखि माछापालन, माहुरीपालन पनि समेटिएको छ । मन्थलीबेसी, मुगीटार, हात्तिटार, जखनीटार, देविटार, एघारबेसी, बान्द्रेबेसी, गाईखुरा, पन्थली र अम्बासवेसी  यहाँका मुख्य उत्पादनशील क्षेत्रहरू हुन् । नगरपालिकामा करीब ५८६९ हजार हेक्टरमा खेती भइरहेको छ । यहाँ १२३ वटा कृषक समूह र ३४ वटा कृषि सहकारी रहेका छन् । कृषि समूहमा कुल २३०४ र कृषि सहकारीमा ८७५ जना सदस्य आवद्ध रहेका छन् । नगरपालिकाको कृषि शाखा, जिल्लास्थित कृषि ज्ञान केन्द्र, ६ जना जेटिएलगायत ७ जना कृषि प्राविधिक र ६ जना व्यावसायिक नर्सरी संचालकहरूले स्थानीयस्तरमा कृषिसम्बन्धी ज्ञान, सीप, प्राविधिक सहयोग प्रदान गरिरहेका छन् ।

कृषि पूर्वाधार अन्तर्गत कृषि सडक, ५०० मेट्रिक टन क्षमताको शीत भण्डार गृह, १५ मेट्रिक टनको खाद्यान्न भण्डार गृह तथा कृषि उपज संकलन केन्द्र १ वटा, आधुनिक च्याउ घर १ वटा र १ वटा कोल्ड रुम स्थापना भएको छ । बिपि तथा पुष्पलाल राजमार्गसँगको सहज पहुँचले कृषि उत्पादनका लागि बजारको बृहत् अवसरहरूको द्वार खुलाएको छ । अत्यावश्यक स्थानहरूमा प्लाष्टिक पोखरीहरू निर्माण गरी सञ्चालनमा ल्याइएको छ । व्यावसायिक रुपमा तरकारी उत्पादन गर्ने कृषक समूह २ वटा र ३ वटा भन्दा बढी कृषि सहकारी रहेको तथा कृषि प्राविधिक स्थानीयस्तरमा उपलब्ध गराउने उद्देश्यले वडा नं. १ मा कृषि प्राविधिक शिक्षालय स्थापना भई सञ्चालनमा आएको छ ।

यहाँका विभिन्न वडाहरूमा नगरपालिकाले व्यवसायिक रुपमा मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल खेती, मसलाबालीको प्रवर्द्धन गर्न सक्ने सम्भावना रहेको छ ।  यहाँ उत्पादन हुने कृषिबालीका लागि स्थानीय स्तरमै तथा काठमाडौंसम्मको बजार उपलब्ध छ । कृषि सडक तथा अन्य सडकहरूको विस्तारबाट कृषि कार्यमा आवागमन सहज भएको छ । कृषि यन्त्रहरू मिनि टिलर, पावर टिलर, थ्रेसर, खन्ने मेसिन, ग्रास कटर, इलेक्ट्रिक स्प्रेयर आदिको प्रयोग बढ्दै गएकाले कार्य केही सहज पनि हुँदै गएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

कृषि यस क्षेत्रको मुख्य पेशा र आर्थिक क्रियाकलापको आधार रहेको भए पनि कृषि पेशामा आकर्षण बढ्न सकेको छैन । उपयुक्त प्रविधि, ज्ञान, सीप, पूँजी तथा उचित बजारको कमीका कारण युवा जनशक्ति कृषि क्षेत्रबाट पलायन भइरहेको छ ।  कृषिमा मजदुर तथा अन्य जनशक्तिको अभाव कृषि क्षेत्रको सामान्य समस्या बनेको छ । विगतका दशकहरूमा पटक पटक लामो अवधिका खडेरीका घटनाहरू दोहोरिइ रहने गरेको र सिंचाइको सुविधाको न्यूनताले कृषि क्षेत्रप्रति विकर्षण थप मद्दत गरेको छ । कृषि बालीमा रोगव्याधीको प्रकोपमा निरन्तर वृद्धि भइरहेको छ र औषधी उपचारको लागि समुचित ज्ञान, सीप र पूँजीको कमी रहेको छ । कृषिको व्यावसायीकरण तथा आधुनिकीकरण हुन नसक्दा सबैजसो कृषकहरूको उत्पादन र उत्पादकत्व निरन्तर घट्दो छ । यहाँको निर्वाहमुखी कृषि प्रणालीलाई हावापानी, भूगोल सुहाउँदो हिसाबले यान्त्रिकतामा आधारित, व्यावसायिकतामा आधारित र आधुनिक बनाउनुपर्ने खाँचो रहेको छ ।

## ४.४ सिंचाई विकास

### ४.४.१ संभावना, अवसर र विद्यमान अवस्था

नगरपालिका वडाभरिमा सञ्चालनमा रहेका ३५ साना-ठूला सिंचाई कुलोबाट २७१२० रोपनीमा सिंचाई सुविधा पुगेको छ । कुल खेती गरिएको जमिनको २३ प्रतिशत भूभागमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ । तामाकोशी, सुनकोशीजस्ता पहिलो स्तरका ठूला नदीहरूदेखि चिसापानी, सुकाजोर, दुर्गा नदी (भटौली खोला), सिक्राल खोला, लिपे खोला, कठजोर खोला, सल्लेनी खोला, भलुवा/कुनौरी खोला जस्ता बाह्रै महिना पानी बहने खोलानाला गरी करिब एक दर्जन नदी/खोलामा बाह्रै महिना पानीको स्रोत भएकाले यिनीहरूको सदुपयोग गरी सिंचाइ सुविधा बढाउन सकिने सम्भावना रहेको छ । सिंचाइ प्रणालीको निर्माणपछिको मर्मत-सम्भार, व्यवस्थापन सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्ने आवश्यकता रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

साना-ठूला गरी करिब एक दर्जन बाह्रै महिना पानी बहने नदी/खोलाहरू भए पनि लिफ्टिङ प्रविधिबाट सिंचाइको व्यवस्था गर्न बढी खर्चिलो भएकाले उचित प्रविधिको पहिचान र प्रयोग गरी सिंचाइ सुविधा विस्तार गर्नु ठूलो चुनौतीका रुपमा रहिआएको छ । अन्य परम्परागत सिंचाइ प्रविधिहरूको निर्माणमा पनि भौगोलिक कठिनाइका कारण निर्माण लागत उच्च रहेको छ । निर्माण सम्पन्न भएका सिंचाइ आयोजनाहरूको पनि नियमित मर्मत संभार हुन सकेको छैन । वैकल्पिक सिंचाइ सुविधाको अभ्यास हुन सकेको छैन । पटक पटकको लामो खडेरीसँगै मुहानहरू सुक्ने गरेका छन् । भूमिगत पानीको पुनर्भरणमा पर्याप्त ध्यान जान सकेको छैन ।

## ४.५ पशुपन्छी विकास

### ४.५.१ संभावना, अवसर र विद्यमान अवस्था

नगरपालिकामा करिब ७० प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेका छन् । नगरपालिकामा उन्नत पशु नश्ल सुधारको कार्यक्रम तथा पशु आहारमा प्रयोग हुने उन्नत जातका बिउ, बेर्ना, सेट्स र दूध उत्पादनमा आधारित अनुदान वितरण प्रणालीको सुरुवात गरी दूध र मासुमा आत्मनिर्भर हुने वातावरण निर्माण भएको छ । मासुमा आत्मनिर्भर कार्यक्रम मार्फत् विभिन्न १२ वटा व्यावसायिक बाख्रा फार्म, बंगुर फार्म र पशुपालन कृषक समुह सदस्यहरू लाभान्वित भएका छन् । पशु स्वास्थ्य तथा नियमन कार्यक्रम अर्न्तगत विभिन्न सेवाबाट ४३६१० जना किसानहरू प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । मासु पसल ४२ वटा संचालनमा रहेका छन् भने दुग्धजन्य उत्पादन बिक्री गर्ने २ वटा डेरी पसल सञ्चालनमा रहेका छन् । यसैगरी पशुपालन समूह ३५ वटा क्रियाशील रहेको र २० जना सक्रिय पशु प्राविधिक (कृषि प्राविधिक समेत) जना रहेका छ ।

हाल नगरपालिकामा कुल १५० वटा पशु फर्म सञ्चालनमा रहेका छन्, जसमध्ये गाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १३ मा २५ वटा, वडा नं. ४ मा १० वटा र वडा नं. १ मा १५ वटा फर्म उन्नत गाई वितरण गरिएको छ । वडा नं. १ मा एकवटा दुग्ध उत्पादक सहकारी र २ वटा डेरी उद्योग सञ्चालनमा रहेका छन् । कुल ३५ वटा पशुपालन समूहमा ३५० कृषक आवद्ध रहेका छन् ।  नगरपालिकाका १४ वटा वडामा जम्मा २० जना जेटिएले सेवा प्रदान गरिरहेका छन् । करिब १०० जना अगुवा कृषकहरू पशुपालन व्यवसायमा क्रियाशील रहेका छन् । दशवटा दाना तथा चल्ला सप्लायर्स रहेका छन् ।

कृषि र पशुपालन नगरपालिकाका सबैजसो घरपरिवारको परम्परागत पेशा रहेको, घाँसेबालीको विकास गर्न स्थानीयस्तरमा उपयुक्त हावापानी रहेको, पर्याप्त चरन क्षेत्रको विकास गर्न सकिने अवस्था रहेको, आधुनिक पशुपालन गर्न पूँजी र उचित वातावरण भएमा युवा वर्ग इच्छुक रहेको, पशुजन्य उत्पादनका लागि बजारको उपलब्धता रहेको लगायतका कारणले व्यवसायिक पशुपालनको विकास गर्न सकिने सम्भावना रहेको छ ।

### ४.५.२ समस्या, चुनौती

अधिकांश किसानको मुख्य पेशाका रुपमा पशुपालन रहेता पनि पशुपक्षिजन्य व्यावसाय व्यावसायिकरण र बजारीकरणमा कमि देखिएको छ । यस्तै, गोठ तथा खोर व्यवस्थापन आधुनिक र व्यवस्थित हुन सकेको छैन । पशुहरूका लागि आवश्यक पर्ने घाँसपात, डालेघाँस र आहारको उपलब्धतामा कमी रहेको छ । दक्ष प्राविधिकको सेवा विस्तार न्यून रहेको छ । उन्नत नश्लका साँढे, बोका र राँगाको अभाव रहेको छ । १४ वार्डमा कृत्रिम गर्भाधान र पशुसेवा केन्द्र सञ्चालनमा आउन सकेको छैन । सरल कर्जा र बीमाको व्यवस्था हुन सकेको छैन । बजारको संभावना भए पनि समुचित बजार पूर्वाधार (व्यवस्थित बिक्री स्थल, बिक्रीस्थलमा पशुका लागि पानीको व्यवस्था, पशुहरूको सहज ढुवानी सेवा, उचित बधशाला आदि) विकास हुन सकेको छैन । उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतीको रुपमा रहेको छ । दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य सेवामा प्रयोग हुने औजार उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी सेवालाई अत्यावश्यक सेवामा राख्न नसक्दा र प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ ।

## ४.६ उद्योग र व्यापार

### ४.६.१ संभावना, अवसर र विद्यमान अवस्था

नेपाल सरकारको सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने नीति रहेको हुँदा औद्योगिक ग्राम स्थापना गर्दा संघीय सरकारले सहयोग गर्ने नीति रहेको छ। नगरको सम्पूर्ण वडामा यातायात, विद्युत्, सञ्चार जस्ता आधारभूत पूर्वाधार विस्तार भएकाले उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तार गर्न सहज भएको छ। हाल ५ लाखसम्म पूँजी भएको उद्योग व्यवसायको नगरपालिकामा हुने व्यवस्था रहेको छ। नगरपालिकाले उद्यमीलाई प्रोत्साहन गर्नका लागि विभिन्न सहयोग र रु. पाँचलाखसम्म अनुदान रकम उपलब्ध गराउदै आएको छ। यस नगरपालिकामा विशेषतः खनिजमा आधारित उद्योगहरूमा रोडा, गिटी, बालुवा, ढुंगा उत्पादन गर्ने क्रसर उद्योगहरू रहेका छन्। यहाँ कृषि जडिबुटी तथा स्थानीय सीपमा आधारित उद्योग तथा वाणिज्य क्षेत्रको विकास मार्फत् स्थानीय नागरिकलाई रोजगार र स्व-रोजगारको अवसर सिर्जना गर्दै समग्र नगरको विकासलाई अघि बढाउन सकिने साथै वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई व्यवसायमा लगाउने र वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना र सञ्चालनमा परिचालन गर्न सकिने देखिन्छ।

### ४.६.२ समस्या तथा चुनौती

व्यवसायिक सोच, सीप, ज्ञान र पूँजीको कमी हुँदा स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरू विस्तार हुन सकेका छैनन्। पूर्वाधार (औद्योगिक उद्यान/उद्योग ग्राम, पहुँच सडक)को अभाव रहेको छ। विद्यमान तथा संभाव्य उद्यमीहरूका लागि तालिम, प्रशिक्षण र आवश्यकताअनुसार ज्ञान, सिप विस्तारका लागि तालिम तथा प्रशिक्षण केन्द्र तथा व्यवसायिक सेवा प्रदायक संस्थाको अभावको अभाव रहेको छ। महिला, दलित, पिछडिएका वर्गलाई लघु, घरेलु तथा अन्य उद्योग व्यवसायमा पर्याप्त मात्रामा आकर्षित गर्न सकिएको छैन र संलग्न भएकाहरूलाई आवश्यकताअनुसार पूँजीको अभाव रहेको छ।

यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमिजस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

## ४.७ बैंक, सहकारी र वित्तीय सेवा

### ४.७.१ संभावना, अवसर र विद्यमान अवस्था

वित्तीय पहुँच तथा सेवाको लागि यस क्षेत्रमा १६ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक र १०९ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन्। सहकारीमा रु. ६ करोड ९३ लाख २९ हजार ११५ शेयर पूँजी रहेको र वार्षिक रु. ६५ करोड २० लाखा ३४ हजार ५९१ बराबरको कारोबार सहकारी मार्फत् भएको देखिन्छ। यसबाट ४९ जनाले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छन् भने बचत तथा ऋण मार्फत् वित्तिय सेवा उपलब्ध गराई सदस्यहरूलाई आय आर्जनका क्रियाकलापमा परिचालन भएका छन्। यी संस्थाहरूबाट मुख्यतया कृषि र व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ।

### ४.७.२ समस्या तथा चुनौती

यस क्षेत्रमा हाल सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट उद्योग व्यवसायका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुन सकेमा आर्थिक विकासले गति लिन सक्नेछ। कम आय भएकालाई समेत कर्जा सहज उपलब्ध हुने व्यवस्थाले आर्थिक विकासका अवसरहरूलाई उपयोग गर्न सकिनेछ। साथै वित्तीय संस्थाहरूले बचत परिचालन गरेर ऋण प्रवाहका लागि थप पूँजी जुटाउन पनि सम्भव हुनेछ।

## ४.८ संस्कृति तथा पर्यटन

### ४.८.१ संभावना, अवसर र विद्यमान अवस्था

यस नगरपालिकामा १४ वटा प्रमुख धार्मिक तथा सांस्कृतिक, ऐतिहासिक एवं प्राकृतिक सम्पदा स्थलहरू रहेका छन्। खासगरी विशेष सम्भावना भएका क्षेत्रहरूमा पर्यटकीय क्षेत्रका रुपमा तामाकोशी नदी किनारामा र्‍याफ्टिङ, वडा नं. ८ चिसापानी गढि र भिमसेन मन्दिर, वडा न. ९ बाहुनचुरामा बैरा महादेव, थानापति मन्दिर, वडा न. २ नीलकण्ठेश्वर

महादेव मन्दिर, वडा नं. ५ थानापति महादेव मन्दिर, वडा न. १२ खाँडादेवी मन्दिर र वडा न. ६ भलुवाजोरस्थित तिल्केस्थान गढी समेतका क्षेत्रलाई लिन सकिन्छ । यसका अतिरिक्त यस नगरपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता एवं हरियाली पहाडी मनोरम दृश्यद्वारा सुसज्जित छ । यस नगरपालिकामा रहेका प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणका कारकहरू हुन् ।

नगरपालिका क्षेत्रभित्र आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आवासीय सुविधा रहेका एक रिसोर्ट तथा करिब २० वटा होटल तथा खाजा घर सञ्चालनमा रहेका छन् । उल्लिखित होटल, रिसोर्ट तथा रेष्टुरेण्टमा वार्षिक  बीस हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको देखिन्छ ।

### ४.८.२ समस्या तथा चुनौती

नगरपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्साकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ । भएका पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ ।

बाह्य प्रभावले गर्दा स्थानीय संस्कृति तथा भाषा लोप हुने अवस्थामा पुगेको छ । मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन । कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन ।

## ४.९ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.९.१ सोच

नगरपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

सबल, समुन्नत अर्थतन्त्रयुक्त शहर

### ४.९.२ लक्ष्य

यस नगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छः

दीगो र उच्च आर्थिक वृद्धि हासिल गर्नु

### ४.९.३ उद्देश्य

नगरपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

१. व्यावसायिक कृषि तथा पशुपंछीजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु
२. स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार गर्नु
३. बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु
४. स्थानीय स्तरमा रोजगारीमा अवसरहरू वृद्धि गर्नु

### ४.९.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको प्रथम आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि ***आर्थिक विकास*** क्षेत्रमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**तालिका- १८ : आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. व्यावसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु** | |
| १.१. वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापना गरी व्यावसायिक | १.२.१. कृषि तथा पशुपालन पकेट क्षेत्रहरूमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रशोधन केन्द्रको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| कृषि प्रवर्द्धनमा परिचालन गर्ने र स्रोत केन्द्र स्थापना तथा सञ्चालन गर्ने | १.२.२. वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरू एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.२.३. व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न खाद्यान्न, तरकारी, अन्य नगदेबाली, फलफूलजन्य, मसलाजन्य (जस्तै लसुन अदुवा), व्यवसायजन्य (पाउलोनिया र अगरउड जस्ता), औषधिजन्य (जडिबुटी), पुष्प वा फूलजन्य आदि उपयुक्त किसिमका विशिष्ट बालीहरूको प्रवर्द्धन तथा विकास गरिने छ ।<br>१.२.४. एक गाउँ एक विशेष उत्पादन अन्तर्गत पकेट क्षेत्र विकास मार्फत् व्यावसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिनेछ ।<br>१.२.५. पशु विकास पकेट क्षेत्रहरूको सार्वजनिक तथा निजी जग्गामा भुइँघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनता पूरा गरिनेछ ।<br>१.२.६. मौरी, फलफुल नर्सरी, स्थानिय तथा उन्नत बालीको बिउवेर्ना उत्पादन संरक्षण तथा विस्तार गर्दै लगिने छ । |
| १.२. कृषि व्यवसायलाई विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | १.२.१. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्द्धन गरिनेछ ।<br>१.२.२. कृषि र पशुपालन, तरकारी, मसलाबाली, माछा, पन्छिपालन केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म सञ्चालन गर्न युवाहरूलाई आकर्षित गर्न अनुदानको व्यवस्था गरिनेछ ।<br>१.२.३. तरकारी, फलफूल, मसलाबाली, दूध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गर्न निजी क्षेत्रलाई आकर्षित गरिनेछ ।<br>१.२.४. एक वडामा एक कृषि नर्सरीको स्थापना गरी स्थानीय भूगोल र हावापानी सुहाउँदो तथा बढी उत्पादन दिने जातका बिरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>१.२.५. जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ । |
| १.३. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | १.३.१. “एक वडा एक कृषि उत्पादन” कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना जे.टि.ए. राख्ने व्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।<br>१.३.२. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>१.३.३. पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूको व्यवस्था गरिनेछ । |
| १.४.कृषकलाई कृषि यान्त्रिकीकरणमा सहयोग गर्ने | १.४.१. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ ।<br>१.४.२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.४.३. कृषकहरूको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>१.४.४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र बिक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार गर्नु** | |
| २.१. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र | २.१.१. उद्योग स्थापनाका लागि संभाव्यता अध्ययन गरी संभाव्य उद्योगहरूको स्थापनामा जोड दिइनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | २.१.२. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ ।<br>२.१.३. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ<br>२.१.४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>२.१.५. स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित उद्योगको स्थापनामा जोड दिइनेछ |
| २.२. औद्योगिक विकासको आधार तयार गर्ने | २.२.१. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी पालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२.२.२. उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।<br>२.२.३. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारी सम्पर्क र संचार गरिनेछ ।<br>२.२.४. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| **उद्देश्य ३: बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु** | |
| २.३. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | २.३.१. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ ।<br>२.३.२. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>२.३.३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>२.३.४. सहकारीहरूवीचमा गाभ्ने प्रक्रियालाई सहजीकरण गरिने छ ।<br>२.३.५. सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ । |
| २.४. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | २.४.१. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरूको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ । |
| **उद्देश्य ४: स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु** | |
| २.५. युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा बृद्धि गर्ने | २.५.१. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना संचालन गरिनेछ ।<br>२.५.२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>२.५.३. सङ्घ तथा प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।<br>२.५.४. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइने छ ।<br>२.५.५. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिने छ ।<br>२.५.६. कोभिड-१९ को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरूलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगार प्रदान गरिने छ |

## ४.१० अपेक्षित उपलब्धि तथा नतिजा तालिका

नगरपालिका क्षेत्रमा व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ । वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका १०८ वटा पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरू एकीकृत रुपमा उपलब्ध भएको हुनेछ । नगरपालिकास्तरमा १ वटा कृषि प्राविधिक शिक्षालयको क्षमतामा सुधार भएको हुनेछ । थप ३२ किमि सिंचाई सुविधा विस्तार भएको हुनेछ । नगरपालिकामा १५ स्थानमा नश्ल सुधार तथा पशु उपचार केन्द्र र संकलन तथा प्रशोधन केन्द, एकिकृत कृषि तथा पशुशेवा प्रयोगशाला, विउ जिन बैंक, स्थानिय बालीको प्रशोधन केन्द र दुग्ध चिस्यान केन्द्र स्थापना भएको हुनेछ ।

यसैगरी नगरपालिका क्षेत्रभित्र करीव १२ स्थानमा फलफूल, मसलाजन्य तथा व्यवसायजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार भएको हुनेछ । नगरपालिकाका उपयुक्त स्थानमा औद्योगिक ग्रामको स्थापना भएको हुनेछ ।

नगरपालिकाका ६ हजार घरपरिवार विभिन्न स्वरोजगार उद्योग, व्यापार, व्यवसायमा संलग्न भएका हुनेछन् । यसबाट नगरपालिकामा वैदेशिक रोजगारबाट फर्केका तथा अन्य बेरोजगारले कृषि, पशुपालन, उद्योग र निर्माण व्यवसयाबाट १५ हजार जना रोजगारी प्राप्त गरेका हुनेछन् ।

**तालिका- १९ : आर्थिक विकास क्षेत्रका नतिजा खाका**

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | | | |
| प्रभाव : स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि भएको हुने | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ३१.६९ | ३७.३५ | ४२ | ४६.६८ | ५४.३४ | ६० | ६० | -नगर स्थितिपत्र (प्रोफाईल)<br>-सर्भेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-आर्थिक सर्भेक्षण<br>-संघ सरकार र प्रदेश सरकारबाट क्षेत्रगत प्रतिवेदनहरू | |
| | कृषि तथा पशुपालन क्षेत्रमा स्व/रोजगार | जना | १५०० | २२०० | २९०० | ३६०० | ४३०० | ५००० | ५००० | | |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | ३५०० | ५८०० | ८४०० | १०४०० | १२७०० | १५००० | १५००० | | |
| | साना किसान तथा उत्पादकको औसत वार्षिक आय | रु. हजारमा | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| | पर्यटन क्षेत्रमा रोजगारी सिर्जना | संख्या | १५० | २२० | २९० | ३६० | ४३० | ५०० | ५०० | | |
| | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| असर १ : व्यावसायिक कृषि, पशुपालन तथा उद्यम व्यवसाय क्षेत्रको उत्पादन र उत्पादकत्वमा दीगो वृद्धि भएको हुने | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. हजारमा | १०० | १२० | १४० | १६० | १८० | २०० | २०० | -नगर स्थितिपत्र (प्रोफाईल)<br>-अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - कृषि तथा पशुसेवा प्रवाह र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ । |
| | उन्नत विउ, जैविक मल/ विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २० | २५ | ३३ | ४४ | ५२ | ६० | ६० | | |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | रोपनी | २७१२० | ३१६९६ | ३६२७२ | ४०८४८ | ४५४२४ | ५०००० | ५०००० | | |

| नतिजा श्रृङ्खला | सूचक: विवरण | सूचक: एकाइ | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.१: वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्रको विकास भएको हुनेछ | एकिकृत सेवा (कृषि, पशुपन्छी, माछा, मौरी लगायतका) सेवा संचालन भएका पकेट क्षेत्र | संख्या | ७ | २७ | ४७ | ६८ | ८८ | १०८ | १०८ | -नगर स्थितिपत्र (प्रोफाईल)<br>-अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | - कृषि तथा पशुपालनमा स्थानीय समुदायको आकर्षणमा वृद्धि भएको हुनेछ।<br>- बीमा तथा जोखिम बहनसम्बन्धी कार्यक्रमहरू विस्तार भएका हुनेछन्। |
| | पकेट क्षेत्र विकास कार्यक्रममा संलग्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र | संख्या | १२ | ३० | ५० | ७० | ९० | ११० | ११० | | |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | १ | २ | | ३ | ४ | ५ | ५ | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ० | १२ | २४ | ३६ | ४८ | ६० | ६० | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १२० | १३६ | १५२ | १६८ | १८४ | २०० | २०० | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | २०० | २६० | ३२० | ३८० | ४४० | ५०० | ५०० | | |
| प्रतिफल १.२ : कृषि व्यवसाय विशिष्टीकरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ। | एक वडा एक नमूना कार्यक्रम सञ्चालन गरी कृषि पर्यटन प्रवद्धन गर्ने | संख्या | १० | २४ | ३८ | ५२ | ६८ | ८४ | ८४ | -नगर स्थितिपत्र (प्रोफाईल)<br>-अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | - कृषि तथा पशुपालनमा स्थानीय समुदायको आकर्षणमा वृद्धि भएको हुनेछ। |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | ४ | १० | १५ | २० | २४ | २८ | २८ | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | १ | २ | | | ३ | ४ | ४ | | |
| | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | १ | ३ | ५ | ८ | ११ | १४ | १४ | | |
| असर २ : स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित लघु, साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार भएको हुने | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | १४०० | १६०० | १८०० | २००० | २२०० | २५०० | २५०० | -नगर स्थितिपत्र (प्रोफाईल)<br>-अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - उद्यम तथा व्यापार प्रवर्द्धनमा अन्तरसरकारी सहयोग वृद्धि हुनेछ।<br>- निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ। |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | २०० | ४०० | ५०० | ६०० | ८५० | १००० | १००० | | |
| | उद्योग व्यवसाय क्षेत्र बैंक तथा वित्तीय संस्थाहरूमा सहज पहुँच भएको जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ८० | | |
| प्रतिफल २.१ : स्थानीय स्रोत साधन, कच्चा | सुचारु व्यापार व्यवसाय | संख्या | १३५३ | १४०० | १४५० | १५०० | १५५० | १६०० | १६०० | -नगर स्थितिपत्र (प्रोफाईल) | - स्थानीय सरकार तथा निजी |
| | उत्पादन/निकासीमा आधारित उद्यम व्यवसाय | संख्या | ६० | ७० | १०० | १५० | २०० | २५० | २५० | | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | | | |
| पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार भएको हुनेछ । | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | | | | | | | | - अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | क्षेत्रबीच सहयोग सहकार्यमा बृद्धि भएको हुनेछ । |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| | कुल उद्यमी-व्यवसायीमध्ये कर्जामा सहज पहुँच भएका उद्यमी व्यवसायी | संख्या | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ५८ | | |
| प्रतिफल २.२: औद्योगिक विकासको आधार तयार भएको हुनेछ । | औद्योगिक ग्राम स्थापना | संख्या | ० | ० | १ | १ | १ | १ | १ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | - औद्योगिक विकास स्थानीय सरकारको प्राथमिकतामा परेको हुनेछ । |
| | संचालित औद्योगिक व्यापार मेला (वार्षिक) | पटक | ० | ० | १ | १ | १ | १ | १ | | |
| | औद्योगिक प्रतिष्ठान तथा उद्यमी व्यवसायी अन्तरक्रिया कार्यक्रम (वार्षिक) | पटक | ० | ० | १ | १ | १ | १ | १ | | |
| असर ३ : बैंक तथा वित्तीय सेवामा स्थानीयको पहुँच वृद्धि भएको हुने | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | ७० | ७० | ७५ | ८० | ८५ | ९० | ९० | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - बैंकिङ पहुँचमा सहजता र लगानीमा वृद्धि भएको हुनेछ । |
| | सेवा सुचारु बैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | १८ | १८ | १९ | २० | २१ | २२ | २२ | | |
| | बैंक खाता | संख्या | ७००० | ७६०० | ८२०० | ८८०० | ९४०० | १०००० | १०००० | | |
| प्रतिफल ३.१ : व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवा विस्तार भएको हुनेछ । | वित्तीय साक्षरता कार्यमबाट लाभान्वित जनसंख्या | संख्या | १००० | १५०० | २००० | २५०० | ३००० | ३५०० | | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | - बैंकिङ पहुँचमा सहजता र लगानीमा वृद्धि भएको हुनेछ । |
| | बैंक र वित्तीय संस्थाबाट लाभान्वित औद्योगिक, व्यवसायिक क्षेत्रको हिस्सा | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | | |
| प्रतिफल ३.२ : बैंकिङ कारोवारमा नगरवासीको सहज पहुँच कायम | बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | ८५ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | |
| असर ४ : स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | ६०० | १४०० | २४०० | ३६०० | ४८०० | ६००० | ६००० | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन | - निजी क्षेत्र बीचको सहकार्यमा बिकास हुनेछ । |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | | १२०० | २१०० | ३००० | ४००० | ५००० | ६००० | ६००० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | | १००० | १४०० | १९०० | २५०० | ३००० | ३५०० | ३५०० | | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | | | |
| | | | | | | | | | | प्रगति/अनुगमन प्रतिवेदन | |
| प्रतिफल ४.१ : युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा बृद्धि भएको हुनेछ । | वेरोजगार लक्षित संचालित व्यवसाय विकास कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | |
| | युवाहरूले सञ्चालन गरेका उद्यम व्यवसाय संख्या | संख्या | २०० | २५० | ३०० | ३५० | ४०० | ४५० | ४५० | | |
| असर ५ : साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास भएको हुने | पर्यटन प्रवर्द्धनमा संलग्न संघ/संस्था | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा स्थानीय सरकारको लगानीमा वृद्धि भएको हुनेछ ।<br>- महामारी नियन्त्रणमा आएको हुनेछ । |
| | पर्यटनसँग सबन्धित संयन्त्र/समिति | वटा | ० | २ | ३ | ३ | ३ | ३ | १४ | | |
| | पर्यटन र सँस्कृतीसँग सम्बन्धित अध्ययन र सर्भेक्षण विषय | संख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | पर्यटन प्रवर्धनमा संलग्न संघ/संस्था | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| प्रतिफल ५.१ : पर्यटकीय स्थलको पहिचान, नक्सांकन, विकास र प्रवर्धन भएको हुने | भ्रमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | ७२०० | ७७६० | ८३२० | ८८८० | ९४४० | १०००० | १०००० | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/ अनुगमन प्रतिवेदन | |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | २०००० | २६००० | ३२००० | ३८००० | ४४००० | ५०००० | ५०००० | | |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | ४ | ५ | ६ | ७ | ८ | १० | १० | | |
| प्रतिफल ५.२ : पर्यटकीय सम्पदा र सेवाको विशिष्टीकरण भएको हुने | व्यवस्थित पर्यटकीय स्थल | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन /अनुगमन प्रतिवेदन | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | २ | | | ३ | ४ | ५ | ५ | | |
| | पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | २० | २३ | २६ | २९ | ३२ | ३५ | ३५ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| असर ६ : स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्वर्द्धन भएको हुने | नगरपालिकाबाट प्रोत्साहन भएका कलाकार तथा श्रष्टा | | १ | १ | २ | ३ | ४ | ५ | ५ | - नगर स्थितिपत्र (प्रोफाईल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा स्थानीय सरकारको लगानीमा वृद्धि भएको हुनेछ । |
| | संरक्षित ऐतिहासिक तथा साँस्कृतिक स्थल | | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| प्रतिफल ६.१ : मौलिक संस्कृति तथा सम्पदाको | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन (वार्षिक) | संख्या | ० | ० | १ | १ | १ | १ | ४ | - नगर स्थितिपत्र (प्रोफाईल) | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | | | |
| संरक्षण तथा सम्वर्द्धन भएको हुने | संरक्षण प्राप्त स्थानीय जात्रा तथा मेला | संख्या | २ | २ | २ | ३ | ३ | ४ | ४ | - अध्ययन/सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | |
| | मातृभाषा पढाइ हुने आधारभूत विद्यालय संख्या | संख्या | ० | ० | १ | १ | १ | १ | १ | | |

## ४.११ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको ***आर्थिक विकास*** क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिमा लागि देहायअनुसारको रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ :

**तालिका- २० : आर्थिक विकास क्षेत्रका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| उद्देश्य १ : व्यावसायिक कृषि तथा पशुपंछीजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु | | | | | | | | | | |
| कृषि क्षेत्र व्यावसायिकरण प्रवर्द्धन कार्यक्रम (रुपान्तरणकारी परियोजना) | पकेट संख्या | ७ | १७५०० | १७५०० | १७५०० | १७५०० | १७५०० | ८७५०० | १२५०० | |
| उत्पादन पकेट विकास कार्यक्रम (कृषि फार्म स्थापना समेत) | संख्या | २८ | १४००० | १४००० | १४००० | १४००० | १४००० | ७०००० | २५०० | |
| जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम (गोठ सुधार कार्यक्रम समेत) | संख्या | ३५०० | ३५००० | ३५००० | ३५००० | ३५००० | ३५००० | १७५००० | ५० | |
| बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन | स्थान | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५०० | |
| फलफूल, मसलाजन्य तथा व्यवसायजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार | स्थान | १४ | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | २५०० | |
| संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | स्थान | १ | – | ५०००० | – | – | – | ५०००० | ५०००० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | संख्या | १४० | ४४८०० | ४४८०० | ४४८०० | ४४८०० | ४४८०० | २२४००० | १६०० | |
| एकीकृत कृषि तथा पशुशेवा प्रयोगशाला स्थापना | स्थान | १ | – | – | – | १००००० | | १००००० | १००००० | |
| विउ बिजन बैंक स्थापना | स्थान | १ | ३०००० | – | – | – | – | ३०००० | ३०००० | |
| स्थानीय बालीको प्रशोधन केन्द्र स्थापना | स्थान | १ | – | – | ३०००० | – | – | ३०००० | ३०००० | |
| नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | स्थान | १४ | १४००० | १४००० | १४००० | १४००० | १४००० | ७०००० | ५००० | |
| उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ३५ | १०५०० | १०५०० | १०५०० | १०५०० | १०५०० | ५२५०० | १५०० | |
| पशुसेवा केन्द्र भवन स्थापना | वटा | १४ | ४२००० | ४२००० | ४२००० | ४२००० | ४२००० | २१०००० | १५००० | |
| व्यावसायिक पशुपालक कृषकलाई औजार उपकरण सहयोग कार्यक्रम | जना | २८ | २२०० | २२०० | २२०० | २२०० | २२०० | ६१६०० | २२०० | |
| छाडा चौपाया राख्ने घर | वटा | १ | | | २०००० | | | २०००० | २०००० | |
| व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | संख्या | १४० | ४२००० | ४२००० | ४२००० | ४२००० | ४२००० | २१०००० | १५०० | |
| उन्नत जातको वाखा वितरण तथा स्रोत केन्द्र स्थापना गर्ने | स्थान | ३५ | २८००० | २८००० | २८००० | २८००० | २८००० | १४०००० | ४००० | |
| पशुबीमामा प्रिमियम सहकार्य कार्यक्रम | पशुसंख्या | १०००० | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० | ४ | |
| दुग्ध चिस्यान केन्द्र स्थापना | स्थान | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | |
| पशु बधशाला तथा मासु बजार विकास कार्यक्रम | स्थान | ३ | | १०००० | | १०००० | १०००० | ३०००० | १०००० | |
| पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | पटक | १४ | २८० | २८० | २८० | २८० | २८० | १४०० | १०० | |
| सिंचाई योजना पुनर्निमाण | कि.मी. | २५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | ४००० | |
| सिंचाई कुलो निर्माण | कि. मी. | ३० | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | २२५००० | ७५०० | |
| वैकल्पिक सिंचाई प्रवर्द्धन कार्यक्रम | संख्या | १० | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० | ६००० | |
| **उद्देश्य १ को जम्मा** | | | | | | | | **२०४४५००** | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **उद्देश्य २ :** स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार गर्नु | | | | | | | | | | |
| उद्यम विकास तालिम | संख्या | २० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५०० | |
| उद्योगको संभाव्यता अध्ययन | संख्या | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | |
| कृषि र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापनामा सहकारीहरूसँग सहकार्य | स्थान | ४० | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० | १५०० | |
| व्यवसाय दर्ता एवम् उद्यम विकासका लागि जोखिम स्थानान्तरणमा सहकार्य | उद्यम व्यवसाय | ५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० | २५ | |
| दक्ष जनशक्ति उत्पादन कार्यक्रम | जना | २००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | २५ | |
| पुनर्ताजगी र स्तरोउन्नति | जना | ६०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | १५ | |
| लघु उद्यमी संघ गठन | संख्या | १ | १०० | | | | | १०० | १०० | |
| वस्तुगत संघ/एसोसिएसन | संख्या | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५० | |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | **२६२१००** | | |
| **बैंक, सहकारी तथा वित्तीय सेवा** | | | | | | | | | | |
| उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | सहकारी संख्या | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५०० | |
| बैंकिङ सेवा विस्तारका लागि सहजीकरण कार्यक्रम | वडा संख्या | ७ | - | ८०० | १६०० | १६०० | १६०० | ५६०० | ८०० | |
| विप्रेषण पूँजी परिचालन कार्यक्रम | व्यक्ति | १०० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०० | |
| कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा कार्यरत व्यक्तिहरूको क्षमता अभिवृद्धि/व्यवसाय सुरुआत सहयोग कार्यक्रम | व्यक्ति | १००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | १०० | |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | **१६०६००** | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **पर्यटन र सस्कृति** | | | | | | | | | | |
| पर्यटन गुरुयोजना तयारी | पटक | १ | | १५०० | | | | १५०० | १५०० | |
| पालिका/वडास्तरमा पर्यटन विकास सम्बन्धी नीति, समिति निर्माण तथा अभिमुखिकरण कार्यकम सञ्चालन तथा व्यवस्थापन र सहयोग। | वटा | १४ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ५०० | |
| संस्कृति सम्पदा सम्बन्धी डकुमेन्ट्री तयारी | पटक | १ | १५०० | | | | | १५०० | १५०० | |
| संरक्षित ऐतिहासिक तथा साँस्कृतिक स्थलको संरक्षण र सुधारमा सहयोग | संख्या | ७ | १४००० | १४००० | १४००० | १४००० | १४००० | ७०००० | १०००० | |
| समुदायस्तरमा होमस्टे प्रवर्द्धन कार्यक्रम | संख्या | ७ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ५०० | |
| स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना | पटक | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | |
| उद्देश्य ४ को जम्मा | | | | | | | | ९१००० | | |
| **आर्थिक विकास क्षेत्रको जम्मा बजेट** | | | | | | | | २५५८२०० | | |

### ४.१३.२ आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण

***आर्थिक विकास*** क्षेत्रको प्रस्तावित आयोजना तथा कार्यक्रम स्थानगत तथा क्रियाकलापको विवरण देहायअनुसार तालिकामा प्रस्तुत छ :

| रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको कुल लागत (रु हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|
| **उद्देश्य १** | | | |
| कृषि क्षेत्र व्यावसायिकरण प्रवर्द्धन कार्यक्रम | ८७५००० | नगरपालिका, कृषि समूहहरु | - नगरपालिकाका ४ वटा स्थानमा (मन्थली, भटौली, सुनारपानी र फुलासीमा) अन्नबाली तथा एक स्थानमा फलफूल खेतीको व्यवसायिकरण)<br>- ४०० जना युवाहरूलाई व्यावसायिक कृषि सम्बन्धी तालिम, |

| रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको कुल लागत (रु हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|
| | | | - माटो परीक्षण, सिंचाइ सुविधा, उन्नत बीउ, मलमा सहयोग, रोग किरा नियन्त्रण सम्बन्धी तालिम, चिस्यान गृह निर्माण, बजारीकरणमा सहयोग, |
| उत्पादन पकेट विकास कार्यक्रम (कृषि फार्म स्थापना समेत) | ७०००० | प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गन | - मन्थली नपाको १४ वडामा २ वटा दरले स्थापना गर्ने |
| जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम (गोठ सुधार कार्यक्रम समेत) | १७५००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको १४ वडामा १०० वटा दरले कार्यक्रम गर्ने |
| बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन | १२५०० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न. १ र वडा न. १३ |
| फलफूल, मसलाजन्य तथा व्यवसायजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार | ३५००० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,१० र १२ |
| संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | ५०००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १ |
| कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | २२४००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - मन्थली नपाको सबै १४ वडा |
| एकिकृत कृषि तथा पशुशेवा प्रयोगशाला स्थापना | १००००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १ |
| विउ जिन बैंक स्थापना | ३०००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १ |
| स्थानिय बालीको प्रशोधन केन्द्र स्थापना | ३०००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १ |
| नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | ७०००० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न.३,५,६,७,११,१२ र १४ |
| उन्नत घाँसेबाली विस्तार कार्यक्रम | ५२५०० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| पशुसेवा केन्द्र भवन स्थापना | २१०००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| ब्यावसायिक पशुपालक कृषकलाई औजार उपकरण सहयोग कार्यक्रम | ६१६००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| छाडा चौपाया राख्ने घर | २०००० | प्रदेशसँग समन्वयमा गर्ने | |
| व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | २१०००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,४,५,६,७,८,र १३ |

| रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको कुल लागत (रु हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|
| उन्नत जातको वाखा वितरण तथा स्रोत केन्द्र स्थापना गर्ने | १४०००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको सबै १४ वडा ( ६,७,११,२,३, र १२ मा बढि राख्ने) |
| पशुबीमामा प्रिमियम सहकार्य कार्यक्रम | ४०००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| दुध चिस्यान केन्द्र | १०००० | प्रदेशसँग समन्वयमा गर्ने | - |
| पशु बधशाला तथा मासु वजार विकास कार्यक्रम | ३०००० | स्थानीय तह आफै | - मन्थली नपाको वडा नं. १ मन्थली, १३ देबिटार र ७ मुगीटार |
| पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | १४०० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| सिंचाई योजना पुनर्निमाण | १००००० | प्रदेश र नेपाल सरकारको समन्वयमा | |
| सिंचाई कुलो निर्माण | २२५००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - |
| वैकल्पिक सिंचाई प्रवर्द्धन कार्यक्रम | ६०००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - |
| **उद्देश्य २** | | | |
| उद्यम विकास तालिम | १०००० | उद्योग कार्यालय, उद्यम विकास कार्यक्रम र सरोकारवालाहरूसँगको सहकार्यमा | - नगरपालिकाका सबै वडाका इच्छुक युवा एवम् अन्यका लागि<br>- स्थानीय स्रोत साधन परिचालन गर्ने उद्यम विकासका लागि तालिम पहिचान एवम् सामग्री सहयोग |
| उद्योगको संभाव्यता अध्ययन | ७५०० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न.१ मन्थली, १४ फुलासी र  ४ सालु |
| कृषि र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापनामा सहकारीहरूसँग सहकार्य | ६०००० | उद्योग कार्यालय, उद्यम विकास कार्यक्रम र सरोकारवालाहरूसँगको सहकार्यमा | - स्थानीय सहकारीहरूलाई तालिम तथा उद्योग स्थापना एवम् सञ्चालनमा सहकार्य/सेयर लगानी<br>- मन्थली वडा न. १ र अन्य सम्भाव्य स्थलहरू |
| व्यवसाय दर्ता एवम् उद्यम विकासका लागि जोखिम स्थानान्तरणमा सहकार्य | १२५००० | सम्बन्धित उद्यमीहरूसँगको सहकार्यमा | - महामारी, बन्द हड्ताल, आगलागी आदि कारणले उद्यम व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा क्षतिपूर्तिका लागि बीमा प्रवर्द्धनमा सम्बन्धित उद्यम-व्यवसायसँग सहकार्य |
| दक्ष जनशक्ति उत्पादन कार्यक्रम | ५०००० | | - मन्थली नपाको वडा न. १,२,३,५,६,७,८,१०,११,१२,१३ र १४ |
| पुनर्ताजगी र स्तरोउन्नति | ९०००० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |

| रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको कुल लागत (रु हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|
| लगु उद्यमी संघ गठन | १०० | स्थानीय तह आफै | - मन्थली वडा न.१ |
| वस्तुगत संघ/ एसोसिएसन | ५०० | स्थानीय तह आफै | - मन्थली वडा न.१ |
| **उद्देश्य ३** | | | - |
| उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | ५००० | सम्बन्धित सहकारीहरूसँगको सहकार्यमा | - |
| बैंकिङ सेवा विस्तारका लागि सहजीकरण कार्यक्रम | ५६०० | | - विभिन्न बैंकहरूसँग समन्वय<br>- बैंकिङ सेवा विस्तारका लागि आवश्यक पूर्वाधार विकासमा सहयोग |
| विप्रेषण पूँजी परिचालन कार्यक्रम | ५०००० | | - विदेशमा रोजगारीबाट फर्किएकाहरूका लागि तालिम, उद्यम-व्यवसाय स्थापनामा सहयोग, उद्योग बीमामा सहजीकरण र सहयोग |
| कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा कार्यरत व्यक्तिहरूको क्षमता अभिवृद्धि/व्यवसाय सुरुआत सहयोग कार्यक्रम | १००००० | उद्यम विकाससँग सम्बन्धित संस्था/कार्यक्रमहरूसँगको सहकार्य | - विभिन्न उत्पादनशील क्षेत्रमा कार्यरत कामदारहरूलाई मागमा आधारित रही क्षमता अभिवृद्धि तालिम वा व्यवसाय सुरुवात सहयोग |
| **उद्देश्य ४** | | | |
| पर्यटन गुरुयोजना तयारी | १५०० | स्थानीय तह आफै | - मन्थली नपा |
| पालिका/वडास्तरमा पर्यटन विकास सम्वन्धि नीति, समिति निर्माण तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन । | ७००० | प्रदेशसँग समन्वयमा गर्ने | - मन्थली नपाको वडा न. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३ र १४ |
| संस्कृति सम्पदा सम्वन्धि डकुमेन्ट्री तयार गर्ने । | १५०० | स्थानीय तह आफै | - |
| संरक्षित ऐतिहासिक तथा साँस्कृतिक स्थलको संरक्षण र सुधारमा सहयोग | ७०००० | प्रदेश र नेपाल सरकारको समन्वयमा गर्ने | - ऐतिहासिक तथा साँस्कृतिक स्थल भएका वडामा |
| समुदायस्तरमा होमस्टे प्रवर्द्धन कार्यक्रम | ३५०० | स्थानीय तह आफै | - मन्थली नपाको वडा न.१ मन्थली, मनपा ६ भलुवाजोर,मनपा ९ पुरानागाँउ, मनपा ८ चिसापानी, मनपा १४ फुलासी, मनपा ३ कठजोर र ४ सालु<br>- |
| स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना गर्ने । | ७५०० | स्थानीय तह आफै | - मनपा ८ चिसापानी, मनपा ६ भलुवाजोर, मनपा १४ फुलासी, मनपा ३ कठजोर र मनपा ७ भटौली |

| रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको कुल लागत (रु हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|
| **कुल जम्मा** | | | |

# परिच्छेद ५ : सामाजिक विकास

## ५.१ पृष्ठभूमि

सामाजिक विकास जीवनस्तरमा प्रत्यक्ष रुपमा सकारात्मक परिवर्तन हासिल गर्ने विकासको बहुआयामिक अवधारणा हो । सामाजिक विकास गुणस्तरीय जीवन यापनका आधारहरू तयार गर्दै व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिवृद्धिमा केन्द्रित रहन्छ । यस आवधिक योजनामा सामाजिक विकास क्षेत्रअन्तरगत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, कला तथा संस्कृति जस्ता उप-क्षेत्रहरू समेटिएका छन् ।

सामाजिक विकासको सबाललाई नेपालको संविधानले प्रस्तावना, मौलिक हक, राज्यको दायित्व, सिद्धान्त तथा नीतिमा सामाजिक विकासको लाई आत्मसात गरेको छ । संविधानको प्रस्तावनामा सामाजिक न्याय तथा समावेशीकरण र समतामूलक समाज निर्माणलाई समावेश गरिएको छ । मौलिक हक अन्तरगत आधारभुत तहको स्वास्थ्य तथा पोषण, प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गरेको छ । संविधानको राज्य निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ ।

नेपालले लिएको दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक योजना र स्थानीय योजनाले शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति संरक्षण, महिला, दलित, बालबालिका, सामाजिक न्याय जस्ता सबालहरू प्राथमिकतामा रहेका छन् । वर्तमान १५ औं राष्ट्रिय योजनाले मुलुकको समग्र विकासका लागि समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनका अवसर सृजना गर्ने कुरालाई उच्चतम महत्व दिएको छ । बागमती प्रदेशको प्रथम आवधिक योजनामा पनि सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिइएको देखिन्छ ।

सामाजिक विकास क्षेत्रको यस विषय क्षेत्रगत योजना उपक्षेत्रगत रुपमा सम्भावना, अवसर, समस्या तथा चुनौतीको विश्लेषण लगायत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

## ५.२ शिक्षा

### ५.२.१ सम्भावना तथा अवसर

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकारलाई मौलिक हक अन्तरगत समावेश गरेको छ । यसका अतिरिक्त मातृभाषामा शिक्षा हासिल गर्ने हक, आर्थिक तथा सामाजिक रुपमा नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यअन्तरगत सन् २०३० सम्ममा सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ । बागमती प्रदेशको पहिलो आवधिक विकास योजनाले गुणस्तरीय शिक्षा तथा दक्ष जनशक्ति भन्ने शैक्षिक विकास क्षेत्रको दीर्घकालीन सोच सहित शिक्षाको गुणस्तर सुधारमा केन्द्रित भएको देखिन्छ । यस क्षेत्रमा पूर्व प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म र प्राविधिक शिक्षा हासिल गर्ने शैक्षिक पूर्वाधार तयार भएको छ । मन्थली नगरपालिकाले विगत वर्षदेखि नै शिक्षा क्षेत्रको विकासका लागि भर्ना अभियान, विद्यालय समायोजन, शिक्षक शिक्षिकालाई अध्ययन अवलोकन प्रशिक्षण तथा तालिम, खेल तथा शैक्षिक सामग्री व्यवस्था, विद्यालय सवलीकरण, सूचना प्रविधिको प्रयोग, छात्रवृति, बालविकास केन्द्रहरूको सुदृढीकरण, गणित विज्ञान जस्ता विषयमा शिक्षक नपुग भएका विद्यालयमा स्वयम्सेवक शिक्षक परिचालन, विद्यालयको नियमन तथा निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ ।

नगरपालिका पूर्ण साक्षरता घोषणा भइसकेको छ । कुल ७२ विद्यालय रहेको यस नगरपालिकामा समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्र ७ वटा र विद्यालयमा आधारित बाल विकास केन्द्र ७३ गरी कुल ८० वटा सञ्चालनमा रहेका छन् । Annex Program/T.SLC Program (Civil) एउटा विद्यालय र रामेछाप पोलिटेक्निक इन्स्टिच्युटमा

भेटेरीनरी र कृषि धारमा कक्षा सञ्चालन भएको छ । आधारभूत तहको खानेपानी सुविधा सबै विद्यालयमा, विज्ञान प्रयोगशाला १२ वटा विद्यालयमा, सुविधायुक्त शौचालय ५८ वटा विद्यालय, ३३ वटा विद्यालयमा सेनिटरी प्याड डिस्पोज स्थल, ४३ वटा विद्यालयमा इन्टरनेट सुविधा, १५ वटा विद्यालयमा विद्युतीय हाजिरीको स्थापना र १३ वटा विद्यालय अंग्रेजी माध्यममा पठनपाठनको व्यवस्था रहेको छ । विद्यालयका शिक्षकलाई वार्षिक रुपमा पुरस्कारको व्यवस्था रहेको यस नगरपालिकामा कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम तयार भएको छ ।

### ५.२.३ समस्या तथा चुनौती

विद्यालय शिक्षा तथा प्राविधिक शिक्षा र उच्च शिक्षामा विद्यार्थीको पहूँच स्थापना गरी समयानुकूल गुणस्तर सुधार तर्फ सकारात्मक प्रयेत्नहरू भएता पनि अपेक्षाकृत सुधार हुन सकेको छैन । विद्यालयहरूमाझ पूर्वाधार, जनशक्ति, श्रोत साधन तथा शैक्षिक गतिबिधि र शैक्षिक उपलब्धिमा एक रुपमा रहेको छैन । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको प्रतिस्पर्धी क्षमता रहने गरी शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायन व्यापक हुँदै गएको छ । औपचारिक शिक्षालाई दैनिक जीवन तथा स्थानीय आवश्यकतासँग तालमेल गराउन सकिएको छैन । शैक्षिक संस्थाहरूमा सन्तुलित, विषयगत तथा दक्ष जनशक्तिको कमी रहेको छ । विद्यालयमा सरसफाई, कक्षा कोठा व्यवस्थापन, सिकाई सामग्री तथा पूर्वाधारको कमी रहेको छ । अविभावक चेतनाको कमी तथा गरिबीका कारण विद्यालयमा विद्यार्थीको नियमिततामा कमी रहेको छ । विद्यालय नियमित अनुगमन तथा मुल्याङ्कन प्रणाली स्थापित हुन सकेको छैन । कोभिड महामारीका कारण कक्षा सञ्चालन तथा परिक्षा सञ्चालनमा कठिनाइ रहेको छ ।

भौगोलिक विकटता तथा शैक्षिक पूर्वाधारको कमी रहेको छ । कुल १२ वटा विद्यालयमा सुबिधा युक्त शौचालय भवन र विद्यालयमा स्वच्छ खानेपानीको उपलब्धतामा कमी रहेको छ । नगर शिक्षा योजनाको तर्जुमा तथा कक्षा ६ देखि ८ का लागि स्थानीय पाठ्यक्रम तयार भएको छैन । बीचमै कक्षा छोडने विद्यार्थी संख्या ३९५ रहेको छ भने निमावि तथा मावि तहमा छात्रहरूको कक्षा छोडने दर बढी देखिएको छ । प्रारम्भिक बाल विकास सहयोगी कार्यकर्ताका लागि क्षमता विकासका कार्यक्रमको कमी रहेको छ । सामुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रमा पूर्वाधार, कक्षा व्यवस्थापन र सिकाई सामग्रीको कमी रहेको छ । सामुदायिक सिकाई केन्द्रको उपलब्धि न्यून रहेको छ । मावि तहमा ३९ र निमावि तहमा ३९ शिक्षक जनशक्तिको कमी रहेको छ । व्यवहारिक तथा सीपमूलक शिक्षाको कमी रहेको छ । विद्युतीय सूचना प्रविधिमा आधारित पठन पाठनमा कमी रहेको छ । करिव ९० प्रतिशत विद्यालयमा घेरावारको कमी रहेको छ । शिक्षकका लागि मागमा आधारित तालिमको कमी रहेका छ । आधारभूत तहका ११ विद्यालयमा सेनिटरी प्याड डिस्पोज स्थल रहेको छैन ।

## ५.३ स्वास्थ्य तथा पोषण

### ५.३.१ सम्भावना तथा अवसर

स्वास्थ्य पूर्वाधारका रुपमा नगरपालिका भित्र निजी क्षेत्रबाट सञ्चालित १ अस्पताल, २ वटा सामुदायिक अस्पताल, १ वटा पोलिक्निक, २ वटा डेन्टल क्लिनिक तथा १ वटा कोभिड अस्पताल सञ्चालनमा रहेको छ । प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी ९ वटा, आयुर्वेद औषधालय २ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या ३ र सामुदायिक स्वास्थ्य ईकाई/शहरी स्वास्थ्य केन्द्र ९ वटा सञ्चालनमा रहेको छ । कुल ६ वटा वर्थिङ्ग सेण्टर, ३६ वटा गाउँ घर क्लिनिक तथा ३८ स्थानमा खोप केन्द्र सञ्चालनमा रहेका छन् । नगरपालिका स्तरमा १५ शैयाको अस्पताल निर्माणाधिन रहेको छ । शहरी स्वास्थ्य केन्द्रको ४ वटा तथा स्वास्थ्य चौकीको १ वटा गरी कुल ५ वटा मापदण्ड अनुसारको भवन रहेका छन् । जनस्वास्थ्यको प्रवर्द्धनमा कृयाशिल महिला स्वास्थ्य स्वयंसेविकाको कुल संख्या १६५ रहेको छ । पूर्ण स्तनपान दर सत प्रतिशत रहेको यस क्षेत्रमा सुत्केरीका लागि निशुल्क एम्वुलेन्स उपलब्ध रहेको छ । अस्पतालमा ७०, प्राथमिक स्वास्थ्य केन्द्रमा ५८, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा ३५ प्रकारका औषधी निशुल्क उपलब्ध रहेको छ । स्थानीय स्तरमा कुल ८ वटा एम्बुलेन्स सञ्चालनमा रहेको रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

स्वास्थ्य तथा पोषणको क्षेत्रमा सकारात्मक परिवर्तन हुँदै गएता पनि गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच स्थापित हुन सकेको छैन । स्वास्थ्य संस्थामा मापदण्डअनुसारको पूर्वाधारको कमी रहेको छ । गुणस्तरीय इन्टरनेट सुबिका, औजार

तथा उपकरण, जनशक्ति व्यवस्थापन तथा क्षमता विकासका अवसरको कमी रहेको छ । सरकारी तवरबाट अस्पतालको स्थापना हुन सकेको छैन । सामाजिक चेतना तथा भौगोलिक विकटताका कारण स्वास्थ्य सेवा हासिल गर्न कठिनाइ रहेको छ । सार्वजिनक स्थलमा स्तनपान गृहको निर्माण भएको छैन । जनस्वास्थ्यलाई प्रभाबित गर्ने नसर्ने तथा दीर्घरोगमा वृद्धि हुँदै गएको छ । जंकफुड लगायत अस्वस्वथकर खानपान तथा जीवन शैलीमा वृद्धि हुँदै गएको छ । सुर्तीजन्य पदार्थ र मदिराजन्य वस्तुको सेवन र स्वास्थ्यमा नकारात्मक प्रभाब पार्ने औषधी तथा विषाधीको कृषि क्षेत्रमा उपयोगका कारण जनस्वास्थ्य समस्या आउने गरेको छ । वैकल्पिक स्वास्थ्य पद्धतीका योग तथा आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ । कोभिड १९ को महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ ।

विरामीको चाप अनुसार  अस्पताल सुबिधाको कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन रहेको छैन । स्वास्थ्य संस्थामा बालमैत्री तथा अपाङ्ग मैत्री पूर्वाधारको कमी रहेको छ । भुकम्पबाट क्षति भएका स्वास्थ्य संस्थाको निर्माणमा ढिलाइ भएको छ भने सबै स्वास्थ्य संस्थामा भवन मापदण्डअनुसार रहेको छैन । सबै किसिमका सूचकहरूको अद्यावधिकरण तथा रिपोर्टीङ्ग हुने गरी प्रणालीको कमी रहेका छ । स्वास्थ्यकर्मीका लागि क्षमता विकासका अवसर तथा नियमितताको कमी रहेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सहज पहुँच तथा स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ ।

## ५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ५.४.१ सम्भावना तथा अवसर

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई नेपालको संविधानले प्रस्तावना, मौलिक हक र राज्य निर्देशक सिद्धान्त तथा नीतिअन्तरगत उच्च महत्वका साथ समावेश गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल सबै तहको सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा महत्व दिने गरेको देखिन्छ । यस क्षेत्रअन्तरगत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, आदिवासी जनजाति, द्वन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागिसकारात्मक पहल  हुने गरेका छन् ।

मन्थली नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार भएको छ । नगरस्तरीय तथा वडास्तरीय बाल क्लव सञ्जाल गठन भएको छ । कुल १६५ स्वास्थ्य आमा समूहमा करिव ३३०० जना आवद्ध रहेका छन् । एउटा नगरस्तरीय बाल सञ्जाल, १४ वटा वडास्तरीय बाल सञ्जाल, १९ वटा समुदायस्तरको बाल क्लव र ३३ वटा विद्यालयस्तरमा बाल क्लव गठन भएको छ । महिला सहकारी संख्या १० वटा रहेका छन् । महिलाबाट सञ्चालिन १३८ वटा व्यवसाय रहेका छन् । जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक दिवश, बुढ्यौली अवस्थाको व्यवस्थापन र अन्तरपुस्ता सीप हस्तान्तर कार्यक्रम कार्यान्वयनमा रहेको छ । बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि तयार भएको छ भने बालमैत्री स्थानीय शासन कार्यान्वयनका आधारहरू तयार हुँदै गएको छ । दलित तथा जनजाति र अन्य महिलाका लागि केन्द्रित गरी एसइमा उत्कृष्ट स्थान हासिल गर्ने तथा लोक सेवा तयारी कक्षा सञ्चालनमा रहेको छ । लैङ्गिक हिंसाका लागि १६ दिने अभियान, महिला कानुनी अधिकार सम्बन्धी प्रशिक्षण तथा महिला पुरुष समविकास तथा महिला कानुनी अधिकार सम्बन्धी अभिमुखिकरण सञ्चालनमा रहेको छ । व्यतिगत घटना दर्ता १६ दिने अभियान सञ्चालन हुने गरेका व्यतिगत घटना दर्ता सम्बन्धी वडा सचिवहरूलाई तालिम उपलब्ध रहेको छ । आमा बाबु विहिन बालबालिका लागि मासिक रु २००० सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ । लैससास क्षेत्रमा सहकार्य गर्ने सृजनशिल युवा समाज (वातावरण संरक्षण परियोजना र सामुदायिक विकास समाज) जस्ता संस्था रहेको छ ।सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता वृद्धि हुँदै गएको छ । लैङ्गिक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएका छन् ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा नीतिगत तथा व्यावहारिक तहबाट सकारात्मक परिवर्तन भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको प्रभावशाली उपस्थिति रहेको छैन । लैङ्गिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा, बालबाल श्रम शोषण, बाल विवाह, बहु विवाहका घटना घट्ने गरेका छन् । अपाङ्ग तथा जेष्ठ नागरिकको जीवन यापनमा कठिनाइ रहको छ । सीपमूलक तालिम हासिल

गरेपछी स्वरोजगार हुनेहरूको कमी रहेको छ । किशोरीहरूका लागि मर्यादित महिनावारी तथा किशोरी शिक्षाको कमी रहेको छ । बाल बालिकामा दुर्वेसन व्याप्त रहेको छ । छुवाछुतको अभ्यास विभिन्न स्वरुपमा कायमै रहेको छ । विपन्न, दलित, आदिवासी तथा जनजाति समुदायमा शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी जानकारीको कमी रहेको छ । लिंग पहिचान गरी भ्रुण हत्याको अभ्यास व्यापक हुँदै गएको छ । सुनौला हजार दिनको कार्यक्रम प्रभावकारी हन् सकेको छैन । सामाजिक, शैक्षिक तथा व्यावहारिक क्षेत्रमा बालबालिकाको सहभागिता कम रहेको छ । अपाङ्गता भएका अविभावकका बालबालिकाको आर्थिक व्यवस्थापनमा कठिनाइ रहेको छ । लक्षित वर्गमा गरिवीको व्यापकता तथा आय आर्जनका अवसरको कमी छ ।

## ५.५ युवा तथा खेलकूद

### ५.५.१ सम्भावना तथा अवसर

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई नेपालको संविधानले निदृष्ट गरेको छ । वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी तथा खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ ।

युवा स्वरोजगारीका लागि राष्ट्रिय, प्रदेश तथा स्थानीय सरकारले उच्च महत्व दिएको छ । बागमती प्रदेशको पहिलो आवधिक योजनाले युवा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यका साथ युवालाई आत्मनिर्भरताका अवसरहरू प्रदान गर्ने नीति लिएको देखिन्छ । नगरपालिकाभित्र युवा उद्यमीद्वारा सञ्चालित करिव २०० फर्म रहेका छन् ।

खेल क्षेत्रमा मन्थली नगरपालिकाले उल्लेखनिय सफलता हासिल गरेको देखिन्छ । मन्थली नगरपालिकाभित्र करिव ३० वटा युवा क्लवहरू क्रियाशील रहेका छन् । नगर खेलकुद विकास समिति गठन भई नगरपालिकास्तरमा खेलकुद राष्ट्रपति रनिङ्ग शिल्ड र मेयर कप आयोजना नियमित रुपमा हुने गरेको छ । कराँतेको ३ जना, तेक्वान्दो २ जना र उसुमा १ जना अन्तराष्ट्रिय खेलाडी रहेका छन् । स्थानीयस्तरमा ६ वटा विधामा खेल प्रशिक्षकको व्यवस्था रहेको छ । अन्तर्राष्टिय खेलाडीलाई आर्थिक प्रोत्साहन तथा सम्मानका कार्यक्रम सञ्चालन हुने गरेका छन् । विद्यालय स्तरमा खेल प्रशिक्षणको व्यवस्था रहेको छ । युवा लक्षित व्यवसाय सञ्चालनका लागि प्रविधि सहयोग, तालिम तथा आर्थिक प्रोत्साहनका कार्यक्रम रहेका छन् । अन्तरपालिका खेलमा खेलाडीका लागि खर्च व्यवस्थापन हुने गरेको छ । विद्यालय तथा क्लवलाई खेल सामग्री वितरणको अभ्यास नियमित रहेको छ । कवर्ड हल तथा रंगशाला निर्माणका क्रममा रहेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

युवा सशक्तिकरण, स्वरोजगारी तथा आत्मनिर्भरताका लागि कार्यक्रमहरू सञ्चालनमा भएता पनि युवा बेरोजगारी तथा युवा पलायनको प्रवृति व्यापक रहेको छ । स्थानीयस्तरमा युवाका लागि महसुस हुने गरी विश्वासनिय र मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ । गुणस्तरीय खेल मैदान, प्रयाप्त प्रशिक्षण, खेल सामग्रीको तथा व्यावसायिक खेलका अवसरमा कमी रहेको छ । प्रशिक्षकका लागि पुनर्ताजकी तालिमको कमी रहेको छ । युवाका लागि परामर्श तथा अभिमुखीकरणको कमी रहेको छ भने कृषि तथा उद्योग क्षेत्रमा युवा आकर्षण न्यून रहेको छ । युवा क्लव तथा युवा अभियानको दिगोपनाको कमी रहेको छ । राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून रहेको छ । युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारिता कमी रहेको छ ।

## ५.६ कला, भाषा तथा संस्कृति

### ५.६.१ विद्यमान अवस्था, सम्भावना र अवसर

सांस्कृतिक रुपमा विविधतायुक्त रहेको यस क्षेत्रमा हिन्दु, बौद्ध तथा इसाइ धर्मालम्बीहरूको बसोवास रहेको छ । नेपाली, तामाङ्ग, माझी, नेवारी र मगर भाषा मातृभाषाका रुपमा रहेको छ । प्रमुख धार्मिक स्थलहरूमा थानापती महादेव, चिसामानी भिमसेन महादेव, ढिकुरे मन्दिर, अैरम्वास देविस्थान, थानापती महादेव जस्ता धार्मिक स्थल रहेका छन् । ऐतिहासिक स्थलका रुपमा फुलासी पोखरीडाँडा, तिल्केस्थान गढी र चिसापानी गढी रहेको छ । थानापती महादेव मन्दिरमा तिज, ठूली एकादशी, शिव रात्री, जनै पूर्णीमा मेला लाग्ने गरेको छ । स्थानीयस्तरमा मनाइने जात्राका रुपमा

गाइजात्रा र हिले जात्रा रहेका छन् । दशैं, तिहार, तिज, श्रीपञ्चमी, शिवरात्री, कृष्ण जन्माष्टमी, मागे संक्रान्ती, लोत्सार तथा बुद्ध जयन्ती मनाइने गरेको छ । कला क्षेत्रमा राष्ट्रियस्तरका ३ जना कलाकार रहेका छन् । बाँसमा आधारित डोका, मुडा लगायतको तयारी, जुनारको जुस तयारी, नेपाली कागज तयार जस्ता मौलिक सीप रहेका छन् ।

### ५.६.२ समस्या तथा चुनौती

बाह्यि संस्कृतिको प्रभावले स्थानीय कला तथा संस्कृति लोप हुँदै गएको छ । नेपाली भाषा बाहेकका भाषाका संरक्षणमा कमी रहेको छ । स्थानीयस्तरमा लाग्ने मेला तथा जात्राको व्यवस्थापन कमजोर हुने गरेको छ । धार्मिक तथा ऐतिहासिक स्थलको खोज, लेखन तथा प्रचार प्रसारको कमी रहेको छ । मौलिक कला तथा सीपको हस्तान्तरण तथा बजारीकरणमा कमी रहेको छ ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त सामाजिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतका वस्तुस्थिति विवरण **अनुसूची १.२** मा प्रस्तुत गरिएको छ ।

## ५.७ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सामाजिक विकास क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ ।

### ५.७.१ सोच

नगरपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छ :

- शिक्षित, स्वस्थ र सभ्य नगरबासी

### ५.७.२ लक्ष्य

मन्थली नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

- उच्चस्तरीय स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र सुसंस्कृत समाजको आधार तयार गर्ने

### ५.७.३ उद्देश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राविधिक शिक्षामा सहज पहुँच तथा गुणस्तर कायम गर्नु,
- विशिष्टीकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पोषणमा सहज पहुँच स्थापित गर्नु,
- आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु,
- युवा स्वाभिमान एवं स्वरोजगारी र व्यावसयिक खेलका अवसर प्रवर्द्धन गर्नु,
- मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना गर्नु ।

### ५.७.४ रणनीति तथा कार्यनीति

यस योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**तालिका- २१ : सामाजिक विकास क्षेत्रका प्रमुख रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राबिधिक शिक्षामा सहज पहुँच तथा गुणस्तर कायम गर्नु** | |
| १. विद्यालय शिक्षालाई गुणस्तरीय एवं अनिवार्य तुल्याउन व्यवहारिक तथा नीतिगत सुधार गर्ने । | १.१ विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन तथा शिक्षण सिकाई प्रकृयालाई प्रभावकारी गराइनेछ ।<br>१.२ आवधिक योजनाका आधारमा नगर शिक्षा योजना तर्जुमा गरी वार्षिक योजनामार्फत कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, टिकाउने र सीकाउने वातावरण तयार गरिनेछ ।<br>१.४ शैक्षिक गणुस्तर अभिवृद्धिमा प्रविधिमैत्री तथा शैक्षिक सामाग्री सहितको शिक्षण सिकाई क्रियाकलापमा जोड दिइ उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षक, विद्यार्थी र विद्यालय प्रोत्साहन गरिनेछ ।<br>१.५ विद्यालय नक्याङ्कन गरी विद्यार्थी संख्या तथा भौगोलिक दुरीका आधारमा विद्यालय समायोजन, कक्षा स्तरोन्नति वा घटाउने पद्धतिको अबलम्बन गरिनेछ ।<br>१.६ शिक्षकहरूको समानुपातिक वितरण तथा नविनतम शिक्षण विधिको प्रयोग मार्फत् शिक्षकहरूलाई आवश्यक ज्ञान, सीप र दक्षता अभिवृद्धि गरिनेछ ।<br>१.७ बालबालिकाको सिकाइ प्रकृयामा सुधार गर्न अविभावकहरूको सहभागितामा जोड दिइनेछ ।<br>१.८ विद्यार्थीहरूको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन विद्यालयहरूमा सहअतिरिक्त क्रियाकलापहरूमा जोड दिइनेछ ।<br>१.९ अन्तर सरकार सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना गरिनेछ ।<br>१.१० दुर्गम तथा छरिएको बस्तीका विद्यालयलाई नमुना आवासीय विद्यालयका रुपमा रुपान्तरण गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>१.११ हरेक वडामा स्रोत विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ । |
| २. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गरी स्थानीयतासँग सामन्जस्यता कायम गर्ने । | २.१ स्थानीय माग तथा औचित्यका आधारमा कम्तिमा ३ वटा विद्यालयमा माध्यमिकस्तरको प्राविधिक धारको (कृषि, पशु लगायत) कक्षा सञ्चालनको वातावरण तयार गरिनेछ ।<br>२.२ प्राविधिक विद्यालयमा गुणस्तर कायम गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा सामग्रीको यथोचित व्यवस्था गरिनेछ ।<br>२.३ स्थानीय पाठ्क्रमलाई जीवनउपयोगी विषयवस्तुहरू समेटी तयार गरिनेछ ।<br>२.४ पढ्दै कमाउँदै भन्ने राष्ट्रिय नीति बमोजिम विद्यालयमा कृषि, पशुपालन तथा उद्यम व्यवसाय सम्बन्धी व्यवहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै र प्रयोगात्मक अभ्यासको व्यवस्था गरिनेछ ।<br>२.५ विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२.६ विद्यार्थीहरूलाई विपद व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामाग्री वितरण गरिनेछ ।<br>२.७ राष्ट्रिय तथा स्थानीयस्तरमा ख्याती कमाएका उत्प्रेरक, उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा सिल्पीहरूसँग साप्ताहिक कार्यक्रमअन्तरगत अन्तरकृया तथा सीप हस्तान्तरणका अवसर उपलब्ध गराइनेछ । |
| ३. शिक्षण सिकाइ प्रकृयामा नविनतम विधि, प्रबिधि तथा पद्धतीको अनुसरण गरी शैक्षिक उपलब्धिमा गुणात्मक सुधार ल्याउने । | ३.१ विद्यालयमा विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै लगिनेछ ।<br>३.२ विद्युत तथा भरपर्दो इन्टरनेट सुविधालाई सबै विद्यालयमा पुर्याइ सिकाईमा एप तथा मल्टिमिडियाको उपयोगको वातावरण मिलाइनेछ ।<br>३.३ शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ता आवश्यक पदपुर्ति, क्षमता विकास तथा प्रोत्साहनलाई प्रभावकारी गरिनेछ ।<br>३.४ आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाई प्रकृया यथोचित उपयोगलाई प्रभावकारी गरिनेछ ।<br>३.५ मोवाइल एप तथा विद्युतीय हाजिरीको उपयोग गरी सूचना प्रवाह, सिकाई अनुगमन तथा मूल्याङ्कन र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>३.६ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. विद्यालयको संस्थागत तथा संरचनागत सुधार गर्ने । | ४.१ विद्यार्थी संख्या कम भएका र सडक यातायातको सुविधा उपलब्ध भएका विद्यालयलाई मर्ज गरी बस सुबिधाबाट विद्यार्थीको पठन सहज गराउन विग स्कुलको अवधारणालाई कार्यान्वयनमा लगिनेछ ।<br>४.२ शैक्षिक उन्नयनका लागि विद्यालय अनुगमनलाई व्यवस्थित तथा नियमित गराउँदै शैक्षिक क्यालेण्डर, स्थानीय पाठ्यक्रम तथा विद्यालय सुधार योजना तयारी र कार्यान्वयनलाई जोड दिइनेछ ।<br>४.३ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावक संघको गठन, कृयाशिलता र नियमितता मार्फत विद्यालयको शैक्षिक गतिविधिमा निगरानी बढाइनेछ ।<br>४.४ विद्यालयमा बालक्लब गठन गरी सृजनात्मक गतिविधिमा संलग्नता अभिवृद्धि गरिनेछ ।<br>४.५ स्थानीय विद्यालयहरूमा सवारी साधनको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।<br>४.६ विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय आउने वातावरण तयार गर्न प्रोत्साहन तथा नियमनको वातावरण तयार गरिनेछ ।<br>४.७ विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि क्रमशः एक विद्यालय एक नर्स कार्यक्रमलाई विस्तार गरिनेछ । |
| ५. उच्च शिक्षाको गुणस्तर अभिवृद्धि तथा सहज पहूँच स्थापना गर्न पूर्वाधार, शिक्षण तथा जनशक्ति व्यवस्थापनलाई प्रभाबकारी गराउने । | ५.१ स्थानीय स्तरमा उच्च शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन संम्बन्धन, जनशक्ति तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।<br>५.२ विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न आर्थिक सहयोग तथा छात्रवृतिको व्यवस्था गरिनेछ ।<br>५.३ उच्च शिक्षामा गुणस्तर कायम गर्न नविनतम विधिको उपयोगलाई अनुसरण गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ ।<br>५.४ उच्च शिक्षालाई **पढ्दै कमाउँदै** भन्ने नारा अनुसार व्यवसायिक क्षेत्रमा इन्टनसिप तथा स्वयंसेवा र बजार माग अनुसारको सीप हस्तान्तरण गरिनेछ ।<br>५.५ प्रदेश सरकारको नीति बमोजिम कृषि क्याम्पसको स्थापनाका लागि पहल, समन्वय तथा साझेदारी गरिनेछ । |
| **उद्देश्य २ : विशिष्टकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पोषणमा सहज पहुँच स्थापित गर्नु** | |
| १.आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने । | १.१ समुदायमा स्वास्थ्य सेवाको पहुँच बढाउन स्थापना गरिएका शहरी स्वास्थ्य केन्द्र र आधारभुत स्वास्थ्य केन्द्रलाई स्रोत साधन सम्मन्न गरी थप सुदृढ गरी सेवा प्रवाहलाई प्रभाबकारी गराइनेछ ।<br>१.२ नगरक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरू मार्फत निःशुल्क वितरण गरिने अत्यावश्यक औषधीहरूको अभाब नहुने गरी आपूर्तिको व्यवस्था गरिनेछ ।<br>१.३ स्वास्थ्य बीमा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी दलित, महिला, एकल महिला, र ख वर्गको अपाङ्गता भएका व्यक्तिहरूको ५० प्रतिशत बीमा रकम नगरपालिकाबाट उपलब्ध गराइने छ ।<br>१.४ स्वास्थ्य चौकीमा ल्याव सेवा, अल्ट्रा साउण्ड सेवा र एम्वुलेन्सलगायत स्वास्थ्य संस्थाबाट हुने सेवाहरू थप गर्दै लगिनेछ ।<br>१.५ जटिल तथा खर्चिला रोगको उपचार तथा गरिवीको रेखामुनी रहेका घरपरिवारको उपचारमा सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।<br>१.६ योग तथा आयुर्वेद सेवा विस्तार गरी स्थानीय जडिवुटिमा आधारित स्वास्थ्य सेवा तथा उपचारलाई प्रभावकारी बनाइनेछ ।<br>१.७ कोभिड १९ लगायतका महामारीबाट बच्न मापदण्ड तयारी तथा जनचेतना अभिवृद्धि र कोभिड १९ विरुद्धको खोपलाई यथासम्भव छरितो र सहज रुपमा हासिल गर्न समन्वयात्मक भूमिका खेलिने छ ।<br>१.८ स्वास्थ्य सेवालाई सहज तथा प्रभाबकारी गराउन सामाजिक सञ्जाल तथा मोवाइल एपको उपयोगलाई विस्तार गरिनेछ ।<br>१.९ स्वास्थ्य संस्थामा आवश्यक उपकरण तथा औजारको पर्याप्त व्यवस्थापन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. विशेषज्ञ स्वास्थ्य सेवाको उपलब्धता र उच्चस्तरीय स्वास्थ्य सेवा विस्तार गर्ने । | २.१ संघ र प्रदेश सरकारसँगको सहकार्यमा मन्थली नगरपालिका भित्रका मन्थली र गेलु प्राथमिक स्वासथ्य केन्द्रहरूको पूर्वाधार तथा क्षमता विकास गरिनेछ ।<br>२.२ मन्थली प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैयाको अस्पताल सञ्चालन गर्ने गरी स्तरोन्नती गरिनेछ ।<br>२.३ मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सेवा सञ्चालनका लागि रिभल्विङ्ग फण्डको व्यवस्था गरिनेछ ।<br>२.४ स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूका भवन निर्माण, मर्मत सम्भार, आवश्यक औजारको व्यवस्था मिलाइनेछ ।<br>२.५ विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ ।<br>२.६ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य इकाइको विस्तार गरी आवश्यक दरवन्दी थप गरिनेछ ।<br>२.७ वार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मीहरू लाई पुरस्कृत तथा स्वास्थ्यकर्मीहरूलाई नियमित तालिम तथा अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुबिधा उपलब्ध गराइनेछ ।<br>२.८ स्वास्थ्य शिविरमार्फत विशिष्ठकृत स्वास्थ्य सेवालाई जनस्तरमा पुर्याइनेछ |
| ३. दिगो पोषण तथा स्वस्थ जीवनशैलीको अभिवृद्धि गर्दै पोषण सेवा सुदृढ गर्ने । | ३.१ पोषण, मातृशिशु स्वास्थ्य तथा सुरक्षित मातृत्व प्रवर्द्धनका लागि सुत्केरीसँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>३.२ विद्यालय नर्स तथा अन्य स्वास्थ्यकर्मीहरूद्वारा विद्यालयमा आधारभूत स्थास्थ्य शिक्षाको माध्यमबाट विद्यार्थीहरूको स्वास्थ्य हेरचार सहज गराइनेछ ।<br>३.३ विद्यालयहरूमा किशोरकिशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन र विद्यालयमा सेनिटरी प्याडको उपलब्धता सहज गराइनेछ ।<br>३.४ समुदायस्तरमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन सचेतना विस्तार गरिनेछ । प्राकृतिक चिकित्सा, योग, जडीबुटी तथा अन्य वैकल्पिक स्वास्थ्योपचार तथा स्वस्थ जीवनशैली सम्बन्धी विधिहरूको प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>३.५ स्थानीयस्तरमा उपलब्ध खानाबाट सन्तुलित पोषण प्राप्त गर्न गर्न विद्यालय तथा समुदायस्तरमा जनचेतना अभिवृद्धिका लागि असल खानपान सम्बन्धी मार्गदर्शन सहित पोषण सुधारसम्बन्धी अभियानात्मक गतिविधि सञ्चालन गरिनेछ ।<br>३.६ विपन्न वर्गका पाँच वर्ष मुनिका बालबालिकालाई कुपोषणको शिकार हुनबाट जोगाउन कुपोषणरहित टोल/वडा सुनिश्चित अभियान तथा सुनौलो हजार दिन कार्यक्रमलाई प्रभाबकारी रुपमा सञ्चालन गरिनेछ ।<br>३.७ पाँच वर्ष मुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्यांकन गरी सुधार ल्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.८ |
| ४. जनस्वास्थ्य प्रवर्द्धनमा समुदायस्तरको संरचनालाई परिचालन गराउने । | ४.१ महामारी, जनस्वास्थ्य तथा पोषणमा नागरिकस्तरको स्वयंम सेवी भूमिकालाई प्रभाबकारी गराउन टोलस्तरमा स्वास्थ्य तथा सरसफाई समिति गठन गरी परिचालन गरिनेछ ।<br>४.२ बाल क्लव, महिला/आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरी सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>४.३ स्वास्थ्य बीमा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी दलित, महिला, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूको ५० प्रतिशत बीमा रकम नगरपालिकाबाट उपलब्ध गराइने छ ।<br>४.४ जनस्वास्थ्यको अवस्था सुधारका लागि स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.५ बालबालिका, अशक्त, र जेष्ठ नागरिकहरूको नियमित स्वास्थ्य जाँच घर घर मै पुग्ने गरी स्वास्थ्य घुम्ति सेवाको प्रवन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३: आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु** | |
| १. आर्थिक-सामाजिक रुपमा पिछडिएको वर्गलाई विशेष अवसर उपलब्ध गराई मूलप्रवाहीकरण गर्ने । | १.१ महिला, अपाङ्गता भएका, दलित, आदिवासी तथा जनजाति र पछाडी परेको वर्गका लागि आत्मनिर्भरताका अवसर सृजना गर्न तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सीप विकास तालिम तथा व्यवसाय स्थापनाका लागि सहयोग गरिनेछ ।<br>१.२ जेष्ठ नागरिक, सम्मान एवं जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज गराउन आवश्यक सामग्रीहरू वितरण गराईनेछ ।<br>१.३ दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गका हक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास, कानुनी सचेतना, अन्तरक्रियाजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.४ अनाथ, बेसहारा तथा हिंसामा परेका महिला, जेष्ठ नागरिक तथा बालबालिकाहरूको तत्काल सुरक्षाको लागि आश्रयस्थल र उपचारको व्यवस्था गरिनेछ ।<br>१.५ बालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक आधारहरू तयार गरिनेछ ।<br>१.६ विपन्न तथा आर्थिक सामाजिक रुपले पिछडिएको वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोग तयारी कक्षामा सहभागिताका अवसर सृजना गरिनेछ । |
| २. स्थानीय नीति निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउने । | २.१ स्थानीय योजना तर्जुमा, निर्णय प्रक्रिया र स्थानीय संरचनामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.२ स्थानीय संयन्त्रः उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य महिला समूह, आमा समूह, स्थानीय विपद व्यवस्थापन समिति लगायत वडा तथा विषयगत समिति तथा संरचनालाई समावेशी बनाइनेछ ।<br>२.३ लक्षित वर्ग सञ्जालका पदाधिकारीहरूको अधिकार, जिम्मेवारी तथा कार्यदिशा सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ । |
| ३. सामाजिक विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यवहारिक प्रयत्न प्रभावकारी गराउने । | ३.१ सामाजि कुप्रथाका रुपमा रहेका छुवाछुत, लैङ्गिक हिंसा, मानव बेचविखन, बालविवाह, बालश्रम शोषण विरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ ।<br>३.२ लुप्त रुपमा रहेको छुवाछुत तथा महिला हिंसाको अन्त्य गर्न कानूनी सचेतना, निगरानी र न्यायीक उपचारको दायरमा ल्याउन सबै सरोकारवालाबीच साझा बुझाइ कायम गरिनेछ ।<br>३.३ सामाजिक कुप्रथाका रुपमा रहेका लैङ्गिक हिंसा, बालविवाह, बोक्सी, छुवाछुत, दाइजो प्रथा जस्ता अमानविय व्यवहारलाई निरुत्साहित गर्न नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३.४ लैङ्गिक तथा घरेलु हिंसा अन्त्यका लागि महिला समूह, महिला स्वास्थ्य स्वयंसेविका र निगरानी समूहको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।<br>३.५ यौन हिंसा तथा यौनजन्य अपराधहरू रोक्न समुदाय तथा किशोरी केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.६ हिंसा पिडित महिला तथा बालबालिकाहरूका लागि सञ्चालित सुरक्षित आवास गृह निर्माण गरिनेछ ।<br>३.७ ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र, स्वास्थ्य उपचार सहयोग, खानपिन र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरी उत्तरार्धको जीवनयापनलाई सहज गराइनेछ । |
| ४. लक्षित वर्गको सशक्तीकरण तथा हित प्रवर्द्धनका लागि संस्थागन संरचना तथा अभियान संञ्चालन गर्ने । | ४.१ बालबालिका, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जाति, दलित, अति विपन्न तथा जोखिममा रहेका वर्गको पालिका तथा वडास्तरीय संजाल/समिति गठन गरी क्रियाशिल बनाइने छ ।<br>४.२ टोल विकास संस्था, महिला समूह, युवा क्लब, बालक्लब, महिला, दलित, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित अधिकारमुखी समूह र संजाल मार्फत समुदाय परिचालनको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.३ समुदाय परिचालन मार्फत दलित, एकल महिला, ज्येष्ठ नागरिक र पछाडी परेको समुदायको अधिकार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.४ सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वसुलभ र सेवाग्राहीमैत्री बनाउन जानकारी तथा सहजीकरण गरिनेछ ।<br>४.५ समुदाय परिचालनको लागि नगरपालिका स्तरमा क्रियाशील नागरिक समाज संस्थाहरूसँग साझेदारी र सहकार्य गरिनेछ । |
| **उद्देश्य ४: युवा स्वाभिमान एवं स्वरोजगारी र व्यावसयिक खेलका अवसर प्रवर्द्धन गर्नु, र** | |
| १. आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा युवा सहभागिता विस्तार गरी युवामा आत्मविश्वास तथा व्यावसायिक भावनाको अभिवृद्धि गर्ने | १.१ बेरोजगारहरू युवाको सूची तथा व्यक्तिगत विवरण तयार गरी रोजगारीका अवसर सृजना गर्न सीप विकासका अवसर उपलब्ध गराइ उनीहरूको चाहाना, क्षमता र योग्यता तथा बजारको मागअनुसारको रोजगारी सृजना गरिनेछ ।<br>१.२ तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उपयुक्त क्षेत्रमा रोजगार हुन चाहने युवालाई आवश्यक तालिम तथा अवसरहरू प्रदान गरिनेछ ।<br>१.३ स्थानीय संरचना तथा समितिमा युवालाई यथोचित भूमिका प्रदान गरी विकास कार्य सञ्चालन, नीति निर्माण, योजना तर्जुमा र अनुगमनमा युवा सहभागिता वृद्धि गरिनेछ ।<br>१.४ युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.५ युवा स्वरोजगारी सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| २. युवा वर्गको उत्प्रेरण, सकारात्मक सोच, सिर्जनशील क्षमता र नेतृत्व क्षमताको प्रवर्द्धन गर्ने । | २.१ युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रकृया तथा सामाजिक रुपान्तरण प्रतिको दायित्वबोध गराइनेछ ।<br>२.२ युवा समूह, युवा क्लब तथा संजाललाई सामाजिक तथा आर्थिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ ।<br>२.३ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरू माझ आदान प्रदान गरी सत्मार्ग तर्फ अभिप्रेरित गरिनेछ ।<br>२.४ युवा क्लब, समूह र संघ/संस्था मार्फत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.५ युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ ।<br>२.६ लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरूमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ । |
| ३. खेलकुदको विकास तथा खेल क्षेत्रमा युवा व्यावसायिकताको अभिवृद्धि गर्ने । | ३.१ भेगीय/क्षेत्रगत रुपमा खेलमैदान कम्तीमा तीनवटा र नगरपालिकास्तरमा एक रंगशाला निर्माण गरिनेछ ।<br>३.२ खेलाडीहरूमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी खेलकुद प्रशिक्षण, प्रशिक्षक प्रशिक्षण तथा खेल सामग्रीको नियमित रुपमा व्यवस्था गरिनेछ ।<br>३.३ खेलकुद सामग्री युवा क्लव तथा विद्यालय मार्फत व्यवस्थापन गरिनेछ ।<br>३.४ स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सृजना गरिनेछ ।<br>३.५ उच्चस्तरको खेल क्षमता भएका खेलाडीका लागि विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>३.६ प्रदेशस्तर, राष्ट्रियस्तर तथा अन्तराष्ट्रियस्तरमा सफलता हासिल गरेका खेलाडीका लागि पुरस्कार, सम्मान तथा आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५: मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना गर्नु** | |
| १. स्थानीय सम्पदा, सीप, कला तथा संस्कृतिको पहिचान, संरक्षण एवं प्रवर्द्धन गर्ने । | १.१ स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षण गरी पर्यटन क्षेत्रको विकाससँग आवद्ध गरिनेछ ।<br>१.२ नगरकार्यपालिका कार्यालय अन्तरगत सम्पदा, कला तथा संस्कृति हेर्ने संयन्त्र तयार गरी क्रियाशिल गराइने छ ।<br>१.३ उत्पादनसँग सम्वन्धित स्थानीय कला तथा सीपको पहिचान गरी आक्रर्सक तथा सजावटका सामाग्री रुपमा उत्पादनलाई प्रवर्द्धन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.४ कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्सनीको नियमित आयोजना गरिने । |
| २. स्थानीय सम्पदा, कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धान गरी पर्यटन विकाससँग आवद्ध गर्ने । | २.१ स्थानीय सम्पदा, कला तथा संस्कतिसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि सोध कर्ता, अनुसन्धान केन्द्र तथा विश्वविद्यालयका गतिविधिसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२.२ स्थानीय सम्पदा, कला, भाषा, संस्कृति र रहनसहन समेटिएको डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिनेछ ।<br>२.३ स्थानीयस्तरमा रहेका परम्परागत सीपलाई नयाँ प्रविधिसँग आवद्ध गराइ थप व्यावसायिक बनाइनेछ ।<br>२.४ स्थानीयस्तरमा मिनि संग्राहलय स्थापना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रचार प्रसार गरिनेछ । |

## ५.८ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

प्राविधिक तथा अप्राविधिक क्षेत्रमा उच्च शिक्षा हासिल गर्ने अवसर स्थानीयस्तरमा उपलब्ध भएका हुनेछ। विद्यालय शिक्षाको गुणस्तर राष्ट्रिय औषत भन्दा माथी भएको हुनेछ। स्थानीय स्तरमा विद्यालयस्तरको प्राविधिक शिक्षाका अवसरमा सहज पहुँच भएको हुनेछ। सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा उल्लेखनिय सुधार भएका हुनेछ। कक्षा १० को निरन्तरता दर ९० प्रतिशत पुगेको हुनेछ। प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका संख्या ९५ प्रतिशत भएको हुनेछ। विशेषज्ञ स्वास्थ्य सेवा स्थानीय स्तरमा सहज रुपमा उपलब्ध भएको हुनेछ भने पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी क्षेत्रको रुपमा घोषणा कार्यान्वयन भएको हुनेछ। बाल बालिकामा हुने जटिल खालको कुपोषण रहेका बालवालिका संख्या शुन्य भएको हुनेछ। अल्ट्रा साउण्ड तथा ल्याव सेवासहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच औषत आधा घण्टाभन्दा कम र अस्पतालसम्मको पहुँच औसत १ घण्टाभन्दा कम समयमा हासिल गर्न सकिने अवस्था तयार भएको हुनेछ। प्रोटोकल अनुसार ४ पटक गर्भ परीक्षण गराउने गर्भवती संख्या ८५ प्रतिशत भएको हुनेछ।

आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको निर्णय निर्माण प्रकृयामा समावेशी नीतिअनुसारको सहभागिता सुनिश्चित भएको हुनेछ। क्षमता विकासको तालिम तथा अभिमुखिकरणमा सहभागी लक्षित वर्गका प्रतिनिधिको संख्या ३००० भएको हुनेछ। स्थानीय स्तरमा तालिम लिए पश्चात महिला, दलित तथा अपाङ्गद्वारा सञ्चालित व्यवसाय १०० भएको हुनेछ। राष्ट्रिय तथा प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी संख्या क्रमश: ८ र २५ जना भएको हुनेछ। तालिम हासिल गरे पछि स्वरोजगारीमा लागेका युवा ७०० भएको हुनेछ। सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र ५ वटा भएको हुनेछ। स्थानीय स्तरमा एउटा मिनि सांस्कृतिक संग्राहलय स्थापना भएको हुनेछ। सामाजिक विकास क्षेत्रको नतिजा खाका देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका- २२ : सामाजिक विकास विषय क्षेत्र नतिजा खाका**

| नतिजा श्रृङखला | सूचक | | आ.व.०७७/७८ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| **प्रभाव** : सुसंस्कृत, स्वस्थ र उद्यमशील जनशक्ति निर्माण गर्ने। | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७०० | ७०० | ८०० | ९०० | १००० | १००० | - नगर स्थि |
| | अस्पताल पुग्न लाग्ने औसत समय | घण्टा | १ | १ | ४५ | ४० | ३५ | ३० | - सर्भेक्षण |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.८ | २.९ | ३ | ३.२ | ३.४ | ३.६ | - प्रगति/अ |
| | लक्षित वर्गले सञ्चालन गरेका उद्योग | संख्या | ३५५ | ४२० | ५०० | ५८० | ६४० | ७५० | - नेपाल सरकार |
| | लैङ्गिक तथा बाल हिंसाका घटना | संख्या | ३ | ३ | २ | २ | १ | १ | |
| **असर १ :** गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर तयार गर्नु। | वार्षिक रुपमा प्राविधिक शिक्षामा उत्तिर्ण विद्यार्थी | संख्या | ३०० | ३६० | ४२० | ४८० | ५४० | ६०० | - नगर स्थि<br>- सर्भेक्षण |
| | विद्यालय बीचैमा छोड्ने विद्यार्थी | संख्या | ३९५ | ३५० | ३०० | २५० | २०० | १०० | - प्रगति/अ |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | संख्या | ३ | ० | ० | ० | ० | ० | - विद्यालय प्रतिवेदन |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ७८ | ८० | ८३ | ८५ | ८७ | ९० | - नेपाल सरकार |
| **प्रतिफल १.१ :** विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि भएको हुनेछ। | कक्षा १ भर्ना भएका प्रारम्भिक बाल विकास कक्षाको अनुभव भएका बालबालिका | संख्या | ७३ | ७७ | ८२ | ८६ | ९० | ९५ | - नगर स्थि<br>- सर्भेक्षण<br>- प्रगति/अ |
| | कक्षा ८ को उपलब्धि दर (औसत जिपिए) | प्रतिशत | २.८ | २.९ | ३ | ३.१ | ३.१ | ३.२ | |
| | माध्यमिक शिक्षक विद्यार्थी अनुपात | अंक | १:२९ | १:२८ | १:२७ | १:२६ | १:२५ | १:२५ | |
| | सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने विद्यालय | संख्या | ४ | १९ | ३४ | ४५ | ५५ | ६० | |
| **प्रतिफल १.२ :** प्राविधिक तथा व्यवसायिक शिक्षाका आधार तयार भएको हुनेछ। | स्थानीय स्तरमा सञ्चालित प्राविधिक धारका विद्यालय | संख्या | १ | २ | ३ | ३ | ५ | ५ | -<br>- नगर स्थि |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३२५ | ४०० | ४७५ | ५५० | ६०० | ६०० | - सर्भेक्षण |
| | स्थानीय स्तरमा सञ्चालित प्राविधिक विषय | संख्या | ३ | ३ | ४ | ४ | ४ | ४ | - प्रगति/अ |

| नतिजा श्रृङखला | सूचक |  | आ.व.०७७/७८ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था) |  |  |  |  | पुष्ट्य |
|---|---|---|---|---|---|---|---|---|---|
|  | विवरण | एकाइ |  | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |  |
| **असर २ :** स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर र पोषणको अवस्थामा अभिबृद्धि गर्ने | कम तौल भएका ५ बर्षमुनिका बालबालिका | प्रतिशत | ०.२ | ०.१ | ० | ० | ० | ० | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिला | प्रतिशत | ४६.९ | ५२ | ६० | ७० | ७७ | ८५ |  |
|  | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ५४९ | ५०० | ४५० | ४०० | ३५० | २५० |  |
|  | स्वासप्रश्वासको संक्रमण (ARI) दर ( प्रति हजारमा) | जना | ११६९ | १००० | ८०० | ६०० | ४०० | २०० |  |
|  | परिवार नियोजनाका साधानको उपयोग दर | संख्या | ३० | ३३ | ३८ | ४२ | ४६ | ५० |  |
| **प्रतिफल २.१ :** स्वास्थ्य सेवामा सहज पहुँच विस्तार भएको हुनेछ । | प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गराउने गर्भवती | प्रतिशत | ५०.२ | ५५ | ६० | ६५ | ७५ | ८५ | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | ल्याव सेवा उपलब्ध स्थानीय स्वास्थ्य संस्था | संख्या | २ | २ | ४ | ६ | ६ | ८ |  |
|  | स्वास्थ्य चौकीसम्म पुग्न लाग्ने औषत समय | मिनेट | ४५ | ४२ | ३९ | ३६ | ३३ | ३० |  |
| **प्रतिफल १.२ :** पोषणसम्बन्धी अभ्यासमा गुणात्मक सुधार भएको हुनेछ । | जंक फुड निषेधित विद्यालय संख्या | संख्या | ० | १५ | २५ | ३५ | ४५ | ६३ | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | कुपोषणको समस्या भएका बाल बालिका | जना | ३ | १ | ० | ० | ० | ० |  |
|  | असल खानपानसम्बन्धी अभिमुखिकरणमा सहभागी | संख्या | ० | ५० | १०० | १५० | २०० | २५० |  |
| **असर ४ :** लक्षित वर्गको क्षमता विकास तथा आत्मनिर्भरता अभिवृद्धि गर्नु | लक्षित वर्गको कार्यक्रममा विनियोजना हुने बजेट | प्रतिशत | ०.८ | २ | ३.५ | ५ | ६ | ७ | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ११ | २१ | ३१ | ४५ | ५५ | ६५ |  |
|  | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १२० | १९० | २६० | ३३० | ४०० | ४५० |  |
|  | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | ३ | ६ | ९ | १२ | १४ |  |
| **प्रतिफल ४.१ :** नीति निर्माण तहमा सीमान्तीकृत वर्गको सहभागिता अभिवृद्धि भएको हुनेछ । | महिलाले नेतृत्व गरेका स्थानीय समिति/संरचना | प्रतिशत | १० | १३ | १५ | १८ | २१ | २५ | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | ४० | ४२ | ४५ | ५० | ५० | ५० |  |
|  | उपभोक्ता समितिमा लक्षित वर्गको सहभागिता | प्रतिशत | १० | २० | ३० | ३३ | ३३ | ३३ |  |
| **प्रतिफल ४.२ :** लक्षित वर्गको क्षमता विकासका अवसरहरु उपलब्ध भएको हुनेछ । | क्षमता विकासको तालिम तथा अभिमुखिकरणमा सहभागी लक्षित वर्गका प्रतिनिधि | जना | ५३६ | १००० | १५०० | २००० | २५०० | ३००० | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | लक्षित वर्गको क्षमता विकासको लागि आयोजना गरिने तालिम (वार्षिक) | पटक | १८ | २० | २५ | २५ | २५ | २५ |  |
|  | लक्षित वर्गको सीप विकास कार्यक्रममा सहभागि | संख्या | १२८ | २०० | ३०० | ४०० | ५०० | ६०० |  |
| **प्रतिफल ४.३ :** आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको रोजगार प्राप्तिका अवसर प्रवर्द्धन भएको हुनेछ । | सीपमूलक तालिम हासिल गर्ने महिला तथा दलित | संख्या | २२० | ३८० | ५०० | ७२० | ८६० | १००० | -नगर सि<br>-सर्भेक्षण<br>-प्रगति/ |
|  | सीपमूलक तालिम हासिल गर्ने अपांग | संख्या | ११ | २१ | ३१ | ४१ | ५१ | ६१ |  |
|  | तालिम लिए पश्चात महिला, दलित तथा अपांगद्वारा सञ्चालित व्यवसाय | संख्या | २१ | २०० | ४०० | ६०० | ८०० | १००० |  |
| **असर ५ :** युवा वर्गको | सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १० | १२ | १४ | १४ | १४ | १४ | -नगर सि<br>-सर्भेक्षण |
|  | क्लब तथा सञ्जालमा आवद्ध युवा | संख्या | ३५० | ४०० | ४५० | ४५० | ४५० | ४५० |  |

| नतिजा श्रृङ्खला | सूचक | | आ.व.०७७/७८ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| सृजनशिलता तथा उद्यमशिलता अवसरमा अभिबृद्धि गर्नु | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २३० | २९५ | ३६० | ४२० | ४८० | ५५० | -प्रगति/अ |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ० | १ | २ | २ | २ | २ | |
| | राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ६ | ६ | ७ | ७ | ८ | ८ | |
| **प्रतिफल ५.१ :** युवा स्वरोजगारीका अवसर प्रवर्द्धन भएको हुनेछ । | स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | ९० | २४० | ३८० | ५२० | ६६० | ८०० | -नगर स्थि<br>-सर्भेक्षण<br>-प्रगति/अ |
| | सहयोग वा अनुदानमा युवाद्धारा सञ्चालित उद्यम | संख्या | ९ | २२ | ३५ | ४८ | ६१ | ७५ | |
| | तालिम हासिल गरे पछि स्वरोजगारीमा लागेका युवा | संख्या | १३१ | २५० | ३७० | ४९० | ६०० | ७०० | |
| **प्रतिफल ५.२ :** खेलकुद क्षेत्रको विकासका अवसर उपलब्ध भएको हुनेछ । | खेल प्रशिक्षणमा सहभागी युवा ( वार्षिक) | संख्या | ७० | २१० | ३५० | ४९० | ६३० | ७७० | -नगर स्थि<br>-सर्भेक्षण<br>-प्रगति/अ |
| | प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १५ | १७ | १९ | २१ | २३ | २५ | |
| | पालिकास्तरमा आयोजना हुने खेलकुद | संख्या | २ | ४ | ५ | ५ | ५ | ५ | |
| **असर ६:** मौलिक सम्पदा, कला र संस्कृति संरक्षणका आधार तयार गर्नु | संरक्षित सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | -नगर स्थि<br>-सर्भेक्षण<br>-प्रगति/अ |
| | राष्ट्रियस्तरका कलाकार | संख्या | ३ | ३ | ३ | ४ | ४ | ४ | |
| | प्रवर्द्धित धार्मिक सांस्कृतिक क्षेत्र | संख्या | ० | २ | ३ | ४ | ४ | ४ | |
| **प्रतिफल ६.१:** स्थानीय संस्कृति तथा सम्पदा संरक्षणका अवसर सृजना भएको हुनेछ । | स्थानीय संस्कति सम्बन्धी अध्ययन | संख्या | ० | | | १ | १ | १ | -सर्भेक्षण<br>-प्रगति प्र |
| | मिनि संस्कृतिक संग्राहलय | संख्या | ० | | | १ | १ | १ | |
| | व्यवस्थित मेला तथा जात्रा | संख्या | ० | २ | ४ | ४ | ४ | ४ | |
| **प्रतिफल ६.२:** कला तथा गीत संगीतको प्रवर्द्धन भएको हुनेछ । | स्थानीय कला तथा सीप प्रतियोगिता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | -सर्भेक्षण<br>-प्रगति प्र |
| | कला तथा संस्कृति प्रदर्शनी | संख्या | ० | १ | २ | ३ | ४ | ५ | |
| | पुरस्कृत प्रतिभा | जना | ० | २ | ४ | ६ | ८ | १० | |

## ५.९ प्रमुख कार्यक्रम तथा आयोजना

### ५.९.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

मन्थली नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको कार्यान्वयन नगरपालिकाको आन्तरिक स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा गरिनेछ । प्रमुख कार्यक्रमको स्थानगत तथा कार्यक्रमको अन्य विवरण उपशिर्षक ५.९.२ मा प्रस्तुत गरिएको छ । प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका- २३ : सामाजिक विकास क्षेत्रका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/ ८३ | जम्मा | | |
| **उद्देश्य १ : विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राबिधिक शिक्षामा सहज पहूँच तथा गुणस्तर कायम गर्नु** | | | | | | | | | | | |
| १.१ विद्यालय पूर्वाधार | पटक | १ | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | ३०००० | - |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/ ८३ | जम्मा | | |
| सुदृढीकरण कार्यक्रम | | | | | | | | | | | |
| १.२ संरचनागत शैक्षिक सुधार कार्यक्रम | पटक | १ | ५ | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | ६००० | - |
| १.३ सूचना प्रविधि विस्तार कार्यक्रम | पटक | १ | ५ | १०००० | ६००० | ८००० | १०००० | १४००० | ५०००० | १०००० | - |
| १.४ आवासिय विद्यालय सञ्चालन | संख्या | ० | १ | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | ३०००० | - |
| १.५ सदाचार प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ५०० | ७०० | १००० | १३०० | १६०० | ५१०० | १०२० | - |
| १.६ प्रारम्भिक बाल विकास केन्द्र स्तरोन्नती कार्यक्रम | संख्या | - | ८० | १०००० | ११००० | १२००० | १३००० | १४००० | ५५००० | ६०००० | - |
| १.७ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | १ | ५ | १८००० | १९००० | २०००० | २१०००० | २२०००० | १००००० | २०००० | - |
| १.८ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | ४८०० | ५४०० | ६००० | ६६०० | ७२०० | ३०००० | ६००० | - |
| १.९ जीवनउपयोगी शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | १२०० | १३५० | १५०० | १६५० | १८०० | ७५०० | १५०० | - |
| १.१० प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | २००० | - |
| १.११ उच्च शिक्षा सहयोग कार्यक्रम | पटक | १ | ५ | १२८० | १४४० | १६०० | १७६० | १९२० | ८००० | १६०० | - |
| १.१२ विद्यालय पोषण सुधार कार्यक्रम | विद्यालय संख्या | ० | ६६ | ८००० | ९००० | १०००० | ११००० | १२००० | ५०००० | १०००० | - |
| १.१३ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | संख्या | ० | २ | ० | २०० | ३०० | २०० | ३०० | १००० | ५०० | - |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/ ८० | ०८०/ ८१ | ०८१/ ८२ | ०८२/ ८३ | जम्मा | | |
| १.१४ बालबालिकमा डिजिटल लत नियन्त्रण | पटक | ० | ५ | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | १००० | - |
| १.१५ शिक्षा शाखा व्यवस्थापन | पटक | १ | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० | - |
| १.१६ नियमित कार्यक्रम | पटक | १ | ५ | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | १००० | - |
| **उद्देश्य १ को जम्मा :** | | | | | | | | | ५३९१०० | | |
| **उद्देश्य २ : विशिष्टकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पोषणमा सहज पहुँच स्थापित गर्नु** | | | | | | | | | | | |
| २.१ स्वास्थ्य संस्था पूर्वाधार कार्यक्रम | पटक | १ | ५ | ७२००० | ८१००० | ९०००० | ९९००० | १०८००० | ४५०००० | ९०००० | - |
| २.२ स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | संख्या | ० | २५ | १३६० | १५३० | १७०० | १८७० | २०४० | ८५०० | ३४० | - |
| २.३ ५० शय्याको अस्पताल निर्माण साझेदारी | संख्या | ० | १ | ८००० | १००००० | १२०००० | | | ३०००० | ३००००० | - |
| २.४ विस्तारीत सुनौला हजार दिन कार्यक्रम | पटक | ० | ५ | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | २००० | - |
| २.५ स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ० | ५ | ३२०० | ३६०० | ४००० | ४४०० | ४८०० | २०००० | ८००० | - |
| २.६ क्षयरोग नियन्त्रण कार्यक्रम | पटक | ० | ५ | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | १००० | - |
| २.७ जनस्वास्थ्य तथा पोषण सचेतना कार्यक्रम | पटक | ० | ५ | ५६० | ६३० | ७०० | ७७० | ८४० | ३५०० | ७०० | - |
| २.८ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ० | ५ | २४०० | २७०० | ३००० | ३३०० | ३६०० | १५००० | ३००० | - |
| २.९ मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | ० | ५ | ५६०० | ६३०० | ७००० | ७७०० | ८४०० | ३५००० | ७००० | - |
| २.१० स्वास्थ्य बीमा प्रवर्द्धन | पटक | ० | ५ | ३२०० | ३६०० | ४००० | ४४०० | ४८०० | २०००० | | - |
| २.११ सालवसाली कार्यक्रम | पटक | ० | ५ | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | | - |
| **उद्देश्य २ को जम्मा :** | | | | | | | | | ६०७०००० | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/ ८० | ०८०/ ८१ | ०८१/ ८२ | ०८२/ ८३ | जम्मा | | |
| **उद्देश्य ३: आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु** | | | | | | | | | | | |
| ३.१ महिला स्वरोजगार कार्यक्रम | जना | १५० | १०५ ० | ३६०० | ४०५० | ४५०० | ४९५० | ५४०० | २२५०० | २५ | - |
| ३.२ दलित स्वरोजगारी कार्यक्रम | जना | ७० | ४०० | १३१२ | १४७६ | १६४० | १८०४ | १९६८ | ८२०० | २५ | - |
| ३.३ आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | जना | २५० | ७०० | १७९२ | २०१६ | २२४० | २४६४ | १७९२ | ११२०० | २५ | - |
| ३.४ अपाङ्ग स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | जना | ११ | ६५ | २६४ | २९७ | ३३० | ३६३ | ३९६ | १६५० | ३० | - |
| ३.५ लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | पटक | ० | ५ | ५६० | ६३० | ७०० | ७७० | ५६० | ३५०० | ७०० | - |
| ३.६ सामाजिक विभेद तथा कुप्रथा निरुपण कार्यक्रम | पटक | ० | ५ | ४०० | ४५० | ५०० | ५५० | ४०० | २५०० | ५०० | - |
| ३.८ सेफ हाउस व्यवस्थापन | पटक | १ | ५ | १२०० | १३५० | १५०० | १६५० | १२०० | ७५०० | १५०० | - |
| ३.९ जेष्ठ नागरिक हित अभिवृद्धि कार्यक्रम | पटक | १ | ५ | ४१०० | १००० | ११०० | १३०० | १५०० | ९००० | १८०० | - |
| ३. १० बालमैत्री नगरपालिका कार्यक्रम | पटक | १ | ५ | २४८० | २७९० | ३१०० | ३४१० | ३७२० | १५५०० | ३१०० | - |
| ३.११ लक्षित वर्ग सञ्जाल सशक्तिकरण ा तथा परिचालन | पटक | ० | ५ | २४० | २७० | ३०० | ३३० | २४० | १५०० | ३०० | - |
| | जना | - | १०० | ४८० | ५४० | ६०० | ६६० | ४८० | ३००० | ३० | - |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/ ८३ | जम्मा | | |
| ३.१२ विपन्न वर्ग छात्रवृत्ति कार्यक्रम | | | | | | | | | | | |
| ३.१३ अपाङ्ग सेवा केन्द्र स्थापना | संख्या | ० | १ | ५६० | ६३० | ७०० | ७७० | ५६० | ३५०० | ३५०० | - |
| ३.१४ नियमित कार्यक्रम | पटक | | ५ | २४० | २७० | ३०० | ३३० | २४० | १५०० | ३०० | - |
| **उद्देश्य ३ को जम्मा :** | | | | | | | | | **९१०५०** | | |
| **उद्देश्य ४: युवा स्वाभिमान एवं स्वरोजगारी र व्यावसयिक खेलका अवसर प्रवर्द्धन गर्नु** | | | | | | | | | | | |
| ४.१. युवा स्वरोजगार कार्यक्रम | जना | – | ५०० | २४०० | २७०० | ३००० | ३३०० | २४०० | १५००० | ३० | - |
| ४.२ खेलकुद पूर्वाधार विकास कार्यक्रम | संख्या | २ | १५ | ३२०० | ३६०० | ४००० | ४४०० | ३२०० | २०००० | १५३८ | - |
| ४.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | – | ५ | ४०० | ४५० | ५०० | ५५० | ४०० | २५०० | ५०० | |
| ४.५ युवा उत्प्रेरणा कार्यक्रम | जना | ० | ५०० | ४०० | ४५० | ५०० | ५५० | ४०० | २५०० | ५ | - |
| ४.६ प्रतिभावान युवा प्रोत्साहन | जना | ० | ५० | ३२० | ३६० | ४०० | ४४० | ३२० | १००० | २० | - |
| ४.७ सालबसाली कार्यक्रम | पटक | १ | ५ | ८० | ९० | १०० | ११० | ८० | ५०० | १०० | - |
| **उद्देश्य ४ को जम्मा :** | | | | | | | | | **४१५००** | | |
| **उद्देश्य ५: मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना गर्नु** | | | | | | | | | | | |
| ५.१ सांस्कृतिक तथा ऐतिहासिक सम्पदा अध्ययन | संख्या | ० | १ | – | ५०० | – | – | – | ५०० | ५०० | - |
| ५.२ सांस्कृतिक मिनि संग्राहलय स्थापना | संख्या | ० | १ | – | २००० | २००० | २००० | – | ६००० | ६००० | - |
| ५.३ मौलिक सीप पुस्ता हस्तान्तरण कार्यक्रम | स्थान | ० | १४ | ५६ | ६३ | ७० | ७७ | ५६ | ३५० | २५ | - |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/ ८३ | जम्मा | | |
| ५.४ स्थानीय प्रतिभा पुरस्कार | पटक | ० | ५ | ७० | ७० | ७० | ७० | ७० | ३५० | ७० | - |
| ५.५ मौलिक कला तथा संस्कृति प्रदर्शनी | पटक | ० | ५ | ४०० | ४५० | ५०० | ५५० | ४०० | २५०० | ५०० | - |
| ५.६ स्थानीय मेला जात्रा व्यवस्थापन | पटक | ० | ५ | १६० | १८० | २०० | २२० | १६० | १००० | २०० | - |
| ५.७ गीत तथा संगीत प्रतियोगिता | पटक | ० | ५ | २४० | २७० | ३०० | ३३० | २४० | १५०० | | - |
| ५.७ सालवसाली कार्यक्रम | पटक | ० | ५ | ८० | ९० | १०० | ११० | ८० | ५०० | १०० | - |
| **उद्देश्य ५ को जम्मा :** | | | | | | | | | १२७०० | | - |
| **सामाजिक विकास क्षेत्रको कुल जम्मा बजेट** | | | | | | | | | १२९१३५० | | |

*** भवन निर्माण हुने स्वास्थ्य संस्था**

- कठजोर स्वास्थ्य चौकी वडा नं. २
- ठाँटी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ३
- सालु स्वास्थ्य चौकी वडा नं. ४
- सुनारपानी स्वास्थ्य चौकी वडा नं. ५
- भटौली स्वास्थ्य चौकी वडा नं.७
- पुराना गाउँ स्वास्थ्य चौकी वडा नं. ९
- फुलासी स्वास्थ्य चौकी वडा नं. १३
- पोखरी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १४
- टेकनपूर शहरी स्वास्थ्य वडा नं. २
- गैराथोक शहरी स्वास्थ्य केन्द्र वडा नं. ४
- हुलाक वेतिनी शहरी स्वास्थ्य केन्द्र वडा नं. ६
- बढी मुहान शहरी स्वास्थ्य केन्द्र वडा नं. ७
- माने डाँडा शहरी स्वास्थ्य केन्द्र वडा नं. ७
- बाहुन चुया स्वास्थ्य केन्द्र वडा नं. ९
- सानी मदौ शहरी स्वास्थ्य केन्द्र वडा नं. १
- भोर्लाभाङ्ग शहरी स्वास्थ्य केन्द्र वडा नं. ११
- आरुवोटे शहरी स्वास्थ्य केन्द्र वडा नं. १३
- चिसापानी आयुर्वेद औषधालय वडा नं. ८

****खानेपानी सुबिधा विस्तार हुने स्वास्थ्य संस्था**

- सुनारपानी स्वास्थ्य चौकी वडा नं. ५
- चिसापानी स्वास्थ्य चौकी वडा नं. ८
- गेलु प्राथमिक स्वास्थ्य केन्द्र वडा नं. ११
- सिक्राल आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १२
- गैराथोक शहरी स्वास्थ्य केन्द्र वडा नं. ४
- हुलाक वेतिनी शहरी स्वास्थ्य केन्द्र वडा नं. ६
- बढी मुहान शहरी स्वास्थ्य केन्द्र वडा नं. ७
- माने डाँडा शहरी स्वास्थ्य केन्द्र वडा नं. ७
- बाहुन चुय स्वास्थ्य केन्द्र वडा नं. ९
- भोर्लाभाङ्ग शहरी स्वास्थ्य केन्द्र वडा नं. ११

### ५.९.२ आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण

सामाजिक विकास क्षेत्रको प्रस्तावित आयोजना तथा कार्यक्रम स्थानगत तथा क्रियाकलापको विवरण देहायअनुसार तालिकामा प्रस्तुत छ :

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| उद्देश्य १ | | | ५३९१०० | |
| १.१ विद्यालय पूर्वाधार सुदृढीकरण कार्यक्रम | पटक | ५ | १५०००० | - ६२ कक्षा कोठा<br>- १२ विद्यालयमा सुविधायुक्त शौचालय भवन<br>- १७ विद्यालयमा खानेपानी धारा<br>- २२ विद्यालयमा खेल मैदान स्तरोन्नती<br>- आधारभूत तहका ११ विद्यालयमा सेनिटरी प्याड डिस्पोज स्थल निर्माण गर्ने<br>- ६५ विद्यालयमा घेरावार<br>- फर्निचर (२२ सय जनाका लागि) |
| १.२ संरचनागत शैक्षिक सुधार कार्यक्रम | पटक | ५ | ३०००० | - नगर शिक्षा योजना तर्जुमा<br>- विद्यालय नक्सांकन<br>- स्थानीय पाठ्यक्रम (कक्षा ६ देखि ८) निर्माण<br>- सफल अनुभव आदान प्रदान (वार्षिक रुपमा)<br>- अनुगमन तथा मूल्याङ्कन<br>- विद्यालयमा सार्वजनिक सुनुवाइ<br>- भौगोलिक दुरी र विद्यार्थी संख्याका आधारमा विद्यालय मर्ज, कक्षा बढोत्तरी एवं कक्षा घटुवा |
| १.३ सूचना प्रविधि विस्तार कार्यक्रम | पटक | ५ | ५०००० | - इन्टरनेट व्यवस्था<br>- पावर व्याक अप व्यवस्था<br>- विद्युतीय हाजिरी तथा सिसि क्यामरा जडान<br>- मोवाइल एप निर्माण<br>- शिक्षकलाई डिजिटल पाठ्सामाग्री<br>- मल्टिमिडिया तथा ल्यापटप हस्तान्तरण<br>- डिजिटल सिकाइका लागि शिक्षक अभिमुखिकरण |
| १.४ आवासिय विद्यालय सञ्चालन | संख्या | १ | ३०००० | - वडा नं. ८ को भटौलीमा |
| १.५ सदाचार प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५१०० | - विद्यालयमा योग, व्यायाम तथा खेलकुद अभ्यास<br>- नैतिक शिक्षा विशेष कक्षा<br>- उत्प्रेरणा कक्षा |
| १.६ प्रारम्भिक बाल विकास केन्द्र स्तरोन्नती कार्यक्रम | संख्या | ८० | ५५००० | - स्वच्छ खानेपानी, शौचालय तथा कक्षा कोठा व्यवस्थापन<br>- सिकाइ सामग्री एवं खेल सामग्री व्यवस्था<br>- प्रारम्भिक बाल विकास केन्द्रमा सिकाई कर्नर स्थापना<br>- प्रारम्भिक बाल विकास केन्द्र र प्राथमिक तहका शिक्षकलाई समय सापेक्ष तालिम |
| १.७ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | ५ | १००००० | - विद्यालय बाहिर रहेका विद्यार्थीको नियमित खोज पडताल तथा कक्षा नियमितता<br>- १९ माविमा स्कुल वस<br>- लिडर तथा फिडर विद्यालय कार्यक्रम<br>- अविभावक शिक्षा सञ्चालन<br>- पछाडी परेको समुदायका बालबालिकाका लागि विशेष प्रोत्साहन |
| १.८ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | ३०००० | - मावि तहमा ३९ र निमावि तहमा ३९ शिक्षक दरवन्दी थप<br>- प्रारम्भिक बाल विकास केन्द्र र शिक्षकलाई मागमा आधारित तालिमको व्यवस्था<br>- शिक्षकका लागि उत्प्रेरणामूलक अभिमूखिकरण |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - शिक्षण सिकाइमा सूचना प्रबिधि उपयोग र सिकाइका नविनतम विधि सम्बन्धमा अभिमूखिकरण<br>- शिक्षकका लागि पाठ्क्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकासम्बन्धी अभिमूखिकरण |
| १.९ जीवनउपयोगी शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ७५०० | - ८ कक्षा वा माथिल्लो कक्षा सम्म सञ्चालित ३० विद्यालयमा नर्सरी, तरकारी खेती, नगदेवाली, पुष्प खेतीका लागि अभ्यास केन्द्र स्थापना<br>- शुक्रवारीय कृषि अभ्यास तथा सफल व्यवसायी, अभियन्ता र विज्ञसँग अन्तरकृया<br>- आधारभूत तहको प्राविधिक ज्ञानः पाक शिक्षा, मोवाइल मर्मत, विद्युत तथा पलम्विङ्ग सम्बन्धमा ज्ञान हस्तान्तरण |
| १.१० प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १०००० | - प्राबिधिक विषयमा छात्रवृत्रि<br>- प्राबिधिक शिक्षालय सञ्चालन सहयोग |
| १.११ उच्च शिक्षा सहयोग कार्यक्रम | पटक | ५ | ८००० | - विपन्न तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति (१०० जना)<br>- क्याम्पस स्तरोन्नती सहयोग |
| १.१२ विद्यालय पोषण सुधार कार्यक्रम | विद्यालय संख्या | ६६ | ५०००० | - ३० विद्यालयमा खाजा कार्यक्रमलाई आधारभूत तह (कक्षा ८) सम्म सञ्चालन<br>- विद्यालयमा जंक फुड निषेध<br>- स्थानीय वस्तुबाट खाना तयार गर्ने सम्बन्धमा अविभावक अभिमुखिकरण<br>- जंक फुडको दुस्प्रभाव सम्बन्धमा विद्यार्थी सचेतना |
| १.१३ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | संख्या | २ | १००० | - क्याम्पस तथा विश्व विद्यालयसँग सहकार्य गर्ने |
| १.१४ बालबालिका डिजिटल एडिक्सन नियन्त्रण | पटक | ५ | ५००० | - अविभावक सचेतना<br>- कोठाभित्र र वाहिर खेल्न सकिने खेलको नियमित अभ्यास र प्रतियोगीता आयोजना<br>- टोलस्तरमा खेल तथा मनोरञ्जन स्थल निर्माण र सहजिकरण |
| १.१५ शिक्षा शाखा व्यवस्थापन | पटक | ५ | २५०० | - शिक्षा शाखा |
| १.१६ नियमित कार्यक्रम | पटक | ५ | ५००० | - सालबसाली कार्यक्रम |
| **उद्देश्य २** | | | ६०७००० | |
| २.१ स्वास्थ्य संस्था पूर्वाधार कार्यक्रम | पटक | ५ | ४५०००० | - १४ स्वास्थ्य संस्थाको भवन निर्माण *<br>- २५ (सबै) स्वास्थ्य संस्थामा व्यवस्थित तारवार<br>- ९ वटा स्वास्थ्य संस्थामा खानेपानी सुबिधा**<br>- २४ (आयुर्वेद औषधालय बाहेक) स्वास्थ्य संस्थामा अस्पतालजन्य फोहोर व्यवस्थापन स्थल निर्माण |
| २.२ स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | संख्या | २५ | ८५०० | - २४ स्वास्थ्य संस्थामा (मन्थली बाहेक) इन्टरनेट<br>- २२ स्वास्थ्य संस्थामा कम्प्युटर (मन्थली, गेलु, पुराना गाउँ बाहेक)<br>- २५ स्वास्थ्य संस्थामा ल्यापटप<br>- २५ स्वास्थ्य संस्थामा सिसि क्यापरा<br>- २५ स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - पावर व्याक अप १९ वटा स्वास्थ्य संस्थामा |
| २.३ ५० शैयाको अस्पताल निर्माण साझेदारी | संख्या | १ | ३०००० | - वडा नं. १ मन्थली प्रास्वाके मा |
| २.४ विस्तारीत सुनौला हजार दिन कार्यक्रम | पटक | ५ | १०००० | - पालिकास्तरमा |
| २.५ स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ५ | २०००० | - २२ स्वास्थ्य संस्थामा भिडियो एक्स रे सेवा (मन्थली वर्थिगं सेण्टर र आयुर्वेद औषधालयबाहेक सबै)<br>- २३ स्वास्थ्य संस्थामा टेलि मेडिसिन (आयुर्वेद औषधालयबाहेक सबै)<br>- ९ वटा स्वाचौ र गेलु प्रास्वाकेमा माइक्रोस्कोप<br>- क्षयरोगीको परिवारको निशुल्क कण्ट्याक्ट टेसिगं तथा परिक्षणका लागि निशुल्क यातायात खर्च<br>- महिला स्वयम सेविका मार्फत किटको उपयोग गरी किडनी फंसन परिक्षण<br>- जेष्ठ नागरिकका लागि ल्याव इसिजी, भिडियो एक्स रे सहितको विशेषज्ञ सेवा (प्रत्येक वडामा वर्षको एक पटक) |
| २.६ क्षयरोग नियन्त्रण कार्यक्रम | पटक | ५ | ५००० | - क्षयरोग पहिचान भएका व्यक्तिका लागि मासिक १००० भत्ता<br>- क्षयरोगको खकार परिक्षणका लागि ९ वटा स्वाचौ र गेलु प्रास्वाकेमा माइक्रोस्कोप सेवा<br>- क्षयरोगीको परिवारको निशुल्क कण्ट्याक्ट टेसिगं तथा परिक्षणका लागि निशुल्क यातायात खर्च |
| २.७ जनस्वास्थ्य तथा पोषण सचेतना कार्यक्रम | पटक | ५ | ३५०० | - टोल स्तरमा जनस्वास्थ्य तथा पोषण समिति गठन<br>- टोलस्तरमा जनस्वास्थ्य, सरसफाइ तथा स्वस्थ्य आहार सम्बन्धी अभिमुखिकरण<br>- स्थानीय वस्तुबाट स्वादिष्ट सन्तुलित खाना तयारी सम्बन्धी भिडियो तयारी<br>- स्वास्थ्य मोवाइल एप तयारी<br>- वडास्तरमा योग केन्द्र सञ्चालन |
| २.८ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | १५००० | - वार्षिक उत्कृष्ट स्वास्थ्यकर्मी पुरस्कार<br>- महिला स्वास्थ्य स्वयंम सेविका क्षमता विकास<br>- उमेर पुगेका महिला स्वास्थ्य स्वयम सेविका सम्मान सहित अवकास<br>- स्वास्थ्यकर्मीहरूका लागि नियमित रुपमा Clinical Training |
| २.९ मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | ५ | ३५००० | - मोवाइल युएस जि क्याम्प<br>- गर्भवती तथा सुत्केरीका लागि मोवाइल म्यासेजिगं<br>- वर्थिङ सेण्टरमा पुग्न निशुल्क एम्बुलेन्स सेवा<br>- रेफर गर्भवती तथा सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा<br>- वर्थिङ सेण्टरमा कुरुवा घर तथा खाना व्यवस्था<br>- वर्थिङ सेण्टरमा सुत्केरी हुन आउनेका लागि पोष्टिक खाना व्यवस्था<br>- गर्भ परिक्षण गर्न आउने महिलाका लागि खाजाको व्यवस्था<br>- गर्भवती खोज पडताल तथा स्वास्थ्य परिक्षण परामर्श |
| २.१० स्वास्थ्य बीमा प्रवर्द्धन | पटक | ५ | २०००० | - विपन्न बीमा अनुदान<br>- बीमा प्रोत्साहन |
| २.११ सालवसाली कार्यक्रम | पटक | ५ | १०००० | - नियमित कार्यक्रम |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| उद्देश्य ३ | | | ९१०५० | |
| ३.१ महिला स्वरोजगार कार्यक्रम | जना | १०५० | २२५०० | - ७०० महिलालाई मागमा आधारित स्वरोजगारमूलक तालिम<br>- २५० महिलाका लागि व्यवसायीक प्रतिफलका आधारमा अनुदान<br>- लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन ३०० जना<br>- कृषि उपज बजारीकरण सहयोग |
| ३.२ दलित स्वरोजगारी कार्यक्रम | जना | ४०० | ८२०० | - आरन सुधार ३५ वटा<br>- २५० जनालाई मागमा आधारित स्वरोजगारमूलक तालिम<br>- व्यवसाय सञ्चालन अनुदान (प्रतिफलमा आधारित) १५० जनालाई<br>- लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन ७५ जनालाई |
| ३.३ आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | जना | ७०० | ११२०० | - ३०० जनालाई मागमा आधारित स्वरोजगारमूलक तालिम<br>- १५० जनाका लागि व्यवसायीक प्रतिफलका आधारमा अनुदान<br>- लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन १५० जना<br>- बजारीकरण सहयोग |
| ३.४ अपाङ्ग स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | जना | ६५ | १६५० | - मागमा आधारित तालिम ५० जना<br>- व्यवसाय सञ्चालन सहयोग<br>- उत्पादन बजारीकरण सहयोग |
| ३.५ लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | पटक | ५ | ३५०० | - वडास्तरमा लैगिक हिंसा निगरानी समूह गठन<br>- लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यनिकरणसम्बन्धी वार्षिक सप्ताह<br>- लैङ्गिक हिंसा न्यूनिकरण तथा घरेलु हिंसा न्यनिकरणसम्बन्धी अन्तरकृया<br>- महिला सहकारी संस्था तथा संजाल, युवा संजाल तथा क्लव अभिमुखिकरण<br>- हिंसा पिडितका लागि निशुक्ल: परामर्श तथा कानुनी उपचार |
| ३.६ सामाजिक विभेद तथा कुप्रथा निरुपण कार्यक्रम | पटक | ५ | २५०० | - विभेद विहिन टोल पुरस्कार<br>- सामाजिक कुप्रथा विरुद्ध विद्यालयमा अतिरिक्त कक्षा<br>- सामाजिक कुप्रथा विरुद्ध भिडियो तथा अडियो सामाग्री निर्माण तथा प्रचार<br>- दलित तथा गैरदलित सहभोज कार्यक्रम<br>- महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरकृया<br>- दिवसीय कार्यक्रम सञ्चालन (जेष्ठ नागरिक दिवस, अपाङ्गता दिवस, बाल दिवस, अन्तराष्ट्रिय महिला दिवस) |
| ३.८ सेफ हाउस व्यवस्थापन | पटक | ५ | ७५०० | - हिंसा पिडितका पुनस्थापना सहजिकरण<br>- अल्पकालिन सेवा केन्द्र व्यवस्थापन |
| ३.९ जेष्ठ नागरिक हित अभिवृद्धि कार्यक्रम | पटक | ५ | ९००० | - १४ वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा अन्तरपुस्ता सीप हस्तान्तरण<br>- जेष्ठ नागरिक क्लव वडास्तरमा गठन<br>- जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन<br>- असक्त जेष्ठ नागरिक स्याहारको लागि |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - स्याहार सम्बन्धी अभिमूखिकरण |
| ३.१० बालमैत्री नगरपालिका कार्यक्रम | पटक | ५ | १५५०० | - बाल गृह स्थापना<br>- बाल विवाह न्यूनिकरण सचेतना तालिम (हरेक वर्ष वडास्तरमा बाल तथा महिला सञ्जाललाई)<br>- बाल दुर्व्यवहार न्यूनिकरण कार्यशाला<br>- अनाथ बालबालिका व्यवस्थापन (पालिकास्तरमा) |
| ३.११ लक्षित वर्ग सञ्जाल सशक्तिकरण तथा परिचालन | पटक | ५ | १५०० | - लक्षित वर्ग सञ्जालहरू गठन<br>- सञ्जाल पदाधिकारीलाई अधिकार तथा जिम्मेवारीसम्बन्धी अभिमुखिकरण<br>- वडा तथा नगरस्तरमा किशोरी समूह गठन (११ देखि १९ वर्ष सम्मका) |
| ३.१२ विपन्न वर्ग छात्रवृत्ति कार्यक्रम | जना | १०० | ३००० | - उच्च शिक्षा अध्ययन छात्रवृत्ति ५० जना<br>- प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति ५० जना |
| ३.१३ अपाङ्ग सेवा केन्द्र स्थापना | संख्या | १ | ३५०० | - जीवन उपयोगी सीप विकास, दिनचर्या र स्वरोजगारीका |
| ३.१४ नियमित कार्यक्रम | पटक | ५ | १५०० | - नियमित कार्यक्रम |
| **उद्देश्य ४** | | | **४१५००** | |
| ४.१. युवा स्वरोजगार कार्यक्रम | जना | ५०० | १५००० | - मागमा आधारित स्वरोजगारमूलक तालिम २५० जना<br>- उत्पादन बीमा<br>- शिक्षक सेवा आयोग, लोक सेवा आयोग तथा प्रहरी सेवा तयारी कक्षा २५० जना<br>- उत्पादन वा प्रतिफलमा आधारित अनुदान ७५ जना |
| ४.२ खेलकुद पूर्वाधार विकास कार्यक्रम | संख्या | १५ | २०००० | - १३ वडामा एक वडा एक खेल मैदान<br>- वडा नं. १ मा निर्माणाधिन रंगशाला तथा कवर्ड हल व्यवस्थापन |
| ४.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ५ | २५०० | - प्रशिक्षक पुनर्ताजकी तालिम (तेक्वान्दो, कराँते, उसु, भलिवल, फुटवल २५ जना)<br>- खेलाडी प्रशिक्षण<br>(तेक्वान्दो, कराँते, उसु, भलिवल, फुटवल ५०० जना) |
| ४.४ युवा उत्प्रेरणा कार्यक्रम | जना | ५०० | २५०० | - ५०० जनालाई उत्प्रेरणा जगाउने कक्षामा सहभागिता<br>- सामाजिक तथा आर्थिक क्षेत्रमा उदाहरणीय कार्य गर्नेलाई वार्षिक रुपमा सम्मान |
| ४.५ प्रतिभावान युवा प्रोत्साहन | जना | ५० | १००० | - ५० जना (हरेक वर्ष १० जना) |
| ४.६ सालबसाली कार्यक्रम | पटक | ५ | ५०० | - नियमित कार्यक्रम |
| **उद्देश्य ५** | | | **१२७००** | |
| ५.१ सांस्कृतिक तथा ऐतिहासिक सम्पदा अध्ययन | संख्या | १ | ५०० | - नगरस्तरमा |
| ५.२ सांस्कृतिक मिनि संग्राहलय स्थापना | संख्या | १ | ६००० | - नगरस्तरमा |
| ५.३ मौलिक सीप पुस्ता | स्थान | १४ | ३५० | - १४ वटा जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| हस्तान्तरण कार्यक्रम | | | | |
| ५.४ स्थानीय प्रतिभा पुरस्कार | पटक | ५ | ३५० | - १० जना (हरेक वर्ष २ जना) |
| ५.५ मौलिक कला तथा संस्कृति प्रदर्शनी | पटक | ५ | २५०० | - नगरस्तरमा |
| ५.६ स्थानीय मेला जात्रा व्यवस्थापन | पटक | ५ | १००० | - थानापती महादेव मन्दिरमा तिज, ठूली एकादशी, शिव रात्री, जनै पूर्णीमा मेला<br>- गाइजात्रा र हिले जात्रा चिसापानीमा |
| ५.७ गीत तथा संगीत प्रतियोगिता | पटक | ५ | १५०० | - नगरपालिकास्तरमा |
| ५.८ सालवसाली कार्यक्रम | पटक | ५ | ५०० | - नियमित कार्यक्रम |

# परिच्छेद ६ : पूर्वाधार विकास

## ६.१ पृष्ठभूमि

नगर क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले सेवाग्राही जनसंख्याको अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत् बजार, सेवा सुविधामा पहुँच र उपभोग जस्ता दैनिक जनजीवन एवम् आर्थिक क्रियाकलाप सञ्चालन गर्न प्रत्यक्ष योगदान पुग्दछ । पूर्वाधार तथा संरचनाको दिगो विकास र विस्तारबाट लाभ लिन पूर्वाधारको गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरूलाई बढाउँदै नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरू अपनाउनु पर्दछ । स्थानीय स्तरमा विकासको प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास उपलब्धिको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तर्राष्ट्रिय प्रतिवद्धताको रुपमा प्रस्तुत दिगो विकास लक्ष्यले दिगो र व्यवस्थित आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा हरियाली र खुल्ला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुरुप भू-उपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा विकास गर्ने, सामाजिक आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयनको आवश्यकता पर्दछ ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा सञ्चार प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ । नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ६.२ विद्यमान अवस्था, सम्भावना तथा समस्या

### ६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास

#### (क) सम्भावना तथा अवसर

नगरपालिकामा राष्ट्रिय भवन संहिता र भवन, योजना तथा बस्ती विकास आधारभूत मापदण्ड अनुसार १२८ वटा निजी घरको नक्सापास भएको र ८८ वटा पुराना घरको अभिलेखीकरण भएको छ । नगरपालिकामा क्षेत्रभित्र वि.सं. २०७२ को विनाशकारी भूकम्पबाट क्षति भएका घरमध्ये ११,०७७ लाभग्राहीले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निजी आवास निर्माणमा सहयोग प्राप्त गरेका छन् । नगरपालिकाको वडा नम्बर ८ को गाईखुरा माझी बस्तीमा एकीकृत बस्तीको रुपमा २४ घर निर्माण भई सञ्चालनमा रहेका छन् । वडा नम्बर २, १० र १४ मापदण्ड अनुसार वडा कार्यालयको नयाँ पक्की भवन निर्माण भई सञ्चालनमा रहेको छ । वडा नम्बर ४, ५, ७, ८ र ९ मा वडा कार्यालयको जग्गा उपलब्ध रहेको र पुरानो कच्ची भवनमा वडा कार्यालय सञ्चालनमा रहेको छ । वडा नम्बर १ को भवन निर्माणाधिन रहेको तथा वडा नम्बर १ मा तीनलाल पार्क निर्माणाधीन रहेको छ । नगरपालिकाको वडा नम्बर १ मा मदन भण्डारी पार्क रहेको छ । वडा नम्बर १ को सानीमदौमा निजी लगानीमा भ्यू टावर निर्माणाधिन रहेको छ । यसैगरी नगरपालिका क्षेत्रका ९५ प्रतिशतभन्दा बढी निजी आवासीय घर भूकम्प प्रतिरोधी रहेका छन् ।

नगर कार्यपालिका कार्यालयको प्रशासकीय नयाँ भवन निर्माण भई हाल नयाँ भवनबाट सेवा सञ्चालन भइरहेको छ । नगरपालिका क्षेत्रभित्र कुल १२ वटा स्वास्थ्य संस्था आफ्नो भवनमा सञ्चालनमा रहेका छन् । संघ र प्रदेशका गरी २४ वटा कार्यालय आफ्नो भवन सञ्चालनमा रहेका छन् । नगर कार्यपालिका भवन एक वटा, वडा कार्यालय भवन ९ वटा, स्वास्थ्य संस्था १४ (आयुर्वेद समेत) गरी ४२ वटा सरकारी कार्यालय सञ्चालनमा रहेका छन् । कुल ४२ सरकारी कार्यालयमध्ये ६४ प्रतिशत कार्यालय भवन भूकम्प प्रतिरोधी रहेका छन् । वडा नम्बर ८ को गाईखुरामा एकीकृत वस्ती विकास संभाव्यता अध्ययन भई निर्माणको प्रक्रियामा रहेको छ । प्रदेश सरकार र नगरपालिकाको लगानीमा वडा नम्बर १ को सानीमदौमा चिस्यान केन्द्रको संरचना निर्माण भएको छ । वडा नम्बर १ को देवकोटाचोक माथि कुँडार, वडा नम्बर ६ को कुनौरी र हात्तीटार, वडा नम्बर ७ को भटौली, वडा नम्बर ८ को चिसापानी, वडा नम्बर १२ को सावाडाँडामा गरी ७ वटा सामुदायिक भवन रहेका छन् । वडा नम्बर १ को रणजोर खोला दोभानमा अस्थायी रुपमा

ल्याण्डफिल साइट सञ्चालनमा रहेको छ। वडा नम्बर १ को भैंसेश्वरमा ज्येष्ठ नागरिक सेवा केन्द्र (वृद्धाश्रम) सञ्चालनमा रहेको छ।

राष्ट्रिय भू-उपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरूको बीचमा हरित क्षेत्रको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका गर्न जरुरी देखिएको छ। यसको आधारमा भू-उपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिएको छ। नगरपालिकाको १४ वटा वडाहरूमा विभिन्न स्थानमा सार्वजनिक खुल्ला जमिन रहेको भए पनि यकिन तथ्यांकन भने रहेको छैन। नगरपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न वर्गीकरण, पुन:प्रयोग र प्रसोधनको सुविधामा समेत ल्याण्डफिल साइट निर्माणको आवश्यकता देखिन्छ। नगरपालिकाको १६ स्थानमा खुद्रा बजार र २ स्थानमा कृषि बजार रहेका छन्। उल्लिखित बजारहरूमा सडक, बिजुली र खानेपानीका पूर्वाधार उपलब्ध छन्। यस नगरपालिकामा १२ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक, ६ वटा लघु वित्त संस्था, १६ वटा इन्स्योरेन्स कम्पनी र १०९ सहकारी संस्थाको सेवा उपलब्ध रहेको छ। यस नगरपालिकाभित्र सामुदायिक र संस्थागत ७२ वटा विद्यालय रहेका छन्। विद्यालयमा पुस्तकालय र सबै विद्यालयमा आधारभूत स्तरको शौचालय र स्वच्छ खानेपानी सुविधा उपलब्ध रहेको छ।

**(ख) समस्या तथा चुनौती**

नगर क्षेत्रभित्र रहेका ७ वटा जोखिमयुक्त वस्ती संरक्षण गर्नु पर्ने अवस्थामा रहेका छन् भने २ वटा वस्ती स्थानान्तरण लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सिफारिश गरिएको छ। भू-उपयोग योजना तर्जुमा नहुँदा नगरपालिको भू-उपयोग क्षेत्र निर्धारण समेत कठिनाई देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ। संघीय राजधानी निकट र देशकै महत्वपूर्ण राष्ट्रिय राजमार्गसँगै जोडिएको भएता कृषि विकास र व्यवसयिक क्षेत्रको रुपमा विकासतर्फ लम्कदै गरेको यस नगरपालिका क्षेत्रमा भवनसंहिता २०७२ लागू हुनुभन्दा अगाडि बनेका निजी, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी भए नभएको यकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। नगरपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङस्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। भू-उपयोग क्षेत्र निर्धारण नहुँदा र वडा नम्बर ३, ६, ११, १२ र १३ मा जग्गा पनि नभएको र कार्यालय भाडामा सञ्चालन हुँदैआएको छ।

नगरपालिकाको बजार क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजारीकरण र अन्य पूर्वाधार र सुविधाको कमी रहेको छ। राष्ट्रिय भू-उपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र हरित क्षेत्रका लागि नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन। नगरपालिका क्षेत्रका ४७ वटा जोखिमयुक्त स्थान रहेका छन् भने गैह्राथोक, फुलासी, बाहुनचुरा खुडबेसी, गेलु जलकिनीलगायतका ७ वस्तीहरू स्थानान्तरण गर्नुपर्ने राष्ट्रिय पुनर्निर्माण प्राविधिकरणले २०७५ सालमा गरेको सर्भेक्षणले देखाएको छ।

बजार तथा नगर क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन, उद्यान, पर्यटकीय, मनोरञ्जन तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ। नगरपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रयस्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामाग्रीको कमी रहेको देखिन्छ। यस क्षेत्रमा आधुनिक मापदण्डअनुसार बनेका भूकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी संख्या ६० प्रतिशत रहेको छ। नगरपालिकामा बसोबास गर्ने कुल प्रक्षेपित घरपरिवार १०,७३८ मध्ये ६० प्रतिशत घरपरिवार सुरक्षित र बाँकी ४० प्रतिशत घरपरिवार जोखिम संवेदनशील क्षेत्रमा बसोबास गरेको देखिन्छ।

### ६.२.२ सडक, पुल तथा यातायात

**(क) सम्भावना तथा अवसर**

नेपालको राष्ट्रिय राजमार्ग बिपि राजमार्गसँग जोडिएको र मध्यपहाडी लोकमार्ग नगरपालिकाको क्षेत्र भएर जाने र खुर्कोट-तामाकोशी सडक नगरपालिकाको करिब बीच भएर गएको छ। यस नगरपालिकाको १४ वडामध्ये १, २, ३, ४, ५, ६, ७, ८, ११ र १३ गरी १० वटा वडाहरू पक्की सडकले छोएको छ। यस नगरपालिकाको पुन:संरचना अगाडि

२०७२ सालमा साविकका १६ वटा वडा समेटेर मन्थली नगर यातायत गुरुयोजना गरिएको छ। नगरपालिका क्षेत्रभित्रको सडक सञ्जालको स्थिति हेर्दा कुल ४२.५ किमी रणनीतिक सडक, १४१.१५ किमी जिल्ला सडक र ३६०.०५ किमी नगर सडक गरी कुल ५४३.८ किमी सडक सञ्जाल रहेको छ जसमध्ये पक्की सडक ६५ किमी, ग्राभेल/सोलिङ ३६ किमी र धुले सडक ४४३ किमी रहेको छ।

यस नगरपालिकामा ९ वटा मोटरेवल पुल र २० वटा झोलुङ्गे पुल रहेका छन्। नगरपालिको वडा नम्बर १ मन्थली बजारको तामाकोशी तटीय क्षेत्रमा १,५३० मिटर लम्बाई सहितको धावनमार्गको विमानस्थल रहेको तथा सामान ढुवानीको यदाकदा उडान हुने गरेको छ।

नगरपालिका क्षेत्रभित्रको सडकको चौडाई र मापदण्डको आधारमा रणनीति सडक, जिल्ला सडक र नगरस्तरीय सडक गरी तीन वर्गमा सडकलाई वर्गीकरण गरिएको छ। उक्त सडकहरूको सडक क्षेत्राधिकार, सेट ब्याकलगायतका मापदण्डहरू नगर यातायात गुरुयोजनामा परिभाषित गरिएअनुसार हुनेछ। जस अनुसार सडकको चौडाई न्यूनतम ६ मिटर कायम गरिएको छ। नगरपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरू जोड्ने प्रमुख सडकहरू जोड्दा चक्रपथ निर्माण हुने सम्भावना देखिएको छ। यस नगरपालिका संघीय राजधानी काठमाडौबाट १३० कि.मी. र प्रदेश नम्बर २ को राजाधानी जनकपुरधामबाट १२५ कि.मि तथा पूर्वपश्चिम राजमार्गबाट ९३ कि.मि. दुरीमा रहेको छ। प्रदेश नम्बर २ को राजधानी जनकपुरधाम, बर्दिबास र बागमती प्रदेश दोलखाको चरिकोट र सिन्धुली जिल्लाको सिन्धुलीमाढी जस्ता शहरमा निकट अन्तरआवद्धता रहेको छ।

### (ख) समस्या तथा चुनौती

नगरपालिका सबै वडा तथा वस्तीहरू सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन। राष्ट्रिय तथा नगरपालिकाको मापदण्ड लागू हुन नसक्दा धेरैजसो सडकहरू साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन।

सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँबायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण र वृक्षारोपण गरी संरक्षण र सुन्दरता कायम गर्न नसकेको देखिन्छ। नगरपालिकाको विभिन्न स्थानमा सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको तथा सडकको स्तरोन्नति भई यातायात सुचारु हुन सकेको छैन।

नगरपालिकाको सबै वडा र वस्तीहरू अझै पनि बाह्रै महिना सुचारु हुने सडक सञ्जालमा जोडिन सकेका छैनन्। निर्माणाधीन सडकहरूको स्तरोन्नति गरी पक्की तथा ग्राभेल भइनसकेको र आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था हुन सकेको छैन। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दो छ। सडक निर्माणसँगै आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन।

## ६.२.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

### (क) सम्भावना तथा अवसर

विद्युत् तथा ऊर्जा विकास प्रचुर सम्भावना बोकेको मन्थली नगरपालिकामा तामाकोशी जस्ता सुनकोशी प्रमुख नदीहरू र मिल्ती खोला तथा भटौली साना खोला तथा रणजोर, सुकाजोर र कठजोर जस्ता मौसमी खोला रहेका छन्। नगरपालिकाको अधिकांश वस्तीहरूमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा उपलब्ध रहेको (९८ प्रतिशत घरपरिवारमा विद्युतको पहुँच रहेको) छ। कुल घरपरिवारमध्ये ६० प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्यास, करिब ५०० घरपरिवारले बायोग्यास र १० प्रतिशत घरपरिवारले सुझारिएको चुलो प्रयोग गरेको देखिन्छ। अझ पनि ३५ प्रतिशत घरपरिवार इन्धनको रुपमा दाउरा र ५ प्रतिशतले मट्टिलतेल अन्य इन्धनको प्रयोग गर्ने गरेका छन्। कुल ४२ सरकारी कार्यालयमध्ये ६० प्रतिशत र करिब १० प्रतिशत घरपरिवारमा बत्ती बाल्नको लागि सोलारको प्रयोग गर्ने गरेको देखिन्छ।

### (ख) समस्या र चुनौती

यस नगरपालिकामा अझै पनि धेरै प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। विद्युत्, बायोग्यास, तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। नगरपालिकाको केही छरिएका

वस्तीहरूमा विद्युत् लाईन पुग्ने नसकेको, पुगेको स्थाहरूम समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत् लाइनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । नगरपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरू बीचको समन्वय र सहकार्य विकासको प्रमुख चुनौतीको रुपमा देखिएको छ ।

### ६.२.४ सूचना, संचार र प्रविधि

#### (क) सम्भावना तथा अवसर

नगरपालिकाको लगभग सबै क्षेत्रमा मोबाइल टेलिफोनको पहुँच रहेको छ भने वडा कार्यालय, माध्यमिक विद्यालय र एकवटा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको पहुँच रहेको देखिन्छ । नगरपालिकाको कुल जनसंख्यामध्ये ९५ प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको देखिन्छ । यसैगरी कुल घरपरिवारमध्ये २५ प्रतिशतसँग कम्प्युटर र ४० प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ । नगरपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा संचारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् ।

नगरपालिकामा लेखा प्रणाली व्यवस्थापनका लागि SuTRA, भुक्तानी सम्बन्धी प्रक्रियाका लागि CGAS, जिन्सी व्यवस्थापनका लागि PAMS; घटना दर्ताका लागि VERS सफ्टवेयर तथा आन्तरिक सूचना प्रवाह प्रणालीका लागि SMS सेन्ट्रल सञ्चालन गरी विद्युतीय शासन प्रणाली मार्फत् शासन प्रणालीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी बनाउन उल्लेख्य सहयोग पुगेको छ । यसबाहेक ETDS र e-payment जस्ता सूचना प्रविधिमा आधारित कार्यसञ्चालन प्रणालीलाई संस्थागत गरिएको छ । नगरपालिकामा इन्टरएक्टिभ वेभसाइट, मोबाइल एप्स् र विभिन्न ६ प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवेयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाको इन्टरएक्टिभ वेबसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत् सूचनाहरू नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भइरहेको छ ।

#### (ख) समस्या र चुनौती

नगरपालिका केही घरपरिवारका सदस्यहरूसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने करिब ८० प्रतिशत घरपरिवारमा कम्प्युटर र टेलिभिजन तथा ५० प्रतिशत घरपरिवारमा पहुँच नभएको देखिन्छ । कतिपय बस्ती र स्थानहरूमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ । नगरपालिका क्षेत्रभित्र सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । सबै विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर ब्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन । हालसम्म नगरपालिकामा *लिजलाइन डेडिकेटेड* इन्टरनेट तथा ल्याण्डलाइन र मोवाइल टेलिफोन सेवाहरू उपलब्ध छ ।

### ६.२.५ संभावना तथा अवसर

यो नगरपालिका संघीय राजधानी काठमाडौबाट ११५ कि.मी. दुरी र मध्यपहाडी लोकमार्गमा पर्दछ । बागमती प्रदेशमा पर्ने यो नगरपालिका संघीय राजधानी काठमाडौं लगायत भक्तपुर, धुलिखेल जस्ता देशका नमूना शहर नजिकको पहुँचमा रहेको छ । रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित यस नगरपालिकालाई देशकै कृषि, पर्यटकीय, औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । आवधिक योजना तर्जुमा कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरूको स्थिति विश्लेषण **अनुसूची १.३** मा प्रस्तुत गरिएको छ ।

## ६.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस नगरपालिकाको पूर्वाधार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएकोछ :

### ६.३.१ सोच

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छ :

- योजनावद्ध, व्यवस्थित, व्यावसायिक र विकसित शहर

### ६.३.२ लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- बसोबास, बजार र भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने

### ६.३.३ उद्देश्य

नगरपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु,
- सुदृढ यातायात र सहायक संरचना तथा सुविधाको विकास र विस्तार गर्नु,
- विद्युत् र स्वच्छ ऊर्जाको गुणस्तर र उपभोगमा वृद्धि गर्नु, र
- सूचना तथा सञ्चार प्रविधिको गुणस्तर र उपभोगमा वृद्धि गर्नु ।

### ६.३.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका- २४ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु** | |
| १. पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, पारदर्शी, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने । | १.१ नगरपालिकाबाट रु. ६ लाखभन्दा कम लागतका आयोजना सञ्चालनमा निरुत्साहित गरिनेछ र रु. ६ लाखभन्दा बढी लागतका सबै आयोजनामा योजनाको खाताको प्रयोगलाई अनिवार्य गरिनेछ ।<br>१.२ आयोजना स्थलहरूमा आयोजना सम्बन्धी जानकारी सहितको सूचना पाटी लगायत आयोजना सम्बन्धमा अनुसन्धानमा आधारित भई सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई व्यवहारिक र परिमाणमुखी बनाइनेछ ।<br>१.३ पूर्वाधार विकास कार्यमा कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन गरी वातावरण व्यवस्थापन कार्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>१.४ नगरपालिकामा भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी-साझेदारीको अवधारणा लागू गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।<br>१.७ नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी आयोजनामा अधिकतम जनसहभागिता प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ राष्ट्रिय भवन संहिता २०७२ प्रभावकारी रुपमा कार्यान्वय गर्न इञ्जिनियर, सब इञ्जिनियर, कन्सल्टेण्ट र निर्माण कार्यमा संलग्न दक्ष कामदारहरूलाई सो सम्बन्धी तालिम प्रदान गरी प्रमाणपत्र दिने र प्रमाण पत्र प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.६ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको गर्ने व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ ।<br>१.७ रु. १५ लाख भन्दा बढी लागतका आयोजनाहरू टेण्डरबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । |
| २. वडा कार्यालयलाई सेवा प्रवाह केन्द्र/एकाईको रुपमा विकास गर्ने । | २.१ वडा कार्यालयमा विषय शाखा र कर्मचारीको व्यवस्था गरी विषयगत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.२ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट प्रमुख विषय क्षेत्रको सेवा सुचारु गरिनेछ ।<br>२.३ मापदण्ड अनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रुपमा निर्माण गरी सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ नगरपालिका क्षेत्रभित्र पर्ने पर्यटकीय संभावना रहेको पर्यटकीय क्षेत्रलाई संभाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न पूवार्धार लगायत सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>२.५ नगर क्षेत्रभित्रका सडकको मुख्यचोक तथा टोल/बस्तीमा प्रतिक्षालय र चौतारो निर्माण र हरियाली निर्माण कार्यलाई विकास र विस्तार गरिनेछ ।<br>२.७ वडामा समानुपातिक विकास गर्ने उद्देश्यले निश्चित मापदण्डको आधारमा वडास्तरबाटै योजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>२.८ नगरपालिकाको सबै वडाहरूमा मुख्य आयोजनाहरू सडक, खानेपानी, सिंचाई एवम् अन्य पूर्वाधार निर्माणमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोको आधारमा बजेट विनियोजन र कार्यान्वयनको व्यवस्था गरिनेछ । |
| ३. नगरपालिकाको व्यवस्थित विकासको लागि भू-उपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत र संरक्षण क्षेत्रको निर्धारण गर्ने । | ३.१ भू-उपयोग क्षेत्र निर्धारणको विस्तृत सर्भेक्षण र नक्सांकन गरिनेछ ।<br>३.२ भू-उपयोग क्षेत्रहरूको बीचमा हरित क्षेत्रको विकास गरिनेछ ।<br>३.३ भूउपयोग योजना अनुसार कृषि क्षेत्र निर्धारण गरी संरक्षण गरिनेछ ।<br>३.४ नगरपालिका क्षेत्र भित्रको सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्साकंन र अभिलेख तयार गरी उद्यान, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ ।<br>३.५ नगरपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपूर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ ।<br>३.६ नमूनाको रुपमा योजनाबद्ध रुपमा जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र वस्ती विकास सुरक्षित र व्यवस्थित बनाइनेछ । |
| ४. भू-उपयोग क्षेत्र र भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | ३.१ सडकको मापदण्ड, वर्गीकरण, नामकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना अद्यावधिक गरी सडक निर्माण र सञ्चालन गर्ने<br>३.२ भू-उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक तथा अन्य पूर्वाधार विस्तार, विकास र स्तरोन्नति गरिनेछ ।<br>३.३ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न भवन विभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ भू-उपयोग क्षेत्र अनुसार निर्धारण गरिएको कृषि क्षेत्रलाई बेचविखन र प्लटिङ लगायत जग्गा विकास लागि उपयोग गर्न जग्गाको बेचविखनमा रोक लगाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>३.५ सडक तथा टोल/बस्तीमा प्रतिक्षालय वा चौतारो निर्माण कार्य सञ्चालन गरिनेछ ।<br>३.६ नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत संकलन, नक्साकंन, अभिलेखकरण गरी कानून अनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ ।<br>३.७ व्यवस्थित तथा योजनावद्ध शहरी विकासलाई प्रोत्साहित गर्न नमूना एकीकृत बस्ती विकास र सुरक्षित आवास निर्माण कार्य सञ्चालन गरिनेछ । |
| ५. नगरपालिकाको शहर एवं बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने । | ३.१ भू-बनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण, भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित बस्ती विकासको आधार तयार गरिनेछ ।<br>३.२ औद्योगिक ग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमश: सञ्चालन गरिनेछ ।<br>३.३ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरूको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरिनेछ ।<br>३.५ बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २: सुदृढ यातायात र सहायक संरचना तथा सुविधाको विकास र विस्तार गर्नु,** | |
| १. नगरपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने । | १.१ नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड र स्तर निर्धारण, नक्सांकन, वर्गीकरण, नामकरण र प्राथमिकता निर्धारण सहित सडक, पुल र यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउन यातायात गुरुयोजना अद्यावधिक गरी सो अनुसार सडक पुल निर्माण तथा यातायात सञ्चालनलाई व्यवस्थित गरिनेछ ।<br>१.२ यातायात गुरुयोजना र सडकको मापदण्ड अनुसार सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामकरण गरी सडक निर्माण, चौडा तथा स्तरोन्नति गर्ने र नियमित मर्मत-संभारको व्यवस्था गरिनेछ ।<br>१.३ सबै वडाको केन्द्र, बजार क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रहरूमा पक्की सडक सञ्जालमा आवद्ध गरी आवागमन सुचारु गरिनेछ ।<br>१.४ नगरपालिकाको सडक सञ्जाल विस्तार र स्तरोन्नती गरी सडक नपुगेका स्थानहरूमा सडकको पहुँच पुऱ्याइनेछ ।<br>१.४ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामाग्रीहरू राख्नेलाई कानून अनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ ।<br>१.५ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थल, सवारी साधन सेवा केन्द्र सहित सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ । |
| २. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने । | २.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, नामकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ यातायात गुरुयोजनाको नियमित रुपमा अद्यावधिक गरी सोको प्राथमिकता अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.३ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरू र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.४ सडक मापदण्ड लागू हुनुभन्दा अघि बनेका र रहेका संरचनाहरू हटाउन सरोकारवालासँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ ।<br>२.५ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.६ नगरपालिका क्षेत्रभित्रको मूल तथा सहायक सडकहरूको दायाँ बायाँ दुवैतर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरतामा अभिवृद्धि गरिनेछ ।<br>२.७ नगरपालिका क्षेत्रभित्रको सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आधारित गरी नामकरण, साँकेतीकरण तथा अभिलेखीकरण गरिनेछ ।<br>२.८ नगरपालिका तथा वडाको केन्द्र एवम् एकभन्दा बढी वडाहरू जोड्ने रणनीतिक सडकहरूलाई प्राथमिकीकरण गरी सहायक संरचना समेत चरणबद्ध रुपमा ग्राभेल, कालोपत्रे र ढलान गरिनेछ ।<br>२.९ सडकको कारणले हुने भूक्षयलाई कम गर्न बायोइन्जिनियरिङ प्रविधिलाई जोड दिइने छ । |
| ३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरणमैत्री र उत्थानशिल सडक तथा सहायक संरचना र सुविधाको विकास र विस्तार गर्ने । | ३.१ नगरपालिकाका रणनीतिक सडकहरूको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, सोलिङ र पिच/ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.२ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ ।<br>३.३ वातावरणीय अध्ययन पश्चात् विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>३.४ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.५ सडकको वर्गीकरण, नामकरण र मापदण्ड अनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ ।<br>३.६ स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ ।<br>३.७ सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणालीसँग आवद्ध गरी पूर्वाधार निर्माण र आर्थिक विकासलाई एकसाथ अघि बढाउनका लागि, कृषि उत्पादन र बजारीकरण, व्यापार र व्यवसायलाई प्राथमिकतामा राखी सडकको विकास र विस्तार गर्दै लगिनेछ । |
| **उद्देश्य ३ : विद्युत् र स्वच्छ ऊर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु** | |
| १. विद्युत् लाइन, क्षमता तथा स्तर वृद्धि गर्ने । | १.१ विद्युत् प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत् लाईनको क्षमता विस्तार, जीर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.२ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>१.३ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरूमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.४ नेपाल विद्युत् प्राविधिकरणसँग समन्वय र साझेदारी गरी विद्युत् क्षमता (voltage) कम भएको कारण विद्युत् अवरोध हुने स्थानहरूमा विद्युत्को क्षमता विस्तार गरिनेछ ।<br>१.५ ओभर ग्राउण विद्युत लाईनलाई अण्डरग्राउण्ड प्रणालीमा रुपान्तरण गर्न विद्युत् प्राधिकरण र नेपाल सरकारसँग पैरवी गरिनेछ । |
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी स्वच्छ ऊर्जाको पहुँच र उपयोग वृद्धि गर्ने । | २.१ वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>२.२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान बायोग्याँस, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत् चुल्हो र सोलार उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ४: सूचना तथा सञ्चार प्रविधिको गुणस्तर र उपभोगमा वृद्धि गर्नु ।** | |
| १. विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने । | १.१ नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरिनेछ ।<br>१.२ नगरपालिकामा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रुपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>१.३ प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना संकलन, विश्लेषण संस्थागत गरी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ ।<br>१.४ नगरपालिकाबाट संचालित सबै आयोजनाहरूमा सूचनापाटी, त्रैमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ र प्रत्येक वडामा नगरपालिका स्तरीय त्रैमासिक सार्वजनिक सुनुवाईलाई नियमित गरिनेछ ।<br>१.५ उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने आयोजना तथा कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाई पारदर्शिता र जवाफदेही बढाउन उपभोक्ता समितिहरूलाई तालिम प्रदान गरिनेछ । साथै आयोजना तथा कार्यक्रम सम्झौता, अनुगमन तथा सुपरीवेक्षण र प्रगति प्रतिवेदनलाई लगायतका कार्यहरूलाई अनलाईन योजना सफ्टवेयर प्रणाली माध्यमबाट थप प्रभावकारी बनाइनेछ । |
| २. नगरबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, | २.१ नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रकोप लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने । | २.३ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>२.४ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.५ टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग निकायसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.६ स्थानीय संचार माध्यकसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाई, कृषि, उद्यम विकास र विपद व्यवस्थापन लगायतका विषय क्षेत्रमा सूचना प्रविधि प्रणालीमा आधारित जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने । | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.२ मोबाइल एप्स्, एफएम रेडियो, पत्रपत्रिका र वेबसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र संचार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>३.३ नगरपालिकाको मुखपत्रको रुपमा मन्थली विकास बुलेटिन अर्धवार्षिक प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.४ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.६ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ ।<br>३.७ कार्यपालिका तथा वडा कार्यालयलाई प्रविधिमैत्री बनाउन र नगरपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन (ाचभभ धषष शयलभ) बनाउन आवश्यक व्यवस्था गरिनेछ ।<br>३.८ पुर्वाधार सम्बन्धी चेकलिष्टहरू तयार गरी तथा प्रविधिमैत्री अनुगमन एप्लिकेसन/औजार जस्तै SOLSTIC/MIMS प्रयोग मार्फत् अनुगमन कार्यलाई अझ बढि प्रभावकारी र पारदर्शी बनाइनेछ । |

## ६.४ अपेक्षित उपलब्धि र प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

### ६.४.२ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

नगरपालिकाको ३ स्थानमा योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ । योजना अवधिमा कम्तिमा ८ वटा बजार केन्द्रहरू आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा नमूनाको रुपमा विकास गरिएका हुनेछन् । वडाका प्रमुख वस्तीहरूमा एक पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ । नगरपालिका ८० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि तथा मापदण्ड अनुसार बनेका आवासमा बसोबास गरेका हुनेछन् ।

नगरपालिकाको सबै वडा केन्द्रहरू बाह्रै महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिएका हुनेछन् । कालोपत्रे वा पक्की सडक सञ्जालमा पहूँच भएका जनसंख्या ७५ प्रतिशत पुगेको हुनेछ । नगरपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ६० मिनेट सयममा नगरपालिका केन्द्र र ३० मिनेट समयमा बडा केन्द्रमा पुग्न सक्नेछन् । हरेक स्वास्थ्य संस्थामा स्तरोन्नत यातायात सुविधा पुगेको हुनेछ । नगरपालिकामा बसोबास गर्ने ५० प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै साधन उपलब्ध रहेको हुनेछ ।

योजना अवधिमा नगरपालिकाको ७० प्रतिशत घरपरिवारले विद्युत, सुधारिएको चुल्हो, बायोग्यास लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ । यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा ८० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ । पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका- २५ : पूर्वाधार विकास क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | आवधिक योजनाको लक्ष्य ०७८/७९ | ७९/८० | ८०/८१ | ०८१/८२ | ०८२/८३ | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव :** बसोबास, भौतिक सुविधा, बजार तथा अन्तर आवद्धता सहज, व्यवस्थित र उत्थानशील भएको हुने | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार बनेका घरमा बसोवास गर्ने परिवार | प्रतिशत | ६० | ६० | ६५ | ७० | ८० | ९० | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | |
| | नगरपालिका केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | ६० | ५० | ४५ | ४० | ३० | ३० | | |
| | नगरपालिका केन्द्र पुग्न आधा घन्टाभन्दा बढी समय लाग्ने घरपरिवारको हिस्सा | प्रतिशत | २२ | २० | १८ | १५ | १२ | १० | | |
| | आफ्नै यातायातको साधन भएका घरपरिवार | प्रतिशत | ४० | ४२ | ४५ | ५० | ५५ | ६० | | |
| | नवीकरणीय ऊर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १० | १२ | १५ | १८ | २० | २० | | |
| | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ८० | | |
| **असर १ :** व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय | **वस्ती विकास र आवास** | | | | | | | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८० | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय शासन अनुसार नीतिगत वातावरण तयार हुनेछ ।<br>- स्थानीय सरोकारवालाको |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| | चट्याङरहित घर निर्माण | प्रतिशत | ५ | ७ | १० | १५ | १८ | २० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माणमा दक्ष व्यक्ति | जना | २०० | २५० | ३०० | ४०० | ४५० | ५०० | | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | आवधिक योजनाको लक्ष्य | | | | | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ७९/८० | ८०/८१ | ०८१/८२ | ०८२/८३ | | |
| पूर्वाधारको विकास भएको हुने | | | | | | | | | | सहकार्य एवं साझेदारी वृद्धि हुनेछ । |
| **असर २ :** सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार भएको हुने | **सडक तथा यातायात** | | | | | | | | | |
| | नियमित यातायात सञ्चालन हुने रुट | संख्या | ११ | १२ | १३ | १४ | १५ | १५ | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय शासन अनुसार नीतिगत वातावरण तयार हुनेछ ।<br>- स्थानीय सरोकारवालाको सहकार्य एवं साझेदारी वृद्धि हुनेछ ।<br>- कोभिड १९ को असर न्यूनीकरण हुनेछ । |
| | दैनिक रुपमा दोहोरो यातायात सञ्चालन हुने वडा | संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | पक्की (कालोपत्रे र आरसिसि) सडक | कि.मि. | ६८ | ७५ | ९० | १२५ | १५० | १६८ | | |
| | ग्राभेल सडक | कि.मि. | ३६ | ५० | ७० | १०० | १२० | १३६ | | |
| | पक्की पुल | संख्या | ६ | ७ | ९ | १० | ११ | ११ | | |
| | नियमित मर्मत संभार हुने सडकको लम्बाइ | कि.मि. | १०० | १२० | १५० | १८० | २०० | २०० | | |
| | बायोइञ्जिनिरिङ्ग प्रविधि प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाइ | कि.मि. | १५ | ३० | ६० | ८० | ९० | १०० | | |
| **असर ३ :** विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि भएको हुने | विद्युत् र वैकल्पिक ऊर्जा | | | | | | | | | |
| | सडक बत्ती जडान भएका स्थान | संख्या | ६० | ८० | २०० | ४०० | ५०० | ५६० | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय शासन अनुसार नीतिगत वातावरण तयार हुनेछ ।<br>- स्थानीय सरोकारवालाको सहकार्य एवं साझेदारी वृद्धि हुनेछ । |
| | वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार | संख्या | १० | १२ | १५ | १८ | २० | २० | | |
| | मासिक विद्युत् खपत दर प्रति परिवार | युनिट | ३६० | ३८० | ४०० | ४४० | ४६० | ४८० | | |
| **असर ४:** विद्युतीय सुशासन, सूचना तथा सेवाको उपलब्धता र उपभोगमा वृद्धि भएको हुने | **सूचना तथा संचार** | | | | | | | | | |
| | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९५ | ९५ | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय शासन अनुसार नीतिगत वातावरण तयार हुनेछ ।<br>- कोभिड १९ को असर न्यूनीकरण हुनेछ । |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ७० | ७५ | ८० | | |
| | नगरपालिकामा मोवाइल एप्लिकेसन | संख्या | २ | | | | | ५ | | |
| | स्थानीयस्तरमा प्रकाशित दैनिक वा साप्ताहिक छापा वा अनलाइन पत्रपत्रिका | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | आवधिक योजनाको लक्ष्य | | | | | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ७९/८० | ८०/८१ | ०८१/८२ | ०८२/८३ | | |
| **प्रतिफल १.१** योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित र व्यवस्थित वस्ती तथा आवास विकास भएको हुने | योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित र व्यवस्थित वस्ती | संख्या | १ | १ | २ | ३ | ४ | ४ | - नगरपालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | पोखरी, पार्क/उद्यान र खुल्ला स्थान उपलब्ध वस्ती | संख्या | २ | ३ | ५ | ८ | १० | १० | | |
| **प्रतिफल १.२ :** आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजारको विकास भएको हुने | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | १ | २ | ४ | ५ | ७ | ८ | | |
| | पक्की सडकमा पुग्न लाग्ने औसत समय | मिनेट | ६० | ५० | ४० | ३५ | ३० | ३० | | |
| **प्रतिफल २.१ :** यातायातको पहुँचमा वृद्धि भएको हुने | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | १७० | २०० | २५० | ३०० | ३२५ | ३२५ | | |
| | १२ है महिना यातायात सुचारु सडक सञ्जालमा जोडिएका वडा | संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | वडा केन्द्र पुग्न लाग्ने औसत समय | मिनेट | ४५ | ४५ | ४० | ३५ | ३० | ३० | | |
| **प्रतिफल ३ :** विद्युत् स्वच्छ उर्जा पहुँचमा बृद्धि भएको हुने | सुधारिएको इन्धनमा पहुँच भएका घरपरिवार | प्रतिशत | १० | १२ | १५ | १८ | २० | २० | | |
| **प्रतिफल ४ :** सूचना प्रविधिको पहुँचमा वृद्धि भएको हुने | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ | ९५ | | |

### ६.४.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार सञ्चालन गरिने पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण तालिका २५ को अन्तिममा दिइएको छ। आवधिक योजनाले तय

गरेको पूर्वाधार विकास क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिमा सञ्चालन गरिन आयोजना तथा कार्यक्रम देहायअनुसार रहेका छन् :

**तालिका- २६ : पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य (०८२/८३) | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १ : व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु,** | | | | | | | | | २०१३००० | |
| एकीकृत वस्ती विकास आयोजना | संख्या | ० | ३ | ४८००० | ७२००० | | | | १२०००० | ४०००० |
| जग्गा एकीकरण आयोजना (वडा नं. १, हाटेचौर, एयरपोर्ट, ट्राफिक चोक, आकासे आसपास वा अन्य उपयुक्त स्थान) | संख्या | ० | १ | १००००० | ४००००० | ५००००० | | | १०००००० | १०००००० |
| बसपार्क, चार्जिङ स्टेशन पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | ० | ३ | - | २५००० | २५००० | २५००० | | ७५००० | २५००० |
| फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र (Landfill) निर्माण र सञ्चालन | स्थान | ० | १ | ६०००० | ४०००० | | | | १००००० | ५०००० |
| वडा कार्यालय भवन (विषयगत सेवा सहितका) निर्माण | संख्या | ३ | ११ | २०००० | २०००० | २०००० | | | ६०००० | २०००० |
| आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | संख्या | ० | ८ | १०००० | ११००० | १२००० | १३००० | १४००० | ६०००० | ७५०० |
| भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम र सचेतना कार्यक्रम | पटक | ० | ५ | ४०० | ५०० | ६०० | ७०० | ८०० | ३००० | ५०० |
| असुरक्षित बस्तीहरूको संरक्षणको लागि रिटेनिङ बाल, ग्याविन वाल तथा बाँध निर्माण | मिटर | ० | ५००० | १८००० | १९००० | २०००० | २१००० | २२००० | १००००० | २० |
| ग्रीन पार्क, उद्यान र पिकनिक स्थल निर्माण | स्थान | २ | ८ | २०००० | ४०००० | ६०००० | ४०००० | | १६०००० | २०००० |
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | ० | १० | १०००० | ११००० | १२००० | १३००० | १४००० | ६०००० | ६००० |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण र स्तरोन्नति | संख्या | १ | १ | ५००० | ७००० | ८००० | | | २०००० | २०००० |
| मठमन्दिर, छ्योर्तेन, माने, पाटीपौवा र धर्मशाला, निर्माण, मर्मतसम्भार र संरक्षण | संख्या | ३० | १५ | ७००० | ८००० | ९००० | १०००० | ११००० | ४५००० | ३००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य (०८२/८३) | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| व्यवस्थित मसानघाट तथा क्रियापुत्री भवन | संख्या | ० | ५ | ८००० | ९००० | १०००० | ११००० | १२००० | ५०००० | १०००० |
| भ्यूटावर निर्माण (तिल्केस्थान, चिसापानी र पोखरीडाँडा) | स्थान | ० | ३ | ७००० | ८००० | ९००० | १०००० | ११००० | ४५००० | १५००० |
| बहुउद्देश्यीय व्यापारिक भवन | संख्या | १ | १ | २०००० | ४०००० | ४०००० | | | १००००० | १००००० |
| ज्येष्ठ नागरिक सेवा केन्द्र स्तरोन्नति र नयाँ निर्माण | स्थान | १ | १ | ४००० | ५००० | ६००० | | | १५००० | १५००० |
| **उद्देश्य २ : सडक, यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु** | | | | | | | | | ३५४५५०० | |
| पक्की सडक निर्माण | कि.मि | ६८ | ५० | १५०००० | ४५०००० | ६००००० | ३००००० | | १५००००० | ३०००० |
| संरचना समेत सडक ग्राभेल | कि.मि. | ७८ | ७५ | २२५००० | २२५००० | २२५००० | २२५००० | २२५००० | ११२५००० | १५००० |
| सडक पक्की पूल निर्माण (रणजोर खोला, तामाकोशी, बखर खोला, महादेवटार खोला) | संख्या | ७ | ६ | १५०००० | ३००००० | १५०००० | १५०००० | १५०००० | ९००००० | १५०००० |
| झोलुङ्गे पुल | स्थान | २० | २ | ५००० | ५००० | | | | १०००० | ५००० |
| सडक किनारा वायोइञ्जिनियरिङ | कि.मि. | ० | १५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| सडक सुरक्षा संकेत र प्रतिक्षालय निर्माण | कि.मि. | ० | २० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ३७५ |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु** | | | | | | | | | १०४५०० | |
| सडक वत्ती जडान र विस्तार | संख्या | ६० | ५०० | १०५०० | १०५०० | १०५०० | १०५०० | १०५०० | ५२५०० | १०५ |
| विद्युत लाइन, पोल र क्षमता स्तरोन्नति कार्यक्रम | कि.मि. | ६० | ५ | ९००० | १०००० | ११००० | | | ३०००० | ६००० |
| वैकल्पिक ऊर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | पटक | ० | ५ | १२०० | १३०० | १४०० | १५०० | १६०० | ७००० | १४०० |
| पावर व्याकअप प्रणाली जडान र मर्मत संभार | संख्या | १५ | ७५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५००० | २०० |
| **उद्देश्य ४ : सूचना तथा सञ्चार प्रविधिमा अधारित सेवाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु ।** | | | | | | | | | २१९०० | |
| इन्टरनेट जडान र क्षमता विस्तार | पटक | १४ | ५८ | १००० | १०५० | ११०० | १२०० | १४५० | ५८०० | १०० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कुल लक्ष्य (०८२/८३) | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | पटक | ६ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० |
| मन्थली विकास बुलेटिन प्रकाशन र प्रसारण | त्रैमासिक | ० | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० |
| सिसिटिभि, डिजिटल डिप्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | १५ | ५६ | १००० | ११०० | १२०० | १३०० | १००० | ५६०० | १०० |
| स्थानीय मिडिया परिचालन कार्यक्रम | पटक | ५ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| जनप्रतिनिधि सेवाग्राही अन्तर सम्बाद कार्यक्रम | पटक | ० | ६० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ५० |
| पूर्वाधार विकास क्षेत्रको कुल जम्मा बजेट | | | | | | | | | ५६९४९०० | |

## भौतिक पूर्वाधार क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य (०८२/८३) | अनुमानित रकम रु. हजारमा | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण | जिम्मेवारी |
|---|---|---|---|---|---|
| **उद्देश्य १ : व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु,** | | | १९०६००० | | |
| एकीकृत वस्ती विकास आयोजना | संख्या | ३ | ६०००० | वडा नम्बर ६ को हात्तीटार<br>वडा नम्बर ७ को भटौली,<br>वडा नम्बर ३ को ठूली मदौ, कटहरे | नेपाल सरकारसँग समन्वयमा |
| जग्गा एकीकरण तथा विकास आयोजना | संख्या | १ | १००००० | | |
| बसपार्क, चार्जिङ स्टेशन पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | ३ | ४५००० | **बसपार्क**<br>– वडा नम्बर ६, कुनौरी मझुवा<br>**चार्जिङ स्टेशन** | प्रदेश सरकारसँग समन्वयमा |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य (०८२/८३) | अनुमानित रकम रु. हजारमा | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | | – वडा नं. १ बसपार्क<br>**पार्किङस्थल**<br>– बजार क्षेत्रमा अण्डर ग्राउण्ड पार्किङस्थल र गाडि सर्भिसिङ सेवा केन्द्र निर्माण | |
| फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र ( Landfill) निर्माण र सञ्चालन | स्थान | १ | ५०००० | – वडा नम्बर ७ र ८ को वडीमुहान | नेपाल सरकारसँग समन्वयमा |
| वडा कार्यालय भवन (विषयगत सेवा सहितका) निर्माण | संख्या | ११ | १२०००० | वडा नम्बर ३, ६, ११, १२ र १३ | |
| आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | संख्या | ८ | ६०००० | – वडा नम्बर १ को बजार क्षेत्र,<br>– वडा नम्बर ३ को ठाँटी,<br>– वडा नं. ४ को च्याउकेठाँटी,<br>– वडा नम्बर ७ को मइटार,<br>– वडा नम्बर ८ को गाइखुर,<br>– वडा नम्बर हाटडाँडा,<br>– वडा नम्बर १२ को सावाडाँडा,<br>– वडा नम्बर १४ को पोखरी | नगरपालिका आफै |
| भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम र सचेतना कार्यक्रम | पटक | ५ | ३००० | | नगरपालिका आफै |
| असुरक्षित बस्तीहरुको संरक्षणको लागि रिटेनिङ बाल, ग्याविन वाल तथा बाँध निर्माण | मिटर | ५००० | १००००० | तामाकोशी नदी तट र रणजोर खोलाबाट प्रभावित क्षेत्र | नगरपालिका आफै |
| हरित उद्यान, उद्यान र पिकनिक स्थल निर्माण | स्थान | ८ | ६०००० | – वडा नम्बर १ को तीनलाल पार्क, भैशेश्वर र सानीमदौ<br>– वडा नम्बर ३ को ठाँटी,<br>– वडा नम्बर ६ को इन्छिनडाँडा,<br>– वडा नम्बर ७ को ध्यानचौरडाँडा,<br>– वडा नम्बर ८ को घडिछापगढी<br>– वडा नम्बर १४ को पोखरीडाँडा | नगरपालिका आफै |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य (०८२/८३) | अनुमानित रकम रु. हजारमा | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण | जिम्मेवारी |
|---|---|---|---|---|---|
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | १० | ६०००० | वडा नम्बर १ मन्थली | नगरपालिका आफै |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण र स्तरोन्नति | संख्या | १ | २०००० | | प्रदेश सरकारसँग समन्वयमा |
| मठमन्दिर, पाटीपौवा र धर्मशाला, निर्माण, मर्मतसम्भार र संरक्षण | संख्या | १५ | ४५००० | | नगरपालिका आफै |
| व्यवस्थित मरानघाट तथा क्रियापुत्री भवन | संख्या | ५ | ५०००० | – रणजोरखोला<br>– सुकाजोरखोला<br>– भलुवाखोला<br>– बखरखोला<br>– कठजोरखोाला | – नगरपालिका आफै |
| भ्यूटावर निर्माण | स्थान | ३ | ४५००० | – वडा नम्बर १ को बाबीचौरमाथि<br>– वडा नम्बर इन्छिङ डाँडा<br>– वडा नम्बर ८ को चिसापानीगढी | – नगरपालिका आफै |
| बहुउद्देश्यीय व्यापारिक भवन | संख्या | १ | १००००० | – वडा नम्बर १ बजार क्षेत्र | – प्रदेश सरकारसँग समन्वयमा |
| ज्येष्ठ नागरिक सेवा केन्द्र स्तरोन्नति तथा नयाँ निर्माण | स्थान | १ | १५००० | – वडा नम्बर १ | – नगरपालिका आफै |
| विद्युतीय शवदाह गृह निर्माण आयोजना | संख्या | १ | १२०००० | – वडा नम्बर १ रणजोरखोला दोभान | – प्रदेश सरकारसँग समन्वयमा |
| **उद्देश्य २ : सडक, यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु** | | | १९१५५०० | | |
| पक्की सडक निर्माण | कि.मि | ५० | १३७५००० | | – नेपाल सरकार, प्रदेश सरकारको समन्वयमा |
| संरचना समेत सडक ग्राभेल | कि.मि. | ७५ | ४५०००० | | – नगरपालिका आफै |
| सडक पक्की पूल निर्माण | संख्या | ५ | १५००००० | | – नगरपालिका आफै |
| झोलुङ्गे पुल | स्थान | ३ | ३०००० | – मसानटार रजगाउँ पुछार (तामाकोशी)<br>– भैसेश्वर गुवाखोला पिकनिक स्थल (सुकाजोर खोला)<br>– रालटाहर र सुनारपानी जोड्ने रणजोर खोला | – नेपाल सरकारसँगका समन्वयमा |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य (०८२/८३) | अनुमानित रकम रु. हजारमा | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण | जिम्मेवारी |
|---|---|---|---|---|---|
| सडक किनारा वायोइञ्जिनियरिङ | कि.मि. | १५ | ३००० | | नगरपालिका आफै |
| सडक सुरक्षा संकेत र प्रतिक्षालय निर्माण | कि.मि. | २० | ७५०० | | नगरपालिका आफै |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु** | | | १०४५०० | | |
| सडक वत्ती जडान र विस्तार | संख्या | ५०० | ५२५०० | | नगरपालिका आफै |
| विद्युत लाइन, पोल र क्षमता स्तरोन्नति कार्यक्रम | कि.मि. | ५ | ३०००० | | नगरपालिका आफै |
| वैकल्पिक उर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | पटक | ५ | ७००० | | नगरपालिका आफै |
| पावर व्याकअप प्रणाली जडान र मर्मत संभार | संख्या | ७५ | १५००० | | नगरपालिका आफै |
| **उद्देश्य ४ : सूचना तथा सञ्चार प्रविधिमा अधारित सेवाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु ।** | | | २१९०० | | |
| इन्टरनेट जडान र क्षमता विस्तार | पटक | ५८ | ५८०० | | नगरपालिका आफै |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | पटक | १० | २५०० | | नगरपालिका आफै |
| मन्थली विकास बुलेटिन प्रकाशन र प्रसारण | त्रैमासिक | १५ | ३००० | | नगरपालिका आफै |
| सिसिटिभि, डिजिटल डिप्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | ५६ | ५६०० | | नगरपालिका आफै |
| स्थानीय मिडिया परिचालन कार्यक्रम | पटक | ५ | २००० | | नगरपालिका आफै |
| जनप्रतिनिधि सेवाग्राही अन्तर सम्बाद कार्यक्रम | पटक | ६० | ३००० | | नगरपालिका आफै |

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन

## ७.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको र प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै गएका कारण यो नगरपालिकासमेत प्रभावित हुन थालेको सन्दर्भमा प्रभावकारी वन, वातावरण व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ। संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

उपर्युक्त संवैधानिक तथा नीतिगत कार्यसूचीलाई मध्यनजगर गर्दै यस योजनामा रणनीति, कार्यनीति तथा कार्यक्रमहरू समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास एवम् प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा र प्रस्तावित गरिएका छन्।

संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ।

भूउपयोग सम्बन्धमा नेपालमा उपलब्ध एक प्रमुख तथ्यांकीय स्रोत रहेको भूस्रोत नक्सांकन परियोजना (LRMP)) अनुसार यस नगरपालिकाको कुल क्षेत्रफलको १०.७ प्रतिशत अर्थात् २२.७६ वर्ग कि.मी.मा वन क्षेत्र, ३२.३ प्रतिशत क्षेत्रफलमा झाडी, २.३ प्रतिशत क्षेत्रफलमा घाँसे भूमि रहेको छ।

## ७.२ अवस्था विश्लेषण

### ७.२.१ वन, हरियाली तथा जैविक विविधता

#### (क) संभावना, अवसर

विगत केही दशकयता यहाँको वन क्षेत्रमा स्पष्ट सुधार भएको छ र हरियालीमा वृद्धि भएको छ। कठजोर, टेकनपुर, फुलासी, भलुवाजोर क्षेत्रमा वन नगरपालिकाका अन्य क्षेत्रभन्दा घना रहेको छ। यहाँ कुल ४५ वटा सामुदायिक वन, २ वटा निजी वन, .... वटा सरकारी वन, एक वटा धार्मिक वन (भटौलीमा ९.२५ हे.मा) रहेको छ।

पशुपालनको प्रचलन घट्नु, सौर्य ऊर्जा, बायोग्याँस, सुधारिएको चुल्हो आदिको प्रयोग बढ्नु आदि कारणले वनमाथिको चाप पनि उल्लेख्य रुपमा घटेको छ। वन क्षेत्रबाट हुने चोरी निकासी निकै न्यून रहेको छ। वृक्षारोपणका लागि डिभिजन वन कार्यालय तथा नगरपालिका बाहेक अन्य संघ-संस्थाहरू पनि सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरी सामुदायिक वन व्यवस्थापनमा सहयोग गरिरहेका छन् र यस क्रममा बीउ, विरुवा वितरण गर्ने, वन व्यवस्थापनका सामग्रीहरू (कोदालो, कुटो, गैंती, खन्ती, बञ्चरो, आरो, साबेल) सामुदायिक वन उपभोक्ता समितिलाई उपलब्ध गराउँदै आएका छन्। यसले उनीहरूलाई सक्रिय बनाई राख्न सहयोग गरेको छ।

नगरपालिका क्षेत्रमा कुल ३० वटा फर्निचर उद्योग र एकवटा नेपाली कागज बनाउने उद्योग रहेको छ। सल्लाको खोटो निकाल्ने। यहाँका वनमा अम्रिसो, थाकल, निगालो, बाबियो, बाँस, भलायो, भोर्ला, सल्लाको खोटो सालको पातजस्ता गैरकाष्ठ वन पैदावार पर्याप्त मात्रामा पाइने भएकाले यिनीहरूको व्यवसायिक उत्पादन प्रवर्द्धन गरी आयआर्जनका अवसर वृद्धि गर्न सकिने संभावना रहेको छ।

यहाँको वनमा सल्लो, साल, चिलाउने, उत्तिस, फँडिल, खयर, बेल, श्रीखण्ड धेरै मात्रामा पाइने गर्दछ भने खयर तथा सिमल लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । स्याल, मृग, बाँदर, पाटे बाघ, दुम्सी, खरायो, जरायो, सर्प, भ्यागुता एक दर्जनभन्दा बढी परिवारका वन्यजन्तु पाइन्छ । काजु, बदाम, एभोकाडो, ड्रयागन फुड जस्ता नयाँ परिवारका वनस्पतिको वितरण हुनु र हुर्कंदै जानुले नगरपालिका क्षेत्रमा वानस्पतिक विविधता वृद्धि गर्न मद्दत पुगेको छ । साथै, नयाँ प्रजातिका चराचुरुंगी पनि देखिने गरेका छन् । नगरपालिकाको जैविक विविधताको वस्तुस्थिति विवरण तयार भएकाले जैविक विविधताका संरक्षण र प्रवर्द्धनका कार्यहरू अघि बढाउन यसले पुऱ्याएको छ ।

### (ख) समस्या, चुनौती

सामुदायिक वन व्यवस्थापनको अभ्यास सुरु भएपछि वन समग्रमा हरियालीमा वृद्धि भएको भए पनि यहाँको वन क्षेत्रमा सुधार गर्नुपर्ने केही महत्वपूर्ण विषयहरू रहेका छन् । वनमा वनमारा, सतिवेरजस्ता मिचाहा प्रजातिको अतिक्रमण निकै उच्च रहेको छ । मिचाहा प्रजातिका साथै सल्लाका पात तथा खडेरीका कारण पनि वनस्पतिको पुनरुत्पादन दर न्यून रहेको छ । मिचाहा प्रजातिको अतिक्रमणमा व्यापकता भएकाले यिनको नियन्त्रण गरी वनको गुणस्तर सुधार गर्न निकै ठूलो मेहनत गर्नुपर्ने खाँचो रहेको छ । वन डढेलो नियमित समस्याका रुपमा रहेको छ । यस सम्बन्धी सचेतना, ज्ञान, सीप, क्षमता कम हुँदा यो समस्या हरेक वर्षजसो दोहोरिइरहने गरेको छ । सल्लाको कारण पनि वन डढेलो बढेको र नियन्त्रण कठिन भएकाले सल्लाका स्थानमा अन्य उपयुक्त प्रजातिका बिरुवाहरू लगाउँदा वन डढलो नियन्त्रणका साथै वनको गुणस्तर वृद्धिमा समेत सघाउ पुग्न सक्ने देखिन्छ । लामो समयसम्म रहने खडेरीका कारण जमिन तात्ने, जमिनमा चिस्यान कम हुने र अन्ततः सालका बिरुवाहरू हुर्कन नपाउँदै मर्ने गरेका छन् । केही व्यवस्थापकीय समस्याहरू पनि देखिएका छन् । सामुदायिक वन उपभोक्ता समूहहरू निष्क्रिय हुँदा बिक्री हुन सक्ने वन पैदावार पनि बिक्री हुन सकेको छैन । वन व्यवस्थापन अभिलेख कमजोर अवस्थामा रहेको छ । करिब ५ वटामा बाहेक अन्य सामुदायिक वनको आन्तरिक आम्दानी नगण्य रहेको छ ।

लामो समय रहने गरेको खडेरी/सुख्खापनका कारण वनस्पति हुर्कन समस्या परेकाले विभिन्न प्रजातिका वनस्पति विनाश हुने जोखिम बढेको छ । यस्तैगरी, निर्माण कार्यमा वन क्षेत्र नोक्सान हुनुलगायतका अन्य कारणले जंगली जीवजन्तुको वासस्थान कम हुँदै गएको छ ।

## ७.२.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### (क) संभावना, अवसर

पहिलो स्तरका राष्ट्रिय नदी तामाकोशी र सुनकोशीको पहुँच भएकाले वर्षैभरि ठूलो मात्रामा जलस्रोतको सहज पहुँच रहेको छ । वर्षैभरि पानी बग्ने आठवटा खोला (चिसापानी, सुकाजोर, दुर्गा नदी (भटौली खोला), सिक्राल खोला, लिपे खोला, कठजोर खोला, सल्लेनी खोला र भलुवा/कुनौरी खोला) रहेका छन् । नगरपालिकाभरिमा बागधारा खानेपानी कठजोर, ठाँटीको धारा खानेपानी मुहान मन्थली-३, मगर पँधेरो खानेपानी मुहान मन्थली-३, पहेँली पानी खापा मुहान मन्थली-३, आँपमारा खापा मुहान मन्थली-३, ऐसेलुपानी खापा मुहान मन्थली-३, सिस्नेपानी खापा मुहान सिस्ने, फलामेधारा खापा मुहान मन्थली-२ लगायत ३५ वटा खानेपानीका मुहानहरू संरक्षण गरिएका छन् । पानीका मुहान संरक्षणमा गैरसरकारी संस्था तथा स्थानीय समुदायको सहभागिता रहेको छ । चेक ड्याम, जुट स्याक, स्पर, ग्याबियन वाल आदि विधिबाट विभिन्न स्थानहरूमा भूसंरक्षणका प्रयास भएका छन् ।

### (ख) समस्या, चुनौती

यस नगरपालिकाको वडा नं. ४ मा नेपालकै ठूलोमध्येमा पर्ने घ्याप्चेको पहिरो रहेको छ । यसले खेतीयोग्य जमिन कटान गर्नुका साथै नजिकै रहेको गैराथोक वस्ती विस्थापन गर्ने जोखिम बढाएको छ । यसका अतिरिक्त यस पहिरोबाट बग्दै आएको ढुंगा, माटो, लेदोले नगरपालिका केन्द्र मन्थली बजारलाई समेत प्रभावित बनाउँदै आएको छ । यो पहिरोका कारण वडा नं. १, ३, ५, ४ मा जमिन चर्कने, बग्ने समस्याहरू देखिएका छन् र समग्रमा करिब ४००० रोपानी कृषियोग्य जमिन कटान भएको छ । करिब ६० वर्ष पुरानो यो पहिरोको नियन्त्रण नगरपालिकाका लागि ठूलो चुनौतीको विषय भएको छ । यो बाहेक यस नगरपालिकामा करिब दुई दर्जनभन्दा बढी पहिरोहरू रहेका छन् र तीमध्ये भोर्ले, जलकिनीका पहिरोहरू ठूलो पहिरो हुन् । पहिरोबाहेक खोला, खोल्सा, खहरेबाट पनि कृषियोग्य जमिन कटान हुँदै आएको छ; जसमध्येमा हात्तीटार (२० रोपनी), कुनौरी (२५ रोपनी), अकासे (१०० रोपनी) करबोट, पन्थली, गाईखुरा, जखनीटार, हाटेचौर, देवीटार प्रमुख छन् । भूसंरक्षण ठूलो भागमा गर्नुपर्ने भएकाले स्रोतको कमी भएको छ ।

### ७.२.३ वातावरण संरक्षण, स्वच्छता र जलवायु परिवर्तन अनुकूलन

#### (क) संभावना, अवसर

वातावरणीय स्वच्छता, हरियाली र जलवायु परिवर्तन अनुकूलनका लागि विभिन्न प्रयासहरू भएका छन् । विभिन्न कार्यालयहरूको सहभागितामा चारवटा हरियालीमैत्री बाल उद्यानहरू निर्माण भएका छन् । तीनवटा पैदल मार्ग निर्माण भएको छ । मन्थली बजारका सडक आसपासका क्षेत्रमा एक घर एक बिरुवा हुर्काउने काम भइरहेको छ । नगरपालिका केन्द्र रहेको वडा नं. १ मा फोहोरमैला संकलनका लागि निजी क्षेत्रलाई ठेक्का दिइएको र सम्बन्धित कम्पनीले संकलित फोहोर पुनःचक्रिय प्रयोगका लागि लैजाने बाँकीलाई गाड्ने वा जलाउने गरेको छ । बजारका विभिन्न स्थानमा फोहोर संकलनका लागि बाक्सा (dustbin) राखिएको छ । ग्रामीण क्षेत्रमा कुहिने फोहोरलाई मलको रुपमा प्रयोग गर्ने प्रचलन रहेको छ । टोल सुधार समितिहरूलाई सरसफाइ कार्यक्रम गर्ने गरेका छन् । स्वास्थ्य संस्थाहरूबाट निष्कने फोहोरमैलाको व्यवस्थापनमा सामान्य प्रक्रिया (कुहाउने, जलाउने वा गाड्ने) गरिएको छ । विभिन्न अवसरहरूमा सरसफाइका कार्यक्रमहरू गर्ने गरिएको छ ।  वातावरण संरक्षणका लागि युवा क्लब, बाल क्लब, महिला समूह, कृष समूह, टोल सुधार समिति, वन उपभोक्ता समिति पुनर्गठन गरी मासिक बैठक तालिम गर्ने गरिएको छ । यस क्रममा ५० वटा दर्ता भएका छन् र उनीहरूलाई तालिम दिने काम भएको छ । नगरपालिका क्षेत्रका २२ वटा विद्यालयमा फोहोरमैला संकलन व्यवस्थापन सहितको वातावरण रहेको छ ।

विद्यालयमा आकासे पानी संकलन गर्ने, सुख्खा पोखरी निर्माण गर्ने, बाँझो जमिनमा कम पानीमा फल्ने फलफूल प्रवर्द्धन गर्ने, बाँझो जमिनमा काठ प्रजातिका रुख लगाउने, नगरपालिकाले सडक क्षेत्रमा सौर्य ऊर्जा प्रवर्द्धन गर्ने, नदी तटीय क्षेत्रमा छेकबाँध लगाउने, बेमौसमी तरकारी खेती प्रवर्द्धन गर्ने, प्लाष्टिक पोखरी निर्माण गर्न, सिंचाइ पोखरी निर्माण गर्ने, खानेपानीका मुहान संरक्षण गर्ने, सल्लाका बिरुवा प्रतिस्थापन गरी राम्रा जातका बिरुवा लगाउने लगायतका विभिन्न कार्य भइआएकाले जलवायु परिवर्तन अनुकूलनमा मद्दत पुग्ने अनुमान गरिएको छ ।  कोइला तथा दाउराको प्रचलन पनि घट्दै गएकाले धुवाँको उत्सर्जन पनि घटेको छ । एक अनुमान अनुसार ग्रामीण क्षेत्रमा ३० प्रतिशत घरधुरीले दाउराको प्रयोग गर्ने गरेका छन् भने बजार क्षेत्रमा दाउराको प्रयोग हुन छाडेको छ ।

#### (ख) समस्या, चुनौती

ग्रामीण क्षेत्रमा नकुहिने फोहोरमैला खोलाखोल्सामा फाल्ने, जलाउने, गाड्ने चलन रहेको छ ।  फोहोरमैला व्यवस्थापन केन्द्र (landfill) निर्माण नभएको हुँदा फोहोरमैलाको स्थायी व्यवस्थापन हुन सकेको छैन । सडकबाट निस्कने धुलो, वन डढेलोबाट निस्कने धुवाँ, हावाहुरीले उडाइ ल्याउने बालुवा कण तथा धुलो आदि कारणबाट पनि वायु प्रदूषण हुने गरेको छ । ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा विद्युत्को हाइ टेन्सन लाइन निर्माण बाहेक अन्य निर्माण काममा वातावरणीय परीक्षण हुने गरेको छैन ।

### ७.२.४ विपद् जोखिम व्यवस्थापन

#### (क) संभावना, अवसर

विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न प्रयासहरू भएका छन् । विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा दक्ष जनशक्तिको उपलब्धताका लागि क्षमता विकासका कार्यक्रमहरू भएका छन् । प्राथमिकता उपचारमा दक्ष ६० जना, CADRE तालिमप्राप्त १२ जना, DDRT- १० जना स्थानीय स्तरमै रहेका छन् । राहत वितरणमा एकद्वार प्रणाली भएको छ ।  नगरपालिकाका विभिन्न स्थानमा १४ वटा आश्रयस्थलहरू निर्माण भएका छन् । चारवटा हेलिप्याड निर्माणको तयारी भएको छ । नगरपालिकाका तीन स्थानमा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गरिएको छ । नगरपालिकाभित्र कुल ८ वटा एम्बुलेन्स सञ्चालनमा रहेकामा वडा नं. ११, १२, १३, १४ मा एक/एकवटा, वडा नं. १ मा चारवटा रहेका रहेका छन् । ब्याक हो लोडर एक वटा, शव वाहन, दमकल, टिपर रहेको छ ।  कोभिड-१९ सँग सम्बन्धित मास्क, सेनिटाइजर, पीपीसेट, ग्याँस सिलिण्ड, अक्सिजन कन्टर्भटर, आदि सबै वडामा पुर्‍याइएको छ ।  करिब ९० प्रतिशत निजी घर र ८० प्रतिशत सार्वजनिक भवन भूकम्प प्रतिरोधी रहेका छन् । आपत्कालीन व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष रहेको छ जसमा यो योजना तर्जुमाका समयमा रु. ३० लाख रहेको र वार्षिक रुपमा ३० लाख विनियोजन गर्ने गरिएको छ । सबै पक्की सडकहरूमा नाला रहेको छ । ल्छो रोल्पा ताल फुट्ने जोखिम न्यूनीकरण

लक्षित पूर्वसूचना प्रणालीका लागि मोवाइल मेसेज पद्धति रहेको सञ्चालनमा रहेको छ। ठूला खालका निर्माण कार्यमा वृक्षारोपण र विपद् जोखिम मूल प्रवाह भएको छ।

**(ख) समस्या, चुनौती**

सबै सडक निर्माणमा वातावरणीय परीक्षण हुने गरेको छैन। वस्ती विकास नियोजित, नियन्त्रित नहुँदा वस्ती विकास अनियन्त्रित बनेको छ। सार्वजनिक स्थलहरू, खोला किनारहरूको अतिक्रमण भएको छ। भूसंरक्षणमा बजेटको कमी छ। विपद् जोखिम व्यवस्थापनमा ज्ञान, सीपको कमी रहेको छ। अति वृद्धि, अनावृष्टि, खण्डवृष्टि तथा अनिश्चित वृष्टि बढ्दै गएको छ। वर्षेनी नयाँ किराको प्रकोप फैलने गरेकाले नियन्त्रण कठिन बन्न गएको छ र यसबाट अन्न, फलफूल, तरकारी बालीहरूमा हुने क्षति बढेको छ। रैथाने बीउ लोपोन्मुख भएका छन् र उन्नत/हाइब्रिड बीउहरू रोगप्रति बढी संकटाभिमुख भएकाले कृषकहरूलाई समय-समयमा एकैपटक ठूलो क्षति हुने जोखिम बढ्दै गएको छ। भूउपयोग योजनाको अभावमा दीगो विकास सुनिश्चित हुन सकेको छैन।

## ७.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

### ७.३.१ सोच

हरित, सुरक्षित, स्वच्छ अनि सन्तुलित नगरपालिका

### ७.३.२ लक्ष्य

गुणस्तरयुक्त हरियो वन, सन्तुलित वातावरण र विपद् उत्थानशील समुदाय

### ७.३.२ उद्देश्य

१. वनको गुणस्तर तथा हरियाली र जैविक विविधताको प्रवर्द्धन गर्नु
२. दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिनको स्थिरीकरण गर्नु
३. स्वच्छ, संरक्षित वातावरण र जलवायु परिवर्तन अनुकूलित समाजको सिर्जना गर्नु
४. सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्नु तथा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु;

### ७.३.३ रणनीति तथा कार्यनीति

**तालिका- २७ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य नं. १ : वनको गुणस्तर तथा हरियाली र जैविक विविधताको प्रवर्द्धन गर्नु | |
| १.१. क्षतिग्रस्त वन क्षेत्रलाई लक्षित गरी प्राथमिकताका आधारमा वन क्षेत्रको गुणस्तर अभिवृद्धिका कार्यक्रमहरू सघनताका साथ कार्यान्वयनमा ल्याउने | १.१.१. सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहहरूलाई परिचालन गरी वनमारा, सतीबेरलगायतका मिचाहा वनस्पतिको नियन्त्रण गरिनेछ तथा उनीहरूलाई यस काममा क्षमता अभिवृद्धि सहयोग गरिनेछ।<br>१.१.२. हरियाली प्रवर्द्धनको लागि हावापानी, माटो र भूगोल अनुरुप खाली जग्गाहरूमा वृक्षारोपण गरिनेछ। साझेदार निकायहरूको समेत सहयोग र समन्वयमा मन्थली वजारलाई ग्रिनसिटिको रुपमा विकास गरिनेछ।<br>१.१.३. पुनर्भरण पोखरीहरूको निर्माण गरी भूमिगत पानीको अवस्थामा सुधार गरिनेछ।<br>१.१.४. वन क्षेत्रमा माटोमा चिस्यान बनाइ राख्ने उपयुक्त उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.१.५. ह्रासोन्मुख वन क्षेत्रहरू पहिचान गरी प्राथमिकता क्रम निर्धारण गरिनेछ।<br>१.१.६. दीगो वन व्यवस्थापनका लागि तोकिएका प्राथमिकताप्राप्त ह्रासोन्मुख वन क्षेत्रमा डिभिजन वन कार्यालयले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरी नतिजामूलक ढंगले सामुदायिक वनको गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र नतिजाका आधारमा नगरपालिकाले अनुदान सहयोग प्रदान गर्ने गरी दीर्घकालीन सम्झौता गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.१.७. सडक लगायतका पूर्वाधार निर्माण गर्दा रुख विरुवाको कम क्षति हुने गरी निर्माण गर्ने र क्षति भएमा एक रुख बराबर ५ विरुवा लगाई हुर्काउने प्रबन्ध मिलाइने छ। ठूला पूर्वाधारहरू निर्माण गर्दा वातावरण संरक्षणका क्षेत्रमा कार्य गर्न लागत अनुमानमा नै कम्तिमा ५ प्रतिशत लगानी समेट्ने व्यवस्था गरिनेछ। कालोपत्रे तथा स्तरोन्नती भइसकेका सडक किनारामा वातावरण अनुकुलका वृक्षारोपण कार्य गरिनेछ। |
| १.२. दिगो वन व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने | १.२.१. वन पैदावारको मूल्य निर्धारण गर्दा प्रचलित बजारमूल्य समेतलाई ख्याल गर्न सामुदायिक वन उपभोक्ता समूहहरूलाई सहजीकरण गरिनेछ।<br>१.२.२. सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमताको अवस्था अध्ययन गरी आवश्यकता अनुसार क्षमता विकास कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२.३. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी वन क्षेत्रको संरक्षण तथा वनस्पति पुनरोत्पादन दर वृद्धि गर्न योगदान गरिनेछ।<br>१.२.४. सरकारी गैरसरकारी निकायहरूको सहकार्यमा सुख्खा क्षेत्रमा अनुकूल हुने बोट विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ। एक टोल एक वर पिपल रोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। |
| १.३. वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने | १.३.१. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।<br>१.३.२. नगरपालिकाको बाक्लो जैविक विविधता भएको क्षेत्र छनोट गरी उक्त क्षेत्रलाई समन्वय, सहकार्यको पद्धतिमा संरक्षण क्षेत्रका रुपमा विकास गरिनेछ।<br>१.३.३. रैथाने प्रजातिका कृषिबालीहरू संरक्षणका लागि कृषहरूलाई प्रोत्साहित गरिनेछ।<br>२.२.१. विद्यमान प्रजातिको संख्या कायम राख्ने र यथासंभव नयाँ प्रजातिको प्रवर्द्धनको प्रयास गरिनेछ।<br>२.२.२. कुनै पनि जलक्षेत्रमा करेन्ट लगाएर तथा विष हालेर माछा मार्ने प्रचलनमा बन्देज लगाइनेछ। |
| उद्देश्य नं. २ : दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त भिरालो जमिनको स्थिरीकरण गर्नु | |
| २.१. स्थानीय जलाधार क्षेत्रको व्यवस्थापनमा जल, जमिन र जंगलको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्न नेतृत्व र सहजीकरण गर्ने | २.२.३. तामाकोशी नदीको जलस्रोतलाई सुख्खा मौसममा खडेरीग्रस्त वनमा चिस्यान वृद्धि गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.२.४. स्थानीय समुदायको सक्रिय सहभागिता कायम गरी क्षतिग्रस्त जमिनको संरक्षण गरिनेछ। जनचेतनामूलक कार्यक्रममा "स्वस्थ जलाधार, स्वस्थ समुदाय"को अवधारणालाई प्रवर्द्धन गरिनेछ।<br>२.२.५. जलस्रोत एवम् जलाधार नीति तर्जुमा गरी नदी, खोला, खोल्साको स्वच्छताको मापदण्ड कार्यान्वयनमा ल्याइनेछ।<br>२.२.६. भूमिगत जल पुनर्भरण पोखरीहरूको निर्माण र विस्तारमा सरोकारवाला, गैसस तथा स्थानीय समुदायको सक्रिय सहभागिता कायम गरिनेछ। "एक टोल, एक पोखरी" निर्माण कार्यलाई निरन्तरता दिइनेछ। |
| २.२. अध्ययन, अनुसन्धान तथा वैज्ञानिक विधिहरू अवलम्बन गरी क्षतिग्रस्त भूमिको स्थिरीकरण गर्ने | २.२.१. घ्याप्चे क्षेत्रको भौगर्भिक अध्ययन गरी प्रभावित क्षेत्रको संरक्षणका लागि तदनुरुपका कार्ययोजना तर्जुमा गरिनेछ।<br>२.२.२. भूक्षय, बाढी, पहिरो, नदी कटान, जल प्रवाह प्रणालीको आधारमा जलाधार क्षेत्रहरूको अध्ययन, पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी छनोट गरिएका उप/जलाधार क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनको पहल गरिनेछ।<br>२.२.३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२.४. गल्छी, खहरे, खोल्सा, खोलाहरूले क्षतिग्रस्त बनाएको जमिनमा बायोइञ्जिनियरिङ प्रविधि तथा अन्य जैविक विधिहरू प्रयोग गरी संरक्षण गरिनेछ ।<br>२.२.५. जलाधार तथा भूपरिधि व्यवस्थापनसम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धन गरिनेछ ।<br>२.२.६. भिरालो जमिनमा गरिने खेतीका कारण वार्षिकरूपमा माटो बग्ने समस्या न्यूनीकरण गर्न गह्रा सुधारजस्ता विधिहरू प्रवर्द्धन गरिनेछ । |
| उद्देश्य नं. ३ : स्वच्छ, संरक्षित वातावरण र जलवायु परिवर्तन अनुकूलित समाजको सिर्जना गर्नु | |
| ३.१. स्थानीय समुदायको सक्रिय सहभागितामा वातावरण संरक्षण र स्वच्छता अभिवृद्धि गर्ने | ३.२.१. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी प्रदूषण नियन्त्रण, वातावरणीय स्वच्छता अभिवृद्धिमा स्थानीय समुदायको सहभागिता र जिम्मेवारी भाव अभिवृद्धि गरिनेछ । प्रदूषण नियन्त्रणका लागि मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>३.२.२. समुदायमा आधारित फोहोरमैला व्यवस्थापन पद्धतिको सुरुआत गरी स्थानीय समुदायको नेतृत्वमा ग्रामिण क्षेत्रमा नकुहिने फोहोरमैला खोलाखोल्सामा फाल्ने, जलाउने, गाड्ने चलनको अन्त्य गरिनेछ । नकुहिने फोहोरमैला संकलन गरी प्रशोधन तथा पुनःचक्रीय प्रयोगका लागि पठाउने व्यवस्था गरिनेछ ।<br>३.२.३. जमिन र जल क्षेत्रलाई प्रदूषित गराउन सक्ने स्थानीय स्तरमा निस्कासित हुने फोहोरमैलाको व्यवस्थापनमा खासगरी टोल विकास समिति र स्थानीय समुदायलाई सक्रिय सहभागी गराइनेछ । टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरी स्वच्छ वडा घोषणा अभियान सञ्चालन गरिनेछ ।<br>३.२.४. टोल विकास समितिलाई टोलस्तरीय नागरिक आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ ।<br>३.२.५. वातावरण संरक्षण तथा जलवायु परिवर्तनको अनुकुलनमा समुदायको भूमिका बढाउन सूचनामूलक कार्यक्रम तथा सामुदायिक उत्थानशीलताका लागि आवश्यक तालिम प्रदान गरिनेछ । |
| ३.२. वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने | ३.३.१. वातावरण संरक्षण तथा तथा जलवायु परिवर्तन अनुकूलनका लागि विकास साझेदार संस्थाहरूसँग साझेदारी गरी स्रोतको वृद्धि गरिनेछ ।<br>३.३.२. स्थायी फोहोरमैला व्यवस्थापन केन्द्र (landfill) निर्माण गरी बजार क्षेत्रको फोहोरमैलाको दीगो व्यवस्थापन गरिनेछ ।<br>३.३.३. कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर (reduce, reuse, recycle) को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ ।<br>३.३.४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ । साथै, समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.३.५. फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ ।<br>३.३.६. फोहोर संकलन तथा व्यवस्थापनमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>३.३.७. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न अनुकुलनका कार्यक्रमहरू साझेदारीमा सञ्चालन गरिनेछ । |
| ३.३. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन | ३.३.१. खडेरी तथा सुख्खाग्रस्त क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवर्द्धन गरिनेछ ।<br>३.३.२. रैथाने बीउहरूको संरक्षणका लागि स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने | ३.३.३. बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजातिसहितको कृषिवन प्रणालीको विकास गरिनेछ ।<br>३.३.४. सबै कृषक घरधुरीमा कृषि तथा पशुबीमाको पहुँच सुनिश्चित गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा गरिने बीमाबाट विपद् तथा जलवायुजन्य जोखिम वहन गरिने कुराको सुनिश्चितता गरिनेछ ।<br>३.३.५. जीवनशैली तथा  विकास पद्धतिलाई जलवायु अनुकुलित बनाउँदै लगिनेछ । |
| ३.४. विकास व्यवस्थापनमा स्वच्छता अभिवृद्धिलाई मूल प्रवाहीकरण गर्ने | ४.१.१. सार्वजनिक स्थान र सडकको दायाबायाँ सौन्दर्यप्रधान बिरुवा रोपणलाई अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता र सौन्दर्यता अभिवृद्धि गरिनेछ ।<br>४.१.२. सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।<br>४.१.३. विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग; प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामग्रीको प्रयोग; जलवायु परिवर्तन अनुकूलन प्रवर्द्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ ।<br>४.१.४. बजार क्षेत्रमा सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्तीको विस्तार गरिनेछ ।<br>४.१.५. भौतिक पूर्वाधारहरूको डिजाइन र निर्माण गर्दा जलवायु विषमताजन्य जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिनेछ । |
| उद्देश्य नं. ४ :  सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्नु तथा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु | |
| ४.१. नगरपालिकामा विपद् जोखिमका क्षेत्र र कारकहरू पहिल्याई सो अनुरुप पूर्वतयारी गर्ने तथा विपद्को अवस्थामा आकस्मिक प्रतिक्रियाको क्षमता विकास गर्ने | ४.२.१. विकास साझेदार एवम् स्थानीय समुदायलाई परिचालन गरी संकटासन्नता तथा क्षमता नक्सांकन, विपद् समय रेखा, म्याट्रिक्स र्याकिङजस्ता सहभागितामूलक लेखाजोखाका औजारहरू प्रयोग गरी नगरपालिकाका सबै वडाको विपद् जोखिमको पहिचान एवम् बृहत् विश्लेषण गरिनेछ ।<br>४.२.२. पहिचान भएका विपद् जोखिम अनुरुप समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४.२.३. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.२.४. पहिलो पटक नगरपालिकास्तरबाट सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यसपश्चात् सबै वडाले उक्त उद्दार सामग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधिकरणको व्यवस्था गरिनेछ ।<br>४.२.५. नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ ।<br>४.२.६. नगरपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ ।<br>४.२.७. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड-१९ जस्ता महामारीको लागि सुरक्षित स्थलको रुपमा व्यवस्था गरिनेछ । |
| ४.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई विकास व्यवस्थापनमा | ४.२.१. यस आवधिक योजनामा समावेश सबै विषय क्षेत्रगत योजनाहरू एवम् नगरपालिकामा सञ्चालन हुने सबै विकास कार्यक्रम/क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरणको अवधारणा समावेश गरिनेछ ।<br>४.२.२. वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी भिर/पहिरो तथा नदी कटानजन्य भूक्षय न्यूनीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| मूलप्रवाहीकरण गर्ने | ४.२.३. सबै सडक निर्माण गर्दा सडकको दीगोपनलाई पूर्णतः प्राथमिकता दिई डिजाइन, इष्टिमेट, निर्माण गरिनेछ। यस क्रममा सबै स्तरका सडकमा नाला अनिवार्य गरिनेछ, सडकको भिरालोपन (grade) लाई इन्जिनियरिङको मान्यता अनुरुप नै कायम गरिनेछ, आवश्यकताअनुसार सबै ठाउँमा कल्भर्टहरू/ह्यूप पाइपहरू राखिनेछ, कमजोर भौगर्भिक संरचना छलेर सडक निर्माण गरिनेछ।<br>४.२.४. नयाँ बन्ने भवनहरूमा भवन आचार-संहिता अनिवार्य गरिनेछ। यसअघि भवन आचार-संहिताको पालना नगरी बनाइएका सबै सार्वजनिक तथा निजी भवन/घरहरूको सबलीकरणका लागि सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.२.५. खानेपानी आयोजनाहरूलाई विपद् प्रतिरोध गर्ने हिसाबले निर्माण गरिनेछ। पाइपलाइन विस्तारका क्रममा पहिरोको जोखिम न्यूनीकरणलाई ध्यान दिइनेछ तथा खानेपानीका मूलहरू संरक्षण गरिनेछ।<br>४.२.६. विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने। जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ। |
| ४.३. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा नगरपालिकाको सहभागिता, सक्रियतामा वृद्धि गर्ने | ४.२.१. नगरपालिकास्तरमा रहेको विपद् व्यवस्थापन समिति र वडास्तरका विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय गराई मासिक रुपमा बैठक बस्ने, कार्ययोजनाहरू तर्जुमा गर्ने, कार्यान्वयनको नियमित अनुगमन गरिनेछ।<br>४.२.२. नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषमा हरेक वर्ष नियमित र अनिवार्य रुपमा थप रकम विनियोजन गरी आपत्कालीन व्यवस्थापनका लागि आवश्यक स्रोतको सुनिश्चितता गरिनेछ।<br>४.२.३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ।<br>४.२.४. नगरपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ।<br>४.२.५. नगरपालिका स्वयम्लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ।<br>४.२.६. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br>४.२.७. समुदायस्तरीय विपद् व्यवस्थापनलाई सुदृढीकरण गर्न विपद् सिकाइ केन्द्रको स्थापना, सञ्चालन र सबलीकरणमा जोड दिइनेछ।<br>४.२.८. नगरपालिकास्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू (evacuation routes) पहिचान गरी सम्बन्धित सबैलाई जानकारी गराइनेछ। |

## ७.४ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा

हाल नगरपालिकाका ४५ वटा सामुदायिक वनको कुनै वार्षिक आम्दानी भएको नदेखिएकाले यो योजनाको अन्त्यसम्ममा सबै सामुदायिक वनको औसतमा वार्षिक एक लाखका दरले सामुदायिक वनहरूको वार्षिक आम्दानी रु.४५ लाख पुगेको हुनेछ । नगरपालिकामा पर्याप्त पाइने गैरकाष्ठ वन पैदावारहरू अम्रिरो, थाकल, निगालो, बाबियो, बाँस, भलायो, भोर्ला, सल्लाको खोटो, सालको पात आदिको व्यवसायिक उपयोगको संभावना खोजी गरी कम्तीमा ३०० घर परिवारलाई लघु तथा घरेलु उद्योगमा संलग्न गराइनेछ ।

**तालिका- २८ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०७७/७८ को अवस्था) | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **प्रभाव :** सन्तुलित, समृद्ध पर्यावरणयुक्त सुरक्षित, अनुकुलित र उत्थानशील नगरपालिका निर्माण भएको हुने | कुल भूमिमा वन/हरियाली क्षेत्र | प्रतिशत | ३६ | ३६ | ३६.५ | ३७ | ३९ | ४० | ४० | नगर वस्तुस्थिति विवरण<br><br>डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br><br>सर्भेक्षण प्रतिवेदन | |
| | स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानी | रु. हजार | ० | ५०० | १००० | २००० | ३००० | ४५०० | ४५०० | | |
| | वनमा आधारित उद्यम व्यवसायमा आश्रित घरपरिवार | संख्या | १५० | १६० | २०० | २५० | ३५० | ५०० | ५०० | | |
| | पुनर्स्थापित वनको क्षेत्रफल | हेक्टर | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | वातावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा | संख्या | १ | २ | ५ | ८ | १२ | १४ | १४ | | |
| | विगत पाँच वर्षमा विपद्बाट भएको मानवीय क्षतिमा आएको गिरावट (घाइते समेत) | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | पहिरो वा नदि कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफल | रोपनी | १८० | १६० | १३० | १०० | ५० | २० | ३० | | |
| **असर १ :** हरियाली, वन क्षेत्रको सञ्चिती एवम् दीगो उपयोगमा वृद्धि र जैविक विविधताको प्रवर्द्धन भएको हुने | वृक्षारोपणबाट वृद्धि भएको हरित क्षेत्र | हेक्टर | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | नगर वस्तुस्थिति विवरण<br><br>डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन | वन सम्बन्धी नीतिहरू उद्यम विकासप्रति सहज भएका हुनेछन्<br><br>वन क्षेत्रमा नगरपालिका, डिभिजन वन कार्यालय तथा प्रदेश सरकारबीच समन्वय, सहकार्य वृद्धि भएको हुनेछ |
| | काष्ठ/गैरकाष्ठ वन पैदावार/जडीबुटी बिक्री | रु. हजार | ० | ५००० | ७५०० | १०००० | १३००० | १५००० | १५०००० | | |
| | उत्पादित गैरकाष्ठ वन पैदावारको बिक्री परिमाण | क्यु.फिट (हजार) | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | वनबाट नगरपालिकामा प्राप्त रोयल्टी कुल | रु. हजार | ० | १०० | ३०० | ५०० | ८०० | १२०० | ५० | | |
| | पुनर्स्थापित भूमिको क्षेत्रफल | हेक्टर | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| **प्रतिफल १.१ :** वन क्षेत्रको उत्पादन तथा | उत्पादित काठ | घन फुट | ० | ३० | ४० | ५० | ६० | ६५ | ६५ | नगर वस्तुस्थिति विवरण | वन सम्बन्धी नीतिहरू उद्यम विकासप्रति सहज भएका हुनेछन् |
| | दर्ता निजी वन क्षेत्र | रोपनी | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जी. | ० | २००० | २५०० | ३००० | ३५०० | ४००० | ४००० | | |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०७७/७८ को अवस्था) | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| उत्पादकत्व वृद्धि भएको हुने | वनमा आधारित उद्योग व्यवसाय | संख्या | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन | वन क्षेत्रमा नगरपालिका, डिभिजन वन कार्यालय तथा प्रदेश सरकारबीच समन्वय, सहकार्य वृद्धि भएको हुनेछ |
| | व्यावसायिक जडिबुटी खेतीमा संलग्न घरपरिवार | संख्या | ० | – | २० | – | २० | १० | ५० | | |
| **प्रतिफल १.२ :** जलाधार, हरियाली तथा जैविक विविधताको संरक्षण, प्रवर्द्धन भएको हुने | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | ३ | ३.५ | ४ | ६ | ८ | १० | १० | | |
| | नवनिर्मित उद्यान तथा हरित क्षेत्र/शहरी वनयुक्त बजार | संख्या | ४ | ६ | ८ | १० | १४ | १८ | १८ | | |
| | जैविक विविधतायुक्त/संरक्षित क्षेत्र | संख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| **असर २ :** प्रदूषण नियन्त्रण एवम् वातावरणीय स्वच्छतामा वृद्धि भएको हुने | घरआँगन, बाटो, सार्वजनिक स्थलहरू सधैं सफा रहने वडा | संख्या | ० | १ | ५ | १० | १४ | १४ | १४ | नगर वस्तुस्थिति विवरण<br><br>नगरपालिका स्वास्थ्य शाखाको प्रगति प्रतिवेदन | फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको प्राथमिकता वृद्धि भएको हुनेछ ।<br><br>फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि भएको हुनेछ । |
| | फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | – | १० | ३० | ५० | ७० | १०० | १०० | | |
| | कृत्रिम फोहोरमैलारहित नदी/खोलाको हिस्सा | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० | | |
| | स्वच्छ, सफा विद्यालय | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | | |
| **प्रतिफल २.१ :** दीगो एवम् पूर्ण सरसफाइको अवस्था हासिल भएको हुने | दैनिक रुपमा फोहोरमैला संकलन, वर्गीकरण र व्यवस्थापनको प्रणाली भएका बजार | संख्या | ० | १ | ३ | ५ | ८ | १० | १० | नगर वस्तुस्थिति विवरण<br><br>नगरपालिका स्वास्थ्य शाखाको प्रगति प्रतिवेदन | फोहोरमैला व्यवस्थापनमा नागरिक जागरुकतामा वृद्धि भएको हुनेछ ।<br><br>फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि भएको हुनेछ । |
| | व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८५ | ९५ | ९५ | | |
| | प्लाष्टिक, बोतललगायतका कृत्रिम फोहोरमैलाको कम्तिमा साप्ताहिक रुपमा संकलन र व्यवस्थापन गर्ने परिपाटी भएका वडा | संख्या | ० | ० | १ | ४ | ७ | १० | १०० | | |
| | सफा चर्पीको प्रयोग गर्ने परिवार (चर्पी सफा गर्ने ब्रस, कुचो, जिवाणुरकिटाणु नाशक पदार्थ आदि उपलब्ध भएको) | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफल २.२ :** स्थानीय परिवेश सुहाउँदो जलवायु | नवीकरणीय उर्जाका प्रविधिहरू (सुधारिएको चुलो, सौर्य चुल्हो, गोवर ग्याँस) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६० | ६० | ६५ | ७० | ७५ | ८० | ८० | नगर वस्तुस्थिति विवरण | जलवायु परिवर्तन अनुकूलनमा विकास साझेदारको |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०७७/७८ को अवस्था) | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन भएका हुने | जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा भएका कृषक परिवारको हिस्सा | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | १०० | नगरपालिका वातावरण शाखाको प्रगति प्रतिवेदन | सहभागितामा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनप्रति नागरिक सचेतनामा वृद्धि भएको हुनेछ । |
| | जलवायु विषमता सहन सक्ने खाद्यबाली वा जलवायुमैत्री कृषी प्रणाली अवलम्बन गर्ने घरधुरी | संख्या | २००० | २००० | २५०० | ३५०० | ४५०० | ५००० | ५००० | | |
| **असर ३ :** सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण भएको हुने | विपद्बाट प्रभावित र विस्थापित घरपरिवार (विगत तीन वर्षमा) | संख्या | १०० | १०० | ८० | ६० | ३० | २० | २० | नगर वस्तुस्थिति विवरण नगरपालिका विपद् जोखिम व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनेछ विपद् जोखिम व्यवस्थापनमा नागरिकको सहभागितामा वृद्धि भएको हुनेछ |
| | बाढी र पहिरोको जोखिममा बसोवास गरेका घरपरिवार | प्रतिशत | २० | २० | १५ | १० | ५ | ५ | ५ | | |
| | पहिरो, नदी वा खोलाले काटेको, बगाएको खेतीयोग्य जमिन (गत वर्षको) | रोपनी | १०० | १०० | ८० | ५० | ३० | १० | १० | | |
| | भवन आचार संहिताको पालना गरी निर्माण गरिएका विद्यालय | प्रतिशत | ७० | ७५ | ८० | ९० | ९५ | १०० | १०० | | |
| **प्रतिफल ३.१ :** विकास पूर्वाधार विपद् प्रतिरोधी तथा सामाजिक एवम् सांस्कृतिक जीवन उत्थानशील भएको हुने । | नालायुक्त कच्ची सडकको हिस्सा | प्रतिशत | १० | २० | ४० | ६० | ८० | १०० | १०० | नगर वस्तुस्थिति विवरण प्राविधिक शाखाको प्रगति प्रतिवेदन | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनेछ विपद् जोखिम व्यवस्थापनमा नागरिकको सहभागितामा वृद्धि भएको हुनेछ |
| | भूकम्प प्रतिरोधी आवासीय भवन | प्रतिशत | ९५ | ९५ | ९७ | ९८ | ९९ | १०० | १०० | | |
| | स्थानीय विपद् व्यवस्थापनमा सक्रिय खोज उद्दार स्वयम्सेवक | संख्या | १५ | १५ | ७१ | ७१ | ७१ | ७१ | ७१ | | |
| | विपद् पूर्वतयारी गर्ने घरपरिवार | प्रतिशत | १५ | २० | ४० | ५० | ६० | ७० | ७० | | |
| | आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | ० | ३ | ४ | ४ | ३ | १४ | | |
| | प्राथमिक उपचारमा दक्ष र सक्रिय जनशक्ति | संख्या | ६० | ६० | ११६ | ११६ | ११६ | ११६ | ११६ | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक) | लाख | ३० | ८० | १३० | १८० | २३० | २८० | २८० | | |
| | पहिरो र बाढीप्रति संकटाभिमुख रहेकाहरूमध्ये पूर्वसूचना प्राप्त गर्ने घरपरिवार | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० | ९० | ९० | | |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०७७/७८ को अवस्था) | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **प्रतिफल ३.२ :** | विगत तीन वर्षमा विपद्बाट विस्थापित घरपरिवार | संख्या | ० | | | | | | ५० | नगर वस्तुस्थिति विवरण<br><br>नगरपालिका विपद् जोखिम व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन | विपद् जोखिम व्यवस्थापनमा रेडक्रसलगायत सरोकारवालाको सहकार्य र सहभागिता वृद्धि भएको हुने |
| | विगत तीन वर्षमा विपद्बाट भएको कुल क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रकम रु.हजार | १५००० | १३००० | १२००० | १०००० | ७००० | ५००० | ५००० | | |
| | विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | जना | ४० | ३५ | ३० | २५ | २० | १० | १० | | |
| **प्रतिफल ३.३ :** पुनर्स्थापना र पुर्ननिर्माण तथा पुनर्लाभको अवस्था हासिल भएको हुने | विपद् प्रभावित कुल व्यवसायमध्ये प्रोत्साहन सहयोग प्राप्त गर्ने उद्यम व्यवसाय | संख्या | ० | २० | ४० | ६० | ८० | १०० | १०० | नगर वस्तुस्थिति विवरण<br><br>नगरपालिका विपद् जोखिम व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन | कोभिड-१९ जस्ता महामारी नियन्त्रणमा आएका हुनेछन् ।<br><br>उद्यम-व्यवसायको विस्तारमा नगरपालिकाको प्रोत्साहनमूलक वातावरण कायम रहनेछ । |
| | विपद् प्रभावित भई विपद्पूर्वको अवस्थामा फर्किएका उद्योग व्यवसाय | प्रतिशत | ७० | ७० | ८० | ९० | १०० | १०० | १०० | | |
| | भवन निर्माण आचार-संहिताबिना निर्माण गरिएका भवनमध्ये सबलीकरण गरिएका सार्वजनिक भवन (गापा तथा वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू; विद्यालयहरू | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| | उद्यम व्यवसाय पुनः सुरु गर्ने उद्यम व्यवसायीमध्ये महिला, दलित, अति विपन्न तथा अपाङ्गता भएकाहरू | प्रतिशत | ८ | १३ | १५ | १६ | १६ | १६ | १८ | | |
| | आयआर्जन, खाद्य सुरक्षा, स्वास्थ्यसम्बन्धी कार्यक्रमबाट लाभान्वित घरपरिवार | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३० | ३० | | |

## ७.५ विषय क्षेत्रगत प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य हासिल गर्नका लागि निम्नअनुसारका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू प्रस्ताव गरिएको छ :

## तालिका- २९ : वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजार) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| उद्देश्य १ : वनको गुणस्तर, सञ्चिती एवम् हरियालीमा वृद्धि र जैविक विविधताको संरक्षण प्रवर्द्धन गर्ने | | | | | | | | | | | |
| २.१. नर्सरी निर्माण/बिरुवा उत्पादन, उचित प्रजाति वृक्षारोपण एवम् संरक्षण कार्यक्रम | हेक्टर | १ | १०० | १००० | ३००० | ३००० | २००० | १००० | १०००० | १०० | वडा नं. १, ६, घेराबार, |
| २.२. सहकार्यमा आधारित हरियो वन कार्यक्रम | सा.व. संख्या | – | १५ | १०००० | १५००० | २५००० | २५००० | | ७५०१५ | ५००० | मिचाहा प्रजाति नियन्त्रण र रैथाने/गुणस्तरीय उचित प्रजातिका वन विस्तार, पुनर्भरण पोखरी निर्माण |
| २.२. वन डढेलो नियन्त्रणमा सहकार्य | वडा | ० | १४ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ५०० | उपकरण सहयोग, अग्निरेखा निर्माण, पोखरी निर्माण, १४ वटै वडा |
| २.३. कृषि वन तथा जडीबुटीलगायत अन्य गैरकाष्ठ वनपैदावार उत्पादन र आयआर्जन कार्यक्रम | घरपरिवार | – | २५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ६० | तालिम, उपकरण, बिरुवा, पाविधक सहयोग, |
| २.४.निष्क्रिय वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सुशासन अभिवृद्धि कार्यक्रम | समिति संख्या | ८४ | ४५ | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ५० | तालिम, काम पहिचान गरी आर्थिक सहयोग, आर्थिक क्रियाकलापमा आवद्ध गर्ने, |
| २.५.निजी वन प्रवर्द्धन कार्यक्रम | हेक्टर | – | २५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | ५० | आँप, लिची जस्ता फलफूलका बिरुवा रोपण तथा बजारको सुनिश्चितता |
| २.६. शहरी हरियाली प्रवर्द्धन कार्यक्रम | कि.मी. | – | २ | – | – | १००० | १००० | – | २००० | १००० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजार) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| २.७. वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | १ | – | – | – | १००० | – | – | १००० | १००० | |
| २.८. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थानको पहिचान तथा संरक्षणमा सहकार्य | पटक | १ | १ | – | – | – | ५०० | – | – | ५०० | |
| **उद्देश्य १ को जम्मा :** | | | | | | | | | **११३५१५** | | |
| उद्देश्य २ : जलाधार क्षेत्रको संरक्षण तथा भूमिको उत्पादन, उत्पादकत्वमा वृद्धि गर्ने | | | | | | | | | | | |
| २.१. मन्थली बेसी जलाधार अध्ययन, संरक्षण, प्रवर्द्धन कार्यक्रम | वटा | ० | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० | |
| २.२. गल्छी, खहरे, खोला, खोल्सा नियन्त्रण कार्यक्रम | कि.मी | ०.५ | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० | |
| २.३. गह्रा खेती सुधार कार्यक्रम | हेक्टर | ० | १० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ४५० | |
| २.४. भूमिगत पानी पुनर्भरण पोखरी पुनर्निर्माण | संख्या | | ९८ | ४००० | ३६०० | ३६०० | ५००० | ३८०० | २०००० | २०० | सबै वडा |
| २.५. पहिरो गएको जमिनको स्थिरीकरण कार्यक्रम | पहिरो संख्या | – | ७ | १०००० | ५००० | ५००० | १०००० | ५००० | ३५००० | ५००० | घ्याप्चे, भोर्ले, जलकिनी, फुलासी |
| २.६. पानीका मुहान संरक्षण/पुनर्निर्माण | मुहान संख्या | | ७० | २१०० | २१०० | २१०० | २१०० | २१०० | १०५०० | १५० | |
| २.७. बायोइञ्जिनियरिङ | | | | | | | | | ० | | |
| पहिरो नियन्त्रण (पुराना गाउँ, गेलु, फुलासी) | हेक्टर | | १०० | | | | | | ३०००० | ३००० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजार) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| २.८. खोला, खोल्साबाट कृषि भूमि संरक्षणमा सहयोग | रोपनी | | १५० | २२५०० | २२५०० | २२५०० | २२५०० | २२५०० | ११२५०० | १५०० | |
| २.९. बाढी पहिरो संवेदनशील क्षेत्रमा रहेका वस्ती संरक्षण | वटा | | ३ | ० | १८००० | २७००० | २७००० | १८००० | ९०००० | ३०००० | तामाकोसी तथा रणजोर किनारका वस्ती, गैराथोक |
| उद्देश्य २ को जम्मा : | | | | | | | | | ४०२५०० | | |
| उद्देश्य ३ : फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने | | | | | | | | | | | |
| ३.१. समुदायमा आधारित सरसफाइ तथा स्वच्छता अभिवृद्धि कार्यक्रम | वडा | – | १४ | ५६० | ५६० | ५६० | ५६० | ५६० | २८०० | २०० | |
| ३.२. ल्याण्डफिलसाइट निर्माण | वटा | – | १ | ५००० | १०००० | १०००० | – | – | २५००० | २५००० | |
| ३.३. सार्वजनिक शौचालय निर्माण, व्यवस्थापन | संख्या | २ | ११ | ३००० | ३००० | ४५०० | ३००० | ३००० | १६५०० | १५०० | मन्थली बजार क्षेत्रमा ४ वटा, अन्यत्र वडा केन्द्रमा |
| ३.४. बजार क्षेत्रमा उद्यान निर्माण | संख्या | ४ | १४ | २००० | २००० | ३००० | ३००० | ४००० | १४००० | १००० | |
| ३.५. सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती | संख्या | ० | १०० | – | ५००० | ५००० | – | – | १०००० | १०० | |
| **उद्देश्य ३ को जम्मा :** | | | | | | | | | **६८३००** | | |
| उद्देश्य ४ : विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनता वृद्धि गर्ने | | | | | | | | | | | |
| ४.१. वडास्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | कार्यदल संख्या | – | ५६ | – | ८४० | – | – | – | ८४० | १५ | खोज उद्दार, प्राथमिक उपचार, आश्रयस्थल व्यवस्थापन, खाद्य सामग्री व्यवस्थापन कार्यदल गठन गरी विपद्को समयको |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजार) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| | | | | | | | | | | | भूमिका बारेमा अभिमुखीकरण गर्ने |
| ४.२. कृत्रिम अभ्यास | कार्यदल संख्या | २ | ५६ | - | ८४० | - | - | - | ८४० | १५ | |
| ४.३. वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन | वडा | ० | १४ | - | - | १४०० | - | - | १४०० | १०० | |
| ४.४. आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नती | स्थान | ० | १४ | ४००० | ४००० | ६००० | ८००० | ६००० | २८००० | २००० | |
| ४.५. स्थानीय तह प्रकोप व्यवस्थापन कोष | रु. लाख | ५० | ३०० | १०० | १५० | २०० | २५० | ३०० | ३०० | ५० | |
| ४.६. विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | पटक | ० | ५ | ० | २०० | ५० | ५० | ५० | ३५० | ८८ | |
| ४.७. आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना | पटक | ० | १ | - | ५०० | - | - | - | ५०० | ५०० | |
| ४.८. समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | - | १४ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ५०० | विपद् जोखिम पहिचान एवम् विश्लेषण (प्रकोप, संकटासन्नता तथा क्षमता नक्सांकन, प्रकोप प्रोफाइल तयारी, विपद् व्यवस्थापन समिति र कार्यदलहरूको क्षमता अभिवृद्धि) |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजार) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | कुल लक्ष्य | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| ४.९. पहिरो तथा बाढीको उच्च जोखिममा रहेका घरपरिवारको स्थानान्तरण/संरक्षण | परिवार संख्या | - | २०० | - | २५००० | २५००० | २५००० | २५००० | १००००० | ५०० | घ्याप्चेको पहिरो तथा रणजोर खोला र तामाकोशी नदी किनारमा अति जोखिममा रहेका घरपरिवार |
| **उद्देश्य ४ को जम्मा :** | | | | | | | | | **१३९२३०** | | |
| विषयगतक्षेत्रको कुल जम्मा | | | | | | | | | **६६९०३०** | | |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन

## ८.१ पृष्ठभूमि

संविधानले व्यवस्था गरेको संघीयताको ढाँचा अनुरुप स्थानीय तहमा स्थानीय सरकारहरू स्थापना भई संविधानले तोकेको आधिकार तथा जिम्मेवारी अनुसारका विकास कार्य तथा सेवा प्रवाहमा सक्रिय हुँदै आएका छन् । स्थानीय सरकार भनेको जनताले देख्ने र भेट्ने सरकार हुन् भनिन्छ । तसर्थ, आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायको स्थानीय सरकारप्रति ठूलो आसा भरोसा रहेको हुन्छ । त्यसैले कानूनले दिएको जिम्मेवारी र अधिकार र जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जवाफदेही ढंगले सरकार सञ्चालन गरी सेवा प्रवाह र विकास गतिविधिलाई प्रभावकारी बनाउनु आजको आवश्यकता भएको छ ।

अधिकार र साधन स्रोत बढेसँगै स्थानीय सरकारसँग जनअपेक्षा र जिम्मेवारी बढेको परिवेशमा विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी छ । यसका लागि स्थानीय सरकारहरूले संविधानको मर्म अनुरुप अन्य स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गर्दै संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन, समुदाय, निजी तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई अझ बढि नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । त्यसैले नगरपालिकाले प्रवाह गर्नुपर्ने सेवा र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी सुशासनको अनुभूति गराउन स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापन योजनाको यो प्रारुप तयार गरिएको छ ।

## ८.२ अवस्था विश्लेषण

### ८.२.१ स्थानीय नीति तथा कानून

#### (क) संभावना तथा अवसर

नगरपालिकाले अख्तियारप्राप्त क्षेत्रमा आवश्यकताअनुसार ऐन, नियम तर्जुमा र कार्यान्वयन गरी कानुनमा आधारित शासनलाई सुदृढीकरण गर्दै लगेको छ । यसक्रममा विभिन्न विषयका ऐन १३ वटा, नियमावली ७ वटा, कार्यविधि २७ वटा, निर्देशिका ३ वटा र आचार संहिता १ वटा तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, नियमावली २०६५, विद्युतीय शासन ऐन, सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन, लेखापरीक्षण ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायत नगरपालिका आफैले बनाएको सुशासन व्यवस्थापन ऐन, २०७६ बमोजिम सुशासन तथा संस्थागत विकास सम्बन्धी कार्य गरिरहेको छ । नागरिक वडापत्रलाई सबैको पहुँचयोग्य बनाउन सबैले सजिलै देख्न र हेर्न सकिने ठाउँमा राखिएको छ । सूचना पाटी र होर्डिङ वोर्डको व्यवस्था गरिनुका साथै बेला-बेलामा आउने उजुरीका लागि उजुरी पेटिकाको व्यवस्था गरिएको छ । कार्यालयबाट सम्पादित कार्यहरूमा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न साप्ताहिक रुपमा स्थानीय एफ.एम.रेडियोहरू मार्फत् "हाम्रो मन्थली" नामक कार्यक्रम नियमित सञ्चालन गर्ने गरिएको छ ।

नगर कार्यपालिकाको मन्थली बजारमा आफ्नै सुव्यवस्थित कार्यालय भवन रहेको छ । वडा नम्बर २, १० र १४ का वडा कार्यालयहरू आफ्नै नयाँ कार्यालय भवनमा रहेका छन् भने वडा नं. ३, ६, ७, ८, ९ ११ का साविकका गाविसलगायतका भवनमा कार्यालय भवन रहेको छ । वडा नं. ४, ५, १२, १३ को आफ्नै वडा कार्यालय भवन रहेको छैन । कुल १६ वटा सामुदायिक स्वास्थ्य एकाईहरूबाट सेवा प्रवाह भैरहेको छ र उपरोक्त कार्यालयहरूको स्तरोन्नतिको लागि प्रयास भइरहेको छ । कार्यपालिका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत ६९ जना र नगरसभाबाट स्वीकृत ८३ जना गरी कुल १५२ जना कर्मचारीको दरबन्दी रहेको छ तर २०७८ असारमा कुल ७० जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शन, २०७८ को व्यवस्था अनुसार पहिलो पटक नगरपालिकाको समष्टिगत विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रमसहितको आवधिक योजना तर्जुमा तयार गरेको छ ।

### (ख) समस्या तथा चुनौती

नगरपालिकाले आफूलाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि निर्माण/पुनरावलोकन गर्दै आएको भए पनि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, उद्यम, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको छ ।

नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना हुन सकेको छैन । निर्माण गरिएका ऐन कानुनको कार्यान्वयन प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन् । न्यायिक समितिबाट भएका निर्णय र मिलापत्रहरू कार्यान्वयन हुन सकेका छैनन् । न्यायिक समितिबाट हुने कार्य सम्पादनमा विश्वासको वातावरण बन्न सकेको छैन तथा उत्कृष्ट न्याय सम्पादनमा न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको दक्षताको कमी रहेको छ । वडा कार्यालयबाट हुने म्याद तामेलीमा म्याद तामेली सम्बन्धी कार्यविधिको कार्यान्वयन हुन सकेको छैन । संघ र प्रदेशबाट निर्माण गरिएको कानूनसँग तादाम्यता ल्याउनु पर्ने खाँचो रहेको छ । प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्ष्यित वर्गलाई सुसूचित गराउने, सोको प्रभावकारी कार्यान्वयन गराउन सकिरहेको अवस्था छैन । निर्माण गरिने ऐन नियमहरू सहभागितामूलक ढंगले निर्माण गर्नु, बनेका ऐन नियमहरूको बारेमा आम मानिसहरूमा जानकारी तथा प्रवोधीकरण गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस उपक्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् ।

## ८.२.२ संस्थागत तथा मानव संशाधन विकास

### (क) संभावना, अवसर

नगरपालिकाको आफ्नै सुव्यवस्थित कार्यालय भवन रहेको छ । वडा नं. २, १०, १४ को आफ्नै नयाँ कार्यालय भवन रहेको छ भने वडा नं. ३, ६, ७, ८, ९, ११ को पुराना भवनमा आफ्नै कार्यालय भवन रहेका छन् । वडा कार्यालयहरूलाई सम्बन्धित वडामा नै कार्यालय सञ्चालनको व्यवस्था गरी सार्वजनिक सेवा छिटो छरितो गुणस्तरीय र पहुँचयोग्य बनाउने कोशिश गरिएको छ । संघीय सरकारबाट निर्धारण गरिएको संरचना र दरबन्दीलाई समेत ध्यानमा राखेर छैठौं नगरसभाबाट आफ्नो संगठन संरचना स्वीकृत गरी सोही अनुसार कर्मचारीलाई कार्य जिम्मेवारी दिएर नगरका नीति तथा कार्यक्रम अनुरुपका कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरको नियमित कार्य सञ्चालनका लागि आवश्यकताका आधारमा सेवा करारमा कर्मचारी भर्ना गरी कार्य गर्दै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएबमोजिम ६९ जनाको र छैठौं नगरसभाबाट ८३ जनाको दरबन्दी स्वीकृत भएको छ भने हाल स्थायी ४९ र सेवा करारमा २१ जना कर्मचारी कार्यरत रहेका छन् ।

### (ख) समस्या तथा चुनौती

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको पदपूर्ती हुन नसक्दा नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई भइरहेको छ । कार्यपालिका कार्यालयको लागि आफ्नै प्रशासनिक भवन रहेको छ तर पनि यो सबै शाखा तथा एकाइहरूका लागि अझ पर्याप्त रहेको छैन । नगरपालिकामा रहेका यस्ता समस्याहरूको निराकरण गर्दै एउटा सक्षम र प्रभावकारी सरकारको रुपमा उभ्याउनु नगरपालिकाको लागि एउटा चुनौतीको रुपमा रहेको छ । नगरपालिकाको सेवा प्रवाह अझै पनि दण्ड र पुरस्कारमा आधारित छैन तथा वृत्ती विकासको व्यवस्था लागू हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र, गैसस र समुदायमा आधारित संस्थाबीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास कार्य पर्याप्त नभएको, भएका कार्यको उपलब्धी मूल्यांकन हुने परिपाटी सुरुआत हुन सकेको छैन ।

### ८.२.३ स्थानीय वित्त तथा स्रोत परिचालन

**(क) संभावना, अवसर**

लेखा प्रणालीलाई प्रभावकारी बनाउन SuTRA, CGAS, Online Vouching, PAMS जस्ता सफ्टवेयरहरुको प्रयोगलाई संस्थागत गरिएको छ । e-bidding, e-payment जस्ता सूचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापनलाई थप सुदृढीकरण गरिएको छ। आ.व. २०७७/०७८ देखि आन्तरिक लेखा परीक्षण एकाइको व्यवस्था गरी लेखा परीक्षकद्वारा भुक्तानीका लागि पेस भएका अभिलेखहरू चेकजाँच पश्चात भुक्तानी गर्ने पद्धतिको विकास गरिएको छ। वित्तीय सुशासनसँग सम्बन्धित आर्थिक कार्यविधि ऐन, २०५५ र नियमाली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, भ्रमण खर्च नियमावली २०६४ लगायतका सम्पूर्ण ऐनहरूको पूर्ण पालना गर्ने गरिएको छ। नगरले संकलन गर्ने आन्तरिक आयको हिस्सालाई समेत नगरको समग्र विकास कार्यमा लगानी गर्ने गरिएको छ। आ.व. ०७६/०७७ देखि ५ लाखसम्म पूँजी भएका उद्योगहरू नगरपालिकाले दर्ता गर्न सक्ने प्रावधान बमोजिम दर्ता गर्दै आएको छ । सवै वडाबाट गरिने पूर्वाधार विकासका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कनको कार्यलाई उपभोक्ता समिति, वडा समिति र उप प्रमुखको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिको व्यवस्था गरी ३६० डिग्रीको अनुगमनको व्यवस्था गरिएको छ। यसका अतिरिक्त आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याइएको नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्बन्धित कर्मचारीहरू अनुगमनमा सक्रिय सहभागी हुने गरेका छन् ।

**(ख) समस्या तथा चुनौती**

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता सम्बन्धमा वडास्तरमा जानकारी र दक्षता न्यून रहेको छ। आन्तरिक आय विस्तार, संभाव्यता विश्लेषण, कर र गैरकरको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा सञ्चालन, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन, जसको कारण नगरपालिकाको विकास उपलब्धिका मुख्य रुपमा संघीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ। स्थानीय सरकारको रुपमा आर्थिक आत्मनिर्भरताको विषय निकै टाढाको विषयका रुपमा रहेको छ।

नगरपालिकामा एकातिर संस्थागत क्षमता उल्लेख्य हुन सकेको छैन भने अर्कोतिर निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरूमा मनोबल र जवाफदेहिता अझै बढाउन आवश्यक भएको देखिन्छ। योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशी सहभागिता र पारदर्शिताको कमी देखिन्छ। योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ। यस्तैगरी, संस्थागत संरचना, मानव संशाधन विकास, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अझै पनि परम्परागत रुपमा सञ्चालन भइराखेको अवस्था छ।

उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन, इष्टिमेट, प्राविधिक सुपरिवेक्षण, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरूमा निजी क्षेत्र, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन ।

### ८.२.४ योजना व्यवस्थापन

**(क) संभावना तथा अवसर**

नगरपालिकाको विशिष्ट अवस्था र त्यस अनुसारको आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न, भूउपयोग तथा बस्ती विकास गुरुयोजना, यातायात गुरुयोजना, पर्यटन र कृषि तथा जलवायु अनुकुलन योजना तर्जुमा गर्ने कार्यक्रम तय गरिएको छ। वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा टोल एवं वस्तीबाटै सुरु गरी समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भैरहेको छ। नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि, पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएका छन्। नगरपालिकामा संचालित स्थानीय

सञ्चित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

कृषि, पर्यटन र उद्यमको सम्भावना बोकेको स्थानको रुपमा रहेको यस नगरपालिकामा प्राकृतिक श्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरू उपलब्ध रहेका छन् । संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा स्थानीय सरकारबाट नागरिकहरूमा सेवा सुविधाको पहुँचमा वृद्धि भएको छ । नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरूको विकास तथा अनुशरण हुँदै आएको छ । नगरपालिकाको स्रोत-साधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ । नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोगमा पनि क्रमशः बढ्दै गएको छ ।

### (ख) समस्या तथा चुनौती

विषय क्षेत्रगत रुपमा हुने बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगारी, उत्पादनमूलक तथा आयमूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम हुने गरेको छ । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, वस्ती विकास, उद्यम विकास तथा कृषि आदिको गुरुयोजना तर्जुमा नहुँदा विकास गतिविधि नतिजामुखी हुन सकेको छैन । प्राथमिकताका आधार र प्रक्रियाको निर्धारण, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजनमा व्यवस्थित पद्धति रहेको छैन । फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी उपलब्धिमूलक बनाउन कठिन भएको छ । आ.व. २०७७/७८ को यथार्थ व्यय अनुसार नगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा २.६४ प्रतिशत रहेको छ । साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैरसरकारी संस्था, सहकारी र समुदायबाट विकास कार्यमा खर्च गरिएको रकमलाई नगरपालिकाको वार्षिक प्रगति समीक्षामा समावेश गर्ने गरिएको देखिँदैन । यसैगरी निजी क्षेत्रबाट उत्पादन तथा व्यवसायमूलक आयोजना बार्षिक १ प्रतिशत मात्र लगानी भएको अनुमान गरिएको छ ।

## ८.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धि र नतिजा खाका देहायअनुसार रहेको छ :

### ८.३.१ सोच

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### ८.३.२ लक्ष्य

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

### ८.३.३ उद्देश्य

नगरपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

- नगरपालिकाको विकास गतिविधि तथा सेवा प्रवाह प्रणालीलाई सरल, स्पष्ट र जवाफदेही बनाउनु,
- नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- नगरपालिकाको स्रोत परिचालन क्षमता तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।

### ८.३.४ विषयगत रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका- ३० : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाको विकास गतिविधि तथा सेवा प्रवाह प्रणालीलाई सरल, स्पष्ट र जवाफदेही बनाउनु ।** | |
| १.शासन प्रणाली, नीति तथा कानून निर्माण, निर्णय, प्रक्रिया, कार्यसम्पादन प्रक्रिया र सेवा प्रवाहलाई सहभागितामूलक र पारदर्शी बनाउने । | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधीकरण गरिनेछ ।<br>१.२ नगरपालिकामा जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.३ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, उत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सहायता कक्ष, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास र गुनासो सुन्ने अधिकारी व्यवस्था गरिनेछ ।<br>१.४ सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । |
| २. नगरपालिकाको सेवा प्रवाह सम्बन्धी नीति निर्माण र निर्णय प्रक्रियामा लक्ष्यित समुदाय र आम नागरिकको संलग्नता वृद्धि गर्ने । | २.१ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीहरूसँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाहरूको पृष्ठपोषण र सुझाव संकलन गरिनेछ ।<br>२.२ वडा तथा नगरपालिकास्तरबाट गरिने सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and Norms) को विकास र कार्यान्वयन गरिनेछ ।<br>२.३ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण गरिनेछ ।<br>२.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्थाहरू परिचालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधाबारे प्रवोधीकरण गरिनेछ । |
| **उद्देश्य २: नगरपालिकाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. नगरपालिकाको भौतिक पूर्वाधार व्यवस्थापन गर्ने | १.१ कार्यपालिका तथा वडा कार्यालयहरूमा एकीकृत सेवा प्रवाहको लागि उपयुक्त एवम् सुविधा सम्पन्न भवन निर्माण गरी भौतिक सुविधा अभिवृद्धि गरिनेछ ।<br>१.२ एकीकृत सेवा सञ्चालनको लागि आवश्यक सूचना प्रविधि, भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरिनेछ ।<br>१.३ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः वृद्धि गरिनेछ ।<br>१.४ सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा घुम्ती सेवा शिविरको सञ्चालन गरिनेछ ।<br>१.५ नगर कार्यपालिकाको कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ । |
| २. नगरकार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपूर्तिका लागि नियमित रुपमा माग पेश गरिनेछ र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ ।<br>२.३ संगठन तथा क्षमता विकास रणनीति सहित नगरपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.४ क्षमता विकास, प्रोत्साहन र वृत्ति विकासको माध्यमद्वारा नगरपालिकामा कार्यरत कर्मचारीहरूमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>२.५ प्रशासनिक र प्राविधिक कर्मचारीहरूको नगरपालिकाभित्र सरुवा, बढुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइनेछ ।<br>२.६ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई नगद पुरस्कार र बढुवाको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: नगरपालिकाको आन्तरिक र बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | |
| १.आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने | १.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलता वृद्धि गरिनेछ ।<br>१.३ आन्तरिक र बाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग पैरवी र छलफल गरिनेछ ।<br>१.४ कोभिड-१९ लगायतका महामारीले व्यापार व्यवसायमा परेको असरलाई ध्यानमा राखी सो अवधीमा बुझाउनु पर्ने कर तथा शुल्कको रकममा छुटको व्यवस्था गरिनेछ ।<br>१.५ राजस्व प्रशासनबारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>१.६ राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>१.७ व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र प्रचार प्रसारद्वारा व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ । |
| २. राजस्व प्रशासनको सुदृढीकरण र व्यवस्थित गर्ने । | २.१ राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था गरी सीप तथा दक्षता अभिवृद्धि गरिनेछ ।<br>२.२ सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ ।<br>२.३ आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.४ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>२.५ वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.६ नगरपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवेयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.७ नगरपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको सूचना प्रविधिमा आधारित बनाइने छ ।<br>२.८ राजस्व क्षमताको आधारमा बढी राजस्व संकलन गर्ने वडा तथा वडाका कर्मचारी तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| ३. सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने । | ३.१ नगरपालिकाको स्वामित्वमा रहेका जग्गा, भवन तथा अन्य भौतिक संरचनाहरूको अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समुचित व्यवस्थापन गरिनेछ ।<br>३.२ कार्यविधि तर्जुमा गरी नगरपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३.३ प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरूको पहिचान, सर्भेक्षण, नक्साकन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग साझेदारी विकास गर्ने । | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संघसंस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी अभिवृद्धि गरिनेछ ।<br>४.२ गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित बैठक, छलफल र संचार गरिनेछ ।<br>४.३ निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको प्रयास गरिनेछ । |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।** | |
| १. योजना व्यवस्थापन प्रक्रिया सरल, सूचना प्रविधिमा आधारित तथा नागरिकमैत्री र पारदर्शी बनाउने । | १.१ आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा नगरपालिकामा आयोजन बैंक तयार गरिनेछ ।<br>१.२ विस्तृत संभाव्यता अध्ययन भएका वा विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.३ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरिनेछ ।<br>१.४ पूर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागू गरिनेछ ।<br>१.५ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको सामाजिक आर्थिक उपलब्धिको लेखाजोखाको लागि सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने । | २.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>२.३ एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने र सो अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>२.४ वार्षिक कार्ययोजना निर्माण गरी सफ्टवेयर खालका कार्यक्रम कार्यान्वयन हुनु अघि स्पष्ट कार्यविधि र मापदण्ड बनाइनेछ ।<br>२.५ २५ लाखभन्दा माथिको लागतका आयोजनाहरूको स्वतन्त्र प्राविधिक परीक्षकद्वारा प्रभाव मूल्याङ्कन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मध्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँगको समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | ३.१ गैसस तथा समुदायमा आधारित संस्थाहरूसँग नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग समन्वय बैठक तथा अन्तरक्रिया गरिनेछ ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.५ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत् सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ ।<br>३.६ विकास निर्माण, कृषि, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा एकाई स्थापना गरी सेवा प्रवाहलाई सहज बनाइनेछ । |

## ८.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

### ८.४.१ प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास र क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ :

**तालिका- ३१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका**

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **उद्देश्य १ : स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु** | | | | | | | | | | | |
| २.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | विषय | ६८ | ८३ | ४०० | ६०० | ६०० | ४०० | ४०० | २४०० | २०० | |
| २.२ सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम ( सामाजिक जवाफदेहिता प्रवर्द्धन एकीकृत संयन्त्र विकास र अनुशरण) | पटक | ० | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० | |
| २.३ नागरिक सन्तुष्टी सर्वेक्षण तथा बहस कार्यक्रम | पटक | ० | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २०० | |
| २.४ विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० | |
| २.५ विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० | |
| २.६ नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्भेक्षण कार्यक्रम | पटक | ० | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | |
| **नीति, नियम र सुशासन उपक्षेत्रको जम्मा** | | | | | | | | | २०१५० | | |
| **उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | | | | | | | | | | | |
| २.१ कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | ० | ९ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ६७५०० | ७५०० | |
| २.२ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | |
| २.३ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २ | २० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | २७५ | |
| २.४ अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान-प्रदान कार्यक्रम | पटक | ० | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ३०० | |
| २.५ कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| २.६ संगठन विकास र सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | ७५० | ० | ० | ७५० | ० | १५०० | ७५० | |
| २.७ सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम ( कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरू समेत) | एकाई | ० | २० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १२५० | |
| २.८ न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| २.९ टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ० | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | |
| २.१० लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ३ | ५० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४० | |
| २.११ गैसस समन्वय तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ० | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | |
| **संस्थागत विकास उपक्षेत्रको जम्मा** | | | | | | | | | ११८५०० | | |
| **उद्देश्य ३: आन्तरिक र बाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | | | | | | | | | | | |
| ३.१ राजस्व संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपण (राजस्व सुधार कार्ययोजना परिमार्जन) | पटक | १ | २ | ० | ० | १००० | ० | १००० | २००० | १००० | |
| ३.२ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र संचालन कार्यक्रम | पटक | ० | ५ | १००० | ४०० | ४०० | ४०० | ४०० | २६०० | ५०० | |
| ३.३ राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | १००० | ३०० | ३०० | ३०० | ३०० | २२०० | ५०० | |
| ३.४ वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | वार्षिक पटक | ० | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | |
| ३.५ करदाता प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| ३.६ राजस्व परिचालन अनुगमन कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| ३.७ आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| ३.८ अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्बाद कार्यक्रम | पटक | ० | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | |
| **स्रोत परिचालन जम्मा** | | | | | | | | | १४३०० | | |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउनु** | | | | | | | | | | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| ४.१ स्थानीय आयोजना वैक तयारी | पटक | ० | ५ | ४००० | ५०० | ५०० | ५०० | ५०० | ६००० | १२०० | |
| ४.२ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली सञ्चालन | पटक | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | |
| ४.३ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | विषय | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | |
| ४.४ मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | १ | ६ | ९०० | ९०० | २००० | १००० | १००० | ५८०० | ९६६ | |
| ४.५ रु. २५ लाख भन्दा बढी लागतका आयोजनाहरूको तेश्रो पक्षबाट प्राविधिक परीक्षण तथा मूल्याङ्कन (वार्षिक) | वटा | ३ | १५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ६०० | |
| ४.६ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम ( चैमासिक रुपमा) | पटक | ० | २० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १५०० | १०० | |
| ४.७ वस्तुस्थिति विवरण तयारी/अद्यावधिक | पटक | १ | २ | ० | ० | १५०० | ० | १५०० | ३००० | १५०० | |
| ४.८ नतिजामा आधारित वार्षिक योजना तर्जुमा | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| **विकास व्यवस्थापन जम्मा** | | | | | | | | | ३९३०० | | |
| **संस्थागत विकास कुल जम्मा** | | | | | | | | | १९२२५० | | |

## ८.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा नगरसभा वा कार्यपालिकाबाट स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको प्रवोधीकरण कार्यान्वयनको अवस्थाको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ । अधिकार क्षेत्रका अन्य विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन र नागरिक शिक्षा तथा सचेतना कार्यक्रम मार्फत नगरपालिकाबासीहरू जानकार भएका हुनेछन् । स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड परिपालना अभिवृद्धि भएको हुनेछ । नगरपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धि बारे नागरिक बहस लगायत सामाजिक जवाफदेहिताको औजारहरूको प्रयोग मार्फत नागरिकको पृष्ठपोषण प्राप्त हुनेछ र सोको आधारमा नीति, कानून तथा कार्यविधि परिमाजर्नन भएका हुनेछन् । निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत निगरानी अभिवृद्धि भएको हुनेछ ।

नगरपालिकाको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ती, संगठन सुदृढीकरण र क्षमता विकास भएको हुनेछ । योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, योजना व्यवस्थापन, विषय क्षेत्रगत नीति, कानून र सेवा प्रवाह सम्बन्धमा

निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका करिब प्रतिनिधिहरूको क्षमता विकास भएको हुनेछ। नगर कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्दहरू प्रर्याप्त र सुरक्षित भवन, औजार उपकरण, आवश्यक अन्य भौतिक वस्तुहरू र सूचना प्रविधि युक्त भएका हुनेछन्। नगरमा टोल विकास संस्थाहरू परिचालित भएका हुनेछन् र विकास निर्माण र सेवा प्रवाहमा समुदाय परिचालन, नागरिक सहभागिता र निगरानीमा अभिबृद्धि भएको हुनेछ। समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा बृद्धि भएको हुनेछ।

नगरपालिकाको राजस्व परिचालन क्षमता वृद्धि भएको हुनेछ। नगरपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदान ४ प्रतिशत पुगेको हुनेछ। नगरपालिकाको कूल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान ३ प्रतिशत भन्दा बढी पुग्नेछ।

नगरपालिकामा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लाागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन हुनेछन्। दीर्घकालिन तथा आवधिक योजनाको आधारमा कृषि, पर्यटन, उद्यम तथा पूर्वाधार विकास लगायत नगरपालिकाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रहरूको रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक कार्यक्रम तथा कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलब्धिको मापन प्रणालीको संस्थागत विकास भएको हुनेछ। स्थानीय सुशासन तथा संस्थागत विषयत क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका- ३२ : सुशासन तथा संस्थागत विषय क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | योजना अवधिको लक्ष्य | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०८०/८१ | ०८२/८३ | | |
| **प्रभाव :** सेवा प्रवाह सहज, प्रभावकारी र जवाफदेही भएको हुने। | नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | | | ९० | -नगर स्थितिपत्र<br>-सर्भेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- संगठन र व्यवस्थापन सर्भेक्षणबाट तयार संगठन संरचना, मानव संशाधन योजना र कार्यविवरण स्वीकृत भई लागू हुनेछ। |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | | | | | | |
| | आन्तरिक आयको औषत बृद्धिदर | प्रतिशत | | १० | १० | १० | | |
| | योजना तर्जुमा क्यालेण्डर पालना | प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| **असर १ :** विकास नीति एवम् कार्य सञ्चालन प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुने। | कार्यान्वयन रहेका नीति, ऐन नियम, कार्यविधि र मापदण्ड | संख्या | ४८ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | -नगर स्थितिपत्र<br>-सर्भेक्षण प्रतिवेदन<br>-अनुगमन प्रतिवेदन<br>-सार्वजनिक सुनुवाई<br>-नागरिक वडापत्र<br>-नेपाल सरकार र प्रदेश सरकार प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | नीति, कानून र कार्यविधिको परिपालनाको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| | कुल गुनासो मध्ये सुनुवाई भएका गुनासोको अनुपात | प्रतिशत | औपचारिक गुनासो नपरेको | १०० | १०० | १०० | | |
| | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका औजारका प्रकार | प्रकार | २ | २ | २ | २ | | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | योजना अवधिको लक्ष्य | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०८०/८१ | ०८२/८३ | | |
| **असर २ :** नपाको संगठन तथा व्यवस्थापन क्षमता, कार्य दक्षतामा अभिवृद्धि भएको हुने | सुचारु विषयगत सेवा/सुविधाको प्रकार (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, पूर्वाधार, महिला र बालबालिका, वातावरण, विपद्, सरसफाई आदी) | संख्या | कानून अनसारका सबै | कानून अनसारका सबै | कानून अनसारका सबै | कानून अनसारका सबै | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाको आफ्नो भवन | संख्या | ४ | ६ | १० | १५ | | |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पदाधिकारी, कर्मचारी र नागरिक समाज (वार्षिक) | संख्या | १०० | १०० | १०० | १०० | | |
| | नपा अन्तरगत कार्यरत प्राविधिक मानव संशाधन | संख्या | १९ | २२ | २८ | ३४ | | |
| | दरवन्दी अनुसारको नपुग जनशक्ति | संख्या | २६ | २० | १५ | ० | | |
| **असर ३ :** आन्तरिक र वाह्य श्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ भएको हुने। | राजस्व शाखामा कार्यरत कर्मचारी | संख्या | २ | २ | ३ | ३ | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश, विकास साझेदार र समुदायको लगानी आकर्षण हुनेछ।<br>- कोभिड १९ को असर न्यूनीकरण हुनेछ। |
| | कूल राजस्वमा आन्तरिक आयको अनुपात | प्रतिशत | ४ | ४ | ४ | ४ | | |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकमको अनुपात | प्रतिशत | | | | | | |
| | वित्तीय हस्तान्तरणबाट प्राप्त बार्षिक रकम | प्रतिशत | | | | | | |
| | कुल बजेटमध्ये खर्च रकम वार्षिक सरदर | प्रतिशत | ८० | ८५ | ९० | ९५ | | |
| | लक्षित वर्गको लगानीको अंश | प्रतिशत | स्पष्ट नभएको | ३ | ५ | ५ | | |
| **असर ४ :** योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक भएको हुने। | सूचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ६ | ६ | ६ | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | आयोजना वैकमा सूचीकृत आयोजना | संख्या | ० | १ | १ | १ | | |
| | समयमै सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ८० | ८२ | ८५ | ९५ | | |
| | विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना | संख्या | ० | १ | २ | ५ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक र नतिजा अनुगमन) | पटक सरदर | २ | २ | २ | २ | | |
| | समुदाय, सहकारी, निजी क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | ५ | ७ | ८ | ९ | | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | योजना अवधिको लक्ष्य | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०८०/८१ | ०८२/८३ | | |
| **प्रतिफल १.१ :** नीति, ऐन, नियम परिपालनामा वृद्धि भएको हुने । | कार्यान्वयन रहेका स्थानय नीति, ऐन तथा नियम | प्रतिशत | १०० | १०० | १०० | १०० | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | संशोधन भएका नीति, ऐन तथा निमय | संख्या | ३ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| **प्रतिफल १.२ :** सरल, सहज र स्पष्ट कार्य प्रणालीको व्यवस्था भएको हुने । | कार्यान्वयन रहेका कार्यविधि, निर्देशिका र मापदण्ड | प्रतिशत | १०० | १०० | १०० | १०० | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | संचालित मोवाइल एप्लीकेशन/सफ्टवेर | संख्या | २ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| **प्रतिफल १.३ :** नीति, कानून, प्रणाली र निर्णयहरूको बारेमा आम नागरिक सुसुचित भएको हुने । | प्रकाशन र प्रसारण गरिएका नीति, कानून, कार्यविधि र मापदण्डहरू | संख्या | ३६ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| **प्रतिफल २.१ :** संगठन संरचना, दरबन्दी र कार्यविवरण स्वीकृत भएको हुने । | सुचारु शाखा/उपशाखा/एकाई | संख्या | २६ | २८ | ३० | ३२ | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | स्वीकृत दरबन्दी संख्या | संख्या | ८३ | ८५ | ९० | ९५ | | |
| | कार्यविवरण उपलब्ध शाखा/उपशाखा/एकाइ | संख्या | ० | १०० | १०० | १०० | | |
| | कार्य विवरण उपलब्ध पद | प्रतिशत | ० | १०० | १०० | १०० | | |
| | विद्युतिय हाजिरी भएका कार्यालय, शाखा तथा इकाइ | प्रतिशत | ० | २५ | ५० | १०० | | |
| **प्रतिफल ३.१ :** आन्तरिक तथा वाह्य स्रोतमा वृद्धि भएको हुने । | संकलित आन्तरिक आयको वार्षिक रकम (आ.व. ) | रु. हजारमा | २६६०० | ३०००० | ३५००० | ४०००० | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | राजस्व बाँडफाँडबाट प्राप्त वार्षिक रकम | रु. हजारमा | १५२८८१ | १६०००० | १८०००० | २००००० | | |
| | वित्तीय हस्तान्तरणबाट प्राप्त बार्षिक रकम | रु. हजारमा | ६२८१११ | ६५०००० | ७३०००० | ७५०००० | | |
| **प्रतिफल ३.२ :** | कार्यान्वयनमा रहेका राजस्व सम्बन्धी नीति र राजस्व सुधार कार्यक्रम | संख्या | ० | २ | २ | २ | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | योजना अवधिको लक्ष्य | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०८०/८१ | ०८२/८३ | | |
| नपाको राजस्व प्रणाली थप व्यवस्थित भएको हुने । | लेखा तथा राजस्व सम्बन्धी सफ्टवेयर | संख्या | २ | २ | २ | २ | -स्थानीय सरकार क्षमता स्वमूल्यांकन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | राजस्व सुधारको लागि भएको लगानी बार्षिक रकम (सरदर) | रु. हजरमा | ० | १६०० | २५०० | ३००० | | |
| | आय र व्यव सार्वजनिक गर्ने माध्यम वा प्रकार | संख्या | ३ | ३ | ३ | ३ | | |
| **प्रतिफल ४.१ :** समावेशी र सहभागितात्मक रुपमा वार्षिक बजेट तथा कार्यक्रम योजना तर्जुमा भएको हुने | योजना तर्जुमा क्यालेण्डर | भए/ नभएको | भएको | हुने | हुने | हुने | -सर्भेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | -<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ।<br>- |
| | योजना तर्जुमाको क्रियाशिल संयन्त्र | संख्या | | | | | | |
| | स्थानीय योजना तर्जुमा प्रक्रियामा सहभागि गैसस, सहयोगीसंस्था नपास्तर | प्रतिशत | ० | २५ | ५० | ७५ | | |
| | स्थानीय योजना तर्जुमा प्रक्रियामा सहभागि गैसस, सहयोगीसंस्था नपास्तर | प्रतिशत | ५० | ७५ | ८० | ९० | | |
| | वस्तीस्तर योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिताको अवस्था | अनुपात | पर्याप्त | थप सुधार | थप सुधार | थप सुधार | | |
| **प्रतिफल ४.२ :** बार्षिक कार्ययोजना अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने | वार्षिक कार्ययोजना तर्जुमा | भए/ नभएको | भएको | हुने | हुने | हुने | - सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन<br>- अनुगमन मूल्यांकन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ ।<br>- आवधिक योजना अनुसारको वार्षिक योजना कार्यान्वयन नगरपालिकाको प्राथमिकताको विषयका रुपमा रहेको हुनेछ । |
| | बार्षिक अनुगमन तथा मूल्याङ्कन योजना | भए/ नभएको | भएको | हुने | हुने | हुने | | |
| | कार्ययोजना अनुसार समयमा सम्पन्न आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | | ० | ६० | ८० | | |
| **प्रतिफल ४.३ :** वार्षिक योजना तथा बजेट नतिजामूलक रुपमा तर्जुमा भएको हुने । | वार्षिक बजेट तथा कार्यक्रममा आवधिक योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | ० | २० | ४० | ८० | -आवधिक योजना समीक्षा प्रतिवेदन<br>- सर्भेक्षण प्रतिवेदन | |
| | वार्षिक बजेट तथा कार्यक्रममा विषय क्षेत्रगत रणनीतिक/ गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | ० | २० | ४० | ८० | | |
| | वार्षिक बजेट र कार्यक्रममा आयोजना बैकको सूची तथा मध्यमकालीन खर्च संरचनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | ० | १० | २० | ६० | | |

# परिच्छेद ९ : कार्यान्वयन एवम् अनुगमन

## ९.१ आवश्यक स्रोत

यो आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत अनुमानको आधार कार्यशाला गोष्ठीको छलफल तथा सम्बन्धित प्राविधिकहरूसँग गरिएको छलफलका आधारमा तय गरिएको प्राविधिक संभाव्यता तथा प्रति एकाइ लागत रहेको छ। आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। जसअनुसार आवधिक विकास योजना अवधिका लागि कुल १० अर्ब ३९ करोड ५७ लाख ३० हजार आवश्यक पर्ने अनुमान गरिएको छ। योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका- ३३ : योजना कार्यान्वियनका लागि विषयक्षेत्र अनुसारको आवश्यक कुल बजेट**

| क्र.सं. | विषयगत क्षेत्र | रकम (रु.'०००) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २५५८२०० | २४.६ |
| २ | सामाजिक विकास | १२९१३५० | १२.४ |
| ३ | पूर्वाधार विकास | ५६८४९०० | ५४.७ |
| ४ | वन, वातावरण, विपद् व्यवस्थापन | ६६९०३० | ६.४ |
| ५ | संस्थागत विकास र सुशासन | १९२२५० | १.८ |
| | कुल जम्मा | १०३९५७३० | १००.० |

## ९.२ आवधिक योजना कार्यान्वयन

आवधिक योजनाको कार्यान्वयन वार्षिक बजेट तथा कार्यक्रम मार्फत् गरिनेछ। यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम् कार्यक्रमलाई आधार लिईनेछ। आवधिक विकास योजनामा आधारित भई तीन वर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यकालीन खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा बार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ।

यसै गरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यकालिन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईने छ। योजनाको स्वीकृती पछि कार्यपालिकाबाट सवै विषयगत समिति एवम् शाखा, सवै वडा कार्यालय तथा सम्वन्धित सरोकारवालालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैक, मध्यकालिन खर्च योजना र सो बमोजिम बार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ। स्थानीय सरकारले तर्जुमा गर्नु पर्ने आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम (योजना) बीचको अन्तरसम्बन्ध देहायअनुसार रहनेछ।

## ९.३ अनुगमन, मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनको संस्थागत विकास गर्नका लागि नगर कार्यपालिकाको कार्यालय, विषयगत समिति, शाखा, सम्वन्धित परियोजना र जिससमा सो सम्बन्धि संयन्त्रको विकास गरिएको छ। स्रोत साधन, दक्ष जनशक्ति, प्राविधिक दक्षताको कमीका कारण विकास गतिविधिहरूमा गरिने अनुगमन कार्यलाई नतिजा खाका तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरूसंग जोडी अपेक्षित नतिजा हासिल भए नभएको यकिन गर्न सकिएको छैन। तथापि आयोजनाको प्रगतिको अवस्था, समयमै तोकिएको शर्तमा आयोजना सम्पन्न गर्न गराउन गर्नु पर्ने कार्यलाई सचेत गराउने तथा सम्पन्न भए नभएको अवस्थाको अनुगमन गर्ने परिपाटी यस यस नगरपालिकामा रहेको छ ।

### ९.३.१ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछ।

- नगर कार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति
- विषयगत शाखा, उपशाखा, एकाइ, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेस्रो पक्ष

### ९.३.२ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहाय अनुसार प्रस्ताव गरिएको छ। यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना समेत बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था नगर कार्यपालिकाले गर्नेछ।

# अनुसूची

## अनुसूची–१ : वस्तुस्थिति विश्लेषण तालिका

### १.१ आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण

| विद्यमान अवस्था र सम्भावना (हामीसँग के छ?) | समस्या र चुनौती (हामीसँग के छैन?) | सम्भावना उपयोगको रणनीति (अव के गर्ने?) |
|---|---|---|
| **कृषि र खाद्य सुरक्षा** | | |
| - खेतीयोग्य जमीन ७३३६ हेक्टर रहेको ५८६९ खेति गरिएको<br>- उत्पादित कृषिजन्य वस्तुको बेचबिखनमा सडक संजालले गर्दा राम्रो भएको<br>- खाद्यान्न बालीको बीऊ उत्पादन मकै धान (वडा नं. २ को बान्द्रेबेसीमा) वडा ११ पन्थलीमा धान ब्लकमा धानको बीउ उत्पादन भएको<br>- कृषि यन्त्र (मिनि टिलर, पावर टिलर, थ्रेसर, र खन्ने मेशिन, ग्रास कटर, इलेक्टिक स्प्रेयर आदी) प्रयोग भएको<br>- २५ प्रतिशत बाली लगाउन मसिनको प्रयोग<br>- ३४ वटा कृषि फार्म संचालनमा रहेको<br>- कृषियोग्य जमीनको २२.९१ प्रतिशत क्षेत्रमा महिना सिंचाई सुविधा उपलब्ध रहेको<br>- २ वटा एग्रोभेट सेन्टर (वडा नं १ को , भेट वडा नं. ७ को भटौली, वडा न. ४ सालूबजार वडा न. १३ देबिटार संचालनमा रहेको<br>- बगर खेति १, ७, ८ मा टृयाल गरिएको .<br>- साना किसान तथा उत्पादकको बार्षिक आम्दानी करिब लाख रहेको<br>- ७० प्रतिशत घरपरिवार कृषि तथा पशुपालन पेशामा निर्भर रहेको<br>- १२३ वटा कृषक समूहमा २३०४ जना कृषक आवद्ध रहेको<br>- ३५ कृषि सहकारीमा ८७५ सदस्य आवद्ध रहेको<br>- वडास्तरमा ६ जना जेटिए परिचालन भैरहेको<br>- प्रारम्भिक माटो परीक्षण (किटबक्स मार्फत्) सेवा रहेको<br>- मन्थली १ मा हाट बजार संचालनमा रहेको<br>- अगुवा कृषकहरू व्यवसायिक रुपमा क्रियाशिल रहेको<br>- कृषि र भेटेनरी विषयमा प्रविणता प्रमाणपत्र तहमा पढाइ सुरु भएको<br>- ५०० मेट्रिक टनको शीतभण्डार गृह रहेको<br>- १५ मेट्रिक टनका खाद्यान्न भण्डारण गृह रहेको<br>- कृषि संकलन तजा बिक्री केन्द्र रहेको | - बादर दुम्सि खरायो मृगबाट बालीनाली नोक्सान भैरहेको<br>- कृषि सम्बन्धी प्राविधिक, व्यवस्थापकीय ज्ञान, सीप र प्रविधिमा कमी रहेको,<br>- मलखाद र विषादीको समोचित प्रयोग हुन नसकेको<br>- सिंचाई सुविधामा कमी रहेको<br>- कृषियोग्य जग्गाको खण्डीकरणमा .वृद्धि भएको घडेरीले गर्दा जग्गा यन्त्रीकरणमा समस्या रहेको<br>- बीउ विजन समयमा उपलब्ध हुने नगरेको, जातीय शुद्धता र गुणस्तर नभएको, रैथाने वीउ विजनको संरक्षण नभएको<br>- युवाको शहर र विदेश पलायनका कारण दक्ष कामदार उपलब्ध नभएको<br>- जलवायु परिवर्तनको असर वृद्धि र जोखिम वृद्धि भैरहेको रोग किरा बढि देखिए<br>- नयाँ झार र किराहरूको प्रकोपमा वृद्धि भैरहेको<br>- बहुउद्देश्यीय कृषि नर्सरी संचालनमा नभएको<br>- निजी क्षेत्रबाट गरिने लगानीको अभाव रहेको ।<br>- व्यवसायिक, चक्लाबन्दी र सामुहिक खेती नहुनु | - जुनार सुन्तला कागति हलुवावेद आप<br>- नमूना (मोडेल) कृषि फार्म स्थापना गर्ने<br>- कृषक समूह, कृषि सहकारी गठन गर्ने र क्रियाशिल बनाउने<br>- जैविक मल तथा विषादी उत्पादन उद्योग स्थापना गर्ने<br>- कृषि र पशु बिमा संचालन गर्ने<br>- बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन गर्ने<br>- माटो, बीउ परीक्षण लगायतको प्रयोगशाला निर्माण गर्ने<br>- स्थायी टनेल र ग्रिन हाउस स्थापना गर्ने<br>- संकलन, प्रशोधन र चिस्यान केन्द्र स्थापना गर्ने<br>- बाली उपचार शिविर संचालन गर्ने<br>- कृषि सडक विस्तार स्तरीकरण गर्ने<br>- संभाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण र विस्तार गर्ने<br>- व्यवसायिक च्याउ खेती र फुल खेती विस्तार गर्ने<br>- उच्च मूल्ययुक्त बाली र प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्ने<br>- युवाहरूलाई कृषिमा आकर्षण गर्ने<br>- स्थानीय उत्पादनलाई ब्राण्डिङ गरी अन्यत्र ठाउँमा विक्री गर्ने । |

| विद्यमान अवस्था र सम्भावना (हामीसँग के छ?) | समस्या र चुनौती (हामीसँग के छैन?) | सम्भावना उपयोगको रणनीति (अव के गर्ने?) |
